# राजनारायण प्रधानका समालोचना: पद्धति र प्रवृत्ति

**(लघुशोधप्रबन्ध)**

**सिक्किम विश्वविद्यालय**

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा रहेको एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघुशोधप्रबन्ध


सुरज गुरुङ, रोल न. 15MPNP06

नेपाली विभाग, भाषा अनि साहित्य सङ्काय


फेब्रवरी 2017

# राजनारायण प्रधानका समालोचना: पद्धति र प्रवृत्ति

सुरज गुरुङ

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा रहेको एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध

फेब्रवरी 2017

# राजनारायण प्रधानका समालोचना : पद्धति र प्रवृत्ति

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागद्वारा सञ्चालित एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत लघु

शोधप्रबन्ध

शोध निर्देशक

शोधार्थी

डा. पुष्प शर्मा

सह प्राध्यापक

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

सुरज गुरूङ

एमफिल 15MPNP06

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

फेब्रवरी 2017

# प्रतिबद्धता पत्र

**राजनारायण प्रधानका समालोचनाः पद्धति र प्रवृत्ति** शीर्षक रहेको प्रस्तुत लघुशोधप्रबन्धसिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयमा एमफिल उपाधिका लागि पूरा गरिएको हो। मेरो शोध निर्देशक सह प्राध्यापक पुष्प शर्माको कुशल निर्देशन तथा उचित परामर्शअनुसार तयार पारिएको यो लघुशोधप्रबन्ध पूर्णत: मौलिक अनि शोधको विषयसँग केन्द्रित रहेको छ। यसमा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरी शोधप्रबन्धको आवश्यकताअनुरुप यथास्थानमा सन्दर्भहरू प्रयोग गरिएको छ। यसका कुनै पनि अंशलाई यसभन्दा अघि कुनै उपाधि वा अन्य प्रयोजनका लागि प्रकाशित गराइएको छैन। अत: यो लघु शोधप्रबन्ध मैले पूर्ण रुपले निष्ठावान भएर पूरा गरेको छु। प्रस्तुत लघुशोधप्रबन्ध मेरो शोधसन्धानले प्राप्त गरेका सत्यतथ्यहरूमा आधारित रहेको पुष्टिसँगै यसमा कुनै प्रकारको विवादस्पद कार्य नभएको प्रतिबद्धता जाहेर गर्दछु। उक्त प्रतिबद्धताविरुद्ध कुनै प्रमाण पुष्ट भए त्यसप्रति म स्वयं उत्तरदायी रहनेछु।

शोधार्थी

सुरज गुरुङ

एमफिल 15MPNP06

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

मिति: 07.01. 2017

विभाग प्रमुख

## आमुख तथा आभार प्रकट

राजनारायण प्रधानको साहित्यक योगदानबारे चर्चा गर्दै उनका समालोचनात्मक कृतिहरूको अध्ययन गर्ने अभिप्रायले प्रेरित रहेर प्रस्तुत लघुशोधप्रबन्ध पूरा गरिएको जानकारी दिन चाहन्छु। सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयमा एमफिल उपाधि प्राप्त गर्नका निम्ति बोर्ड अव् स्टडीज् र स्कूल बोर्डको अन्तिम निर्णयअनुसार मेरो शोधको विषय **राजनारायण प्रधानका समालोचनाः पद्धति र प्रवृत्ति** रहेको छ। शोधको विषय आफूले इच्छा गरेभन्दा पनि उच्चस्तरीय साथै गम्भीर भएकाले यसलाई योजनाबद्ध भई पूर्ण निष्ठा र जिम्मेवारीका साथ पूरा गर्ने सङ्कल्प लिएर यथासम्भव अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

आफूले सानैदेखि ’राज सर भनेर चिन्दैआएको र भाषा - साहित्यको क्षेत्रमा आफ्नो आदर्श मान्दैआएको व्यक्ति राजनारायण प्रधानबारे शोध गर्न पाउनु मेरो निम्ति सौभाग्यको कुरा हो। प्रधानले शिक्षा र साहित्यको क्षेत्रमा पुऱ्याएको योगदान साँच्चै उल्लेखनीय रहेको पाइन्छ। यसैले मूल रुपमा प्रधानका समालोचनालाई अध्ययनको क्षेत्र बनाइए तापनि प्रस्तुत लघु शोधप्रबन्धमा उनको शैक्षिक योगदान र अन्य साहित्यिक गतिविधिलाई समेत छोटकरीमा समेट्ने प्रयास गरिएको छ। यसमा मूलत: भारतीय नेपाली समालोचना साहित्यको परम्परा एवं कालक्रमिक विकास प्रक्रियालाई संक्षेपमा केलाउँदै प्रधानका समालोचनामा पाइने पद्धति र प्रवृत्तिको अध्ययन तथा विवेचना गरिएको छ। यस कार्यले केही मात्रामा भए पनि नेपाली समालोचनाको स्थितिमाथि छलफल गरेर पद्धति र प्रवृत्तिको प्रकृतिलाई स्पष्ट पार्नमा सहयोग पुऱ्याउनेछ भन्ने कुरामा विश्वस्त रहेको छु।

केवल 18 महिनाको निर्धारित समयावधिभित्र राजनारायण प्रधान जस्ता प्रतिभाशाली साहित्यिक व्यक्तित्वबारे सबैकुरो शोध गरिसक्नु असम्भव रहेको बोध भइरहेको समय प्रधानको असामयिक निधनले ठूलो आघात पुऱ्यायो। उनीसँग भेटवार्त्ता गरेर ठोस रुपमा तथ्यहरू सङ्कलन गर्ने योजना विफल भए तापनि उनकी धर्मपत्नी रुपा प्रधान र अन्य जानिफकार व्यक्तिहरूले प्रस्तुत लघु शोधप्रबन्धका लागि उपयुक्त सामग्रीहरू जुटाइदिने कुरामा भरमग्दूर सहयोग गरे। यसरी प्रधानका कृतिहरूको सङ्कलन गर्ने तथा उनका विषयमा तथ्यहरू जुटाउने कार्यलाई पूरा गर्न सकियो। यसका अतिरिक्त विभिन्न पुस्तकालयहरू, प्रकाशन संस्थाहरू र पुस्तक पसलहरू घुमेर पनि आवश्यक सामग्रीहरूको सङ्कलन गरियो। यसप्रकार आजसम्म उपलब्ध पुस्तक, पत्र-पत्रिका र भेटवार्ताहरूका आधारमा प्रस्तुत लघुशोधप्रबन्धको घडेरी निर्माण हुनसकेको छ।

प्रस्तुत लघुशोधप्रबन्ध पूरा गर्नका निम्ति मैले विभिन्न विद्वानहरूबाट सकारात्मक सुझाउ, उचित सल्लाह, प्रेरणा र प्रोत्साहन पाएको छु। जसमध्ये सर्वप्रथम नै म मेरो शोध निर्देशक आदरणीय गुरुमा डा. पुष्प शर्माप्रति आन्तरिक हृदयबाट आभार प्रटक गर्दछु। गुरुमाको असल मार्गदर्शन र प्रोत्साहनबिना यो लघुशोधप्रबन्ध समयमै पूरा गर्न सकिने थिएन। उनीबाट मैले धेरै कुराहरू सिक्ने अवसर पाएको छु र आफ्ना कमजोरीहरूलाई सुधार्ने उचित परामर्श पनि पाएको छु।

यसरीनै मलाई सधैं उत्साह दिनुहुने तथा शोधविषयक सामग्रीहरू उपलब्ध गराएर सहयोग पुऱ्याउनुहुने नेपाली विभाग, सिक्किम विश्वविद्यालयका मेरा सम्पूर्ण गुरुजन क्रमश: आदरणीय प्रतापचन्द्र प्रधान, कविता लामा, समर सिन्हा, बलराम पाण्डे र देवचन्द्र सुब्बाप्रति आभारी रहेको छु। उहाँहरूको नि:स्वार्थ प्रेम, उचित परामर्श र सहयोग मेरो निम्ति प्रेरणाको स्रोत बनेको छ।

मलाई उचित परामर्श दिएर यथाशक्य सहयोग पुऱ्याउनुहुने आदरणीय जस योञ्जन प्यासी, हरेन आले, अर्जुन प्रधान, मनप्रसाद सुब्बा आदि विद्वानहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु।

अन्तमा मेरो शोधकार्य समयमै पूरा होस् भनी आवश्वक सुझाउसँगै उपयोगी सामग्रीहरू पनि उपलब्ध गराइदिनुहुने आदरणीय रुपा प्रधान, दाज्यू मिलन बान्तवा, सुमन बान्तवा, मित्र योगेश पन्थ, सदीप प्रधान, बासुदेव पुलामी, भाइ दिपेन तामाङ, ज्ञानेन्द्र यक्सो, सपन प्रधान, निर्मल निरौला, बहिनी शारदा छेत्री, सरस्वती मिश्र साथै मेरा सबै सहपाठीहरूप्रति आभार व्यक्त गर्दछु।

शोधार्थी

सुरज गुरुङ

एमफिल 15MPNP06

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

## संक्षिप्त शब्दावली

पृ.----------------पृष्ठ

अनु.--------------अनुवाद

सम्पा.------------सम्पादक

वि. सं.-----------विक्रम संवत्

प्रा. लि.----------प्राइवेट लिमिटेड

दो. सं.----------दोस्रो संस्करण

ते. सं.----------तेस्रो संस्करण

चौ. सं.---------चौंथो संस्करण

पाँ. सं.---------पाँचौं संस्करण

छै. सं.---------छैटौं संस्करण

आ. सं.---------आठौं संस्करण

द. सं.----------दशौं संस्करण

## विषय सूची


| | पृ. संख्या |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| अग्रसारण | ख |
| आमुख तथा आभार प्रकट | ग - ङ |
| संक्षिप्त शब्दावली | च |
| पहिलो अध्याय: शोध परिचय | 1 - 13 |
| 1.1 शोध शीर्षक | |
| 1.2 शोध परिचय | |
| 1.3 शोधको समस्याकथन | |
| 1.4 शोधको उद्देश्यकथन | |
| 1.5 पूर्वकार्यको विवरण वा समीक्षा | |
| 1.6 शोधको औचित्य र महत्त्व | |
| 1.7 शोधको सीमाङ्कन | |
| 1.8 शोधविधि | |
| 1.8.1 सामग्री सङ्कलनविधि | |

1.8.2 सामग्री वर्गीकरण एवं विश्लेषणविधि

1.9 शोधको रुपरेखा

दोस्रो अध्याय: राजनारायण प्रधानको व्यक्तित्व र कृतित्व 14 - 78

2.1 राजनारायण प्रधानको परिचय

2.1.1 जन्ममिति

2.1.2 शैक्षिक परिचय

2.1.3 साहित्यिक परिचय

2.1.4 पुरस्कार एवं सम्मान

2.2 राजनारायण प्रधानको साहित्यिक व्यक्तित्व

2.2.1 सम्पादकका रूपमा

2.2.2 निबन्धकारका रूपमा

2.2.3 पाठ्य पुस्तक लेखकका रूपमा

2.2.4 फिचर वा चरित्र लेखकका रूपमा

2.2.5 कथाकारका रूपमा

2.2.6 अनुवादकका रुपमा

2.2.7 समालोचकका रूपमा

2.3 राजनारायण प्रधानका प्रमुख समालोचनात्मक कृतिहरूको विश्लेषण

2.3.1 *केही कृति केही स्मृति* को विश्लेषण

2.3,2 *विश्वका दश महान् नाटक - अध्ययनहरू*को विश्लेषण

तेस्रो अध्याय: भारतीय नेपाली समालोचना परम्परामा राजनारायण प्रधान र उनका समालोचनामा पाइने पद्धति र प्रवृत्तिगत विशेषताहरूको अध्ययन 78 - 137

3.1 भारतीय नेपाली समालोचनाको अवधारणा

3.2 भारतीय नेपाली समालोचनाको स्वरुप

3.3 भारतीय नेपाली समालोचनाको विकासक्रम

3.4 भारतीय नेपाली समालोचनामा राजनारायण प्रधानको योगदान

3.5 समालोचनाका पद्धति र प्रवृत्ति

3.6 समालोचनाका पद्धतिहरू

3.7 नेपाली समालोचनाका पद्धतिहरू

3.8 नेपाली समालोचनाका प्रवृत्तिहरू

3.9 राजनारायण प्रधानका समालोचनामा पाइने पद्धति र प्रवृत्ति

**3.3** राजनारायण प्रधानका समालोचनाका मूलभूत प्रवृत्तिहरू

चौंथो अध्याय: राजनारायण प्रधानको मूल्याङ्कन र स्थान निर्धारण 138 -144

4.1 समालोचकका रुपमा राजनारायण प्रधानको मूल्याङ्कन

4.2 राजनारायण प्रधानको स्थान निर्धारण

पाँचौं अध्याय: निष्कर्ष 145 -148

सन्दर्भग्रन्थ सूची 149

परिशिष्ट 157

# अग्रसारण

**राजनारायण प्रधानका समालोचना: पद्धति र प्रवृत्ति** शीर्षक यो लघुशोधप्रबन्ध एमफिल तहका छात्र सुरज गुरुङ रोल न. 15MPNP06, शैक्षिक वर्ष (2015 - 16) ले मेरो देखरेखमा रही मौलिक शोधकार्य गरेर विधिवत् तयार पारेका हुन्। प्रस्तुत लघुशोधप्रबन्ध लेखन सिक्किम विश्वविद्यालय, एमफिल पाठ्यक्रमको निर्धारित समयभित्र यिनले लगन र परिश्रमपूर्वक तयार पारेका हुन् भनी प्रमाणित गर्दै नेपाली विषयमा एमफिल उपाधि हेतू प्रस्तुत लघुशोधप्रबन्ध विश्वविद्यालयका नियमानुसार आवश्यक मूल्याङ्कनका निम्ति म सम्बन्धित निकायसमक्ष अग्रसारित गर्दछु।


पुष्प शर्मा

सह प्राध्यापक तथा शोध निर्देशक

नेपाली विभाग,

सिक्किम विश्वविद्यालय


मिति: 07. 02. 2017

# पहिलो अध्याय
# शोधको परिचय

## 1 शोध शीर्षक

प्रस्तुत लघुशोधप्रबन्धको शीर्षक *राजनारायण प्रधानका समालोचना : पद्धति र प्रवृत्ति* रहेको छ।

## 1.2 शोध परिचय

साहित्यका विविध विधाहरूमध्ये समालोचना एउटा महत्त्वपूर्ण विधा हो। यसको अभावमा विशुद्ध साहित्य निस्कन सक्दैन।[१] साहित्यिक सिर्जनाको विकासक्रमलाई औंल्याउँदै पाठकलाई सचेत र सतर्क गराउने काम समालोचनाले गर्दै आइरहेको छ।[२] संसारको सृष्टिपछि विकास युगको प्रारम्भ सँगसँगै मानवजातिमा समालोचना गर्ने बुद्धिको पनि विकास भएको हो। तर साहित्यिक लेखनको रुपमा भने समालोचनाको परम्परा धेरै पछिबाट सुरु भएको देखिन्छ। अत: सिर्जनात्मक साहित्यको विकास भइसकेपछि मात्र यसको विकास भएको हो।[३] यसकारण समालोचनालाई साहित्यमा सिर्जनात्मक लेखनको अनुवर्ती विधा, परजीवी विधा, पराश्रित विधा, कनिष्ट विधा आदि मान्ने गरेको पाइन्छ।

---

१[१] भीमनिधि तिवारी, 2004, *पन्ध्र प्रबन्ध,* काठमाडौं : साझा प्रकाशन, पृ. 63

२[२] नरेशचन्द्र खाती, 2007, *अध्ययन : नेपाली समालोचनाका*, दार्जिलिङ : भव्य-भावना प्रकाशन, पृ. 1

३[३] घनश्याम कँडेल, वि. सं. 2055, *नेपाली समालोचना*, काठमाडौं : साझा प्रकाशन, पृ. क

नेपाली साहित्यमा समालोचनाको थालनी सामान्य परिचयात्मक, प्रशंसापरक तथा भावात्मक आलोकमा भएको पाइन्छ। विशेषताको त्यसपछि कृतिपरक, विश्लेषणपरक तथा गुण-दोष विवेचनपरक अध्ययन परम्परालाई आत्मसात गर्दै दोस्रो चरणमा आइपुग्दा रामकृष्ण शर्माको उदयसँगै नेपाली समालोचनाको स्वरूप स्पष्ट हुन पुगेको देखिन्छ। रामकृष्ण शर्माले नै नेपाली साहित्यालोचनलाई कृतिपरक आलोचनाको मार्गमा अग्रसर गराए।[४] उनको समालोचनात्मक दृष्टिसँगै प्रशंसापरक टिप्पणीहरूमा सीमित रहेको नेपाली समालोचना गुणदोष दर्शनको नयाँ दिशातिर मोडिएको पाइन्छ। यसैले शर्मालाई आधुनिक नेपाली समालोचनाका प्रवर्तक मान्ने गरिन्छ।[५] शर्माकै प्रभाव र प्रेरणाको फलस्वरुप साहित्यिक कृतिहरूको गुणदोष केलाउँदै मूल्य र महत्त्व स्थापित गर्ने क्रममा कृतिकारहरूको मूल्याङ्कनसमेतलाई केन्द्रमा राखी गम्भीर अध्ययन र युक्तिसङ्गत तर्कहरूकासाथ समालोचनाहरू लेखिएका पाइन्छन्। यसरी समालोचना लेख्नेहरूमध्ये राजनारायण प्रधान पनि एकजना समालोचक हुन्।

पूर्वीय र पाश्चात्य दुवैतिरका समालोचना सिद्धान्तलाई अघि राखेर कृतिहरुको विश्लेषण र मूल्याङ्कन गर्ने राजनारायण प्रधान एकजना स्पष्टवादी समालोचक हुन्।उनका समालोचनाको भाषा नितान्त वस्तुपरक र निर्णयात्मक रहेको पाइन्छ। नेपाली साहित्यमा मूलत: फिचर लेखकको रूपमा परिचित भए तापनि उनी आफ्ना निश्चित आदर्श, मान्यता, दृष्टिकोण र प्रतिवद्धताका साथ प्रबल समालोचकका रूपमा पनि स्थापित छन्। उनका सम्पूर्ण समालोचनाहरू गम्भीर अध्ययन र सम्यक् विवेचनाका उपज हुन् भन्न सकिन्छ। कुनै एउटा

---

४[४] घनश्याम नेपाल, 2009, *नेपाली साहित्यको परिचयात्मक इतिहास*, सिलगढी: एकता बुक हाउस प्रा. लि., पृ. 199

५[५] नरेन्द्रराज प्रसाई, वि.सं. 2057, *नेपाली साहित्यका समालोचक र समालोचना*, काठमाडौं: एकता प्रकाशन, पृ.16

सिद्धान्तमा केन्द्रित नभई स्वच्छन्द रुपमा विभिन्न साहित्यिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन  गर्नु उनको समालोचना लेखनको मूलभूत विशेषता रहेको पाइन्छ।

समालोचक प्रधानले समालोचना गर्ने क्रममा विभिन्न पद्धति र प्रवृत्तिहरूको अनुसरण गरेको देखिन्छ। तीमध्ये व्याख्यात्मक, निर्णयात्मक, तुलनात्मक, शास्त्रीयतावादी, समाजशास्त्रीय, जीवनचरित्रात्मक, मनोविश्लेषणात्मक, स्वच्छन्दतावादी, विसङ्गतिवादी आदि पद्धतिहरूको प्रयोग मुख्य रूपमा भएको पाइन्छ। यसरीनै उनका समालोचनाहरू प्रभावपरक, व्याख्यात्मक, निर्णयात्मक, शास्त्रीयतावादी, समाजशास्त्रीय, नीतिपरक, जीवनचरित्रात्मक, मनोविश्लेषणात्मक, विसङ्गतिवादी, गुण-दोष विवेचनपरक, मूल्यवादी आदि प्रवृत्तिहरूतिर उन्मुख रहेका पाइन्छन्।

*राजनारायण प्रधानका समालोचना : पद्धति र प्रवृत्ति* शीर्षक रहेको प्रस्तुत लघुशोधप्रबन्धमा शोधको आवश्यकता र औचित्य प्रमाणित गरी समालोचना लेखनका विविध पक्ष, पद्धति र प्रवृत्तिहरूका आधारमा राजनारायण प्रधानका समालोचनात्मक कृतिहरूको अध्ययन गरिएको छ।

## 1.2 **शोध प्रयोजन**

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा रहेको एमफिल उपाधिको प्रयोजनका लागि प्रस्तुत।

## 1.3 **शोधको समस्याकथन**

प्रस्तुत लघुशोधप्रबन्धमा भारतीय नेपाली समालोचनाको कालक्रमिक विकासको परम्परा देखाउँदै राजनारायण प्रधानका समालोचनामा पाइने पद्धतिगत र प्रवृत्तिगत विशेषताहरूको सम्यक् विश्लेषण गरिएको छ। यसो गरिने क्रममा निम्नलिखित समस्याहरूबारे विचार पुऱ्याइएको छ-

(1) राजनारायण प्रधानका समालोचनामा कुन कुन पद्धतिहरू पाइन्छन् ?

(2) राजनारायण प्रधानका समालोचनामा पाइने प्रवृत्तिगत विशेषताहरू के के हुन् ?

(3) समालोचकका रूपमा राजनारायण प्रधानको महत्त्व र स्थान के कस्तो रहेको छ?

## 1.4 **शोधको उद्देश्यकथन**

(1) राजनारायण प्रधानका समालोचनामा पाइने पद्धतिहरू खुट्याउनु ।

(2) राजनारायण प्रधानका समालोचनामा पाइने प्रवृत्तिगत विशेषताहरू खुट्याउनु।

(3) राजनारायण प्रधानका समालोचनाको महत्त्वबारे प्रकाश पार्दै समालोचकका रुपमा उनको स्थान निर्धारण गर्नु।

## **1.5 पूर्वकार्यको विवरण र समीक्षा**

नेपाली साहित्यमा मूलतः फिचर लेखक भनेर चिनिने राजनारायण प्रधान निबन्धकार, कथाकार, बाल साहित्यकार, वार्ताकार, पाठ्य पुस्तक लेखक, हास्य व्यङ्ग्यकार, सम्पादक, शब्दकोशकार लगायत एकजना समालोचक पनि हुन्। उनको लेखनशैलीबारे विभिन्न पुस्तक र पत्र-पत्रिकाहरूमा छिटपुट अध्ययन गरिएको पाइए तापनि विधागत रूपमा उनका कृतिहरूलाई लिएर विस्तृत चर्चा भएको पाइँदैन। साहित्यमा कनिष्ट भए पनि महत्त्वपूर्ण विधा मानिने समालोचनाको समृद्धि र विकासका निम्ति पनि प्रधानले अविस्मरणीय योगदान दिएका छन्। तथापि उनका अन्य कृतिहरूसरह नै समालोचनात्मक कृतिबारे पनि सन्तोषजनक अध्ययन-अनुसन्धान भएको पाइँदैन। आजसम्म उनका कृतिहरूलाई लिएर जे जति कार्यहरू भएका छन्, तिनका आधारमा निम्नलिखित पूर्वकार्यको विवरण र समीक्षा प्रस्तुत गरिएको छ-

*पुस्तकका आधारमा पूर्वकार्यको समीक्षा:*

रामलाल अधिकारीद्वारा लिखित *नेपाली निबन्ध यात्रा* पुस्तकमा राजनारायण प्रधानको निबन्धकारिताबारे चर्चा गरिएको छ। यिनको निबन्ध लेखनमा व्यङ्ग्यात्मकता र शब्दहरूको चित्रमय प्रस्तुति रहेको उल्लेख यस पुस्तकमा पाइन्छ।

राजेन्द्र सुवेदीले पनि आफ्नो पुस्तक *स्रष्टा सृष्टिः द्रष्टा दृष्टि*मा राजनारायण प्रधानलाई निबन्धकारकै रूपमा चिनाउँदै यिनका निबन्धहरू तार्किक र बौद्धिक रहने गरेको बताएका छन्। सुवेदीकै अर्को पुस्तक *नेपाली समालोचनाः परम्परा र प्रवृत्ति*मा भने राजनारायण प्रधानका समालोचनात्मक प्रवृत्तिबारे संक्षिप्त चर्चा गरिएको पाइन्छ। यस पुस्तकमा राजनारायण प्रधानलाई प्रभावपरक समालोचना प्रवृत्तिका मूल्यमा स्थापित समालोचक भनी चिनाइएको पाइन्छ।

असीत राईको *भारतीय नेपाली साहित्यको इतिहास* नामक पुस्तकमा राजनारायण प्रधानलाई अत्याधुनिक निबन्धकार र अत्याधुनिक समालोचकको रूपमा चिनाइएको पाइन्छ। फिचर लेखनमा सिद्धहस्त मानिने प्रधानका समालोचनामा पनि शिष्ट र सौहार्दपूर्ण भाषाको प्रयोग, रोचक शैली, गम्भीर विश्लेषण साथै प्रभावोत्पादक प्रतिपादन पाइने उल्लेख यस पुस्तकमा भएको पाइन्छ।

नरेशचन्द्र खातीले *अध्ययनः नेपाली समालोचनाका*मा राजनारायण प्रधानलाई व्याख्यात्मकमूल र मनोवैज्ञानिकमूल प्रवृत्तिका समालोचकको कोटिमा राख्दै उनका समालोचनामा पाइने प्रवृत्तिहरूको वर्णन गरेका छन्। पुस्तकभित्र राजनारायण प्रधानद्वारा लिखित *भानुभक्ताचार्यको*

*जीवनचरित्र* शीर्षक लेखको व्याख्या गर्ने क्रममा खातीले प्रधानका समालोचना प्रभावपरक, व्याख्यात्मक र तुलनात्मक प्रवृत्तितिर उन्मुख रहेको उल्लेख गरेका छन्।

मेघनाथ छेत्रीले आफ्नो पुस्तक *भारतीय नेपाली समालोचना र समालोचक*मा *राजनारायण प्रधानका समालोचनात्मक प्रवृत्तिहरू: केही अध्ययन* शीर्षक लेख लेखेका छन्। यस लेखमा प्रधानका समालोचनात्मक प्रवृत्तिहरूबारे चर्चा गरिएको पाइन्छ। यो नै राजनारायण प्रधानका समालोचना लेखनलाई आधार मानेर विस्तृत रूपमा व्याख्या गरिएको पहिलो लेख पनि हो। यसमा राजनारायण प्रधानलाई पूर्वीय र पाश्चात्य दुवैतिरका समालोचना सिद्धान्तका ज्ञाता भनी पुष्टि गरिएको पाइन्छ। समालोचना लेखनमा मूल रूपले प्रभावात्मक, व्याख्यात्मक, मनोविश्लेषणात्मक, तुलनात्मक, निर्णयात्मक आदि प्रवृत्तिहरूलाई आत्मसात गरेर राजनारायण प्रधानले समालोचना लेख्ने गरेको तथ्यलाई पनि प्रस्तुत लेखमार्फत प्रकाशमा ल्याइएको पाइन्छ।

ममता लामाको *दृष्टि र आधार* नामक पुस्तकमा पनि राजनारायण प्रधानका समालोचनाबारे संक्षिप्त चर्चा गरिएको छ। पुस्तकभित्र सङ्ग्रहित *भारतीय नेपाली साहित्यको कालक्रमिक विकास र प्रवृत्तिगत अध्ययन*मा विभिन्न सिद्धान्तहरूका पर्यवेक्षण गर्दै समालोचना गर्ने समालोचकको रूपमा राजनारायण प्रधानको परिचय गराइएको छ। यसमा प्रधानलाई माधुर्य र सौष्ठवपूर्ण भाषाशैलीको प्रयोग गरेर पूर्वीय र पाश्चात्य समालोचना सिद्धान्तहरूद्वारा माझिएका समालोचनाहरू लेख्ने समालोचक भनी चिनाइएको पाइन्छ।

*पत्र-पत्रिकाको आधारमा पूर्वकार्यको समीक्षा:*

माथि उल्लेख गरिएका पुस्तकहरूबाहेक केही पत्र-पत्रिकाहरूमा राजनारायण प्रधानका लेखनबारे चर्चा गरिएको पाइन्छ। पत्र-पत्रिकाहरूमा प्रकाशित लेखरचनाहरू मूल रूपले राजनारायण प्रधानको व्यक्तित्व र भाषाशैलीमाथि नै केन्द्रित रहेका पाइन्छन्।

कृष्ण प्रधानद्वारा लिखित र *साहित्य शिखा* साहित्यिक सङ्कलनमा प्रकाशित *मौलिक शिल्पमा कुँदिएको राजनारायण प्रधानको 'विश्वविख्यात व्यक्तित्वहरू'* शीर्षक लेखमा राजनारायण प्रधानको लेखनशैलीमाथि विशेष चर्चा गरिएको पाइन्छ। यस लेखमा एक ठाउँ 'कल्पनाको किरिमिरीभन्दा बौद्धिकताको झलक दिने उनको आलोचकीय दृष्टि बान्किला देखिन्छन्' भन्ने तर्क राखिएको पाइन्छ। यस भनाईले राजनारायण प्रधानको फिचर लेखन समेत समालोचनाकै सम्मुखीन रहेको कुरातिर सङ्केत गरेको पाइन्छ।

मोहन ठकुरीले राजनारायण प्रधानको लेखनशैलीलाई नै आधार मानेर *रसिलो भाषाशैलीका राजनारायण प्रधान* शीर्षक लेख लेखेका छन्। *भृकुटी* समालोचनात्मक एवं अनुसन्धानात्मक साहित्यिक — सांस्कृतिक त्रैमासिकमा प्रकाशित यस लेखमा राजनारायण प्रधानको भाषाशैली चित्रात्मक, अति सजीव र ठेट रहेको उल्लेख पाइन्छ।

मिलन बान्तवाद्वारा लिखित एवं *प्रथा* साहित्यिक सङ्कलनमा प्रकाशित *उनी पुरस्कारका पछि लाग्दैनन्* शीर्षक लेखमा पनि राजनारायण प्रधानको साहित्यिक भाषाबारे नै चर्चा गरिएको पाइन्छ। यसका अतिरिक्त साहित्यका सन्दर्भमा प्रधान सधैं निष्पक्ष र इमानदार रहेको उल्लेख बान्तवाले गरेका छन्।

माथि उल्लिखित पूर्वकार्यको समीक्षाबाट के थाहा लाग्छ भने नेपाली साहित्यमा राजनारायण प्रधानका समालोचनात्मक कृतिहरूबारे छिटपुट मात्र अध्ययन भएको पाइन्छ। विशद् एवं विस्तृत विवेचना वा अध्ययन-अनुसन्धान भएको पाइँदैन। यसैले प्रधानका समालोचना लेखनबारे वस्तुनिष्ठ अध्ययन गरिनुपर्ने आवश्यकता बोध गरेर प्रस्तुत लघु शोधप्रबन्ध पूरा गरिएको छ।

## 1.6 शोधको औचित्य र महत्त्व

भारतीय नेपाली साहित्यको सन्दर्भमा समालोचना विधाको विकास कालक्रमिक दृष्टिले सन्तोषजनक रहेको देखिँदैन। सिर्जनात्मक लेखनलाई विशेष गुणस्तरको बनाउनुमा समालोचनाको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। समालोचनाको अभाव हुनु भनेकै सिर्जनाको क्रम एउटा स्तरमा आएर ठप्प हुनु हो। यसर्थ समालोचनाबारे व्यवस्थित अध्ययन र शोधकार्यहरू हुनु अनिवार्य रहेको देखिन्छ। भारतीय नेपाली समालोचनाको एउटा विशेष कालखण्डलाई प्रतिनिधित्व गर्दै समालोचनाको विकासक्रमलाई अघि बढाउने राजनारायण प्रधानका समालोचनात्मक कृतिबारे शोध गर्ने उद्देश्य राख्नु यही र यस्तै आवश्यकता बोधको परिणाम हो। नेपाली साहित्यमा राजनारायण प्रधानको योगदानको कदर गर्दै यिनका समालोचनाहरूको निरूपण गर्ने कार्यमा प्रस्तुत लघुशोधप्रबन्ध औचित्यपूर्ण रहेको छ। यस कार्यले राजनारायण प्रधान जस्ता बहुमुखी साहित्य सर्जकको समालोचना गर्ने सीपबारे राम्ररी प्रकाश पार्दै भारतीय नेपाली साहित्यमा अनुर्वर रहेको समालोचना विधाको विकासमा सकारात्मक दृष्टिको निर्माण गर्नेछ।

## 1.7 शोधको सीमाङ्कन

राजनारायण प्रधानका समालोचनामा पाइने पद्धति र प्रवृत्तिहरूको अध्ययन गर्नु प्रस्तुत लघुशोधप्रबन्धको मूल उद्देश्य रहेको छ। यस कार्यका निम्ति प्रधानका दुईवटा समालोचना कृति *केही कृतिः केही स्मृति* र *विश्वका दश महान् नाटक-अध्ययनहरू*लाई शोधको विषयका रुपमा छनौट गरिएको छ। अत: यी दुई कृतिकै केन्द्रियतामा प्रधानका समालोचनामा पाइने पद्धति र प्रवृत्तिहरूको वस्तुनिष्ट अध्ययन गरिएको छ।

## 1.8 शोध विधि

### 1.8.1 *शोधको सामग्री सङ्लन विधि*

प्रस्तुत लघु शोधप्रबन्धका निम्ति पुस्तकालयीय अध्ययन, सिद्धान्त सम्बन्धी पुस्तक, विषयगत पाठहरू, पत्र-पत्रिका र आवश्वकताअनुसार इलेक्ट्रोनिक स्रोतबाट पनि अध्ययन सामग्रीहरू सङ्कलन गरिएको छ। यसबाहेक सम्बन्धित विषयका ज्ञाता र समीक्षकहरूबाट प्राप्त जानकारीका आधारमा पनि आवश्यक सामग्री सङ्कलन गरिएको छ।

### 1.8.2 *सामग्री वर्गीकरण एवं विश्लेषण विधि*

प्रस्तुत लघुशोधप्रबन्धमा सङ्कलित सामग्रीहरूबाट सान्दर्भिक र उपयुक्त सामग्रीहरूको छनौट गरी गुणात्मकताका आधारमा सैद्धान्तिक मतहरू निरूपण गरिएको छ। यसका साथै सङ्कलित सामग्रीहरूको सत्यापन, अर्थापन र विश्लेषण विधिद्वारा निष्कर्ष प्रदान गरिएको छ।

## 1.9 **शोधको रूपरेखा**

प्रस्तुत लघुशोधप्रबन्धमा पाँचवटा अध्याय रहेका छन्, जसको संरचनात्मक ढाँचा निम्नलिखित रूपमा रहेको छः

**1 पहिलो अध्याय: शोध परिचय**

1.1 शोध शीर्षक

1.2 शोध परिचय

1.3 शोधको समस्याकथन

1.4 शोधको उद्देश्यकथन

1.5 पूर्वकार्यको विवरण वा समीक्षा

1.6 शोधको औचित्य र महत्त्व

1.7 शोधको सीमाङ्कन

1.8 शोधविधि

1.8.1 सामग्री सङ्कलनविधि

1.8.2 सामग्री वर्गीकरण एवं विश्लेषणविधि

1.9 शोधको रुपरेखा

**2 दोस्रो अध्याय: राजनारायण प्रधानको व्यक्तित्व र कृतित्व**

2.1 राजनारायण प्रधानको परिचय

2.1.1 जन्ममिति

2.1.2 शैक्षिक परिचय

2.1.3 साहित्यिक परिचय

2.1.4 पुरस्कार एवं सम्मान

2.2 राजनारायण प्रधानको साहित्यिक व्यक्तित्व

2.2.1 सम्पादकका रूपमा

2.2.2 निबन्धकारका रूपमा

2.2.3 पाठ्य पुस्तक लेखकका रूपमा

2.2.4 फिचर वा चरित्र लेखकका रूपमा

2.2.5 कथाकारका रूपमा

2.2.6 अनुवादकका रुपमा

2.2.7 समालोचकका रूपमा

2.3 **राजनारायण प्रधानका प्रमुख समालोचनात्मक कृतिहरूको विश्लेषण**

2.3.1 *केही कृति केही स्मृति* को विश्लेषण

2.3,2 *विश्वका दश महान् नाटक - अध्ययनहरू*को विश्लेषण

**3 तेस्रो अध्याय: भारतीय नेपाली समालोचना परम्परामा राजनारायण प्रधान र उनका समालोचनामा पाइने पद्धति र प्रवृत्तिगत विशेषताहरूको अध्ययन**

3.1 भारतीय नेपाली समालोचनाको अवधारणा

3.2 भारतीय नेपाली समालोचनाको स्वरुप

3.3 भारतीय नेपाली समालोचनाको विकासक्रम

3.4 भारतीय नेपाली समालोचनामा राजनारायण प्रधानको योगदान

3.5 समालोचनाका पद्धति र प्रवृत्ति

3.6 समालोचनाका पद्धतिहरू

3.7 नेपाली समालोचनाका पद्धतिहरू

3.8 नेपाली समालोचनाका प्रवृत्तिहरू

3.9 राजनारायण प्रधानका समालोचनामा पाइने पद्धति र प्रवृत्ति

व्याख्यात्मक पद्धति

निर्णयात्मक पद्धति

तुलनात्मक पद्धति

शास्त्रीयतावादी पद्धति

समाजशास्त्रीय पद्धति

जीवनचरित्रात्मक पद्धति

मनोविश्लेषणात्मक पद्धति

स्वच्छन्दतावादी पद्धति

विसङ्गतिवादी पद्धति

**3.3** राजनारायण प्रधानका समालोचनाका मूलभूत प्रवृत्तिहरू

प्रभाववादी प्रवृत्ति

व्याख्यात्मक प्रवृत्ति

तुलनात्मक प्रवृत्ति

निर्णयात्मक प्रवृत्ति

शास्त्रीयतावादी प्रवृत्ति

नीतिपरक प्रवृत्ति

जीवनचरित्रात्मक प्रवृत्ति

मनोविश्लेषणात्मक प्रवृत्ति

स्वच्छन्दतावादी प्रवृत्ति

समाजशास्त्रीय प्रवृत्ति

गुणदोषविवेचनपरक प्रवृत्ति

मूल्यवादी प्रवृत्ति

**4 चौंथो अध्याय: राजनारायण प्रधानको मूल्याङ्कन र स्थान निर्धारण**

4.1 समालोचकका रुपमा राजनारायण प्रधानको मूल्याङ्कन

4.2 राजनारायण प्रधानको स्थान निर्धारण

**5 पाँचौं अध्याय: निष्कर्ष**

**सन्दर्भग्रन्थ सूची**

**परिशिष्ट**

# दोस्रो अध्याय
# राजनारायण प्रधानको व्यक्तित्व र कृतित्व

## 2.1 राजनारायण प्रधानको परिचय

राजनारायण प्रधान भारतीय नेपाली समाजका एकजना सुपरिचित तथा लोकप्रिय साहित्यकार हुन्। विद्यार्थीकालमा प्रधानको रुचि हक्की र ब्याटमिन्टन जस्ता खेलहरूमा रहेको थाहा पाइन्छ। उनले एकजना श्रेष्ठ हक्की खेलाडीको रूपमा ख्याति प्राप्त गरेका भए तापनि अन्ततोगत्वा साहित्य र शिक्षाको क्षेत्रमा नै उनको वैशिष्ट्य कायम रहेको देखिन्छ। शैक्षिक क्षेत्रमा प्राथमिक स्तरदेखि उच्च माध्यमिक स्तरसम्मका पाठ्यपुस्तकहरू लगायत शब्दकोश निर्माणमा प्रधानले विशिष्ट योगदान दिएका छन् साथै नेपाली साहित्यको सम्वर्द्धन र विकासमा निरन्तर सेवा पुऱ्याएका छन्।

साहित्यको अध्ययन र साधनामा निरन्तर लागिपर्ने राजनारायण प्रधानको जन्म कलकत्ता महानगरीमा लक्ष्मीनारायण प्रधान र जयलक्ष्मी प्रधानको माहिला छोराको रूपमा भएको थियो। पैत्रिक थलो दार्जिलिङको रूपनारायण सिंह पथस्थित गुड्डी रोड भए  तापनि पिता लक्ष्मीनारायण प्रधानले गभर्मेन्ट हाउस, कलकत्तामा नोकरी गर्ने भएकोले तिनताक तिनीहरू सपरिवार कलकत्तामा नै बस्न थालेका थिए। त्यही  समय राजनारायण प्रधानको जन्म भएको थाहा पाइन्छ। उनी परिवारमा माहिलो छोरो थिए। उनका दाजु भोटु प्रधान दार्जिलिङका एकजना सफल रङ्गकर्मी साथै बाल साहित्यकारको रूपमा परिचित छन्। उनको भाइको नाम भरत प्रधान रहेको जानकारी पाइन्छ।

### 2.1.1 *जन्ममिति*

राजनारायण प्रधानको जन्ममितिबारे ठोस प्रमाण पाइँदैन। उनी कहिले जन्मे भन्ने विषयमा धेरै मतमतान्तरहरू पाइन्छन्। रामलाल अधिकारीअनुसार प्रधानको जन्म सन् 1937 को जनवरी महिनामा कलकत्तामा भएको हो।[६] कृष्ण प्रधानले पनि सन् 1937 साललाई नै प्रधानको जन्मवर्ष मानेका छन्।[७] जयदेव भट्टराईद्वारा सङ्कलित एवं सम्पादित *साहित्यकार परिचय र अभिव्यक्ति* नामक कृतिमा भने प्रधानको जन्ममिति वि. सं. 1992, पुष, कलकत्ता, भारत[८] लेखिएको पाइन्छ। उक्त विवरणअनुसार सन् 1935 को दिसम्बर 16 तारिखदेखि जनवरी 14 तारिख बीचको समयावधिमा प्रधानको जन्म भएको हो भन्ने बुझिन्छ। वस्तुत: राजनारायण प्रधानको चिट्ना (जन्म कुन्डली) उनी सानै छँदा नै हराएको कारण उनको वास्तविक जन्ममितिबारे थाहा पाउन सकिँदैन।

आजसम्मको खोजी र प्राप्तिअनुसार अनुमाणित नै भए पनि प्रधानको जन्ममिति 5 सेप्टेम्बर, 1936 लाई मान्न सकिन्छ। प्रधानको उक्त जन्ममितिबारे हस्त नेचालीले *भारतेली नेपाली साहित्य स्रष्टाहरू*[९] नामक पुस्तकमा जानकारी गराएका छन्। यसका अतिरिक्त भास्कर मैनालीले पनि *दि नर्थ पोइन्टर*[१०] मा 5 सेप्टेम्बर, 1936 भनी उल्लेख गरेका छन्। उक्त

---

६[६] रामलाल अधिकारी, 1999, *नेपाली निबन्ध यात्रा*, गान्तोक: मेसर्स प्रिन्टेड, पृ. 174

७[७] कृष्ण प्रधान, 2010, 'मौलिक शिल्पमा कुँदिएका राजनारायण प्रधानको विश्वविख्यात व्यक्तित्वहरू *साहित्य शिखा,* रूद्रराज मास्के (सम्पा.), दार्जिलिङ: दीप्ति प्रिन्टिङ प्रेस, पृ. 56

८[८] जयदेव भट्टराई, वि.सं. 2054, *साहित्यकार परिचय र अभिव्यक्ति*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. 393

९[९] हस्त नेचाली, 2010, *भारतेली नेपाली साहित्य स्रष्टाहरू*, दार्जिलिङ: साझा पुस्तक प्रकाशन, पृ. 41

जन्ममितिबारे कुनै प्रकारको विवाद नउठेको तथा प्रधान स्वंयको पनि कुनै आपत्ति नरहेको कारण यसैलाई प्रधानको जन्ममिति तोक्न सकिन्छ।

### 2.1.2 *शैक्षिक परिचय*

सानैदेखि तीक्ष्ण बुद्धि र जाँगरिला स्वभावका राजनारायण प्रधानले प्राथमिक स्तरको शिक्षा स्वामी प्रबुद्धानन्द प्राथमिक पाठशाला, कर्णेल भिल्ला, दार्जिलिङबाट प्राप्त गरेको थाहा पाइन्छ। त्यसपछि उनले सन्त रोबर्ट्स विद्यालयबाट प्रवेशिका, सन्त जेभियर्स महाविद्यालयबाट आई.ए., सिटी महाविद्यालय, कलकत्ताबाट वाणिज्यमा स्नातक र कल्याणी विश्वविद्यालय, कलकत्ताबाटै वाणिज्यमा स्नातकोत्तरसम्मको शिक्षा आर्जन गरेका थिए। आई. ए. उत्तीर्ण गर्नेबित्तिकै भारतीय रिजर्भ ब्याङ्कमा नोकरी पाएर कलकत्ता बसेका उनले धेरै समय नोकरी नगरि आफ्नो पढाईलाई अघि बढाएको थाहा पाइन्छ। यसरी स्नातकोत्तरसम्मको शिक्षा आर्जन गरेपछि  सन् 1960 देखि पूर्व नेपालको आठराईस्थित चुहानडाँडा भन्ने ठाउँमा विरेन्द्र इन्टर महाविद्यालयको स्थापनासँगै जोडिएर चार वर्षसम्म प्राचार्यको रूपमा सेवा पुऱ्याएको थाहा पाइन्छ। त्यसपछि सन् 1964 मा फेरि दार्जिलिङ फर्केर सन्त रोबर्ट्स विद्यालयमा शिक्षणकार्य सुरू गरेको पाइन्छ। यसरीनै सन् 1968 देखि सन्त जोसेफ कलेजमा वाणिज्य विषयका प्राध्यापक भई सन् 1972 देखि त्यही विभागका प्रमुखको रूपमा कार्यरत रहेर सन् 1995 मा अवकाश ग्रहण गरेको थाहा पाइन्छ।

### 2.1.3 *साहित्यिक परिचय*

छोटो, छरितो र सरल भाषाशैलीको प्रयोगले आफ्ना प्रत्येक रचनाहरूलाई आस्वादनग्राह्य बनाउन सक्ने अद्भुत क्षमता भएका राजनारायण प्रधानले नाटक र उपन्यासबाहेक साहित्यका

---

१०[१०] भास्कर मैनाली, 2016, ‘राजनारायण प्रधान ’, *दि नर्थ पोइन्टर*, सुमिता राई (सम्पा.), दार्जिलिङ: सन्त जोसेफ महाविद्यालय, पृ. 141

अन्य सबै विधाहरूमा पारखी कलम चलाएका छन्। यसबाहेक पाठ्यपुस्तक र शब्दकोश निर्माणमा  पनि उनको योगदान विशिष्ट रहेको पाइन्छ। विद्यार्थी कालमा रिडर डाइजेस्ट पढेर साहित्यलेखनतिर प्रेरित भएका उनले पारसमणि प्रधानको सम्पादनमा प्रकाशित **भारती** सचित्र मासिक पत्रिकामा सन् 1956 देखि सृजनकार्य थालेको देखिन्छ। जीवन नामदुङले *यसरी बित्यो एउटा आईतबार*को भूमिकामा उल्लेख गरेअनुसार सन् 1956 को *भारती*मा प्रकाशित *साहित्य* शीर्षक निबन्ध उनको प्रथम प्रकाशित रचना थियो।[११] तर उक्त रचनाको प्रकाशनपूर्व नै *भारती*को वर्ष 8, संख्या 1 मा प्रधानको *हेलेन केलर*[१२] शीर्षक फिचर लेख प्रकाशित भएको पाइन्छ। यस तथ्यका आधारमा *हेलेन केलर* नै प्रधानको प्रथम प्रकाशित साहित्यिक रचना हो भन्न सकिन्छ। उक्त फिचर लेखको प्रकाशनपछि भारतीको वर्ष 8, संख्या 4 मा मात्र उनको *साहित्य*[१३] शीर्षक निबन्ध प्रकाशित भएको पाइन्छ। अत: यसलाई प्रधानको प्रथम प्रकाशित निबन्ध मान्न सकिन्छ भने *भारती*कै वर्ष 8, संख्या 7 मा प्रकाशित *साहित्यमा यथार्थवाद*[१४] शीर्षक लेखलाई उनको प्रथम समालोचना मान्न सकिन्छ।

भारत र नेपाल दुवैतिरका विभिन्न पत्र-पत्रिकाहरूमा स्तम्भकारका रूपमा रहेर राजनारायण प्रधानले प्रशस्त मात्रामा समसामयिक विविध विषयका रचनाहरू लेखेका छन्। उनको भाषा सजिलो, रसिलो, घतपर्दो र आकर्षक रहेको पाइन्छ। यसैले इन्द्रबहादुर राई भन्छन्- राजको भाषा लोसे होइन कति जाँगरिलो छ, फुस्रिएको होइन कति रंगिलो, खल्लिएको होइन कति

---

११[११] जीवन नामदुङ, 2004, ‘राजनारायण प्रधानको भाषा’, *यसरी बित्यो एउटा आइतबार*, राजनारायण प्रधान, दार्जिलिङ: श्याम ब्रदर्श प्रकाशन, पृ. क

१२[१२] राजनारायण प्रधान, 1956, ‘हेलेन केलर’, *भारती*, पारसमणि प्रधान (सम्पा.), वर्ष 8, संख्या 1, दार्जिलिङ: मणि प्रेस, पृ. 23- 24

१३[१३] पूर्ववत्, वर्ष 8, संख्या 4, पृ. 130 - 131

१४[१४] पूर्ववत्, वर्ष 8, संख्या 7, पृ. 230 - 231

रसिलो। अनि हितचित मिलेका परिचित बोल्छन् उनका लेखाईमा। लेखनमा उनको प्रावीण्य देख्दा उनको हाराहारी पुग्नसक्ने लेखकहरू भारतपट्टि आज कमै पाउँछौं।[१५] अत: जनसाधारणसमेतको मगज र हृदयमा प्रभाव उत्पन्न गर्ने प्रभावकारी भाषाप्रयोग प्रधानको मूलभूत विशेषता हो। मोहन ठकुरीको भनाईअनुसार शब्दकोश छेउमा राखेर पढ्नुपर्ने भाषा उनको छैन।[१६]

यसरी अभिव्यञ्जनात्मक भाषाशैलीको सफल प्रयोगद्वारा जुनै पनि विषयलाई सुगठित ढाँचामा प्रस्तुत गर्ने राजनारायण प्रधानका साहित्यिक कृतिहरूलाई मौलिक, सम्पादित र अनुदित गरेर तीन वर्गमा छुट्याउन सकिन्छ। आजसम्मको खोजीअनुसार प्रधानका प्रकाशित कृतिहरू यस प्रकार रहेका पाइन्छन् -

मौलिक जीवनीपरक कृतिहरू :

*पन्ध्र प्रशिद्ध पुरूष* सन् 1960, *नौ नामी नेता* सन् 1966, *पैंतीस प्रशिद्ध पुरूष* सन् 1983, *साट्ठी प्रख्यात प्रतिभा*, *विश्वविख्यात व्यक्तित्वहरू*, *विश्वसाहित्यका निर्माताहरू* सन् 1998, *तीस साहित्यिक प्रतिभा* सन् 2005, *तीस प्रख्यात साहित्यिक प्रतिभा* खण्ड 2 सन् 2005, *तीस विख्यात व्यक्तिहरू*, *तीस विख्यात राजनीतिक व्यक्तिहरू* खण्ड 2, सन् 2005, *विश्वविख्यात नेता र विजेता* सन् 2004।

मौलिक कथाकृति:

*पञ्चै बाजा बजाउँदै* (सन् 2012, दो. सं.)

---

१५[१५] इन्द्रबहादुर राई, 2004, ‘अग्रिम दुई शब्द *इन्द्र सम्पूर्ण ग्रन्थ 5*, विजयकुमार राई (सम्पा.), नाम्ची-सिक्किम: निर्माण प्रकाशन, पृ.629

१६[१६] मोहन ठकुरी, 2068, ‘रसिलो भाषाशैलीका राजनारायण, *भृकुटी*, मोदनाथ प्रश्रित (सम्पा.), पूर्णाङ्क: 12, काठमाडौं: एकेडेमी पब्लिकेशन, पृ. 65

मौलिक निबन्धकृति :

*केही अनुहार केही झलक*, *नेपाली निबन्ध* सन् 1971, *दार्जिलिङ डायरी* सन् 1983, *एउटै धरती एउटै आकाश* सन् 1996, *एउटा आइतबार यसरी बित्यो* सन् 2004, *निबन्धै निबन्ध*, सन् 2006।

मौलिक समालोचनात्मक कृतिहरू :

*केही कृति केही स्मृति* पहिलो संस्करण, सन् 1973, *विश्वका दश महान् नाटक — अध्ययनहरू* सन् 1983।

मौलिक पाठ्यपुस्तकहरू :

*सरल नेपाली व्याकरण र रचना*, सन् 1986, *शिशु व्याकरण प्रवेश* संशोधित संस्करण सन् 1999, *व्याकरण प्रवेश* संशोधित संस्करण सन् 1999, *नेपाली सजिलो व्याकरण* संशोधित संस्करण सन् 2005।

सम्पादित कृतिहरू :

*दार्जिलिङका कथा र कथाकार खण्ड-1* सन् 1978, *दार्जिलिङका कथा र कथाकार खण्ड -2*, सन् 1982, *डा. इन्द्रबहादुर राई अभिनन्दन स्मारिका* सन् 2005।

सम्पादित पाठ्य पुस्तकहरू :

*साहित्य पाठ भाग 1* संशोधित संस्करण सन् 2003, *साहित्य पाठ भाग 2* संशोधित संस्करण सन् 2003 *साहित्य पाठ भाग* 3 र भाग 4 संशोधित संस्करण सन् 2001, *सजिलो पाठ भाग 1, भाग 2, भाग 3 र भाग 4*, संशोधित संस्करण सन् 1997।

सम्पादित पत्रिकाहरू :

*सत्य कथाहरु* सन् 1970, *नेपाली अकादमी पत्रिका* सन् 1980-1981 *हाम्रो समाज*, सन् 1991-9999, *हाँसेको हाँसेकै*, हास्य सङ्कलन।

अनुदित तथा सम्पादित पाठ्य पुस्तकहरू:

*कथा लहर भाग 1, भाग 2, भाग 3 र भाग 4*, संशोधित संस्करण सन् 2001, *नयाँ कथा लहर भाग 1, भाग 2, भाग 3 र भाग 4* संशोधित संस्करण सन् 2001, *कथै-कथा भाग 1, भाग 2, भाग 3 र भाग 4,* संशोधित संस्करण 2001, *नयाँ कथै-कथा भाग 1* र *भाग 2,* सन् 2005, *नयाँ कथै-कथा भाग 3* सन् 2006, *नयाँ कथै-कथा भाग 4,* सन् 2009।

उपर्युक्त कृतिहरूबाहेक राजनारायण प्रधानका हस्यौलीहरू सङ्कलित रहेको दुईवटा पुस्तक *ठट्टैठट्टा* सन् 1968 र *कति हाँस्ने ला!* प्रकाशित भएको पाइन्छ। उनको प्रकाशन व्यवस्थामा दार्जिलिङबाट *मालिङ्गो* र कलकत्ताबाट *छोरी* नामक साहित्यिक पत्रिका पनि प्रकाशित भएको पाइन्छ। साहित्य अध्ययन र लेखनमा रुचि राख्ने प्रधानका विविध विषयक फुटकर लेखरचनाहरू भारत र नेपालबाट प्रकाशित विभिन्न पत्र-पत्रिकाहरूमा छापिएका पाइन्छन्। उनी समसामयिक घटनाविषयक शृङ्खला लेखकका रूपमा पनि स्थापित हस्ताक्षर हुन्। उनले सन् 1965 देखि प्रकाशित हुनथालेको कङ्ग्रेस पार्टीको मुखपत्र *दार्जिलिङ* मा *दार्जिलिङ डाइरी* शृङ्खला लेखेको पाइन्छ। त्यसपछि *हाम्रो समाज*का केही अङ्कहरूमा *खै भानिज* शृङ्खला र *सुनचरी* दैनिकमा *काली केटी* शृङ्खला लेखेको पाइन्छ। उनी इन्द्रबहादुर राई र

कुमार प्रधानसँगै सन् 1964 मा गठित नेपाली साहित्य परिषदका संस्थापक सदस्य भई नेपाली साहित्यको सेवामा लागिपरेका थिए भने सन् 1977 मा गठित नेपाली ग्रन्थकार सहकारी समितिमा संस्थापक सचिवको पदमा रहेका थिए।

साहित्यबाहेक राजनारायण प्रधानलाई गीतसङ्गीतमा अगाध रूचि रहेको थाहा पाइन्छ। उनी आफै हार्मोनियम बजाउँथे र गाउँथे। उनका दाजु भोटु प्रधान तानपुरा बजाउनमा र भाइ भरत प्रधान तबलामा ताल दिन निपुण भएको कारण पनि घरमा यी तीन भाइहरू भेट भएको बेला गीतसङ्गीतको कार्यक्रम जम्ने गर्थ्यो। कलाक्षेत्रमा अत्यन्त गम्भीर भएकाले राजनारायण प्रधान धेरै भावुक र संवेदनशील मानिस थिए। उनले समाजमा बसेर सभापति अथवा सचिवजस्तो गरिमामय पद लिनका साटो समाजका गरीब विद्यार्थीहरूलाई नि:शुल्क ट्युशन पढाउने, खाताकिताब किनिदिने, युनिफर्म बनाइदिने जस्ता जिम्मेवार सामाजिक कामहरू आजीवन गरिरहे।[१७] यस्ता सहृदयी व्यक्तिको असामयिक निधन 19 नोभेम्बर, 2015 को दिन अपराह्न 2 बज्न लागेको समय पेटको बिमारीले गर्दा भयो।

2.1.4 *पुरस्कार एवं सम्मान*

नेपाली साहित्यको क्षेत्रमा दीर्घकालीन सेवा पुऱ्याएवापत् राजनारायण प्रधानलाई निम्नलिखित पुरस्कार एवं सम्मानहरूले विभूषित गरेको पाइन्छ -

*भानु पुरस्कार*, सन् 1984, पश्चिम बङ्गाल सरकार।

*चतुर्थ पारसमणि पुरस्कार*, सन् 2001, नेपाली साहित्य अध्ययन समिति, कालेबुङ।

*प्रथम गुमानसिंह चामलिङ स्मृति पुरस्कार*, सन् 2007, रेलिङ, बिजनबारी

१७[१७] माथिका विवरणहरू राजनारायण प्रधानकी धर्मपत्नी रूपा प्रधानसँग प्रस्तुत लघु शोधप्रबन्धका शोधकर्त्ताले 21 मई 2016 मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा राखिएका हुन्।

*महाकवि देवकोटा शताब्दी सम्मान*, सन् 2066, काठमाडौं।

*प्रथम लैनसिंह बाङ्देल स्मृति पुरस्कार*, सन् 2014, लैनसिंह बाङ्देल साहित्य कला प्रतिष्ठान, कलकत्ता।

उपरोक्त पुरस्कार एवं सम्मानबाहेक राजनारायण प्रधान नेपाली साहित्य सम्मेलन, दार्जिलिङबाट सन् 2010 मा अभिनन्दित भएको थाहा पाइन्छ। यसरीनै नेपाली साहित्यमा पुऱ्याएको निःस्वार्थ सेवाको कदर गर्दै सन् 2011 मा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनबाट प्रधानलाई स्मृति चिह्न प्रदान गरी नागरिक सम्मान दिइएको थाहा पाइन्छ।

## 2.2 **राजनारायण प्रधानको साहित्यिक व्यक्तित्व**

नेपाली साहित्यिक फाँटमा राजनारायण प्रधान अब्बल र उम्दा कलमी हुन्।[१८] उनले नेपाली साहित्यका विभिन्न विधाहरूलाई परिष्कृत र परिमार्जित गरेर नितान्त नौलो प्रस्तुति दिएका छन्। अघिबाटै पढिएका, सुनिएका तथा जानिएका विषय, घटना, प्रसङ्ग, परिप्रेक्ष्यहरूलाई समेत जीवन्त पारेर लेख्ने उनको लेखनमा नवीन अनुभूति पाइन्छ। समसामयिक विषयका लेखरचनाहरूबाहेक उनीद्वारा लिखित, अनूदित, सङ्कलित र सम्पादित पाठ्यपुस्तकहरू पनि साहित्यिक दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्। अत: उनको  वहुप्रतिभाशाली साहित्यिक व्यक्तित्वलाई सम्पादक, निबन्धकार, पाठ्यपुस्तक लेखक, फिचर लेखक, कथाकार, अनुवादक, समालोचक आदि रुपमा चिनाउने प्रयत्न गरिन्छ।

---

[१८] इन्द्रबहादुर राई, पूर्ववत्, पृ. 630

### 2.2.1 *सम्पादकका रुपमा*

राजनारायण प्रधान एकजना गम्भीर अध्येता, अथक साहित्यसाधक र स्पष्टवादी लेखक हुनका साथै एकजना कुशल सम्पादक पनि हुन्। उनले सम्पादन गरेका ग्रन्थ, पाठ्यपुस्तक र पत्र-पत्रिकाहरूमा *दार्जिलिङका कथा र कथाकार खण्ड-1* (सन् 1978), *दार्जिलिङका कथा र कथाकार खण्ड-2* (सन् 1982), *साहित्य पाठ*, सन् 1985 देखि एघारौं संस्करणसम्म, *सजिलो पाठ*, सन् 1985 देखि बाह्रौं संस्करणसम्म, *नेपाली अकादमी पत्रिका* (सन् 1980-1981), *हाँसेको हाँसेकै*, हास्य सङ्कलन, *हाम्रो समाज*, साहित्यिक-सामाजिक पत्रिका सन् (1991-1999), *डा. इन्द्रबहादुर राई अभिनन्दन स्मारिका,* सन् 2005 आदि प्रमुख रहेका छन्। पाठकको रुचि र मनोविज्ञानलाई ध्यानमा राखेर नितान्त उपयोगी सम्पादकीयहरू लेख्ने उनले आफू सम्पादक हुनुको दायित्त्वलाई सबै आयामबाट पूर्ण इमानदारीसित निर्वाह गरेका छन्। गुणवत्ताका दृष्टिले स्तरीय र उपयोगीमूलक रचनाहरूको चयन गर्नु उनको सम्पादक व्यक्तित्वको विशेषता रहेको पाइन्छ।

सम्पादकका रुपमा राजनारायण प्रधान इमानदार, निष्पक्ष र दुरदर्शी देखापरेका छन्। *दार्जिलिङका कथा र कथाकार खण्ड-1 र खण्ड-2* को सम्पादन गर्दा उनले कथाकारहरूका नामको वर्णानुक्रमअनुसार कथाहरूको अनुक्रमणिका तयार पारेका छन्। यसो गर्नुको पछि साहित्यका पाठक र विद्यार्थीहरूलाई पूर्वाग्रहदेखि मुक्त राख्नु र अध्ययनको सुविधा सुम्पनु नै उनको मूल उद्देश्य रहेको थाहा पाइन्छ। यही आशयका साथ कुमार प्रधान लेख्छन्- राजनारायणज्यूले कथाहरू प्रकाशनको तिथिक्रम वा आफ्नो दृष्टिकोणमा अघिपछि पर्न आउने क्रममा कथाकारहरूलाई राख्नुभएको छैन, कथाकारहरू अकारादि क्रममा सजाइएका छन्।

पहिलो लेखिएको जेठो कथा वा सम्पादकको विलक्षणतामा पहिलो छानिएको भन्ने पूर्वाग्रहबाट ग्रस्त नभई पाठकहरूले यी कथाहरूको रसास्वादन गर्न सक्नुहुनेछ।[१९]

समाजको अवस्थाअनुसार साहित्य लेखिने हुनाले मान्छेको जीवनलाई प्रभावित पार्ने समाजका प्रत्येक सानाठूला विषयहरूलाई मूर्त्त रुपमा प्रस्तुत गर्नु राजनारायण प्रधानको लेखनीको मौलिक विशेषता मान्न सकिन्छ। सामाजिक सत्यहरूको उजागर गर्नु, पाठकको बौद्धिक शक्तिलाई झकझकाउनु, समाजलाई व्यावहारिक शिक्षाको ज्ञान दिनु तथा अध्ययनका गम्भीर पाटाहरूतिर पाठक र विद्यार्थीहरूलाई उन्मुख गराउनु जस्ता विशेषताहरू उनको सम्पादकीय विलक्षणताभित्र समेटिएका पाइन्छन्। यिनै विशेषताहरूका आधारमा उनलाई एकजना पोख्त अनि समयसचेत सम्पादक मान्न सकिन्छ।

### 2.2.2 *निबन्धकारका रुपमा*

राजनारायण प्रधान एकजना सफल निबन्धकार हुन्। उनका निबन्धहरू सुरुमा *भारती, रत्नश्री, दार्जीलिङ, आवाज, हिमाली बेला* आदि पत्र-पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन्। निबन्ध लेखनतिर सक्रिय रहेर कालान्तरमा प्रधानले *केही अनुहार केही झलक, नेपाली निबन्ध, एउटै धरती एउटै आकास, एउटा आइतबार यसरी बित्यो, निबन्धै निबन्ध*, *दार्जीलिङ डायरी* आदि निबन्धकृतिहरू प्रकाशित गरेका छन्। यसबाट निबन्ध लेखन उनको साहित्यिक व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो रहेको थाहा लाग्दछ। उनका अधिकांश निबन्धहरू हास्यव्यङ्ग्यात्मक परिपाटीका छन्। वास्तवमा सामान्य विषयलाई टिपेर मनोरञ्जक शैलीमा गफ गराईको ढाँचामा पाठकलाई भन्नु निबन्धगत विशेषता हो।[२०] यस्तै विशेषताका साथ

---

१९[१९] कुमार प्रधान, 1978, आफ्नो कुरा, *दार्जीलिङका कथा र कथाकार खण्ड 1*, राजनारायण प्रधान (सम्पा.), दार्जीलिङ: श्याम ब्रदर्श प्रकाशन, पृ. 3

२०[२०] घनश्याम नेपाल, पूर्ववत् पृ. 215

लेख्ने राजनारायण प्रधानका निबन्धहरूमा विनोदात्मक तथा मैत्रिक गफ गराइको भाषाशैली पाइन्छ।[२१] उनी हास्य-व्यङ्ग्यात्मकताको पुटसँगै बौद्धिक रुझानलाई समेत आफ्ना निबन्धहरूमा प्रस्तुत गर्न सफल देखिएका छन्। यस वर्गका निबन्धसङ्ग्रहहरूमा *एउटै धरती एउटै आकास*, *एउटा आइतबार यसरी बित्यो*, *दार्जिलिङ डायरी* आदिलाई राख्न सकिन्छ। यसका अतिरिक्त *केही अनुहार केही झलक* निबन्धसङ्ग्रह जीवनीपरक लेखनको पृष्ठपोषक भएर देखापरेको पाइन्छ भने *नेपाली निबन्ध*, *निबन्धै निबन्ध* आदि सङ्ग्रहहरू विभिन्न तहका विद्यार्थीहरूलाई निबन्धको स्वरुप चिनाउने ध्येयले लेखिएका पाइन्छन्।

वस्तुत : उपयोगी र सौन्दर्यमूलक भाषिक विशेषताको राम्रो अन्तर्मिश्रण हुने भएकोले निबन्धलाई उभयगुणयुक्त साहित्यिक विधाविशेष मानिन्छ।[२२] यो बन्धनमुक्त भावप्रकाशन हो[२३] र हो एककिसिमको कुरा गराई।[२४] जीवनजगतसँग सम्बन्धित जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा निबन्धविधाको विषयगत व्यापकतालाई अन्य विधाले छुन सक्दैन।[२५] यसैले आत्मपरकता, संक्षिप्तता, विषयगत स्वतन्त्रता, अनौपचारिकता, विनोदशीलता, हार्दिकता, वाक्चातुर्यता, गतिमयता आदि यसका स्वरुपगत विशेषताहरू मानिन्छन्। यिनै विशेषताहरूलाई आत्मसात गरेर राजनारायण प्रधानले निबन्धहरू लेखेका छन्।

प्रस्तुतिकरणका दृष्टिले राजनारायण प्रधानका निबन्धहरूलाई वर्णनात्मक, विवरणात्मक र भावात्मक गरी तीन प्रकारले बर्गीकरण गर्न सकिन्छ भने विधागत स्वभावका दृष्टिले

---

२१[२१] कृष्णप्रसाद आचार्य, वि.सं. 2068, *लोक साहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध*, किर्तिपुर: क्षितिज प्रकाशन, पृ. 541

२२[२२] घनश्याम नेपाल, 2003, *निबन्ध नन्दन*, गान्तोक: जनपक्ष प्रकाशन, पृ. 5

२३[२३] तारानाथ शर्मा, वि. सं. 2056,*नेपाली साहित्यको इतिहास*, काठमाडौं: अक्षर प्रकाशन, चौ. सं. पृ. 213

२४[२४] ईश्वर बराल, वि. सं. 2058, *सयपत्री*, ललितपुर: साझा प्रकाशन, पृ. 7

२५[२५] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. 542

प्रत्ययमूलक, आख्यानात्मक र नाटकीय निबन्ध मान्न सकिन्छ। वास्तवमा आकर्षक जीवनीहरूका लेखक प्रधान निबन्धहरूका विषयलाई छोटो भनाइले छर्लङ्ग पार्न सक्ने अद्भुत प्रतिभाका धनी हुन्।[२६] उनका निबन्धहरूलाई धारा शैली र तरङ्ग शैलीको योजनाद्वारा सिर्जित कथात्मक रुपका सुन्दर नमूना मान्न सकिन्छ।

### 2.2.3 *पाठ्यपुस्तक लेखकका रुपमा*

समय सान्दर्भिक गुणस्तरीय पाठ्यसामग्रीहरूको चयनद्वारा शिक्षाको उत्तरोत्तर विकास गर्नुमा राजनारायण प्रधानको योगदान अविस्मरणीय रहेको पाइन्छ। उनले रोचक र बालोपयोगी पाठ्यपुस्तकहरू लेखेर कलिला बाल-बालिकाहरुका हृदयमा गहिरो छाप लगाएका छन्।[२७] अत: प्रारम्भिक  शिक्षाको विकासमा पारसमणि प्रधानको योगदान जत्ति छ त्यत्ति नै योगदान आधुनिक शिक्षाको विकासमा राजनारायण प्रधानको छ भन्न सकिन्छ। अझ भाषिक दृष्टिले त उनी पारसमणि प्रधानभन्दा पनि माथि रहेको उल्लेख गर्दै शिवराज शर्मा लेख्छन् — विद्यार्थीहरूको सातो बोलाउने सामर्थ्य पारसमणिका भाषामा लुप्तप्राय: थियो भने राजनारायणका भाषामा सातो बोलाउने मात्रै होइन, साँपे विद्यार्थीलाई पनि तत्कालै उठाइवरि दौडाउनेसम्मको सामर्थ्य पाइन्छ।[२८]

राजनारायण प्रधानले आवश्यकताअनुरूप कलम चलाएर पाठ्यपुस्तकहरूको अभावलाई भर्ने काम गरेका छन्। प्राथमिक पाठशालादेखि उच्च विद्यालयसम्मका विद्यार्थीहरूका निम्ति व्याकरणका पुस्तकहरू तयार पार्नु, सरल र उपयोगी शब्दकोशहरूको निर्माण गर्नु, मनोहारी

---

२६[२६] तारानाथ शर्मा, पूर्ववत् पृ. 213

२७[२७] मिलन बान्तवा, 2006, ‘उनी पुरस्कारका पछि लाग्दैनन्, *प्रथा*, वीरभद्र कार्कीढोली (सम्पा.), वर्ष 2, अङ्क 3, सिक्किम: प्रक्रिया प्रकाशन, पृ. 28

२८[२८] शिवराज शर्मा, 1984, *जोर कि बिजोर*, दार्जिलिङ: नेपाली साहित्य संचयिका, पृ. 338

सुन्दर भाषामा विद्यार्थीहरूलाई आकर्षित गराउने किसिमका कथा, कविता, निबन्ध र जीवनीहरू लेख्नु, अनुवाद गर्नु तथा पाठ्यगुणले भरिएका साहित्यिक सामग्रीहरूको चयन गर्नु आदि कार्यलाई उनले खुबै दक्षताकासाथ पूरा गरेका छन्।

*सरल नेपाली व्याकरण र रचना*, *शिशु व्याकरण प्रवेश*, *व्याकरण प्रवेश* र *नेपाली सजिलो व्याकरण* आदिका विभिन्न संशोधित संस्करणहरू तथा *नेपाली निबन्ध* र *निबन्धै-निबन्ध* आदि निबन्धसङ्ग्रहहरू राजनारायण प्रधानका मौलिक पाठ्यपुस्तकहरू हुन्। यसरीनै *साहित्य पाठ* र *सजिलो पाठ* (भाग-1 देखि 4 सम्म) का विभिन्न संशोधित संस्करणहरू उनले सङ्कलन र सम्पादन गरेका पाठ्यपुस्तकहरू हुन्। *कथा लहर* (भाग 1 देखि 4 सम्म), *नयाँ कथा लहर* (भाग 1 देखि 4 सम्म), *कथैकथा* (भाग 1 देखि 4 सम्म), *नयाँ कथैकथा* (भाग 1 देखि 4 सम्म) का विभिन्न संशोधित संस्करणहरूमा प्रकाशित कथाहरूको सङ्लन, सम्पादन र अनुवाद कार्य पनि उनले गरेका छन्। साहित्यकला भनेको शब्दको कला हो[२९] भन्ने प्रधानले शब्दहरूको चित्रात्मक र कलात्मक प्रयोगद्वारा आफ्ना सम्पूर्ण पाठ्यपुस्तकहरूलाई आकर्षक र उपयोगी बनाएका छन्। यसका अतिरिक्त विद्यार्थीहरूमा साहित्य पढ्ने र लेख्ने बानीको जग बसाउन पनि उनी सफल भएका छन्। यस उपलब्धिलाई उनको पाठ्यपुस्तक लेखनको महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ।

प्रधानका प्रत्येक रचनाहरू सरल, सुललित, हृदयस्पर्शी एवं प्रभावोत्पादक भाषामा लेखिएका पाइन्छन्। उदाहरणार्थ *दार्जिलिङको बिजुली बत्ती* (कविता), *चुहुने ताप्के* (कथा), *हेलेन केलर*, *भीमबहादुर स्यान्डो* र *माइकल एन्जेलो*लगायत विभिन्न साहित्यिक, सामाजिक, राजनीतिक व्यक्तित्व र कलाकारहरूका जीवनी साथै विविध विषयका निबन्धहरूलाई राख्न

---

२९[२९] राजनारायण प्रधान, 1981, *नेपाली अकादमी पत्रिका*, वर्ष 2, अङ्क 2, दार्जिलिङ: नेपाली अकादमी, पश्चिम बंगाल सरकार, सम्पादकीय

सकिन्छ। यसैबाट उनी विद्यार्थीहरूमा गहिरो छाप पार्नसक्ने क्षमता भएका पाठ्यपुस्तक लेखक हुन् भन्ने कुराको पुष्टि हुँदछ।

### 2.2.4 *फिचर लेखकका रुपमा*

जीवनीलेखन निबन्ध विधाको वृहत्तर रुपभित्र पर्ने एउटा साहित्यिक विधाविशेष हो। यसैको एउटा नौलो पाटो वा आयामको रुपमा फिचर (चरित्र) लेखन विकसित भएको देखिन्छ। नेपाली साहित्यमा राजनारायण प्रधानबाट फिचर लेखनले विकास अनि निकास दुवै पाएका छन्। उनी एकजना इमानदार र निर्भीक फिचर लेखक हुन्।[३०] उनको जीवनी स्केचमा नौलो परिपाटी पाइन्छ।[३१] उनले जीवनीपरक लेखनको ढाँचालाई नभएर चारित्रिक विशेषणपरक ढाँचालाई अपनाएको देखिन्छ। यसकारण उनलाई जीवनीकार वा जीवनीलेखक नभनेर फिचर लेखक भन्नु धेरै उपयुक्त रहेको पाइन्छ। जीवनी लेखन विवरणात्मक हुन्छ। यसमा कुनै एकजना व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलाप आदिको विवरण सविस्तार प्रस्तुत गरिएको हुन्छ।[३२] तर राजनारायण प्रधानले जीवनी लेखनको परम्परागत ढाँचाविपरीत नितान्त वस्तुपरक भाषामा लामो विवरण नदिईकनै चरित्रनायक विषयका कुराहरू प्रस्तुत गरेका छन्। उनको लेखनमा चरित्रनायकको व्यक्तित्वको सग्लो अभिव्यक्ति र चारित्रिक विशेषताको बाहुल्य पाइन्छ र त्यसैको वरिपरि चरित्रनायकको साहित्यिक, सामाजिक, राजनीतिक, सांस्कृतिक आदि परिवेशहरूको चित्रण गरिएको पाइन्छ।

---

३०[३०] कृष्ण प्रधान, पूर्ववत्, पृ. 58

३१[३१] लक्खीदेवी सुन्दास, 2008, *समय र समीक्षण*, दार्जिलिङ: सुन्दास परिवार, पृ. 341

३२[३२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, वि.सं. 2069, *नेपाली साहित्यको संक्षिप्त इतिहास*, ललितपुर: साझा प्रकाशन, पृ.170

*नौ नामी नेता, पन्ध्र प्रशिद्ध पुरूष, पैंतीस प्रशिद्ध पुरूष, केही अनुहार केही झलक, साट्ठी प्रख्यात प्रतिभा, विश्वविख्यात व्यक्तित्वहरु, विश्वविख्यात नेता र विजेताहरु, विश्वसाहित्यका निर्माताहरू, तीस साहित्यिक प्रतिभा, तीस प्रख्यात साहित्यिक प्रतिभा* (खण्ड 2), *तीस विख्यात व्यक्तिहरू, तीस विख्यात राजनीतिक व्यक्तिहरू* (खण्ड 2), *विश्वविख्यात नेता र विजेता* आदि राजनारायण प्रधानका प्रमुख फिचर लेखहरूका सङ्ग्रह हुन्। *पन्ध्र प्रसिद्ध पुरुष* नामक पुस्तकको प्राक्कथनमा उनले लेखेका छन् - मलाई दुई थरीका मानिस मन पर्छ, कि त एकदमै विद्वान नभए एकदमै बदमाश।[३३] यसै भनाईबाट उनको फिचर लेखनको प्रवृत्तिगत विशेषता थाहा पाइन्छ। विश्वका प्रख्यात साहित्यकारहरू, सङ्गीतकारहरू, चित्रकारहरू, मूर्त्तिकारहरू, राजनैतिक नेताहरू आदिको चरित्र लेख्ने क्रममा उनले चयन गरेका चरित्रनायकहरू साँच्चैमा असामान्य चरित्रका पाइन्छन्। तीमध्ये कोही अत्यन्त विद्वान छन् भने कोही बदमाश चरित्रका छन्। यस किसिमका अनौठा (Peculiar) प्रवृत्तिका व्यक्तित्वहरूको जीवनमा आधारित फिचरहरू लेख्ने राजनारायण प्रधान एकजना सफल तथा कुशल फिचर लेखकका रुपमा बहुचर्चित रहेको देखिन्छ।

### 2.2.5 *कथाकारका रुपमा*

*पर्खै बाजा बजाउँदै* कथाकृतिको प्रकाशनद्वारा आफ्नो कथाकार व्यक्तित्वको परिचय दिने राजनारायण प्रधान एकजना सफल कथाकार पनि हुन्। यद्यपि उनका अन्य आख्यानेत्तर रचनाहरूको संख्यात्मक र गुणात्मक अभिवृद्धिले उनको कथाकार व्यक्तित्वलाई ओझलमा पारेको देखिन्छ। उनी मानवीय स्वभावका विविध रुपहरू, दैनिक जीवनका भोगाईहरू र समसामयिक यथार्थिक घटनाहरू आदिको समायोजनद्वारा कथाहरूको बुनोट तयार पार्छन्। तर प्रधानको साहित्यिक मूल्याङ्कन गर्ने क्रममा समालोचकहरूको दृष्टि उनका कथाहरूमाथि

---

३३[३३] राजनारायण प्रधान, 1968, *पन्ध्र प्रशिद्ध पुरुष*, दार्जिलिङः एस. बी. ट्रेडर्स, पृ. क

कम परेको देखिन्छ। कथाकार प्रधानले स्वंय पनि कथालेखनलाई भन्दा धेरै निबन्ध लेखनलाई प्राथमिकता दिएको पाइन्छ। यसोहुँदा उनका कथाहरू कथा लेखनको निश्चित ढाँचा एवं स्पष्ट स्वरुपदेखि वञ्चित हुन पुगेका छन्।

मूलत: राजनारायण प्रधानका कथाहरू पनि निबन्धको गफ गराईजस्तै रमाईला र सुगठित छन्। यसकारण उनका कथाहरूलाई निबन्धकै रुपभित्र समावेश गरिएको पाइन्छ। रामलाल अधिकारीले निबन्ध र कथाको भेद बताउँदै लेखेका छन्- निबन्धमा घटना, पात्र र संवादको मात्रा बढी भएमा सो कथात्मक निबन्ध हुन्छ र त्यसको ठिक विपरीत कथामा लेखकको व्यक्तिगत विचार, भाव, भावना, कल्पना र वर्णनात्मकताको अंश बेसी भएमा त्यो निबन्धात्मक कथा हुन्छ।[३४] यस दृष्टिले राजनारायण प्रधानका धेरै निबन्धहरूको स्वरुप कथात्मक र कथाहरुको स्वरुप निबन्धात्मक रहेको पाइन्छ। माथि उल्लेखित कथासङ्ग्रहबाहेक निबन्धसङ्ग्रहका रुपमा चर्चा गरिएको *एउटै धरती एउटै आकाश* र *एउटा आइतबार यसरी बित्यो* पनि राजनारायण प्रधानका कथालेखनका राम्रा उदाहरण मान्न सकिन्छ।

### 2.2.6 *अनुवादकका रुपमा*

नेपाली साहित्यको विकासमा अनुवादको एउटा सुदीर्घ र आढ्यतापूर्ण परम्परा रहेको पाइन्छ।[३५] प्राचीन कृतिहरूको अनुवाद गर्ने परम्परा र प्रक्रियाबाटै प्रारम्भमा नेपाली भाषाले साहित्यिक स्वरूप प्राप्त गर्न सकेको हो। यसको प्रमाण संस्कृत, फारसी, अरबी, उर्दु, हिन्दी, बंगला, अङ्ग्रेजी आदि भाषाबाट अनूदित प्रारम्भिक चरणका साहित्यिक रचनाहरूलाई मान्न सकिन्छ। तथापि नेपाली साहित्यको परम्परामा अनुवादलाई एउटा स्वतन्त्र विधा मानेर यसको साधना गरिएको कमै पाइन्छ।

---

३४[३४] रामलाल अधिकारी, पूर्ववत्, पृ. 19

३५[३५] घनश्याम नेपाल, 2009, पूर्ववत्, पृ. 140

*अनुवाद कला र यसका समस्याहरु* शीर्षक लेखमा मनु ब्राजाकी लेख्छन्- अनुवाद कार्यलाई हामीले सौखका रुपमा, अनुरोध वा आदेशबमोजिम करकापका रुपमा र बसिबियाँलोका रुपमा नै अहिलेसम्म प्रयोग गर्दै आइरहेका छौं।[३६] वास्तवमा अनुवाद कुनै प्रकारको सौख, करकाप वा बसिबियाँलो नभएर आफैमा एउटा विशिष्ठ किसिमको साहित्यिक विधा हो। यसको निम्ति अनुवादकमा भाषिक ज्ञान हुनुका अतिरिक्त स्रोतभाषासँग संलग्न रहने सामाजिक-सांस्कृतिक संहिता एवं प्रतीकव्यवस्थाहरूलाई लक्ष्यभाषामा रुपान्तरण गर्ने तथा सिर्जनात्मक लेखनलाई पुनर्सृष्टि गर्ने असाधारण क्षमता हुनु आवश्यक छ। अनुवादकलाई स्रोत र लक्ष्य दुवै भाषाको राम्रो ज्ञान भए मात्र अनुवाद सफल हुन सक्छ।[३७] यसैले अनुवाद कठिन हुनका साथै जोखिमपूर्ण काम पनि हो। भारतीय नेपाली साहित्यको परिप्रेक्ष्यमा सन् 1960 को दशकदेखि नै विश्वसाहित्यको अध्ययनमा लागिपरेर यस्तै कठिन र जोखिमपूर्ण काम गर्दै आएका राजनारायण प्रधान एकजना सफल अनुवादक पनि हुन्।

सामान्य पाठकका निम्ति अनुवाद गर्नु हो भने स्रोत भाषाका कृतिहरूलाई आफ्नै धरतीमा उब्जेका हुन् जस्तो गरी प्रस्तुत गर्ने प्रयत्न गर्नुपर्छ[३८] भन्ने विचारका प्रधानले विश्वविख्यात व्यक्तित्वहरूको फिचर लेखनसँगै अनुवाद कार्यलाई पनि त्यत्तिकै महत्त्व दिएको पाइन्छ। उनले विभिन्न भाषामा लेखिएका विश्वप्रख्यात कथाहरूको अनुवाद गरेर ती कथाहरूसँग नेपाली पाठकहरूलाई परिचित गराएका छन्। यसरी अनुवाद गरिएका उनका कथाहरूको छुट्टै सङ्कलन प्रकाशमा आएको नदेखिए तापनि पाठ्यपुस्तकका रुपमा प्रकाशित *कथा लहर*,

---

३६[३६] मनु ब्राजाकी, वि.सं. 2060, ‘अनुवाद कला र यसका समस्याहरू, *समकालीन साहित्य*, सनत रेग्मी (सम्पा.), वर्ष 13, पूर्णाङ्क 50, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ.35

३७[३७] घनश्याम नेपाल र कविता लामा, 2014, *उच्च माध्यमिक नेपाली व्याकरण र रचना*, सिलगढी: एकता बुक हाउस, पृ. 274

३८[३८] राजनारायण प्रधान, 1973, *केही कृति केही स्मृति*, दार्जिलिङ: श्याम ब्रदर्श प्रकाशन, पृ. 5

*नयाँ कथा लहर, कथैकथा, नयाँ कथैकथा*का विभिन्न भागहरूमा उनका अनूदित कथाहरू प्रकाशित भएका पाइन्छन्। यिनै कथाहरूले प्रधानको अनुवाद कौशलता र अनुवादक व्यक्तित्वको ऊँचाई निर्धारण गरेका छन् भन्न सकिन्छ।

राजनारायण प्रधानका अन्तर्भाषिक रुपका अनूदित कथाहरु छायाँनुवादका सुन्दर उदाहरण भएर देखापरेका छन्। यसकारण पनि उनले आफ्ना अनूदित रचनाहरूलाई अनुवाद नभनेर अनुकूलन भनेका छन्। उनको अनुवाद कार्य अनुकूलनमात्र नभएर सम्यक् अनुकूलन हुनपुगेको छ, जहाँ छुट्टै किसिमको वैशिष्ट्य र मौलिकता पाइन्छ। हालसम्म उनले चेखव, ओ. हेनरी, पुश्किन, केरोली, टल्सटोय, ए. डी. स्मिथ, ग्रेगोरिया, अल्फोंस ददे, बेलोक लाउन्ड्स, ओस्कर वाइल्ड, अनातोले फ्रान्स, फ्रांक ह्यारिस, थियोफिल गटियर, माइकल लर्मोन्टोभ, क्याथरिन म्यान्सफिल्ड, प्रेमचन्द, रविन्द्रनाथ ठाकुर, प्रभातकुमार मुखर्जी, बिमल मित्र आदिका प्रख्यात कथाहरूको अनुवाद गरेर पाठ्यसामग्रीको रुपमा प्रकाशित गराएका छन्। यसैबाट उनी एकजना सफल अनुवादक रहेको पुष्टि गर्न सकिन्छ।

### 2.2.7 *समालोचकका रुपमा*

समालोचना साहित्य कुनै सानो, तुच्छ कुरो होइन।[३९] सिर्जना साहित्यको प्रमुख अङ्ग हो भने यसको अर्को प्रमुख अङ्ग हो समालोचना।[४०] समालोचनाको अनुपस्थितिमा सिर्जनात्मक लेखनले समयअनुरुप विकासशील स्वरुप वा आयाम प्राप्त गर्न सक्दैन। यसकारण पनि समालोचकको भूमिका साहित्यिक श्रीवृद्धि र उत्तरोत्तर प्रगतिको निम्ति अपरिहार्य हुँदछ। पूर्वीय साहित्याचार्य राजशेखरअनुसार कविका श्रम र अभिप्रायको भावन तथा पर्यालोचन गर्ने

३९[३९] आई. ए. रिचर्ड्स, वि.स.2030, *समालोचनाको सिद्धान्त,* माधवलाल कर्माचार्य र लीलाप्रसाद शर्मा (अनु.), काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. 1

४०[४०] कविता लामा, 2010, *अनुशीलन*, दार्जिलिङ: माया प्रकाशन, पृ.28

भावयित्री प्रतिभा नै समालोचक हो भन्ने बुझिन्छ। अलेक्जान्डर पोपले कविजस्तै आलोचक पनि बनाइँदैनन्, ती त जन्मजात हुन्छन्  भनेर समालोचकलाई सिर्जनाको अनन्त प्रवाहसँग जोडेर सिर्जनाकै आयतनभित्र समेटेका छन्। साहित्यलाई जीवनको समालोचना मान्ने म्याथ्यु आर्नोल्ड लेख्छन् - सिर्जनात्मक क्रियाकलापप्रति विचार हुनु सबैभन्दा ठुलो आनन्द र आफू जीवित हुनुको सबैभन्दा ठुलो प्रमाण हो अनि यसैमा समालोचना रहन्छ भन्ने कुरालाई नकार्न सकिन्न। तर समालोचनाको रुप इमानदार, सरल, नमनीय, प्रबल र सिर्जनाभित्रको ज्ञानलाई विस्तृति दिने किसिमको हुनुपर्छ।[४१] यस भनाईले समालोचनाको अनिवार्य रुपकतत्वलाई इङ्गित गर्नकासाथै समालोचकमा हुनुपर्ने गम्भीर दृष्टिचेत र उनले वहन गर्नुपर्ने जिम्मेवारीलाई समेत प्रकाशित पारेको छ। यी सब उद्धरणबाट साहित्यका अन्य सिर्जनात्मक रचनाका स्रष्टाजस्तै समालोचक पनि एकजना स्रष्टा हुन्  र उनको काम सचेतरुपमा साहित्यिक कृति र कृतिकारको परीक्षण तथा मूल्याङ्कन गर्नु हो भन्ने निष्कर्ष प्राप्त गर्न सकिन्छ।

साहित्यिक कृतिको गुण-दोष, असल-खराब, श्रेष्ठता-अश्रेष्ठता, सत्य-असत्य, लाभ-हानि, औचित्य-अनौचित्य आदि छुट्याएर छानबिन, व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गर्नुमा समालोचनाको विशेष महत्त्व निर्धारित भएकोले यसलाई व्याख्याको पनि व्याख्या भन्ने गरेको पाइन्छ। यस सन्दर्भमा विलियम हेनरी हडसनको भनाई यस्तो रहेको छ - सिर्जनात्मक लेखन साहित्यकलाका विभिन्न रुपहरूअन्तर्गत जीवनको व्याख्याको रुपमा परिभाषित हुने कलात्मक चेत हो भने समालोचनात्मक लेखन त्यस व्याख्याको पनि व्याख्या तथा कलाका रुपहरूको व्याख्या हो, जसबाट यसको जन्म हुन्छ।[४२] नेपाली साहित्यको सन्दर्भमा समालोचनाको आरम्भ गुढ आत्मसंस्कारवादी, प्रशंसापरक र भावात्मक प्रवृत्तिका साथ भएको

४१[४१] म्याथ्यु आर्नोल्ड, 2001, *दि फङशन अफ् क्रिटिसिज्म एट प्रेजेन्ट टाइम*, ब्लाकमास्क, पृ. 15

४२[४२] विलियम हेनरी हडसन, 2006, *एन इन्ट्रडक्शन टु दि स्टडी अफ् लिटरेचर*, न्यू दिल्ली: एटलान्टिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा. लि., पृ. 261

देखिन्छ। यसलाई आधुनिक ढाँचामा कृति विश्लेषणपरक, गुण-दोष विवेचनपरक, वस्तुपरक, ऐतिहासिक, वैज्ञानिक र व्यावहारिक रुप दिनेहरूमध्ये राजनारायण प्रधान पनि एकजना अप्रतिम समालोचक हुन्। उनले आफ्ना पूर्ववर्ती र समवर्ती समालोचकहरूसँगै नेपाली समालोचना परम्परालाई विकसित गराउनुमा यथासम्भव योगदान दिएका छन् भने भारतीय नेपाली समालोचनालाई अनुकूल र समृद्ध वातावरणमा हुर्काउनुमा सक्रिय भूमिका निर्वाह गरेका छन्।

प्रकाशनको दृष्टिले *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक-अध्ययनहरू* राजनारायण प्रधानका प्रकाशित समालोचनात्मक कृतिहरू हुन्। यी दुई कृतिबाहेक प्रधानका केही समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकाहरु वा पुस्तकहरूमा प्रकाशित भएका पाइन्छन्। तीमध्ये *टिपेका टिप्पणीहरुको अग्रिम टिप्पणी* (सन् 1966), *बधुशिक्षा* (*भानुभक्तका कृति : अध्ययनहरू*, सन् 1969), *युंगको मनोविज्ञान : केही अधीति* (*वार्ताहरू* सन् 1973 / प्रक्रिया, सन् 1995), *कथाकथ्य* (*कथास्था* कथा सङ्ग्रहको भूमिका, सन् 1978), *आज रमिता छ : केही स्मृति* (*वृहत् समालोचना*, सन्1989), *चियाबारीको गाथा र व्यथा* (जस योञ्जन ’प्यासी कृत *नयाँ सूर्यको प्रतीक्षामा* नाटकको भूमिका, सन् 1992), *पीडामय अभिव्यञ्जना* (*अगमसिंह गिरी रचनावली* , सन् 1998), *रुपनारायण सिंहको भ्रमर : संक्षिप्त मूल्याङ्कन* (*प्रक्रिया,* सन् 1991), *इन्द्रबहादुर राई- अ प्रोफाइल* (अङ्ग्रेजीमा लिखित सन् 2005) आदि प्रमुख रहेका छन्।

सैद्धान्तिक निरुपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मस्तिष्कको महत्त्व बढी हुन्छ।[४३] राजनारायण प्रधानका समालोचनामा पाइने विशेषता भनेको पनि न्यायपूर्वक कृतिको विश्लेषण

---

४३[४३] कृष्णचन्द्रसिंह प्रधान, वि.सं. 2058, *साझा समालोचना*, ललितपुर: साझा प्रकाशन, पाँ. सं. पृ. 2

र मूल्याङ्कन गर्नु, तर्कसङ्गत निर्णय दिनु तथा बौद्धिक सम्प्रेषणले कृतिको मूल्य प्रकाशित पार्नु नै रहेका छन्। श्रेष्ठता आर्जन गर्नलाई उनले समालोचना लेखेको देखिँदैन। समालोचना उनको साहित्यिक रुचिको प्रौढताभित्र पर्ने विधा भएकोले यो निर्वाध गति र प्रकृतिले उनीद्वारा सिर्जित हुन पुगेको देखिन्छ। फलत: यिनै मानदण्डहरूमा उनी एकजना सफल समालोचक रहेको पुष्टि गर्न सकिन्छ।

## 2.3 राजनारायण प्रधानका समालोचनात्मक कृतिहरूको विश्लेषण

*केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक अध्ययनहरू*का अतिरिक्त राजनारायण प्रधानका फिचर लेखहरूमा पनि समालोचनाका तत्त्व वा गुणहरू पाइन्छन्। चरित्रनायकका विविध विशेषताहरूको वर्णन सम्यक् तरिकाले गर्दै तिनीहरुका साहित्यिक कृतिहरूको वस्तुगत विवेचना गर्नु तथा तुलनात्मक दृष्टिले ती कृतिहरूको मूल्य निर्णय गर्नुमा प्रधानले सचेतता देखाएका छन्। तत्त्वगत दृष्टिले उनका फिचरलेखहरूमा भावग्रहण, सूक्ष्मअन्तर्दृष्टि, बहुआयामिकता, सापेक्ष चिन्तन आदिको पनि आंशिक प्रभाव पाइन्छ। तथापि चरित्रनायकका चारित्रिक विशेषताहरूको उद्घाटन गर्नु तथा चरित्रनायकसम्बन्धी सानासाना कुराहरूको रञ्जक वर्णन गर्नुमै उनका फिचरलेखहरू केन्द्रित रहेकाले तिनमा अतिरिक्त सूत्रचिन्तनका रुपमा मात्र समालोचकीय विचारको प्रादुर्भाव भएको पाइन्छ। यसकारण समालोचनाको गुण, धर्म, विधान, वैशिष्ट्य सम्पूर्णको महत्तामा सिर्जित कृति भनेको *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक-अध्ययनहरू* हुन्।

उपर्युक्त कथनका आधारमा राजनारायण प्रधानका समस्त फिचरलेखहरूका सङ्ग्रह केवल समालोचनाको आभास दिने तथा उनीभित्र अन्तर्चेतनाका रुपमा विकसित समालोचकीय दृष्टिकोणको झलक प्रस्तुत गर्ने कृतिहरू मात्र हुन्। अत: विषय, विचार, उद्देश्य र गहन विमर्ष आदिका दृष्टिले समालोचना भनेर किटान गर्न सकिने कृतिहरू भने *केही कृति केही*

*स्मृति* र *विश्वका दश महान् नाटक — अध्ययनहरू* नै हुन्। राजनारायण प्रधानको समालोचक व्यक्तित्वको वास्तविक मापन पनि यही कृतिहरूका विश्लेषणका आधारमै सम्भव र सान्दर्भिक ठहर्दछ।

### 2.3.1 *केही कृति केही स्मृति* समालोचनात्मक कृतिको विश्लेषण

*केही कृति केही स्मृति* राजनारायण प्रधानले सन् 1960 देखि 1972 सम्ममा लेखेका 14 वटा समालोचनाहरूको सङ्ग्रह हो। यो कृति सन् 1973 सालमा सर्वप्रथम श्याम ब्रदर्श प्रकाशन, दार्जिलिङबाट छापिएको पाइन्छ। त्यसको अठाह्र वर्षपछि सन् 1991 (वि. सं. 2048) मा साझा प्रकाशन, ललितपुरबाट यसको दोस्रो संस्करण प्रकाशित भएको पाइन्छ। यसरीनै सन् 2005 मा गान्तोकको तादोङ, 5 माइलस्थित प्रिन्टेड प्रेसबाट यसको तेस्रो संस्करण प्रकाशमा आएको देखिन्छ। सरल, बोधगम्य र सम्प्रेषणीय भाषामा साहित्यिक कृतिहरूको विस्तृत व्याख्या र मूल्याङ्कन गर्दै पाठकहरूलाई कृतिभित्रको वस्तुजगतसँग साक्षात्कार गराउनुमा *केही कृति केही स्मृति*को महत्त्व र मूल्य रहेको पाइन्छ।

राजनारायण प्रधान एकजना असल अध्येता भएका हुनाले पनि आफूले अनुभूत गरेका कृतिजनित संवेद्य तत्त्वहरू, अन्तर्वस्तुगत आयामहरू, भावहरू, तथ्यहरू, विषय-विषयान्तरहरू आदिको आद्यन्त चिन्तनलाई परिष्कृति दिँदै पाठकहरूका निम्ति सुनियोजित रुपमा प्रस्तुत गरेका छन्। यस्तो महत्त्वपूर्ण प्रस्तुतिलाई प्रधानको गम्भीर अध्ययनको परिणाम मान्न सकिन्छ। गम्भीर अध्ययननिबना समालोचकको दृष्टि र विचार व्यापक र उदार हुन सक्तैन।[४४] अध्ययनद्वारा नै कुनै पनि कृतिको वास्तविक भावसँग साक्षात्कार गर्न सकिन्छ साथै समयसापेक्ष सूक्ष्म, सम्यक् एवं सन्तुलित दृष्टिले कृतिको परीक्षण गर्न सकिन्छ। यसैले अध्ययन र समालोचना एकाअर्काका सम्पूरक हुँदछन्। राम्रो अध्ययनले सधैं राम्रो

४४[४४] मोहनहिमांशु थापा, वि. सं. 2066, *साहित्य परिचय*, ललितपुर: साझा प्रकाशन, पाँ. सं. पृ. 188

समालोचनाको परिवेश निर्माण गरिरहेको हुँदछ भने राम्रो समालोचनाले पनि सधैँ राम्रो अध्ययनलाई उक्साइरहेको हुँदछ।

यदि अध्ययन सतही छ भने समालोचनाकर्म अपरिमार्जित एवं अपरिपक्व हुन पुग्दछ। यस्तो समालोचनाको कुनै खास अर्थ रहँदैन। यसकारण प्रथमत: अध्ययनकर्म नै सठिक र निर्दिष्ट हुनु आवश्यक छ। यही कर्मले नै अध्येयतालाई आलोचना गर्ने क्षमतासम्म डोहोर्‍याउँदछ। जुलियन उल्फ्रेजले आफूद्वारा सम्पादित पुस्तक *इन्ट्रड्युसिङ क्रिटिसिज्म इन् दि ट्वेन्टी फर्स्ट सेनचुरी*को भूमिकामा लेखेका छन्- राम्रो अध्ययन सर्वथा आलोचनात्मक नै हुनुपर्दछ। आफ्नो विषयप्रति आफै सन्देहस्पद हुनुहुँदैन, तर चित्तबद्ध र जिम्मेवार हुनुपर्दछ।[४५] यसबाट राम्रो अध्ययन, विषयप्रति निस्सन्देहता, गम्भीर चिन्तन, जिम्मेवारीबोध आदि समालोचनाका मूल तत्त्वहरु रहेको थाहा लाग्दछ। अद्योपान्त कृतिको अध्ययन गरेपछि त्यसबाट प्राप्त ज्ञानको विषयलाई गम्भीर जिम्मेवारीका साथ सहृदयी पाठकहरूको अन्तस्थलसम्म सञ्चारण गराउनु नै समालोचकको धर्म भएकोले पनि उल्फ्रेजको उपर्युक्त भनाई धेरै उपयोगी र चिन्तनशील देखापरेको पाइन्छ।

कृति भनेको अथाह वस्तुजगत् हो। यसमा अनेकौं भावहरू, तत्त्वहरू, विचारहरू, आयामहरू र क्रिया-प्रतिक्रियाहरू संरचित हुन्छन्। यो सधैं जेलिएको अवस्थामा हुन्छ र साधारण पाठकको बौद्धिक क्षमतादेखि माथि हुन्छ। यसैले पनि कृति र पाठक बीचको व्यवधानलाई मेटाउने सेतूको रुपमा समालोचकको उपस्थिति अनिवार्य मानिन्छ। समालोचक नै स्रष्टाको प्रस्तुति शिल्प छिचोलेर पाठकलाई वस्तुको मौलिक तहसम्म पुग्न सघाउने सहयात्री हुँहछ।[४६] यस्ता

---

४५[४५] जुलियन उल्फ्रेज, 2015, *इन्ट्रड्युसिङ क्रिटिसिज्म इन् दि ट्वेन्टी फर्स्ट सेन्च्युरी*, इडिन बर्ग युनिभर्सिटी प्रेस, पृ. 5

४६[४६] राजेन्द्र सुवेदी, वि.सं. 2068, *नेपाली समालोचना: परम्परा र प्रवृत्ति*, काठमाडौं: पाठ्यसामग्री प्रकाशन, पृ. 6

समालोचक साधारण अभ्यास वा सामान्य ज्ञानले होइन तर गम्भीर अध्ययन, अथक साधना, निरपेक्ष भाव, वैज्ञानिक दृष्टि तथा साहसले जन्मन्छन्। यसैले पनि समालोचना गर्नु अथवा कुनै पनि कृतिलाई उचित न्याय दिनु बढो कठिन, जोखिमपूर्ण र श्रमसाध्य विषय हुँदछ। यसैले कृतिको समालोचना गर्दा समालोचकले दुई कुरामा ध्यान राख्नुपर्दछ पहिलो पाठकले उसको विवेचन-विश्लेषणबाट रस ग्रहण गर्न सकून् र दोस्रो तथ्यहरूको निर्धारण गर्दा वैज्ञानिकले झैं तर्क र कारणहरू दिन सकून्[४७] भन्ने शोभाकान्ति थेगिमको भनाई उपयुक्त रहेको देखिन्छ। यी दुई कुराबाहेक पनि समालोचक आदर्शवान र आफ्नो कार्यप्रति विश्वस्त हुनुपर्दछ। हिन्दी आलोचक रामचन्द्र तिवारीअनुसार आदर्श आलोचकको दायित्व भनेको रचनाको मर्म उद्घाटन गर्नु, त्यसमा निहित संवेद्य वस्तुको व्याख्या गर्नु, रचनाकारको मन्तव्यलाई प्रकाशित गर्नु तथा रचनाको व्यङ्ग्यपक्ष केलाउँदै सही परिप्रेक्ष्यमा आग्रहमुक्त भएर त्यसको मूल्याङ्कन गर्नु हो[४८] भन्ने बुझिन्छ। यसर्थ समालोचक साँचो रुपमा न्यायप्रिय हुनुपर्दछ। आफूले गरेका हरेक कार्यहरूको प्रामाणिक र तथ्यपरक सन्दर्भ दिनसक्ने योग्यताको हुनुपर्दछ। टपरटुइय्याँ र पूर्वाग्रहग्रसित हुनुहुँदैन। उक्त कथनका आधारमा राजनारायण प्रधान सतही र संसर्गी नभई एकजना आदर्श समालोचक हुन् भन्न सकिन्छ। उनले प्रशस्त प्रमाण र तथ्यहरूका साथ कृतिहरूबारे आफ्नो मत प्रतिपादन गरेका छन्। कृतिकारको मर्म केलाउँदै कृतिको आन्तरिक तहसम्म पुगेर छानबीन तथा छलफल गर्ने कामलाई निचोड दिएका हुनाले उनलाई कृतिकारसापेक्ष समालोचक पनि मान्न सकिन्छ।

*केही कृति केही स्मृति* प्रधानको पहिलो समालोचना सङ्ग्रह हो। यसमा उनका *भानुभक्तको रामायण, कवि भानुभक्ताचार्यको जीवन-चरित्र, ऋतु-विचार, मुकुन्द-इन्दिरा, भ्रमर, मुनामदन,*

---

४७[४७] शोभाकान्ति थेगिम, 1992, *नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन तथा विश्लेषण*, गान्तोक: सौरभ प्रकाशन, पृ. 15

४८[४८] रामचन्द्र तिवारी, 2005, *आलोचक का दायित्व*, वाराणसी: विश्वविद्यालय प्रकाशन, पृ. 2

*लक्ष्मी निबन्ध सङ्ग्रह, मसान, चिसो चुह्लो, पल्लो घरको झ्याल, अनुराधा, आज रमिता छ, तरुण तपसी, शिरीषको फूल* आदि समालोचनाहरू सङ्कलित रहेका छन्। पद्धति, प्रवृत्ति, विषय, उद्देश्य आदिका आधारमा उक्त समालोचनाहरूलाई स्वच्छन्द प्रकृतिका समालोचना मान्न सकिन्छ। यी समालोचनाहरू सैद्धान्तिक आग्रहका अनुगामी देखापरेका छन्, तर कुनै एउटा सिद्धान्तको गुणग्राह्यतामा अनुरक्त भने रहेका छैनन्। यसकारण राजनारायण प्रधानलाई सैद्धान्तिक साँधसीमाहरू नराखी नयाँ कुराको प्राप्ति हेतू अग्रसर हुने व्यावहारिक समालोचक मान्नु समुचित देखिन्छ। उनले प्रत्येक कृतिको सौन्दर्यपक्ष र परम्परासँग जोडिएर कृतिबारे आफ्नो अभिमत प्रकट गरेका छन्। इमानदार समीक्षकमा साहित्य अनि परम्पराको गहिरो समझ साथै विस्तृत ज्ञान हुनुपर्दछ।[४९] राजनारायण प्रधान पनि एकजना गम्भीर, इमानदार एवं स्पष्ट समालोचकका रुपमा चिनिन्छन्। प्रभाव ग्रहण, व्याख्या-विश्लेषण, तुलना र निर्णय यी चार मौलिक धर्महरूका मानदण्डमा उनका समालोचनाहरू निर्मित छन्। उनको *केही कृति केही स्मृति*भित्रका समालोचनात्मक लेखहरू यसैका सबल उदाहरण हुन्।

नेपाली समालोचनालाई गरिमामय वातावरणमा प्रतिष्ठापित गराउनुमा *केही कृति केही स्मृति*को योगदान अमूल्य रहेको पाइन्छ। असीत राईको भनाईअनुसार प्रचुर अध्ययनले अर्जेको बौद्धिक भार हलुँग बनाउन आलोचनामा उत्रने राजनारायण प्रधानको *केही कृति केही स्मृति* समालोचना ग्रन्थ नेपाली साहित्यको निधि भएको छ।[५०] यसमा सङ्ग्रहित चौधवटा समालोचनाहरूको संक्षिप्त विश्लेषण समालोचनाशास्त्रका मानक आधार, दृष्टि, प्रतिमान, मानदण्ड आदिका सहयतााले गरिन्छ।

*भानुभक्तको रामायण*

---

४९[४९] गुमानसिंह चामलिङ, 1978, *मौलो*, दार्जिलिङ: श्याम ब्रदर्श प्रकाशन, पृ. 53

५०[५०] असीत राई, 2004, *भारतीय नेपाली साहित्यको इतिहास*, दार्जिलिङ: साझा पुस्तक प्रकाशन, पृ. 303

साहित्यिक समालोचना साहित्यको त्यो विधा हो, जसद्वारा कुनै पनि काव्यकृतिलाई सम्यक् रुपले विधिपूर्वक जाँच गरी के कति कारणले र कहाँसम्म सो उत्कृष्ट छ भन्ने फैसला गर्दै न्याय गरिन्छ।[५१] कृतिलाई न्याय गर्नु समालोचनाको अन्तिम र मूल कार्य हो। राजनारायण प्रधानका सबै समालोचनाहरूमा एउटा प्रतिबद्धता पाइन्छ। उनी आफ्ना सामलोचनाहरूमा स्पष्ट निर्णय दिन्छन् र त्यस निर्णयलाई मूल्याङ्कनको स्थितिसम्म पुऱ्याउने कारणहरूको खोजी गरेर न्यायिक दृष्टिले कृतिको मूल्य प्रमाणित गर्दछन्। *भानुभक्तको रामायण* उनको समालोचना कृतिभित्र सङ्ग्रहित पहिलो समालोचना हो। यसमा सुरुमै उनले भानुभक्तको रामायण एउटा अदृष्टपूर्व घटना हो र हाम्रो साहित्यको सर्वोत्तम निधि हो भन्ने निर्णय दिएका छन् । यही निर्णयलाई सिद्ध गर्न प्रशस्त प्रमाणहरू जुटाएर न्यायपूर्वक मूल्याङ्कन पनि गरेका छन्। यस कार्यमा प्रधानले भानुभक्तीय रामायणलाई विभिन्न दृष्टिहरूको समकक्षमा राखेर परीक्षण गरेका छन्। ती दृष्टिहरूमा मौलिकता सम्बन्धी दृष्टि, अनुवादकला सम्बन्धी दृष्टि, तुलनात्मक दृष्टि, भाषिक बुनोट सम्बन्धी दृष्टि आदि प्रमुख रहेका छन्।

विभिन्न विद्वानहरूका भनाईलाई सन्दर्भका रुपमा प्रस्तुत गर्दै भानुभक्तीय रामायणको समीक्षा गर्ने क्रममा उनले सर्वप्रथम नै मौलिकता सम्बन्धी दृष्टिको प्रतिपादन गरेका छन्। भानुभक्तले मूल अध्यात्म रामायणबाट आफ्नो रामायणको तर्जुमा गरेका भए तापनि ठाउँठाउँमा सुन्दर मौलिक स्पर्शहरू दिएर यसलाई अभिनव कृति तुल्याएका छन्[५२] भन्ने उनको अडान रहेको पाइन्छ। यसअनुरुप नै भानुभक्तीय रामायण लोकप्रिय हुनुको एउटा कारण यसको अनुवादकला हो भन्ने निष्कर्षमा उनी पुगेका छन्।

---

५१[५१] गुमानसिंह चामलिङ, पूर्ववत्, पृ. 113

५२[५२] राजनारायण प्रधान, 1973, पूर्ववत्, पृ. 4

तुलनात्मक दृष्टिअन्तर्गत भानुभक्तीय रामायणलाई मूल अध्यात्म रामायण र रघुनाथकृत सुन्दरकाण्डसँग दाँजेर हेर्ने काम गरिएको छ। यसमा शब्दप्रयोग, भावप्रवणता, श्रुतिमधुरता, भाषाको बुनोट र ठेटपना, सौन्दर्यचेत, काव्यगत मिठास आदिका दृष्टिले भानुभक्तको रामायण सरस, सुललित र सार्थक रहेको उल्लेख पाइन्छ। भाषा भनेको लेखनको अभिव्यक्ति सामर्थ्य हो। भानुभक्तको भाषामा संक्षिप्तता र प्राञ्जलता पाइन्छ, जसले गर्दा भावको यथासम्भव अभिव्यक्ति भएको छ। ठेट शब्दहरूको प्रयोग र वाक्पद्धतिको कारण उनको कृतिमा सजीवता र मनोहारिता आएको छ भन्ने राजनारायण प्रधानको भनाई रहेको पाइन्छ। उनी लेख्छन् — यस्ता मीठा, जनसुलभ, स्वाभाविक शब्दावलीमा भानुभक्तले यो कालजयी कृति बनाएका छन्।[५३]

उपर्युक्त दृष्टिहरूबाहेक राजनारायण प्रधानले भानुभक्तको रामायणलाई विश्लेषण तथा मूल्याङ्कन गर्ने क्रममा छन्दप्रयोगलाई पनि आवश्यक ठानेका छन्। भानुभक्त मूलत: वसन्त शर्माबाट प्रभावित भएकाले रामायणको अधिकांश भागमा उनले शार्दूलविक्रीडित छन्दको व्यापक प्रयोग गरेका छन्। यस छन्दलाई नेपाली छन्द बनाएर प्रस्तुत गरेको कारण भानुभक्तीय रामायणमा सर्वत्र मिठास व्याप्त भएको पाइन्छ भन्ने प्रधानको मान्यता रहेको छ। उनले भानुभक्तको लोक कलाकारवादी र स्वाभिमानी व्यक्तित्वलाई रामायण लेखिनुको कारण मानेका छन्। समग्रमा रामायण लोकप्रिय, सफल, प्रभावकारी र सर्वोत्तम कृति हुनका पछि मौलिक स्पर्श, सौन्दर्यभाव, अनुवाद कौशल, जनसुलभ र सुललित भाषा, नेपाली रुचि र मर्यादाको समावेश, सङ्गीत र लयको अन्तर्मिश्रण आदि रहेको पुष्टि राजनारायण प्रधानले दिएका छन्।

*कवि भानुभक्ताचार्यको जीवनचरित्र*

---

५३[५३] पूर्ववत्, पृ. 10

*कवि भानुभक्ताचार्यको जीवनचरित्र* मोतीराम भट्टद्वारा लिखित जीवनचरित्रात्मक कृति हो र प्रस्तुत लेख यही कृतिमाथि गरिएको समालोचना हो। नरेशचन्द्र खातीअनुसार समालोचक राजनारायण प्रधानले प्रस्तुत लेखलाई दुई दृष्टिकोणमा राखेका छन् - (1) जीवनीको रुपमा र (2) समालोचनाको वीजारोपणको रुपमा।[५४] प्रथमत: यसमा मोतीराम भट्ट जीवनीकार मात्र नभएर साहित्यिक प्रतिभा सम्पन्न एकजना असल जीवनीकार थिए भन्ने मत राखिएको पाइन्छ। द्वितीयत: मोतीराम भट्टमा भानुभक्तको भाषाविशेषता, कविहृदय, कलासौन्दर्य, अभिव्यक्तिसामर्थ्य, गुण, मौलिकता, प्रतिभा आदिलाई हेर्ने वा परख गर्ने आलोचकको दृष्टि विद्यमान थियो भन्ने कुराको पुष्टि गरिएको पाइन्छ।

आलोच्य कृति नेपाली साहित्यको प्रथम जीवनी हो भन्ने आफ्नो निर्णयात्मक कथनलाई सिद्ध गर्न राजनारायण प्रधानले ठोस आधारहरु प्रस्तुत गरेका छन्। यसअन्तर्गत जीवनीकारका रुपमा मोतीरामले आफ्ना चरित्रनायकको सजीव व्यक्तित्वको उद्घाटन ससाना घटनाहरूको रञ्जक वर्णनद्वारा सहृदयता र स्वतन्त्रतासित गरेका छन् भन्ने प्रधानको धारणा रहेको छ। साहित्यमा जीवनी लेखनका आफ्नै अलग विशेषता र पाटाहरू हुँदछन्। केवल एकजना व्यक्तिको वैयक्तिक कर्म, उसको विचार, उसको गुण-अवगुण र उसले कुनै क्षेत्रमा दिएको योगदानको आलोकमा चरित्रवर्णन गर्नु मात्र जीवनीको लक्ष्य हुँदैन। यसैले हिन्दी साहित्यका इतिहासवेत्ता विजयेन्द्र स्नातक भन्छन् — जीवनी साहित्यमा इतिहासको साक्ष्य अनिवार्य हुन्छ। जुन व्यक्तिको जीवनी लेखिँदैछ उसको वृत्तान्त तिथि र घटनाक्रमको दृष्टिले परिपूर्ण हुनु आवश्यक छ।[५५] प्रधानअनुसार यही वृत्तभित्र मोतीराम भट्टको जीवनी लेखन पर्दछ भन्ने थाहा पाइन्छ।

---

५४[५४] नरेशचन्द्र खाती, पूर्ववत्, पृ. 144

५५[५५] विजयेन्द्र स्नातक, 2009, *हिन्दी साहित्य का इतिहास*, न्यू दिल्ली: साहित्य अकादेमी, पृ. 315

ससाना घटनाहरूको रञ्जक वर्णनद्वारा चरित्रनायकको व्यक्तित्वमाथि प्रकाश पार्दै संक्षेपमा सबै कुरा भन्नसक्ने अद्वितीय शक्तिले मोतीराम भट्टलाई सर्वश्रेष्ठ जीवनीकार र उनको कृतिलाई सर्वश्रेष्ठ जीवनीको रुपमा स्थापित गराएका छन् भन्ने राजनारायण प्रधानको भनाई रहेको पाइन्छ। यस क्रममा प्रधानले डा. जोनसन, प्लुटार्क, लिटन स्ट्रेची, केसल आदि पश्चिमी विद्वानहरूद्वारा जीवनी लेखन सम्बन्धमा व्यक्त गरिएका धारणाहरूलाई आधारस्वरुप राखेर कृतिको चर्चा गरेका छन्। यसरीनै नेपाली विद्वानहरूमा नरदेव शर्मा र बाबुराम आचार्यका विचारहरूलाई उद्धृत गर्दै तुलनात्मक दृष्टि अपनाएर निष्कर्षमा पुगेका छन्।

*कवि भानुभक्ताचार्यको जीवनचरित्र* जीवनीका अतिरिक्त जीवनचरित्रात्मक समालोचनाको राम्रो उदाहरण रहेको किटान राजनारायण प्रधानले गरेका छन्। उनको मतअनुसार मोतीराम भट्टले भानुभक्तको काव्य सिर्जनामा अन्तर्निहित काव्यगुणहरूको परिचय दिने क्रममा कवि दुई प्रकारका हुन्छन् भन्ने मत प्रकट गरेका छन्। यिनै आधारमा मोतीराम भट्टलाई जीवनचरित्रात्मक समालोचक मान्न सकिने ठहर प्रधानले गरेका छन्।

*ऋतुविचार*

*ऋतुविचार* कवि शिरोमणि लेखनाथ पौड्यालको काव्यकृति हो। राजनारायण प्रधानले यस कृतिलाई लेखनाथका अन्य काव्यकृतिहरूको तुलनामा सर्वोत्कृष्ट रहेको घोषणा गर्दै सम्यक् विवेचना गरेका छन्। प्रस्तुत समालोचनाको प्रमुख उद्देश्य *ऋतुविचार*लाई मौलिकताको सन्दर्भमा महाकवि कालिदासकृत *ऋतुसंहार*सँग तुलना गर्दै मूल्य निर्णय गर्नु रहेको देखिन्छ। प्रधानले *ऋतुविचार*मा प्रयुक्त अलङ्कारहरुको विधानबारे पनि प्रकाश पारेका छन् साथै प्रकृति चित्रणको दृष्टिले यसको महत्ता निर्धारण गरेका छन्। प्रधानको सम्पूर्ण दृष्टि *ऋतुविचार*को मौलिकताको पक्षमा रहेको पाइन्छ। उनले *ऋतुविचार* एउटा स्वतन्त्र र मौलिक कृति हो भन्ने निर्णयलाई तुलनाको माध्यमबाट प्रष्ट पारेका छन्।

ऋतुहरूको वर्णन गर्ने क्रममा क्रमभङ्ग गरेर कालिदास र लेखनाथ दुवैले ग्रीष्मऋतुबाट वर्णन आरम्भ गरेका भए तापनि प्रकृतिलाई हेर्ने र चित्रण गर्ने यिनीहरूका दृष्टिमा ठूलो पार्थक्य रहेको पाइन्छ भन्ने कुराको पुष्टि प्रस्तुत समालोचनामा गरिएको पाइन्छ। उदाहरणार्थ कालिदासले वसन्तऋतुको वर्णन प्रेमीहरूका मनमा प्रहार गरिरहने योद्धाको रुपमा गरेका छन् भने लेखनाथले राजाको रुपमा वसन्तराज भनेर वर्णन गरेका छन्। वर्षाऋतुको वर्णनमा कालिदासले मेघलाई मृदङ्ग र बिजुलीलाई राजकीय पताका मानेका छन् भने लेखनाथले मेघलाई तबल्ची र बिजुलीलाई नटी भनेर वर्णन गरेका छन्। कालिदासले शरद्ऋतुलाई नववधू मानेका छन् भने लेखनाथले मालिकिनी मानेका छन्। यसरी राजनारायण प्रधानले विभिन्न उद्धरणहरूद्वारा उपर्युक्त दुई कृति माझको भिन्नता केलाएर लेखनाथको *ऋतुविचार* सर्वथा मौलिक कृति हो भन्ने पक्षमा दह्रिलो तर्क राखेका छन्।

नेपाली पद्यको अपरिष्कृत परिपाटीलाई क्रान्ति गरेर नयाँ प्रवाहमा प्रवाहित गर्ने[५६] लेखनाथ पौड्यालको अद्भुत प्रतिभा उनको काव्यिक भाषाद्वारा प्रदर्शित भएको देखिन्छ। प्रधानअनुसार सुन्दर एवं उपयुक्त शब्दहरूको चयन, अलङ्कारको उचित प्रयोग तथा शैलीको रमणीयताले लेखनाथको भाषालाई सुन्दर र सशक्त बनाएको छ। यीमध्ये पनि प्रधानले अलङ्कारयोजनाको सौष्ठवलाई अधिक प्रभुत्वशाली मानेका छन्। लेखनाथको भाषामा उत्प्रेक्षा अलङ्कारको सर्वाधिक प्रयोग पाइन्छ। आलङ्कारिक चमत्कारले सुशोभित रहेको कारण *ऋतुविचार* अलङ्कारहरूकै भण्डार हो भन्दै यसमा विभिन्न प्रकारका अलङ्कारहरूको सबल प्रयोग पाइने कुरा राजनारायण प्रधानले गरेका छन्। उनले यथोचित दृष्टान्तहरूका साथ पूर्वीय काव्य सिद्धान्तअन्तर्गत विशेष चर्चा गरिएको अलङ्कारवादलाई काव्यसौन्दर्यको रुपमा *ऋतुविचार*सँग जोडेका छन् र त्यसैको सामञ्जस्यतामा *ऋतुविचार*को श्रेष्ठताको मापन पनि गरेका छन्।

---

५६[५६] हृदयचन्द्रसिंह प्रधान, वि. स. 2021, *नेपाली काव्य र उसका प्रतिनिधि कवि*, काठमाडौं: रत्न पुस्तक भण्डार, पृ. 70

उद्देश्यका दृष्टिले *ऋतुविचार*को मूल कार्य प्रकृतिको व्यापक र जीवन्त चित्रण गर्नु हो भन्ने राजनारायण प्रधानको भनाईबाट थाहा पाइन्छ। यसलाई प्रकृतिकाव्य नाम दिने वासुदेव त्रिपाठीको भनाई यस्तो रहेको छ - ऋतुविचारमा सामाजिक-सांस्कृतिक तथा नैतिक-आध्यात्मिक प्रतिच्छविसहित लेखनाथको सूक्ष्म प्रकृति-पर्यवेक्षण प्रकट भएको छ।[५७] तर राजनारायण प्रधान लेखनाथको प्रकृति चित्रणमा स्पष्टतया मानवीय स्वभाव वा प्रवृत्तिहरूको नैसर्गिक उद्घाटन छ भन्ने कुरा व्यक्त गर्छन्। उनको विचारमा प्रकृति मानवमनकै प्रतिबिम्ब हो र व्यापक स्तरमा यसको चित्रण लेखनाथको एक अन्य विशेषता भएको छ।[५८]

*मुकुन्द-इन्दिरा*

राजनारायण प्रधानको कृतिपरक अध्ययनद्वारा नि:सृत समालोचनाहरूमध्ये *मुकुन्द-इन्दिरा* पनि एउटा हो। प्रस्तुत समालोचनामा बालकृष्ण समले नेपाली नाटकको क्षेत्रमा पुऱ्याएको अतुलनीय योगदानबारे प्रकाश पार्दै समको नाट्यचेतना, पात्रविधान, शैल्पिक दक्षता, भाषाप्रयोग आदिबारे चर्चा गरिएको पाइन्छ। यिनै विशेषताहरूको आलोकमा राजनारायण प्रधानले *मुकुन्द-इन्दिरा* नाटकको व्याख्या-विश्लेषण गरेका छन् । उनले आत्मपरक वा प्रत्ययवादी दृष्टिकोणलाई अँगाल्दै आदर्श जीवनको स्थापना नै आलोच्य नाटकको केन्द्रिय भावभूमि रहेको विचार व्यक्त गरेका छन्। प्रधानअनुसार नाटकमा इन्दिराको पतिभक्ति र भवदेवको देशभक्ति यी दुई आदर्शको पोषण गर्नु समको अभीष्ट रहेको देखिन्छ। नैतिक तत्त्वको प्रबलताले कसरी मानवीय चित्तवृत्तिमा सत्-को संवरण हुन्छ? भन्ने समस्याको उद्देश्यपूर्ति नै समालोचक प्रधानको दृष्टिचेत बनेको छ। उनको विचारमा *मुकुन्द-इन्दिरा* नाटकले

---

५७[५७] वासुदेव त्रिपाठी, विस. 2046, *लेखनाथका प्रमुख कविता*, ललितपुर: साझा प्रकाशन, पृ. च - छ

५८[५८] राजनारायण प्रधान, 1973, पूर्ववत्, पृ. 47

आदर्शलाई माध्यम बनाएर राम्रो र नराम्रो अथवा सच्चरित्र र दुष्चरित्र माझ तुमुल द्वन्द्वको स्थितिलाई प्रस्तुत गरेको छ।

नाटकमा इन्दिरा पतिभक्त आदर्श नारी हो भने मुकुन्द नायक र खलनायकबीचको पात्र हो। यी दुवै पात्रको मानसिक द्वन्द्वभित्र नाटक बुनिएको र अन्तमा इन्दिराको जीत र मुकुन्दको हारद्वारा नाटक सुखान्त हुनपुगेको कुरा राजनारायण प्रधानले गरेका छन्। उनले नाटकको व्याख्या गर्ने क्रममा तुलनात्मक दृष्टिकोणलाई पनि आत्मसात गरेका छन्। शेक्सपियरको *ओथेलो*सँग *मुकुन्द-इन्दिरा*को तुलना गर्दै उनी भन्छन्- *ओथेलो* शेक्सपियरको सबभन्दा निष्ठुर नाटक हो भने *मुकुन्द-इन्दिरा* बालकृष्ण समको सबभन्दा रमाइलो नाटक हो।[५९]

समको भाषाप्रयोग, अलङ्कारयोजना तथा शिल्पविधानबारे पनि प्रधानले दृष्टि राखेका छन्। समको भाषिक विशेषताबारे उनी लेख्छन् - शब्दहरू काँचा काठहरू हुन् भने साहित्य टेबल, कुर्शी त्यस्तै के के हुन् सायद। तर ती काठहरूलाई सुकाई, काटी, ताछी, सम्याई, बुट्टा भरी, बार्निस लगाई तयार पार्ने सुदक्ष शिल्पी बालकृष्ण सम हुन्।[६०] अन्तत: बालकृष्ण सम नाटककारबाहेक कवि, कथाकार, निबन्धकार, चित्रकार, सङ्गीतकार, फोटोग्राफर, रङ्गमञ्चीय दिग्दर्शक, कुशल अभिनेता आदि भएकाले पनि उनको लेखनमा यी विभिन्न विधाहरूको चरम परिणति देख्न पाइन्छ भन्ने निक्यौंल समालोचक प्रधानले गरेका छन्।

*भ्रमर*

नेपाली साहित्यमा धेरै कम कृतिहरू यस्ता छन्, जसले प्रत्येक समालोचकबाट चर्चित हुने सौभाग्य प्राप्त गरेका छन्। यस्तै एउटा कृति सन् 1936 मा प्रकाशित रुपनारायण सिंहको

---

५९[५९] पूर्ववत्, पृ. 59

६०[६०] पूर्ववत्, पृ. 64

उपन्यास *भ्रमर* पनि हो। यसलाई विभिन्न समयमा विभिन्न लेखक-समालोचकहरूले विभिन्न दृष्टिकोणबाट हेरेर मूल्याङ्कन गरेको पाइन्छ। यही कृतिको सन्दर्भमा राजनारायण प्रधानले पनि *भ्रमर* शीर्षक समालोचना लेखेका छन्। यसमा प्रधान *भ्रमर* उपन्यासको विषयगत प्रस्तुति, कलात्मकता र रागात्मकता आदिद्वारा आकृष्ट बनेका छन्। मानवजीवनको सुन्दरता र महानता उनको सर्वेक्षणको प्रमुख लक्ष्य बनेको छ। उनी भन्छन् — रुपनारायण सिंहको संसारमा खराब कुनै गहन अर्थमा छैन।[६१] कुरुपता, दुष्टता, दुर्जनता, अनैतिकता आदि सबै अस्थायी थोक भएर रहेका छन्। वास्तवमा यी सबै जीवनको सौन्दर्य पक्षलाई परिभाषित गर्ने तत्त्वका रुपमा उपन्यासभरि कार्यरत् छन् भन्ने प्रधानको भनाई रहेको पाइन्छ।

नैतिक मूल्यका दृष्टिले *भ्रमर*को अन्तर्वस्तुगत विवेचना गर्नु प्रस्तुत समालोचनाको अर्को मुख्य पाटो रहेको पाइन्छ। मानिसको जीवनलाई सुधारात्मक स्तिथिमा अग्रसर गराउन *भ्रमर* लेखिएको हो। अत: उपन्यासभरि सुधारवादी भावना नै व्याप्त भएको पाइन्छ भन्ने समालोचक प्रधानको किटान छ। सत् पात्रहरूको सृजना गर्नु र तिनकै सुधारवादी भावनामा समाजको प्रतिबिम्ब खिच्नु रुपनारायण सिंहको योजना रहेको कुरा प्रधानले गरेका छन्। यसकारण *भ्रमर*मा यथार्थको अङ्कन भएको पाइँदैन र जीवनको सिङ्गो प्रस्तुति देखिँदैन भन्ने तर्क राख्दै प्रधानले यो उपन्यास यथार्थवादको बिब्ल्याँटोमा उभिएको तथा जीवनको ज्ञानको अभावले ग्रस्त रहेको पाइन्छ भन्ने धारणा प्रकट गरेका छन्।

प्रस्तुत समालोचनामा राजनारायण प्रधानले *भ्रमर*मा पाइने वृत्तरुपी पात्रविधान, उत्सुकता उत्पन्न गराउने किसिमको प्रवाहमय कथातत्त्व, सामाजिक भावना, सुधारवादी भावना, आध्यात्मिक दर्शन, लेखनशैली आदिबारे विवेचना गरेका छन्। यसलाई एउटा गुण-दोष विवेचनपरक समालोचना पनि मान्न सकिन्छ। यसमा एकातिर *भ्रमर*को कलात्मकता,

---

६१[६१] पूर्ववत्, पृ. 78

गत्यात्मक कथावस्तु. सुनियोजित पात्रविधान, सुललित भाषा आदिबारे मुग्ध कण्ठले गुणगान गरिएको पाइन्छ। अर्कोतिर जीवन अज्ञेय वस्तुको आरोपित रहेको देखिनु, आन्तरिक भावहरू र अन्तर्द्वन्द्वहरूको विश्लेषण सही ढंगले नहुनु, प्रकृतिको वास्तविक रुपको चित्रण नहुनु आदि दोषहरू खुट्याइएको देखिन्छ।

*मुनामदन*

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 25 वटा कृतिहरूमध्ये *मुनामदन* सबैभन्दा प्रसिद्ध र लोकप्रिय रहेको पाइन्छ। यस खण्डकाव्यको प्रसिद्धि र लोकप्रियताको कारण के हो भन्ने प्रश्नको उत्तरस्वरुप जुन तथ्यहरू प्रकाशमा आएका छन्, तिनकै मूर्त्तरुप राजनारायण प्रधानको समालोचनाको निर्मिति बनेको छ। *मुनामदन*लाई आजसम्म जुन जुन दृष्टिकोणहरूबाट हेरेर विश्लेषण र मूल्याङ्कन गर्ने कामहरू भएका छन्, त्यसभन्दा फरक मानदण्डमा प्रधानको उक्त समालोचना परेको देखिँदैन। सामान्यतया व्याख्यात्मक दृष्टिकोणको व्यापकता रहेको यस समालोचनामा कृतिगत सौन्दर्यको उद्घघाटन र वैशिष्ट्यलाई सुव्यवस्थित ढङ्गले विवेचनाअन्तर्गत राखिएको छ।

वस्तुत: *मुनामदन*लाई नेपाली समाजमा प्रसिद्ध र लोकप्रिय काव्यको रुपमा चिनाउने क्रममा विभिन्न समालोचकहरूले विभिन्न कारणहरूको उल्लेख गरेका पाइन्छन्। तीमध्ये नित्यराज पाण्डे, तारानाथ शर्मा, वामदेव पहाडी आदिका धारणाहरूलाई सन्दर्भका रुपमा प्रस्तुत गर्दै तिनकै रचनात्मक प्रतिक्रियास्वरुप राजनारायण प्रधानले आफ्नो विचार राखेका छन्। *मुनामदन*को सन्दर्भमा प्रधानद्वारा प्रतिपादित चार किसिमका विचारहरूलाई निम्नलिखित रुपमा अङ्कन गर्न सकिन्छ-

- दु;खान्त कथावस्तु : हृदय विदीर्ण गराउने कारुणिक वा दु:खान्त कथा *मुनामदन*को लोकप्रियताको पहिलो कारण हो। यसले समग्र जीवनलाई प्रभावित पारेको छ।
- आध्यात्मिक चेतनाको विकास : आध्यात्मिक चेतनाद्वारा मानसिक परितुष्टि प्रदान गर्नु *मुनामदन*को लोकप्रियताको दोस्रो कारण हो। मुनाको माया नै यहाँ आध्यात्मिक वस्तु बनेको छ, जसको अघि सुनका थैलाहरू समेत तुच्छ र निरर्थक बनेका छन्।
- स्वच्छन्दतावादी भावको प्रबलता : नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी काव्यधाराका महान् प्रवर्तक हुन्। यसको फलस्वरुप *मुनामदन*मा स्वच्छन्दतावादी विचारधाराको सबल प्रयोग पाइन्छ। वास्तविक संसारदेखि टाडा कल्पनालोकको विचरण गर्नु, अवाध गतिले निश्छल प्रकृतिको चित्रण गर्नु, वड्‌र्सवर्थले भनेझैं सशक्त भावनाहरूको सहज अभिव्यक्तिद्वारा पाठकहरूको हृदय स्पर्श गर्नु जस्ता कुराहरूमा व्यक्तिएको स्वच्छन्दतावादी विचार यसको लोकप्रियताको तेस्रो कारण हो।
- भाषाको चमत्कारपूर्ण प्रयोग : शब्दहरु कुँदेर राख्ने र अलङ्कारहरूलाई सजाएर स्वाभाविक एवं सुन्दर रुप दिने देवकोटाको भाषा *मुनामदन*को लोकप्रियताको चौंथो कारण हो। देवकोटामा साधारण कुरालाई पनि असाधारण युक्तिले भन्न सक्ने तथा सानासाना वाक्यहरुमै अर्थको विशालता अँटाउन सक्ने सामर्थ्य छ, जसले पाठकहरूको मुटुविन्दुलाई सजिलैसँग छुन पुग्दछ।

उपर्युक्त चार थरिका कृतिपरक दृष्टिकोण नै *मुनामदन*को व्याख्या-विश्लेषणमा सर्वोपरि रहेको पाइन्छ। समग्रमा कृति कस्तो र कुन सौन्दर्यले विभूषित छ भन्ने देखाउनु नै राजनारायण प्रधानको ध्येय रहेकोले यसमा व्याख्यात्मक समालोचनाको विशेषता परिलक्षित रहेको छ भन्न सकिन्छ।

*लक्ष्मी निबन्ध सङ्ग्रह*

सन् 1945 मा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको उत्कृष्ट कृति *लक्ष्मी निबन्ध सङ्ग्रह*का आत्मपरक निबन्धहरूमा निहित स्वच्छन्दतावादी तत्त्वहरूका निरीक्षणतिर प्रस्तुत समालोचना उन्मुख रहेको पाइन्छ। राजनारायण प्रधानले स्वच्छन्दतावादी प्रवृत्तिका आधारमा *लक्ष्मी निबन्ध सङ्ग्रह*को पर्यवेक्षण गरेका छन्। स्वच्छन्दतावाद अठारौं शताब्दीदेखि व्यापक रुपले पाश्चात्य साहित्यमा चलेको सिद्धान्तविशेष हो। विवेक र नीतिको अपेक्षा प्रकृति या स्वभावलाई, संयमको अपेक्षा मुक्त अभिव्यक्तिलाई, परम्पराको अपेक्षा प्रवाहलाई र विधानको अपेक्षा विद्रोहलाई प्रधानता दिनु[६२] यसको मूल अभीष्ट रहेको पाइन्छ। यस सिद्धान्तमा रुसोको वैयक्तिकता, स्वतन्त्रता र मानवताप्रतिको धारणा, वर्डस्वर्थको सर्वात्मवादी विचार, कलरिजको कल्पना सिद्धान्त, शेलीको मानवताप्रेम, किट्सको सौन्दर्यप्रेम, वाइरनको जीवनप्रतिको अवाध उत्साह आदि कारकतत्त्वका रुपमा रहेका देखिन्छन्।[६३]

स्वच्छन्दतावादीहरू प्रकृतिलाई अखण्डित, अपरिमित एवं अनन्त सत्ताको रुपमा स्वीकार गर्दछन्। यसअनुरुप कृत्रिमता र यान्त्रिकतादेखि टाडा प्रकृति भनेको एउटा यस्तो शक्ति हो, जसले मान्छेलाई आफ्नो मातृभूमिसँग जोडेर राख्नका साथै खुल्ला नीलो आकास तथा पहाड कन्दराहरूले घेरेर राख्दछ।[६४] यिनै स्वच्छन्दतावादी मान्यता र अभिव्यक्तिमा देवकोटाका निबन्धहरू ओतप्रोत रहेका पाइन्छन्। देवकोटाले स्वच्छन्दतावादलाई आत्माको विजयघोष मान्दै यसको मूल प्रवृत्ति भावनाप्रेरित कल्पनातिरेक हो भन्ने मान्यतामा आफूलाई चिनाएका

६२[६२] भानुभक्त पोखरेल, वि. सं. 2059, *सिद्धान्त र साहित्य*, ललितपुर: साझा प्रकाशन, दो. सं. पृ. 45

६३[६३] पूर्ववत्, पृ. 43 - 44

६४[६४] ह्यारी ब्लामाइर्स, 2009, *अ हिस्ट्री अफ् लिटरेरी क्रिटिसिज्म*, म्याकमिलन पब्लिसर इन्डिया लि., पृ. 218

छन्। यिनै कुराहरूलाई समालोचक प्रधानले देवकोटाका निबन्धहरूको प्रेरक तत्त्व मानेका छन्।

प्रकृतिभन्दा अलग्ग मान्छेको कुनै स्वतन्त्र सत्ता छैन र प्रकृतिभन्दा भिन्न कुनै आत्मतत्त्व छैन[६५] भन्ने प्रकृतवादी विचारधाराकै सम्याख्यानमा देवकोटाका निबन्धहरू आत्माको आवेगको स्वच्छन्द अभिव्यक्ति लिएर देखापरेका छन्। प्राकृतिक रुपमा वस्तुको सौन्दर्य वर्णन उनको निबन्धगत विशेषता रहेको पाइन्छ। राजनारायण प्रधान लेख्छन् — विशुद्ध मानव हृदय हामी ग्राम्यजीवनमा पाउँछौ जहाँ मानिस सभ्य जीवनका जटिलता र कृत्रिमतादेखि अपरिचित छन्। देवकोटामा पनि हामी ग्राम्यजीवन, पहाडीजीवनप्रति उत्कट मोह देख्छौं। यहाँ शहरको झिलिमिलि छैन, न घर्घराहट जसले मानवताका कल-पुर्जाहरू थर्थराउँदै घर्घराउँदै जीवनको प्राकृतिक आर्यपना खलबल्याउँछ। यहाँ कृत्रिमता छैन, जसले मनुष्य आत्माउपर अत्याचार गर्दछ। यहाँ जीवन प्राकृतिक छ।[६६]

*लक्ष्मी निबन्ध सङ्ग्रह* देवकोटाको स्वच्छन्दतावादी भाव वा विचारले सिञ्चिएको एउटा जीवन्त कृति हो। यसको भाषा चित्रमय, सङ्गीतमय र नित्य नव नव नवीनताको चेतले सुसज्जित छ भन्ने राजनारायण प्रधानको भनाई छ। उनले देवकोटाका 37 वटा निबन्धहरूलाई गुणात्मकताको मापनमा सम्यक् दृष्टिले हेरेका छन्। यसमा उनका कृतिजनित विचारहरू निम्न रुपमा उद्धुत रहेका पाइन्छन्-

- देवकोटाको कल्पना शक्ति दिव्यदृष्टि समान शास्वत र अनन्त छ।
- देवकोटाले आफ्ना निबन्धहरुमा प्रकृतिसँग सम्पर्कित भई प्राकृतिक सौन्दर्यको प्रशंसा मुक्तकण्ठले गरेका छन्।

---

६५[६५] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. 56

६६[६६] राजनारायण प्रधान, 1973, पूर्ववत्, पृ. 115

- देवकोटाको भाषा पनि प्राकृतिक रुपले आनन्दप्रद र अटुट प्रवाहमा प्रवाहित रहेको पाइन्छ।
- नयाँनयाँ शब्द सृजना देवकाटोका लेखनीका मौलिक गुणविशेषता हो भने अनुपम र अप्रतिम वाक्यहरु उनको लेखनका अमर वाणीहरू हुन्।
- परमानन्द घनीभूत हुने लयदार, रङदार, कलात्मक, चित्रात्मक र सङ्गीतात्मक वाक्यहरूको रचना *लक्ष्मी निबन्ध सङ्ग्रह*को दह्रिलो पक्ष हो, जहाँ वस्तुगत सौन्दर्यहरूको विचित्र झलक पाइन्छ।[६७]

राजनारायण प्रधानले स्वच्छन्दतावादी तत्त्वहरूको समायोजन, भाषिक सौन्दर्यचेत, भावसम्प्रेषण आदिका दृष्टिले लक्ष्मी निबन्ध सङ्ग्रहको व्याख्या गर्नुलाई अधिक महत्त्व दिएका छन्।

*मसान*

गोपालप्रसाद रिमालद्वारा लिखित नाटक *मसान*को प्रकाशन सन् 1945 सालमा भएको हो। आधुनिक नेपाली नाटक साहित्यलाई नयाँ मोडतिर उन्मुख गराउनुमा यस नाटकको छुट्टै मूल्य रहेको पाइन्छ। नर्वेली नाटककार हेनरिक इब्सनले *अ डोल्स हाउस* लेखेर सुरु गरेको समस्या नाटक लेखन परम्परालाई रिमालले नेपाली साहित्यमा उचित प्रयोगद्वारा प्रवर्तन गरेका छन्। यसैले *मसान*बारे बहुसंख्यक नेपाली समालोचकहरूले कलम चलाएको देखिन्छ। प्रस्तुत लेखमा राजनारायण प्रधानले विश्लेषणात्मक तथा तुलनात्मक दृष्टिका प्रतिमानमा सम्बन्धित नाटकको पर्यवेक्षण गरेका छन्। *मसान* एउटा समस्या नाटक भएकोले यथार्थवादी चेतनाबाट यसका प्रत्येक सूत्रहरू अनुप्राणित छन्। समालोचक प्रधानले यस

---

६७[६७] पूर्ववत्, पृ. 109 - 118

नाटकलाई इब्सेनको *अ डोल्स हाउस*सँग तुलना गर्दै यी दुवै नाटकका नारी पात्रहरूमा तीव्र विरोधाभास देखिनुका परिस्थितिहरूबारे दृष्टि पुऱ्याएका छन्। प्रधानअनुसार उक्त दुवै नाटकका नारीहरू समाजमा नारीको समुचित सम्मान नभएको यथार्थबोधले पिरोलिएर विद्रोहको बाटो अपनाउन पुगेका छन्। *मसान*की युवती र *अ डोल्स हाउस*की नोरा यी दुवैको विद्रोह समाजका तथाकथित नैतिकता, पौरुषिक दृष्टि एवं पुरुषनिर्मित ती तमाम नियमहरूप्रति रहेको कुरा प्रधानद्वारा विवेचित छन्।

समस्या नै केन्द्रिय तत्त्वका रुपमा रहने समस्या नाटक लेखनका विभिन्न तात्त्विक स्वरुपहरूको चर्चा गर्दै राजनारायण प्रधानले *मसान*का अन्तर्वस्तुगत तथ्यहरूको विश्लेषण गरेका छन्। उनी लेख्छन् — मसान एउटा समस्या नाटक हो। समस्यामूलक यस नाटकले ढोंग र आडम्बरको पर्दा च्यातेको छ, मिथ्या र पुराना आदर्शलाई उच्च स्थानदेखि अपदस्त गरेको छ। यसैले यसलाई भ्रमनिवृत्तिको नाटक अर्थात् ड्रामा अफ् डिस्इल्युजन भने हुन्छ।[६८] वस्तुत: *मसान* वैवाहिक जीवनलाई अभिशप्त रुपमा प्रस्तुत गर्दै समाधानहीन समस्यामा केन्द्रित रहेको नाटक हो भन्ने प्रधानको मान्यता रहेको पाइन्छ। यस नाटकमा परम्परागत पद्धतिलाई बहिष्कार गरिएको छ भने अन्तमा विवादस्पद प्रश्नहरूलाई छोडेर कौतूहल परिस्थितिको सृजना गरिएको छ। यसरीनै नाटकमा स्वगत कथनबिनै नाटकीय युक्तिहरूको सफल प्रयोग गरिएको छ। यिनै विशेषताहरूको वर्णन सूक्ष्मतापूर्वक गर्दै प्रधानले प्रशस्त आधारहरू जुटाएर *मसान*लाई समस्या नाटकको कित्तामा राखेका छन्।

*चिसो चूह्लो*

*चिसो चूह्लो* वि. सं. 2016 मा प्रकाशित बालकृष्ण समको महाकाव्य हो। यसलाई राजनारायण प्रधानले काव्यशिल्पको दृष्टिले श्रेष्ठ कलाकृति र कलात्मकताको दृष्टिले सर्वथा

६८[६८] पूर्ववत्, पृ. 127

नवीन एवं स्मरणीय अध्याय मानेका छन्। महाकाव्य लेखनका कतिपय परिभाषा वा सैद्धान्तिक अवधारणाहरूका विपरीत ध्रुवमा समद्वारा *चिसो चूह्लो* लेखिएको पाइन्छ। राममणि रिसालअनुसार महाकवि देवकोटा र महाकवि सोमनाथले उचालेको काव्यमार्ग *चिसो चूह्लो*मा पुगेर फेरिएको छ। नयाँ काव्यपद्धतिको श्रीगणेश, महाकाव्य-मान्यताको आधुनिकता र बौद्धिक विविधता लिएर सम नेपाली काव्य लहरमा उभिएका छन्।[६९] अत: *चिसो चूह्लो* सामाजिक कथावस्तुले विस्तार पाएको समको महान् उपलब्धि रहेको कुरा थाहा पाइन्छ।

राजनारायण प्रधानले आफ्नो विश्लेषणमा *चिसो चूह्लो*को जीवन दर्शन मूलत: मानवतावादी रहेको किटान गरेका छन्। यस महाकाव्यमा प्रेमलाई आध्यात्मिक वस्तुको रुपमा परिभाषित गरिएको छ साथै महाकाव्यमा कुलीन नायक हुनुपर्ने व्यष्टिवादी कल्पनाको प्रतिकूल जनतन्त्रीय एवं मानवतावादी विचार उठेको छ। यसैको फलस्वरुप समाजमा तल्लोवर्गको मानिने एकजना दमाई युवक नायकको रुपमा प्रतिष्ठापित भएको पाइन्छ भन्ने प्रधानको भनाई रहेको पाइन्छ। उनले मानव र मानवीय जीवनमूल्यको आख्यानले प्रकाश पाएको आलोच्य कृतिमा मानव अस्तित्व स्थापित हुनका साथै मानवताको विजय उद्घोषित छ भन्ने निर्णय दिएका छन्।

प्रधान लेख्छन् -*चिसो चूह्लो*को मूल स्वर मानवताको विजय हो। महाकाव्यकार समले काव्यमा मानवताको गरिमा र महिमाको प्रतिपादन गरेका छन्।[७०] यसबाहेक प्रधानले *चिसो चूह्लो*मा निहित सामाजिक चेतना र सांस्कृतिक दिग्दर्शनबारे पनि व्याख्या गरेका छन्। उनको विचारमा *चिसो चूह्लो*-भित्र नयाँ समाज निर्माणको चाहनाले सामाजिक चेतनाको गोरेटो पहिल्याएको छ र वीरत्वको पुनर्प्रतिष्ठानका निम्ति सांस्कृतिक भाव व्यञ्जित भएको छ।

---

६९[६९] राममणि रिसाल, वि. सं. 2069, *नेपाली काव्य र कवि*, ललितपुर: साझा प्रकाशन, छै. सं. पृ. 63

७०[७०] राजनारायण प्रधान, पूर्ववत्, पृ. 143

*चिसो चूह्लो*मा छन्दविधानको पनि विशेष महत्त्व पाइन्छ। यसका कतिपय पंक्तिहरूमा मात्रा र तुकान्तको नियम नपाए पनि लयद्वारा नै छन्दको सृष्टि भएको छ भन्दै विवेच्य कृतिको सर्वाङ्गीन पक्षतिर दृष्टि राखेर प्रधानले भाषाको प्रौढ र परिष्कृत रुपबारे पनि आफ्नो मत प्रकट गरेका छन्। उनको मतानुसार समले परम्परागत काव्यशैली वा पद्धतिको अनुसरण नगरी आफ्नो प्रतिभा वा सामर्थ्यको बलमा शैलीलाई भव्य, उदात्त र गरिमामय बनाएका छन्। यस महाकाव्यमा प्रयुक्त भाषा लाक्षणिक, ध्वन्यात्मक, चित्रात्मक, गीतात्मक र आलङ्कारिक आदि विशेषताहरूले भरिपूर्ण रहेको पाइन्छ। यसकारण पनि यो महाकाव्य नेपाली साहित्यको चरम उपलब्धि बनेको छ भन्ने प्रधानको निर्णयात्मक विचार अभिव्यक्त भएको देखिन्छ।

*पल्लो घरको झ्याल*

*पल्लो घरको झ्याल* वि. सं. 2016 मा प्रकाशित गोबिन्दबहादुर मल्ल 'गोठाले'-को उपन्यास हो। यसलाई राजनारायण प्रधानले नेपाली उपन्यासको क्षेत्रमा नयाँ पाइलो तथा मनोवैज्ञानिक विश्लेषण भएको प्रथम उपन्यास भनेका छन्। मनोवैज्ञानिक कृतिमा बाह्य जगतका स्थूल घटनाहरूको चित्रण नभएर व्यक्तिको अन्तर्जगतका सूक्ष्म व्यापारहरूको अङ्कन गरिन्छ। यसैको सेरोफेरोमा प्रधानले *पल्लो घरको झ्याल*माथिको आफ्नो हेराईलाई मनोवैज्ञानिक आयाम सुम्पेका छन्। अत: प्रस्तुत समालोचना प्रकारविशेषले मनोविश्लेषणात्मक रहेको पाइन्छ।

*पल्लो घरको झ्याल*मा पात्रको मानसिक विश्लेषणको प्राधान्य छ तापनि यसमा औपन्यासिक तत्त्वहरूको अवहेलना छैन।[७१] सामान्य रुपमा मिसरी पोइल गएकी कथाले विभिन्न घटनाहरूलाई दक्षतापूर्वक बुन्दै लगेको यस उपन्यासमा प्रकृतवादी तत्त्वहरूको संयोजन साथै फ्रायडीय मनोविज्ञानको उपयोग सफल ढङ्गले गरिएको छ भन्दै राजनारायण प्रधानले तत्सम्बन्धी आफ्नो समालोचकीय विचार राखेका छन्। मानवका स्वाभाविक मनोवृत्ति र नैसर्गिक व्यापारहरूको यथातथ्यात्मक चित्र प्रस्तुत गर्नु प्रकृतवादको विशेषता हो।[७२] परिवेशका सशक्त प्रभावहरूले कसरी मानवात्मालई वीभत्स परिणामतिर ढकेल्दछ भन्ने कुराको तादात्म्य मिसरी पोइल जानुको दु:खलाग्दो तर यथार्थ घटना देखाएर उपन्यासमा प्रकृतवादी मान्यताको प्रक्षेपण गरिएको छ भन्ने प्रधानको धारणा रहेको छ। यसरीनै उपन्यासमा काम अभुक्ति वा कुण्ठाको व्यग्रतापूर्ण तहअनुरूप फ्रायडवादको सफल प्रयोग गरिएको छ। प्रधानको भाषामा मिसरीको लोग्ने निर्धो, कमजोर र हीनताबोधले ग्रस्त हुनु नै मिसरीको मनको गोप्यतामा वैकारिक तनाव उत्पन्न हुनको कारण हो। मिसरी आफ्नो पतिमा प्रहसनप्रियता, हठ र दम्भ देख्न चाहन्छे, तर उसको लोग्ने हीनताबोध र कुण्ठाले ग्रसित एउटा उदासीन पात्र रहेको पाइन्छ। यसको फलस्वरुप हीरामान नामधारी गुण्डोलाई मिसरीले आफ्नो मनको दमित इच्छा पूर्ति गर्ने प्रबलतर यौन प्रतीकको रुपमा अचेतनावश स्वीकार गर्न पुगेकी छ। व्यक्तिगत विषयहरूको प्रकाशन तथा मानस स्तरमा भइरहने व्यक्तिका अन्तर्द्वन्द्वहरूको विश्लेषणलाई अभीष्ट बनाइएकोले *पल्लो घरको झ्याल* एउटा सफल मनोवैज्ञानिक उपन्यास हो भन्ने मूल्याङ्कन राजनारायण प्रधानले गरेका छन्।

*अनुराधा*

---

७१[७१] पूर्ववत्, पृ. 162

७२[७२] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. 58

प्रस्तुत समालोचना विजय मल्लको उपन्यास *अनुराधा*माथि लेखिएको छ। फ्रायडीय मनोविश्लेषण यसको एउटै मात्र आधार रहेको देखिन्छ। राजनारायण प्रधानले सिग्मन्ड फ्रायडका मनसम्बन्धि विभिन्न अवधारणाहरूको उल्लेख गर्दै *अनुराधा* उपन्यासको सुव्यवस्थित अध्ययन गरेका छन्। उनी लेख्छन्- फ्रायडीय मनोविश्लेषण *अनुराधा*को एउटा र एकमात्र आधार हो भन्छु। मनोविश्लेषणको यति व्यापक र सुन्दर प्रयोग भएको अर्को नेपाली उपन्यास छैन।[७३]

प्रधानको भाषामा *अनुराधा* असाधारण चित्तवृत्ति भएका दुई पात्र कोमलमान र अनुराधाका मूलभूत प्रवृत्तिहरू तथा द्वन्द्वात्मक मनोवृत्तिहरूको सफल प्रतीकीकरण गरिएको उपन्यास हो। यसमा चेतन मन र अचेतन मन तथा इद र आदर्श अहम् बीचको द्वन्द्वात्मक अवस्थाबाट सिर्जित चित्तविकृतिलाई देखाइएको छ साथै त्यसैको विस्तारमा उपन्यासको सम्पूर्ण कथा केन्द्रित छ भन्ने दह्रो व्याख्या राजनारायण प्रधानले गरेका छन्।

प्रधानले उपन्यासका दुई पात्र कोमलमान र अनुराधाको मानसिक संसार परिक्रमा गरेर तिनीहरूमा व्याप्त चेतन, अचेतन क्रियाहरू, इद र आदर्श अहम् अर्थात् सुपर इगोका सङ्घर्षहरुबारे छलफल गरेका छन्। उनले मनोगत व्यापारका आधारमा कोमलमानलाई मातृरति ग्रन्थी भएको, सङ्घर्ष-तनावले ग्रस्त, स्वत्त्व हराएको, काम विपर्यासले आत्मपीडक बनेको व्यक्तिको रुपमा वर्णन गरेका छन्। यसरीनै अनुराधालाई इलेक्ट्रा मनोग्रन्थी भएकी, संविभ्रमले ग्रस्त, रुग्णताको चरम स्थितिमा पुगेकी, आत्मरति भएकी व्यक्तिको रुपमा वर्णन गरेका छन्। मनलाई व्यक्तिको मूलको रुपमा स्वीकार गर्ने फ्रायडले मनको विवेचनालाई दुई पक्षमा बाँडेका छन् — आकारात्मक र गत्यात्मक।[७४] आकारात्मक पक्षमा चेतन, अवचेतन र अचेतन मनको सत्ता कायम रहन्छ भने गत्यात्मक पक्षमा इद, अहम् र पराहम्

---

७३[७३] राजनारायण प्रधान, पूर्ववत्, पृ. 178

बीचमा रहने द्वन्द्व र सङ्घर्षको स्थिति रहन्छ। यी दुवै प्रकारका पक्षहरूको व्याख्या र विश्लेषण प्रस्तुत समालोचनामा भएको पाइन्छ।

*आज रमिता छ*

राजनारायण प्रधानको दृष्टिकोणमा *आज रमिता छ* दार्जिलिङको मानसिकतालाई समग्रतामा उतारिएको उपन्यास हो। यसमा स्थानिक, कालिक, समाजशास्त्रीय आदि महत्त्वका साथै पात्र र परिस्थितिसित उपन्यासकारको रागात्मक सम्बन्ध टडकारो रहेको देखिन्छ। प्रधानले समाजशास्त्रीय परिपाटीलाई अपनाएर उक्त समालोचना लेखेका छन्। *आज रमिता छ*को मूल प्रेरणा सामाजिक यथार्थ हो भन्ने किटानका साथ उनले यथार्थवादी लेखनमा अपरिहार्य मानिने शिल्पसाधनहरूको सफलतापूर्वक प्रयोग इन्द्रबहादुर राईबाट भएको मत प्रकट गरेका छन्। प्रधानअनुसार कथावस्तुको दृष्टिले महत्त्वहीन रहेका पात्र र स्थानको सूक्ष्म अनि विस्तृत वर्णन, स्थानीय र सामयिक घटनाहरू तथा रीतिरिवाजको गन्थन, पात्रका संवादमा सामाजिक र प्रादेशिक स्तरअनुसारको भाषा प्रयोग आदि शिल्पसाधनहरूको प्रयोगले उपन्यासलाई यथार्थवादी रुपमा अङ्कन गरेको कुरा स्पष्ट हुन आउँछ।

राजनारायण प्रधानले आफ्नो व्याख्या-विश्लेषणमा सामाजिक जीवन नै उपन्यासको कथावस्तु रहेको बताएका छन्। उनी *आज रमिता छ*मा पात्र र वातावरणको पारस्परिक अनुकूलताअनुरुप जीवनशैलीको यथार्थ प्रस्तुति रहेको बताउँछन्। उपन्यासमा पात्रको आन्तरिक व्यक्तित्वको उद्घाटन अप्रत्यक्ष चित्रणविधिद्वारा भएको तथा मानव चरित्रको विविधतापूर्ण अध्ययन गरिएको कुरा प्रधानले गरेका छन्। पात्रहरूको मानसिक विश्लेषण रोचक र प्रशंसनीय रहनुका साथै तिनीहरूको चरित्रअनुकूल हास्य स्तरलाई पनि समावेश

---

७४[७४] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, विं. स. 2063, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, दो. सं. पृ. 172

गरिएको छ भन्ने प्रधानको भनाई रहेको पाइन्छ। यिनै कारणहरूले गर्दा एउटा सामाजिक उपन्यासको रुपमा *आज रमिता छ*को महत्त्व प्रदर्शित भएको कुरा प्रधानले गरेका छन्।

*तरुण-तपसी*

*तरुण-तपसी* शीर्षक समालोचना प्रकारका दृष्टिले निर्णयात्मक तथा शास्त्रीयतावादी रहेको पाइन्छ। यसमा राजनारायण प्रधानले कलात्मक काव्यसौष्ठवको व्यापकता र महत्ताको कारण लेखनाथको *तरुण-तपसी*ले नेपाली काव्य-इतिहासमा नवीन अध्याय जोडेको छ भन्ने विचार व्यक्त गरेका छन्। प्रधानले काव्यवैशिष्ट्यका आधारमा *तरुण-तपसी*लाई लेखनाथको सर्वोत्कृष्ट सृजना, लेखनाथको चरम उपलब्धि, नेपाली साहित्यको महान् उपलब्धि र लेखनाथका मुख्य कृतिहरूको निचोड भनेर आफ्ना निर्णयहरू दिएका छन्।[७५] यसका अतिरिक्त *तरुण-तपसी* सोझो रुपमा तरुको आत्मकथा वा आत्मव्यथा हो, कविको काव्यजीवनको इतिवृत्त हो, वैचारिक उपलब्धिहरुको आकास हो, यो एक श्रेष्ठ कलाकृति हो भन्ने निर्णयहरू पनि प्रधानले गरेको पाइन्छ।

लेखनाथका काव्य सम्बन्धमा सिद्धिचरण श्रेष्ठ, रत्नध्वज जोशी, वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली र रेवतीरमण खनाल आदिद्वारा अभिव्यक्त वैचारिक मतहरूलाई सन्दर्भका रुपमा प्रस्तुत गर्दै तिनकै समानान्तर राजनारायण प्रधानले आफ्नो कुरा भनेका छन्। प्रधानअनुसार महाकाव्यका विशेषताहरु लक्षित रहेको *तरुण-तपसी* मानवीय सौन्दर्यको पक्षमा उभिएर जीवनका चिरन्तन मूल्य र शास्वत सत्यहरूको व्ञ्जजना गरिएको कृति हो। अर्को शब्दमा लेखनाथको प्रतिभाको आढ्यता, कल्पनाको प्रखरता र मानव जीवनप्रतिको गम्भीर ज्ञानले भरिपूर्ण रहेको यो कृति प्रकृति-पर्यवेक्षण शक्तिको मनोरम उद्यान हो।

---

७५[७५] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. 195

राजनारायण प्रधानले वस्तुवर्णन, रसपरिपाक, सौन्दर्यचित्रण, सुसज्जित भाषाशैली, अलङ्कारयोजना आदिले *तरुण-तपसी*को काव्यत्व सङ्गठित रहेको बताएका छन्। यसमा शान्त रसलाई मुख्य रस र शिखरिणी छन्दलाई मुख्य छन्दको रुपमा उपयोग गरिएको पाइन्छ। तथापि श्रृङ्गाररस, करुणरस, अद्भुतरस, भयानकरस, वीभत्सरस, हास्यरस आदिको परिपाकसँगै *तरुण-तपसी*मा अलङ्कारहरूको प्रयोग पनि रमणीय ढङ्गमा गरिएको छ भन्ने प्रधानको भनाई रहेको छ। उनले शब्दालङ्कार र अर्थालङ्कार दुवै थरीका अलङ्कारहरूको प्रयोगले लेखनाथको भाषाशैली कलात्मक र सुदीर्घ काव्य साधनाको हिमायती बनेको छ भन्ने विचार राखेका छन्।

*शिरीषको फूल*

कुनै साहित्यिक कृति पढेपछि ग्रहण गरेका प्रभावहरुलाई गहिरिएर विश्लेषण गर्ने क्षमताका साथ अभिव्यक्तिको मार्ग अख्तियार गर्नु राजनारायण प्रधानको समालोचकीय विशेषता रहेको देखिन्छ। यसैले उनका समालोचनाहरूमा विश्लेषणका सूक्ष्मातिसूक्ष्म पद्धतिहरू समाहित रहेका पाइन्छन्। *शिरीषको फूल* संख्याको हिसाबले चौधौं र सङ्ग्रहको अन्तिम समालोचना हो। यस समालोचनाको केन्द्रमा पारिजातद्वारा लिखित *शिरीषको फूल* उपन्यास रहेको छ। राजनारायण प्रधानले *शिरीषको फूल*लाई अत्यन्त प्राणयुक्त र जीवन्त पात्रहरूको कारण कणकणमा रोचकता भरिएको उपन्यास भनी चर्चा गरेका छन्। यस उपन्यासमा अन्तरङ्ग दृष्टिकोणलाई साधनको रुपमा प्रयोग गरिएको छ भन्दै प्रधानले पात्रविधानको केन्द्रियतामा औपन्यासिक विषयवस्तुको छानबीन एवं व्याख्या गरेका छन्। उनी उपन्यासका पात्र सुयोगबीरलाई विसङ्गतिहरूको सङ्ग्रहालय र सकमबरीलाई अस्तित्ववादको सम्मुखीन निराशाले भग्न भएकी विसङ्गत पात्र मान्दछन्।

जीवनलाई महत्त्व दिने थोकहरूदेखि विश्वास हराएको सुयोगबीरको चित्रण एकजना निस्सार र शून्य प्राणीको रुपमा भएको छ। उसको निम्ति परिवार, प्रेम, वीरता, सन्तोष, इच्छा-

आकांक्षा सबै अर्थहीन र मूल्यहीन बनेका छन्। राजनारायण प्रधानले सुयोगबीर झैं निस्सार र आस्थाहीन भएर बाँचेकी बरीको चरित्र 'आफ्नो निम्ति फुल्नु र आफ्नु इच्छाले झर्नु' भन्ने आस्तित्विक धारणासँग सम्बद्ध रहेको बताएका छन्। बरीमा निरीश्वरवादिता व्याप्त छ। अस्तित्ववादको विराट छत्रछायाँमा पोषित निराशावादी प्रवृत्तिहरूले उसको मानसलाई शून्यता, निस्सारता, दु:ख, सङ्घर्ष, मृत्यु जस्ता विसङ्गतिमय सङ्घातहरूतिर आकृष्ट गराएका छन् भन्ने प्रधानको भनाई छ। संसारमा विसङ्गत तत्त्वहरू धेरै छन्, जसले गर्दा मान्छेको स्थिति अनिश्चित छ भन्ने तर्क राख्दै अस्तित्ववादीहरू संसारको वास्तविकतालाई अस्वीकार गर्छन् र व्यक्तिको छुट्टै स्वतन्त्रताको पक्षमा बोल्छन्। बरीलाई यस्तै पात्रको रुपमा चित्रण गर्नु प्रधानको ध्येय रहेको देखिन्छ।

प्रधानले आफ्नो विश्लेषण प्रक्रियामा तुलनात्मक दृष्टिलाई पनि वरण गरेका छन्। उनी *अनुराधा* उपन्याससँग *शिरीषको फूल*को तुलना गर्दै लेख्छन् — दुई पात्रमा मात्र दृष्टि राखेर बढेका दुई उपन्यास *अनुराधा* र *शिरीषको फूल* छन्। एउटामा मूल्यको आधार मनोविश्लेषणात्मक छ, अर्कोमा दार्शनिक छ।[७६] निष्कर्षमा उपन्यासकारको व्यक्तित्व प्रदर्शित भएकोले *शिरीषको फूल*को स्थायी शक्ति चरित्रचित्रणमा निहित छ र भाषाशैलीमा पाठकलाई प्रभाव पार्नसक्ने प्रचण्ड बहाव छ भन्ने कुरा प्रधानले व्यक्त गरेका छन्।

### 2.3.2 *विश्वका दश महान् नाटक — अध्ययनहरू* समालोचनात्मक कृतिको विश्लेषण

*विश्वका दश महान् नाटक — अध्ययनहरु* सन् 1983 मा प्रकाशित राजनारायण प्रधानको दोस्रो समालोचनात्मक कृति हो। सन् 2005 मा मेसर्स प्रिन्टेड, 5 माइल, तादोङ, सिक्किमबाट यसको दोस्रो संस्करण प्रकाशित भएको पाइन्छ। यस कृतिको निम्ति उनलाई 1984 मा पश्चिम बङ्गाल सरकारद्वारा भानु पुरस्कारले पुरस्कृत गरिएको थियो। यसमा प्रधानका जम्मा

७६[७६] राजनारायण प्रधान, पूर्ववत्, पृ. 238

दशवटा नाटकसम्बन्धि समालोचनाहरू समाविष्ट छन्। ती हुन् — सोफक्लिजको *राजा इडिपस*, शेक्सपियरको *ह्यामलेट*, मोलियरको *तारतूफ*, इब्सेनको *बनहाँस*, बर्नाड शाको *हतियार र मान्छे*, चेखवको *मामा वान्या*, ओनिलको *इच्छा*, ब्रेख्टको *सेज्वानकी असल नारी*, आर्थर मिलरको *सेल्सम्यानको मृत्यु*, सामुएल बेकेटको *गोदोको प्रतीक्षा*। कृतिको मूल शीर्षकलाई नै समालोचनाको शीर्षक तोकेर आफ्ना दृष्टिहरूको प्रतिपादन गर्ने राजनारायण प्रधान कृतिकारको परिचय नदिई तथा उनीहरूको गुणगान नगरी उनीहरुका कृतिहरुको चर्चा गर्दैनन्। यो उनको मूलभूत प्रवृत्ति हो।[७७]

माथि उल्लिखित विश्वका दश महान् नाटकहरूको अध्ययन गर्ने क्रममा पनि प्रधानले नाटककारको संक्षिप्त परिचय, नाटकको कथासार र अन्तमा टिप्पणीको रुपमा आफ्नो समालोचकीय विचार राखेका छन्। नाटकहरू विश्व साहित्यबाट हटाइए विपुल तथा समृद्ध भण्डार चुँडिएर जानेछ[७८] भन्ने विचारका उनले दश विभिन्न नाटककारहरूका नाटकलाई विभिन्न दृष्टिकोणबाट हेरेर आफ्ना टिप्पणीहरू लेखेका छन्। तिनै टिप्पणीहरुको संक्षिप्त विश्लेषण प्रस्तुत गरिन्छ।

*राजा इडिपस*

*राजा इडिपस* साइनोले आफ्नो बाबु पर्ने थिब्स नामक देशका राजा लेओसको हत्या गरेर आफ्नै आमा जेकोस्टासँग बिहा गर्नपुग्ने व्यक्ति इडिपसको कथामा आधारित नाटक हो। यसलाई राजनारायण प्रधानले सोफक्लिजका 123 वटा नाटकहरूमध्ये अद्वितीय नमूनाको रुपमा स्वीकार गरेका छन्। प्रधानको दृष्टिकोणमा *राजा इडिपस* ग्रीक ट्रेजेडीहरुमध्ये

---

७७[७७] मेघनाथ छेत्री, 2009, *भारतीय नेपाली समालोचक र समालोचना*, दार्जिलिङ: श्रीमती पूर्णिमा शर्मा, पृ. 70

७८[७८] राजानारायण प्रधान, 2005, 'प्रस्तावना', *विश्वका दश महान् नाटक — अध्ययनहरु*, गान्तोक: मेसर्स प्रिन्टेड, पृ. क

सर्वश्रेष्ठ नाटक हो।  भ्रान्ति निवारणको लागि लेखिएको प्रस्तुत समालोचनामा प्रधान सर्वप्रथम नै दुई प्रकारका भ्रान्तिपूर्ण विचारहरूलाई लिएर अग्रसर भएका छन् — पहिलो इडिपसको दुर्भाग्यको कारण ’हमरतिया’ हो, जुन उसको क्रोध र दम्भमा देखिन्छ र दोस्रो यो एउटा नियतिवादी नाटक हो, जहाँ मान्छेको स्वतन्त्र इच्छा कार्यरत छैन।

महान् त्रासदी कस्तो हुनुपर्छ र यसबाट कसरी त्रास र करुणाको भाव जागृत भएर नैतिक भावनाको परितोष हुन्छ भन्ने सन्दर्भमा एरिस्टोटलद्वारा व्याख्यायित विभिन्न पक्षहरूमध्ये ’हमरतिया’ एउटा हो। यसलाई विद्वानहरुले चारित्रिक दोष, बौद्धिक दोष, गलत निर्णय, निर्णयात्मक भूल, अज्ञानतावश भएको भूल, त्रासद त्रुटि आदि अर्थहरू दिएका पाइन्छन्। इडिपसको सन्दर्भमा उसको सबैभन्दा ठूलो त्रुटि के थियो भन्ने प्रश्नको उत्तरस्वरुप विभिन्न विद्वानहरूले क्रोध र दम्भबारे चर्चा गरेका छन्, जसप्रति राजनारायण प्रधानको असहमति रहेको देखिन्छ। प्रधानले इडिपसको दुर्भाग्यको कारण ’हमरतिया’ हो, तर त्यो ’हमरतिया’ इडिपसको क्रोध र दम्भमा नभएर अज्ञानतावश गरिपठाएको जधन्य अपराधमा छ भन्ने निर्णय दिएका छन्। अर्कोतिर *राजा इडिपस* नियतिवादी नाटक भएकोले इडिपसको स्वतन्त्र इच्छा वर्जित छ र ऊ केवल देवताहरूका हातको कठपुतली भएको छ भन्ने नियतिवादी विचारको खण्डन गरिएको पाइन्छ। प्रधानले यस नाटकमा स्वतन्त्र इच्छा कार्यरत रहेको पुष्टि गर्दै इडिपसले नाटकमा जे पनि गरेका छन्, स्वतन्त्र कर्त्ता भएर गरेका छन् भन्ने विचार राखेका छन्।

उपर्लिखित कुराहरूबाहेक नियतिवादी अन्धा शक्तिको अघि मानसिक शक्तिको प्रदर्शन र मानव गरिमाको जय भएकोले *राजा इडिपस* एउटा मानव गरिमाको गाथा हो भन्ने निर्णय राजनारायण प्रधानले गरेका छन्। उनको दृष्टिमा सोफक्लिज एकजना इमानदार ट्रेजेडी लेखक हुन्। जसले एकजना ट्रेजेडी नायकमा हुनुपर्ने सामाजिक मूल्य, आदर्श भावना, महान्

र उदात्त चरित्र आदि विशेषताहरूतिर ध्यान दिएर एउटा पौराणिक गाथालाई श्रेष्ठ ट्रेजेडीमा परिणत गरेका छन्।

*ह्यामलेट*

प्रस्तुत समालोचनामा शेक्सपियरलाई सबभन्दा महान्, सर्वत्र प्रिय र अतुलनीय प्रतिभाको रुपमा चिनाउँदै नाटकको मूल नायक ह्यामलेटका चारित्रिक विशेषताहरूबारे विश्लेषण गरिएको पाइन्छ। नाटकमा प्रयुक्त भाषाबारे समेत संक्षिप्त चर्चा गरिएको यस समालोचनाको मूलभूत उद्देश्य भने चरित्र विश्लेषण नै रहेको देखिन्छ। यसमा ह्यामलेट लगायत नाटकमा चित्रित अन्य पात्रहरू ओफेलिया, होरेशियो, क्लडियस, पोलिनियस आदिको चरित्रबारे पनि विश्लेषण गरिएको पाइन्छ। सन् 1601 – 1602 तिर लेखिएको भन्ने अनुमाणित खाका प्रस्तुत गर्दै राजनारायण प्रधानले विलियम शेक्सपियरको नाटक *ह्यामलेट*लाई चारित्रिक विशेषताका दृष्टिले निरीक्षण गरेका छन्। ह्यामलेटको चरित्रबारे विभिन्न विद्वानहरूले व्यक्त गरेका गहन तर्कहरूको उल्लेख गर्दै प्रधानको निर्णयात्मक विचार अघि आएको देखिन्छ।

ह्यामलेटलाई डा. जोन्सनले बनावटी पागलपन भएको पात्र, विल्सन नाइटले अमानवीय व्यवहार भएको खलपात्र, ग्रेबनियरले स्वस्थ्य पात्र, अर्नेष्ट जोन्सले इडिपस ग्रन्थी भएको पात्र, ब्राडलीले रुग्ण विषादवृत्ति भएको पात्र भनेर चिनाएका छन्।[७९] यिनै प्रसङ्गहरूलाई सन्दर्भका रुपमा उल्लेख गर्दै प्रधानले यी सबैको अपेक्षा ह्यामलेट खुशी मिजासको, उच्च मानवताको सपना देख्ने तथा विवेक, शान्ति र सुखले भरिएको जीवन चाहने एकजना आदर्शवादी पात्र हो भनेका छन्। विशेषत: शेक्सपियरको युग मावनताले शोषणका साधनहरूबाट मुक्ति पाउन नसकिरहेको, आदर्श र यथार्थमाझ वैषम्य रहेको अनि छलकपट, पाप र पाखण्डले घेरिएको युग थियो। जसले गर्दा ह्यामलेटको रचना मानवताप्रति असीम

७९[७९] पूर्ववत्, पृ. 26 - 27

आस्था राखेर श्रद्धा र निकृष्ट, पाखण्ड वा भ्रष्ट विचाररहित मानवको कल्पनामा गरिएको थियो भन्ने मत यस समालोचनामा प्रकट भएको पाइन्छ।

ह्यामलेटको चरित्रबारे छलफल गर्दै राजनारायण प्रधानले ह्यामलेटलाई मानवता र आदर्शको पक्षमा रहेको प्रबल चरित्रको रुपमा चिनाएका छन्। नाटकमा ह्यामलेटको उद्देश्य क्लडियस, पोलिनियस, गट्रुड, रोजेनक्रात्स, गिल्जन्स्टर्न जस्ता भ्रष्ट र दिग्भ्रमित पात्रहरूको विरुद्ध सङ्घर्ष गर्नु रहेकोले ऊ एउटा सत्पात्र हो भन्ने राजनारायण प्रधानको भनाई रेहको छ। यसैले उनी लेख्छन्- सारा संसारका मानवलाई मुक्त र स्वतन्त्र देख्ने ह्यामलेटको आकांक्षा थियो र उसको सङ्घर्ष त्यही महान् आदर्शको निम्ति थियो। यसरीनै प्रधानले ह्यामलेटको बहुमुखी चरित्रको चित्रण गर्दै उसका विभिन्न गुणहरूबारे प्रकाश पारेका छन्। उनी लेख्छन् - ऊ मर्दछ एक महान् विवेक, दरवारीको नजर, सिपाहीको तलवार, विद्वानको जमान, अधिराज्यको आभूषण र आशा, रुपरङको नमूना।[८०] यसप्रकार ह्यामलेटका गुणहरूबारे प्रकाश पार्ने क्रममा प्रधानले तुलनात्मक दृष्टिलाई अँगालेका छन्। वास्तवमा ह्यामलेट एकजना उच्च, उदात्त चरित्र भएको महान् व्यक्ति हो, जसको महानता मृत्युपछि पनि प्रज्ज्वलित र दीप्त हुँदछ भन्ने मत प्रधानले प्रकट गरेका छन्।

*तारतूफ*

एउटा अन्तर्वार्तामा टेरी इगल्टनले भनेका छन् - जब हामी कुनै मूल्यबारेका समस्याको विवेचना गर्छौं, तब नै हामी अभिग्रहणबारेका वैचारिक र मनोवैज्ञानिक समस्याको पनि विवेचना गरिरहेका हुन्छौं।[८१] एउटा व्यक्तिको समस्या के हुन्छ भने ऊ चाडै नै आदर्शको विसङ्गतिले अविवेकी बन्न पुग्दछ। यही अवस्थाको सगोल चित्रण भएको नाटक हो

८०[८०] पूर्ववत्, पृ. 33

८१[८१] म्याथ्यु ब्युमोन्ट,2009, *टास्क अफ् द क्रिटिक: टेरी इगल्टन इन् डाइलग,* भर्सो लन्डन, पृ. 133

मोलियरको *तारतूफ*। यस नाटकलाई अध्ययन गर्ने क्रममा राजनारायण प्रधानले नाटककारको संक्षिप्त परिचय दिँदै भनेका छन् — शेक्सपियरको मृत्यु भएको 6 वर्षपछि सन् 1622 मा मोलियरको जन्म भएको हो। उनी सर्वश्रेष्ठ कमेडी लेखक हुन्। उनमा हास्य-व्यङ्ग्य र कल्पनाको प्राचुर्य छ। मोलियरको हास्यको क्षेत्र असीम छ। यसैद्वारा उनी गाम्भीर्य र शिखर प्राप्त गर्छन्।[८२] प्रस्तुत भनाईबाट प्रधानको दृष्टिचेत थाहा पाउन सकिन्छ। उनले *तारतूफ*लाई एउटा उच्च कमेडीको कित्तामा राखेका छन्।

आदर्शको अन्धताले गर्दा ठगिने प्रवृत्तिलाई अपनाउन पुगेको ओरङ्गो र आफ्नो चमत्कारले मान्छेहरूको मन जितेर अनुचित लाभ उठाउन उद्यत रहेको धर्मध्वजी *तारतूफ*को कथाले हास्योद्रेक विसङ्गतिको पारा कसेको छ। एकातिर यो एउटा पाखण्ड र धूर्तताको कथा हो भने अर्कोतिर मिथ्याभिमान र मूर्खताको कथा हो भन्ने समालोचक प्रधानले पुष्टि गरेका छन्। उनले कमेडी लेखनका निम्ति चाहिने विभिन्न तत्त्वहरूको उल्लेख गर्दै ती तत्त्वहरूका आधारमा नाटकको विवेचना गरेका छन्। प्रहसनका कतिपय युक्तिहरूलाई अपनाएर लेखिएको *तारतूफ* नाटकको मूल उद्देश्य चरित्रचित्रण रहेको बताउँदै समालोचक प्रधानले नाटकमा पाखण्ड, मिथ्याडम्बर, धूर्तता, मूर्खता आदिको पर्दाफास भएको कुरा गरेका छन्। यसका अतिरिक्त विवेच्य नाटकमा धर्मान्ध प्रवृत्तिमाथि खुलेर व्यङ्ग्य र उपहास गरिएको छ साथै सुसम्बद्ध कथानक एवं यन्त्रवत् आचरणहरूद्वारा हास्यको अनुकूल सृजना गरिएको छ भन्ने तर्क प्रधानले दिएका छन्।

---

८२[८२] राजनारायण प्रधान, 2005, पूर्ववत्, पृ. 39

*बनहाँस*

नर्वेली नाटककार हेनरिक इब्सेनलाई आधुनिक नाटकका जन्मदाता मानिन्छ। उनका नाटकहरुले यथार्थवादी धरातलमा उभिएर सामाजिक स्थितिहरूको सजीव चित्रण गरेको पाइन्छ। उनको *बनहाँस* आदर्शको हठधर्मिताप्रति प्रहार गरिएको एउटा सामाजिक नाटक हो। यसै नाटकको सन्दर्भमा राजनारायण प्रधानको समालोचना केन्द्रित रहेको पाइन्छ। व्याख्यालाई सर्वोपरी महत्त्व दिइएकोले यसलाई व्याख्यात्मक समालोचना मान्न सकिन्छ। यसमा इब्सेनका अन्य दुई नाटक *अ डोल्स हाउस* र *घोस्ट्स्*को समेत चर्चा गरिएको पाइन्छ। यी दुई नाटकबारे पुनर्विवेचनको क्रियापछि श्रृङ्खला रुपमा *बनहासँ*को रचना गरिएको तथ्यमाथि समालोचक प्रधानले प्रकाश पारेका छन्।

सामाजिक परम्परा र मान्यताहरूमा जकडिएका मान्छेको परिस्थिति देखाउन इब्सेनले रेट्रोस्पेक्टिभ ड्रामा अर्थात् गतावोलोकिन नाटकको प्रविधि अपनाएर आफ्ना नायकहरूलाई सुसम्बद्ध रुपमा प्रस्तुत गरेका छन् भन्ने समालोचक प्रधानको भनाई रहेको पाइन्छ। उनले इब्सेनको *बनहाँस*लाई आदर्शवादको अन्धानुकरणले मानवजीवनमा कसरी विपत्ति आइलाग्न सक्छ भन्ने कुरा देखाउन लेखिएको नाटक मानेका छन्।

नाटकमा आदर्शको दावी गर्ने ग्रेगर्स नामक पात्र छ, जो आफ्नो बाबू मिस्टर वर्ल र गिनाको पापपूर्ण कथा भनेर हेल्मरलाई भ्रमको संसारबाट बाहिर निकाल्न चाहन्छ। हेल्मर एकजना आत्मकेन्द्रित व्यक्ति भएकोले सत्य उसलाई सह्य हुँदैन। फलत: ऊ सत्य थाहा नभइञ्जेल आफ्नै छोरी मानेर माया गरेको हेदविगलाई धरि घृणा गर्न पुग्दछ। यसले गर्दा सबैको स्थिति तनावपूर्ण बन्दछ। अन्तमा त्यो तनावको शिकार हेदविग बन्नपुग्छे। नाटकमा *बनहासँ* प्रतीकको रुपमा रहेको देखिन्छ। ग्रेगर्सको बाबू मिस्टर वर्ल र हेल्मरका बाबू एकदाल शिकारमा जाँदा मिस्टर वर्लले बन्दुकले हानेर घायल पारेको बनहाँस एकदालले

घरमा ल्याएर पालेको हुन्छ। त्यही बनहाँसको कथासँग गिना, हेदविग, हेल्मर आदिको यथार्थ जीवन मुछिन पुगेको पाइन्छ। आफ्नो बाबूको माया पाउन आफूले सबैभन्दा धेरै माया गरेको बनहाँसलाई मार्ने निर्णयले नै अन्तमा हेदविगको प्राण लिएको छ। ऊ पिस्तोलको गोली लागेर मर्दछे।

उपर्युक्त घटनावस्तुका आधारमा राजनारायण प्रधानले *बनहाँस* एउटा सत्य र भ्रमको तनावले जेलिएको नाटक हो भन्ने पुष्टि गरेका छन्। उनको दृष्टिकोणमा सत्यता स्थापित गर्ने हठधर्मिताकै कारण नाटकमा चित्रित सबैको जीवनमा विपत्ति आइपरेको छ। यसबाट सत्य कुरा बताएर भ्रममा बाँचिरहेको हेल्मरको जीवनलाई परिवर्तन गर्ने आदर्श भग्न भएको र त्यही आदर्शको कारण ग्रेगर्सको आफ्नो जीवन पनि घायल बनहाँसको झैं हुनपुगेको कुरा प्रधानले बताएका छन्।

*हतियार र मान्छे*

सन् 1898 मा वर्नार्ड शाद्वारा लेखिएको *हतियार र मान्छे* एउटा बौद्धिक चिन्तनपरक नाटक हो। राजनारायण प्रधानले समस्यामूलक नाटकलेखनका दृष्टिले शाको नाट्यकारिताबारे प्रकाश पार्दै *हतियार र मान्छे*बारे आफ्नो समालोचनात्मक विचार प्रस्तुत गरेका छन्। प्रधानअनुसार शाका समस्यामूलक नाटकहरूमा तत्कालीन इङ्ल्याण्डको सामाजिक, राजनैतिक, धार्मिक समस्याहरूको विशद विवेचना पाइन्छ। प्रस्तुत नाटकमा पनि समाजमा भएका अन्याय, शोषण, ढोङ, भ्रान्तिपूर्ण धारणा र पुराना मान्यताहरूको भण्डाफोर गर्दै शाले पनि इब्सेनले जस्तै आफूलाई मानवताको वैद्य ठानेर नैतिक प्रश्नहरूको उठान गरेका छन्।

इब्सेनकै मार्ग पहिल्याएर शाले समस्या-नाटकहरू लेखेको पाइन्छ, तापनि उनी इब्सेनका अनुकारक थिएनन्। यी दुई नाटककारमध्ये इब्सेन विषण्ण ट्रेजेडीहरूका सर्जक थिए भने शा चम्किला र जीवन्त कमेडीहरूका लेखक थिए।[८३]

राजनारायण प्रधानले शाको समस्यामूलक नाटक *हतियार र मान्छे*मा जीवन र समाजका यथार्थ समस्याहरूलाई चित्रित गरेका छन्।[८४] शाका नाटकहरूका विषयवस्तुमा पाइने मूलस्वर भनेकै बुद्धिवाद हो। यही बुद्धिवादले गर्दा उनका नाटकहरूमा अनैतिक एवं निकम्मा थोकहरूप्रति प्रहार गरिएको पाइन्छ भन्ने तर्क प्रधानले राखेका छन्। उनी युद्ध र विवाहसम्बन्धी प्रथागत धारणा तोड्नु नै *हतियार र मान्छे*को मूल लक्ष्य रहेको बताउँछन्। यस नाटकले एकातिर युद्धभूमिमा ज्यानको बाजी लाएर लड्ने र मर्नेहरु नै वास्तविक वीरहरू हुन्छन् भन्ने युद्धप्रतिको रोमान्टिक भावधारालाई तोडेको छ भने अर्कोतिर प्रेम र विवाहप्रतिको भावप्रवण भ्रान्तिपूर्ण धारणालाई तोडेको छ भन्ने समालोचक प्रधानको भनाई रहेको पाइन्छ।

नाटकमा युद्धभूमिबाट भागेर आएका ब्लन्टली नामधारी एकजना घाइते अफिसरको व्यावहारिक कुरा र जीवनशैलीको कारण रैनाको युद्ध र विवाहप्रतिको भ्रान्तिपूर्ण धारणा कसरी तोडिएको छ भन्ने कुराको व्याख्या प्रधानले गरेका छन्। यसरी नै शाका नाटकहरूका सन्दर्भमा चर्चा गर्दै तिनका विविध विशेषताहरूबारे उल्लेख गरेका छन्। प्रधानअनुसार तर्कनायुक्त तथा विचारको प्रहसनद्वारा हास्य सृष्टि गर्नु शाका नाटकहरूको मूल स्वर रहेको पाइन्छ। ती नाटकहरूले व्यक्तिलाई नभएर समाजलाई उदाङ्गो पार्दै सामाजिक विसङ्गतिहरूको चित्रण गरेका छन्। हास्यका निम्ति स्थितिको उत्क्रमण अर्थात् Inversion of Situation को प्रयोग गर्नु तथा मानव कमजोरीहरूको आलोचना गर्नु शाको विशेषता

---

८३[८३] पूर्ववत्, पृ.82

८४[८४] मेघनाथ छेत्री, पूर्ववत्, पृ.71

हो। यसका अतिरिक्त सामाजिक धारणाहरूलाई झूटो र भ्रामक रहेको देखाउँदै मानव व्यवहार बुद्धिसङ्गत हुनुपर्छ भन्ने कुरामा जोर दिनु आदि विशेषताहरूले शाका नाटकहरू युक्त छन् भन्ने प्रधानको विचार रहेको पाइन्छ।

*मामा वान्या*

प्रस्तुत समालोचनामा अन्टोन चेखवको नाट्य प्रतिभाको प्रशंसा गर्दै उनका नाटकहरू *सी गर्ल*, *तीन बहिनी*, *चेरीको बगैंचा* आदिको समेत चर्चा गरिएको पाइन्छ। जीवनका जटिल समस्याहरूको चित्रण तथा सम्पूर्ण सामाजिक वर्गको ट्रेजेडीको उद्घाटन चेखवका नाटकहरूको विशेषता रहेको कुरा राजनारायण प्रधानले गरेका छन्। प्रधानअनुसार चेखवका नाटकहरूमा परम्परामुक्त कथानक, यथार्थ जीवन, केन्द्रहीन पात्रहरूको चयन, पराजय र कुण्ठामा पनि आस्था नहराउने पात्रहरूको आन्तरिक जीवनको प्रदर्शन, विसङ्गत र अर्थहीन अस्तित्वप्रतिको उपेक्षा आदि विशेषताहरू विद्यमान रहेका पाइन्छन्। सन् 1899 मा लेखिएको नाटक *मामा वान्या* एउटा यस्तै नाटक हो। यस नाटकमा रुसको ढल्दै गईरहेको बुर्जुवा सामाजिक व्यवस्थाको प्रतिबम्ब पाइन्छ भन्ने प्रधानको भनाई रहेको छ।

बाथको बिमारसँगै ईर्ष्या र स्वार्थले ग्रस्त प्रोफेसर सेरेब्राकोव, उसकी जवान र सुन्दरी धर्मपत्नी हेलेना, पच्चीस वर्षसम्म नि:स्वार्थ प्रोफेसरको सेवामा जीवन व्यतीत गर्ने प्रोफेसरकी जेठी स्वास्नीको भाइ वान्या, जेठी स्वास्नीकी छोरी सोन्या अनि डा. अस्त्रोव आदिका व्यक्तिगत समस्या, कुण्ठा र उपहासहरूले जेलिएको विवेच्य नाटकको मुख्य विषय मानिसको जीवनदेखिको मोहभंग हो भन्ने प्रधानले तर्क राखेका छन्। प्रधानअनुसार एउटा व्यक्तिको अर्को व्यक्तिप्रतिको आस्था अपूर्ण हुनका कारण नाटकका सबै पात्रहरू मोहभंगका सिकार हुन पुगेका छन्। हेलेनालाई आफ्ना पति सेरेब्राकोवको बूढ्यौली र बिमारीको कारण जीवनसित मोहभंग भएको छ। वान्यालाई हेलेनाको प्रेम र सेरेब्राकोवको विश्वास नपाउनुको

कारण जीवनसित मोहभंग भएको छ। डा. अस्रोवलाई हेलेनाको प्रेम नपाउनुको कारण र सोन्यालाई डा. अस्रोवको प्रेम नपाउनुको कारण आ-आफ्नो जीवनसित मोहभंग भएको छ। समालोचक प्रधानले यस नाटकमा प्रोफेसरको चरित्रबाट जीवनदेखि टाडा अत्यन्त आत्मकेन्द्रित र आफ्नो पाण्डित्यमा गर्वित तिनताकका रुसी बुद्धिजीवीहरूको जीवन उदाङ्गिएको मन्तव्य प्रकट गरेका छन्।

*इच्छा*

प्रस्तुत समालोचनामा अमेरिकी नाटककार युजिन ओनीलको नाटक *इच्छा*लाई सर्वश्रेष्ट नाटक भनी उल्लेख गरिएको पाइन्छ। सन् 1923 मा प्रकाशित यस नाटकको चर्चा गर्ने क्रममा राजनारायण प्रधानले जीवनचरित्रात्मक दृष्टिकोणलाई आत्मसात गरेको देखिन्छ। कुनै पनि कृतिको सृजनामा लेखकको वैयक्तिक जीवनको छाप रहने मान्यतामा आधारित जीवनचरित्रात्मक दृष्टिकोणअन्तर्गत लेखकको व्यक्तित्वलाई विशेष महत्त्व दिइन्छ। यस सन्दर्भमा कृष्णविलास पौड्यालले लेखेका छन् — आलोचकमा जति मात्रामा लेखकको व्यक्तित्वको जानकारी प्राप्त हुन्छ, त्यति नै सार्थक रुपमा रचनाको विश्लेषण समर्थ हुन्छ।[८५] राजनारायण प्रधानले उक्त समालोचनामा ओनीलको वैयक्तिक जीवनमाथि प्रकाश पारेर नाटकको व्याख्यालाई अघि बढाएका छन्। ओनीलले आफ्ना नाटकहरूमा अमेरिकी यथार्थवादका अन्तर्द्वन्द्वहरूलाई अध्ययनको क्षेत्र बनाएर मानव जीवनका यथार्थहरूको चित्राङ्कन गरेका छन् साथै नाटकमा विभिन्न प्रविधिहरूको प्रयोगद्वारा मनोवैज्ञानिक यथार्थवादलाई विशेष महत्त्व दिएका छन् भन्ने प्रधानको भनाई रहेको पाइन्छ। उनले ओनीलका नाटकहरूमा एउटा निश्चित रुप नहुने गरेको कुराको पनि उल्लेख गरेका छन्।

---

८५[८५] कृष्णविलास पौड्याल, वि. सं. 2060, *साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध र सृजनविधि,* काठमाडौं: नवीन प्रकाशन, पृ. 164

साधारणत: बाबु र छोराको विद्वेष देखाइएको विवेच्य नाटकमा नाटककारको वैयक्तिक अनुभूति प्रदर्शित भएको कुरा व्याख्यायित छ। प्रधानअनुसार ओनीलको व्यक्तिगत जीवनमा पनि बाबुप्रति उनको कुनै खास श्रद्धा थिएन। उनका बाबु एकजना घुमन्ते अभिनेता थिए। लोग्नेको अनुत्तरदायी व्यवहार, अस्थिर र असुरक्षित जीवनसँग दिक्क बनेकी उनकी आमा चरेसको अम्मली हुनपुगेकी थिइन्। यस्तो पतनोन्मुख स्थितिका जिम्मेवार मान्दै ओनीलले आफ्ना बाबुलाई जीवनभरि नै दोषी ठहराएका थिए। अत: ओनीलको जीवनको वैयक्तिक भोगाइको परिणामस्वरुप *इच्छा* नाटक लेखिएको कुरा प्रधानले बताएका छन्। उनले नाटकमा चित्रित पात्र इफ्रामलाई ओनीलको साँच्चैका बाबु र इबेनलाई स्वयं ओनीलको रुपमा हेरेर वर्णन गरेका छन्।

अर्कोतिर नाटकको विवेचनामा प्रधानले मनोविज्ञानलाई पनि आधार मानेका छन्। नाटकमा बाबु - छोराको बीच जुन द्वेष र आमा - छोराको बीच आशक्ति देखाइएको छ, त्यो फ्रायडीय मनोविज्ञानका आधारित छ भन्ने प्रधानको भनाई रहेको पाइन्छ। यसरीनै उनले एडलरको मतअनुरुप शक्तिको इच्छाले नाटकको कथावस्तुलाई प्रभावित पारेको कुरा पनि गरेका छन्।

*सेज्वानकी असल नारी*

समाजका अनेक पक्ष, अनेक प्रश्न, अनेक विषय, अनेक रुप साहित्यमा आएका हुन्छन्। तिनीहरुमध्ये कुनै एकको वा अनेकको युक्तिसङ्गत अध्ययन समाजशास्त्रीय आलोचनामा हुन्छ।[८६] समाचोलक कृष्ण गौतमको यस भनाईसँग गहिरो तादात्म्य राख्दै अन्तर्निहित गुणविशेषताका आधारमा प्रस्तुत समालोचनालाई समाजशास्त्रीय परिधिभित्र राख्न सकिन्छ। बर्टोल्ट ब्रेख्ट एकजना मार्क्सवादी सिद्धान्तका पथानुयायी भएकाले उनको नाटकमा सामाजिक

---

८६[86] कृष्ण गौतम, वि. सं. 2059, *आधुनिक आलोचना : अनेक रुप अनेक पठन*, ललितपुर: साझा प्रकाशन, दो. सं. पृ. 31

यथार्थको सजीव चित्रण पाइन्छ। उनले एरिस्टोटलीय थिएटर भनिने पुरानो नाट्य परम्पराको विरोध गर्दै नितान्त नयाँ धारणा वा मान्यताहरूका साथ नाटकलाई प्रस्तुत गरेका छन्। यसकारण ब्रेख्टका सबै नाटकहरूमा समाज मूल रुपले घनीभूत हुने गरेको पाइन्छ। ब्रेख्टका नाटकमा पाइने यिनै विशेषताहरूको आलोकमा राजनारायण प्रधानले *सेज्वानकी असल नारी*को समाजशास्त्रीय व्याख्या गरेका छन्।

प्रस्तुत समालोचनामा बाह्य यथार्थको भ्रमपूर्ण सत्याभासद्वारा दर्शकहरूलाई मुग्ध पारेर समाजको वास्तविक सत्यदेखि टाडा राख्ने परम्परागत नाटकको विरोधमा ब्रेख्टले महारङ्गमञ्च अर्थात् एपिक थिएटरको प्रवर्तन गरेको उल्लेख पाइन्छ। ब्रेख्टले पात्रहरुको आन्तरिक जीवनदेखि हटेर उनीहरूका पारस्परिक व्यवहार र सामाजिक सम्बन्धमा जोर दिएका छन्[८७] भन्ने प्रधानको भनाई रहेको छ।

*सेज्वानकी असल नारी* स्थापित मूल्य र मान्यताहरूका प्रतिमानमा सामाजिक व्यवस्थाको कटु यथार्थलाई देखाइएको नाटक हो। यसमा असल मानिसको खोजी गर्न निस्केका तीनजना देवताहरूले कतै वास नपाउँदा पानी बेचेर जीविकोपार्जन गर्ने वाङ नामक व्यक्तिलाई सहयता माग्न पुग्दछन्। वाङले ती देवताहरूलाई देहव्यापारको भरमा बाँचेकी सेन टी नाम भएकी एउटी अभावग्रस्त नारीको घरमा पुऱ्याइदिन्छ। सेन टीले आफ्नो ग्राहकलाई टारेर पनि देवताहरूलाई वास दिन्छे। सेन टीको उदार हृदय देखेर असल मानिस संसारमा छ भन्ने कुरा देवताहरूले सिद्ध गर्छन्। तर पछि सेन टी सङ्कटमा हुँदा ती देवताहरूमध्ये कसैले पनि मद्दत गर्दैनन्। यिनै स्वैरकल्पनात्मक घटनाहरूमा नाटक लेखिएको पाइन्छ।

समालोचक प्रधानले नाटकमा चित्रित घटनाहरूको चुरो पक्रेर सामाजिक एवं अर्थनैतिक जीवनमा सुधार नआएसम्म संसारमा सहृदयता र प्रेम भन्ने वस्तु बाँच्न सक्तैन भन्ने तर्क

८७[८७] राजनारायण प्रधान, 2005, पूर्ववत्, पृ. 131

राखेका छन्। उनले पररम्परागत धर्म र नीतिका प्रतीक मानिने देवताहरू पनि वाहियात कुराबाहेक अरु केही होइन भन्ने सत्य नाटकमा इङ्गित भएको बताएका छन्। समाजमा व्याप्त अभाव, अकिंचन, दरिद्रता, लोभ, स्वार्थलोलुपता, स्वार्थान्धिता, बेकारी समस्या आदिप्रति गम्भीर चाँसो लिएर पूँजीवादी समाजका अन्तर्द्वन्द्वहरूलाई उदाङ्गो पार्न *सेज्वानकी असल नारी*को रचना गरिएको हो भन्ने मनसाय प्रधानले व्यक्त गरेका छन्। अभाव आवश्यकताले ग्रस्त हुँदा कसरी संवेदनशीलताको कमी हुन्छ र संवेदनहीनताले गर्दा कसरी मानव प्रेम, यौन प्रेम र बालकको प्रेम सबै दुर्भाग्य बन्दछन् भन्ने कुराको व्याख्या प्रस्तुत समालोचनामा गरिएको पाइन्छ। समालोचक प्रधानले ब्रेख्टको नाटक *सेज्वानकी असल नारी*मा सकारात्मक सोच, मानवीयता र समाज परिवर्तनको आह्वान पाइन्छ भन्ने विचार व्यक्त गरेका छन्।

*सेल्सम्यानको मृत्यु*

साधारण मानिसप्रतिको प्रबल चिन्ता लिएर नाटक लेख्ने अमेरिकी नाटककार आर्थर मिलरको *सेल्सम्यानको मृत्यु* शीर्षक नाटकको सन्दर्भमा उक्त समालोचना लेखिएको पाइन्छ। नाटकलाई बुझ्ने शैली र तत्सम्बन्धि आफ्नो भनाई उजागर गर्ने तौरतरिकाका आधारमा यसलाई व्याख्यात्मक समालोचना मान्न सकिन्छ। यसमा व्याख्या नै मूल रुपमा अङ्गीकृत रहेको पाइन्छ। साधारण मानिसमा रहने आशा, आकांक्षा, हर्ष-अमर्ष, सुख-दु:ख, सङ्घर्ष, छट्पटि आदिलाई राम्ररी बुझेर रङ्गमञ्चमा उतार्ने मिलरको *सेल्सम्यानको मृत्यु* कलाको दृष्टिले विश्वकै एउटा महान् कृति मान्न सकिने विचार राजनारायण प्रधानले प्रकट गरेका छन्। विली लो म्यान नामक सेल्सम्यानको कथाले उत्कर्ष लिएको आलोच्य नाटकमा एउटा मानिसको जीवन कसरी व्यावहृत हुन्छ र कसरी उसका आशाहरू, सपनाहरू र सफलता हासिल गर्ने उत्कण्ठाहरू अवहेलित हुन पुग्दछन् भन्ने कुराको व्याख्या प्रधानले गरेका छन्।

यस क्रममा उनले पूँजीवादी समाजको स्वरुपबारे पनि चर्चा गरेका छन्, जहाँ मानव सम्बन्ध केवल पैसाको सुताले मात्र बाँधिन्छ।

आफ्नो उमेरभरि वाग्नर कम्पनीमा सेल्सम्यानको काम गरेर बुढेसकालमा प्रवेश गरेको विली लो म्यानको जवानीलाई कम्पनीले पूरा उपभोग गरेको तथा उसको श्रम र ऊर्जा उपयोगिताहीन भएपछि त्यही कम्पनीले उसलाई बेकामे मानेर अफालेको घटनालाई प्रधानले अमेरिकी समाज व्यवस्थामाथि गरिएको निन्दा र प्रचण्ड प्रहार भनेका छन्। उनले विलीको सम्पूर्ण सोच भ्रममा टिकेको र त्यही भ्रम उसले आफ्नो छोरा बिफको मनमा पनि उत्पन्न गराएको प्रसङ्गबारे उल्लेख गर्दै वास्तवमा विली लो म्यान भ्रम र सत्यलाई चिन्न असमर्थ रहेको विचार पोखेका छन्। प्रधानअनुसार व्यक्तिगत आकर्षणलाई सफलताको माध्यम सम्झिने विलीमा आफूले सेल्सम्यान भएर जे जति पनि कमाउन सक्यो, त्यो उसको व्यक्तिगत आकर्षणले गर्दा हो भन्ने भ्रम रहेको पाइन्छ। छोरा बिफलाई महान् व्यक्ति भएको हेर्ने सपनासँगै आफन्तहरूबाट माया र प्रेम पाउनलाई भौतिक सफलता आवश्यक छ भन्ने द्वन्द्व ऊभित्र विकसित भएको पाइन्छ। विलीको व्यक्तित्वमा यस्तो दोधारे चरित्र पाइने हुनाले प्रधान भन्छन् — नाटकको अधिकांश भागले सपना र भ्रमको दुनियाँलाई चित्रित गर्छ[८८]।

सत्यलाई स्वीकार गर्न नचाहने विलीको व्यक्तिगत आकर्षणप्रतिको धारणा वाग्नर कम्पनीका नयाँ मालिक हवार्डले उसको नोकरी खोसेपछि चकनाचुर भएको छ। अर्कोतिर व्यक्तिगत आकर्षण हुँदाहुँदै पनि छोरा बिफलाई जीवनमा असफल भएर अलमलिरहेको पाउनु जस्तो घटनाले उसको सपना भंग भएको छ। त्यसैले आक्रान्त बनेर विली त्रासद स्थिति र निराशाको सिकार हुनपुग्दछ। उसको जीवन नै विसङ्गत बन्दछ। फलस्वरुप इन्सुरेन्सबाट प्राप्त हुने बीस हजार डलरले बिफ महान् व्यक्ति हुनसक्ने सोच लिएर विलीले आत्महत्या गर्ने

---

८८ पूर्ववत्, पृ. 153

सङ्कल्प गर्दछ। यिनै घटनाहरूबाट मिलरले सामाजिक विसङ्गतिप्रति चिन्ता व्यक्त गरेका छन् भन्ने निष्कर्षमा प्रधानको व्याख्यात्मक दृष्टि केन्द्रित रहेको पाइन्छ।

*गोदोको प्रतीक्षा*

*गोदोको प्रतीक्षा* सामुएल बेकेटद्वारा लिखित नाटक हो। यस नाटकलाई राजनारायण प्रधानले रुप खूबै सन्तुलित रहेको र वस्तु खूबै सन्दिग्ध रहेको नाटक भनेका छन्। कुनै कथा नभनिएको, कुनै सङ्गत कथासूत्र नभएको, केही घटित नदेखिएको र अन्तमा पनि सुरुकै अवस्था रहेको आलोच्य नाटकमा गोदोका कार्य र निर्णयहरू अनिश्चित रहेको तथा व्यक्तिको विशेष कार्यमा पनि सन्दिग्धता रहेको मत प्रधानले प्रकट गरेका छन्। उनले प्रस्तुत समालोचनामा विसङ्गतिवादका विभिन्न विशेषताहरूको उल्लेख गर्दै *गोदोको प्रतीक्षा* नाटकको विशद् चर्चा गरेका छन्।

प्रधानअनुसार *गोदोको प्रतीक्षा* संसारलाई अगम्य र अज्ञेय रुपमा चित्रण गरिएको नाटक हो। यसमा पात्रहरूको चरित्रगत व्यापार प्रयोजनमूलक र न्यायसङ्गत रहेको देखिँदैन। नाटकमा यथार्थलाई जटिल र बहुआयामी रुपमा देखाउनुका साथै भाषाको परम्परागत रुपको खिल्ली उडाउने जस्ता विशेषताहरूको वरण गरिएको पाइन्छ। प्रधानले विसङ्गतिवादीहरूलाई मानव जीवन र प्रचेष्टाको अर्थहीनता बोध गरेर अभिव्यक्ति दिने साथै वृत्तात्मक संरचनाले मानवको विसङ्गत अस्तित्वको चित्र प्रस्तुत गर्ने निमित्तको रुपमा चिनाएका छन्। बेकेटको नाटकमा कथानकको प्रगामी विकास नभई आरम्भिक स्थितिको तीव्रताबाट नाटकीयता उत्पन्न हुने र

वृत्तात्मक संरचनाले गर्दा जहाँबाट सुरु भएको छ, त्यही अन्त हुने आदि विशेषताहरू रहेको कुरा प्रधानले गरेका छन्। उनले *गोदोको प्रतीक्षा*लाई सकारात्मक र नकारात्मक विचारका दुई विपरीतगामी सम्भावनाहरूले विषयवस्तु गठित भएको नाटक भनेका छन्। यस नाटकको कथानकमा भ्लादिमिर र एस्ट्रागन, पोजो र लकी, केटो र उसको भाइ गरेर तीन युगल छन्। यीमध्ये कुनै पनि पात्रको उद्धार नभएको, बरु तिनीहरूको क्षय हुँदै गएर लकी गूँगा, पोजो अन्धा र केटो बिमार भएको विचार प्रधानले व्यक्त गरेका छन्।

यस नाटकमा सुरुदेखि अन्तसम्म गोदोको प्रतीक्षा गरिएको पाइन्छ। तर गोदो आउँछ वा आउँदैन भन्ने निश्चित छैन। आएर पनि गोदोले तिनीहरूको उद्धार गर्छ वा तिनीहरूलाई दण्ड दिन्छ भन्ने पनि निश्चित छैन। सबैको स्थिति आशा र निराशा, उत्साह र हतोत्साह, जीवन र मृत्यु आदिले द्रविभूत रहेको देखिन्छ। यसैले समालोचक प्रधान नाटकमा दुई विरोधी विचारतत्त्व रहेको बताउँछन्। गोदो आएपछि सबै राम्रो पनि हुनसक्छ वा सबै नराम्रो पनि हुनसक्छ भन्ने सन्दिग्ध अवस्था रहेकोले सन्दिग्धता नै यस नाटकको मूल स्वभाव रहेको र यसले आजको मानिसको सन्दिग्ध स्थितिलाई उकास्न खोजेको देखिन्छ भन्ने प्रधानको विवेचनाबाट थाहा लाग्दछ। एउटै किसिमको घटनाचक्रले सौन्दर्य प्रदान गर्नका साथै विपर्ययलाई पनि अँगालेको कारण प्रधानले आलोच्य नाटकको संरचनामा सममितिको सौन्दर्य रहेको कुरा गरेका छन्। मानवीय अस्तित्वको आवृत्तिमूलक स्वभावलाई नाटकले रेखाङ्कित गरेको छ। यसका साथै मानव स्थिति दैवात् परिवर्तनीय छ भन्ने सत्यलाई नाङ्गो रुखमा एकै रातमा पातहरू पलाएको दृश्यबाट व्यक्त गरिएको छ भन्दै प्रधानले संरचनाद्वारा नै नाटकमा हास्य सृष्टि भएको कुराको सारभूत व्याख्या प्रस्तुत गरेका छन्। यसरीनै गोदो असलमा भगवान् हो, जसको आगमनमा मुक्तिको आशा छ भन्ने सन्दर्भमा विभिन्न समालोचकहरूले गरेका धार्मिक व्याख्याहरूको प्रसङ्ग उल्लेख गर्दै गोदोको व्यवहार अत्यन्त सन्दिग्ध, असङ्गत

र विवेकहीन रहेको कुरा प्रधानले गरेका छन्। गोदोको आगमनमा उद्धार हुने आशा छ भने दण्डित हुने आशङ्का पनि उत्तिकै छ भन्ने तर्क राख्दै उनले नाटकमा गोदोको प्रतीक्षा गरेको देखाइनु नै वास्तवमा निरर्थक र विसङ्गत स्थितिको चित्रण गर्नु हो भन्ने विचार प्रकट गरेका छन्।

# तेस्रो अध्याय

# भारतीय नेपाली समालोचना परम्परामा राजनारायण प्रधान र उनका समालोचनामा पाइने पद्धति तथा प्रवृत्तिगत विशेषताहरूको अध्ययन

## 3.1 भारतीय नेपाली समालोचनाको अवधारणा

'भारतीय' शब्द माटो र राष्ट्रियताको द्योतक भएकोले भारतीय नेपाली समालोचना भन्दा सोझै भारत देश विशेषित भएर आउँदछ। यसले भारतभूमिको, भारतभूमिबाटै लेखिएको र भारतकै राष्ट्रिय परिप्रेक्ष्यहरूमा समेटिएको समालोचना भन्ने स्थितिलाई पनि अर्थ्याउँदछ। अर्को शब्दमा भारतीय नेपाली समालोचना भन्नाले जन्म, वंश, धर्म, समाज, राष्ट्रियता आदि दृष्टिहरूमा भारतवर्षको नागरिक रहेको लेखकबाट नि:सृत समालोचना भन्ने अर्थ लाग्नु पनि स्वाभाविक नै देखिन्छ। तर साहित्यजस्तो सार्वभौम विषयलाई यसरी राष्ट्रिय घेरोभित्र खुम्च्याएर हेर्नु कतिपय दृष्टिले सान्दर्भिक जस्तो देखिए तापनि न्यायसङ्गत भने देखिँदैन। जन्म, वंश, धर्म, समाज, राष्ट्रियता आदि कुराहरु संवैधानिक सीमाङ्कनका विषयहरू मात्र हुन्, प्राकृतिक नियमका बन्देजहरू होइनन्। मानवजाति प्राकृतिक तौरले नै अस्थिर, अनिश्चित र

भाग्याश्रित भएकाले कुनै एउटा ठाउँमा टिकेर नरहनु तिनीहरूको जन्मजात प्रवृत्ति रहेको देखिन्छ।

उपर्युक्त कथनको आडमा भारतीय नेपाली समालोचनाको अवधारणाबारे स्पष्ट गर्नुपर्दा यसलाई 'भारतको' भन्ने राष्ट्रिय सीमाभित्र नबाँधि 'भारतबाट एवं भारतीयबाट' भन्ने अर्थमा ग्रहण गर्नु समुचित देखिन्छ। यसले गर्दा भारतमा आएर स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने साहित्यकारहरूको साहित्यिक कार्यहरूलगायत भारतबाट अन्य राष्ट्रमा गई बसोबास गर्ने साहित्यकारहरूको साहित्यिक कार्यहरु समेतलाई एउटै खेमाभित्र राखेर मूल्याङ्कन गर्नु सम्भव र सरल हुने कुरामा विश्वस्त रहन सकिन्छ। यसबाहेक भारतीय नेपाली समालोचनामा देखापरेका वा देखापर्नसक्ने विवाद र अन्योलपूर्ण स्थितिलाई पनि यस किसिमको अवधारणाले साम्य गराउने सम्भावना प्रशस्त रहेको देखिन्छ।

## 3.2 भारतीय नेपाली समालोचनाको स्वरुप

समालोचनालाई व्याख्याको पनि व्याख्या भन्ने अर्थमा ग्रहण गरिएको कारण यसको स्वरुप सन्दर्भमा तीन प्रकारका धारणाहरू प्रचलित रहेका पाइन्छन् — पहिलो समालोचना चोखो रुपमा कला हो, दोस्रो समालोचना विज्ञान हो र तेस्रो समालोचना कला र विज्ञान दुवै हो। कलावादी विद्वानहरूको मतअनुसार व्याख्यायित विषयलाई अझ व्याख्या गर्नुमा जुन सौन्दर्यधायी अन्तर्चेतनाले गर्दा कृतिको स्वरुप र संरचना परिकल्पित साथै प्रस्फुटित हुन्छ, त्यो कलाले मात्र सम्भव हुने कुरा रहेको थाहा पाइन्छ। तर विज्ञानवादी विद्वानहरू कुनै पनि कृतिमा अन्तर्निहित सत्यतथ्यहरूको खोजबीन गर्ने कार्यलाई सैद्धान्तिक व्यवस्थासँग गाँसेर हेर्दछन्। समालोचना कला हो, तथापि सम्पूर्ण ज्ञान विज्ञान र शास्त्रहरूसँग अन्तरङ्ग सम्बन्ध रहेकोले यसको स्वरुप वैज्ञानिक देखिन्छ भन्ने कथन समालोचना विज्ञान र कला दुवै हो भन्ने तेस्रो मतअन्तर्गत पर्दछ।

समालोचना सिर्जनात्मक कृतिभन्दा पछि जन्मेको साहित्यिक विधा हो।[८९] यसैले कुनै पनि सिर्जनात्मक कृतिको रसस्वादन गरेपछि मूल्यबोधका आधारमा केही प्रतिक्रिया व्यक्त गरिँदा मात्र समालोचनाको जन्म हुने भएकोले यसलाई पराश्रित विधाको रुपमा चिनाउने काम गरिँदै आएको पाइन्छ। यसरी साहित्यका अन्य विधाहरुकै भरमा आफ्नो अस्तित्व जीवित राख्ने भएकोले समालोचनाबारे विद्वानहरूद्वारा सकारात्मक र नकारात्मक दुवै प्रकारका धारणाहरू व्यक्त भएका पाइन्छन्। यति हुँदाहुँदै पनि तर समालोचना निश्चित स्वरुप र मौलिक गुणविशेषताले परियुक्त रहेको कुरालाई नकार्न भने सकिँदैन। *नेपाली साहित्यालोचनाको वर्तमान स्थिति* शीर्षक लेखमा केशवप्रसाद उपाध्याय लेख्छन् - साहित्यमा सिर्जनात्मक कृतिको जति महत्त्व हुन्छ, आलोचनात्मक कृतिको पनि त्यति नै महत्त्व हुन्छ।[९०] यस सन्दर्भमा हिन्दी आलोचक रामचन्द्र तिवारीको एउटा ओजपूर्ण भनाई छ — जसरी साहित्यकारले पात्रहरूको सृष्टि गर्दा एउटै जातिका अनेक पात्रहरूको अलगअलग विशेषतालाई समन्वय गरी प्रतिनिधि पात्रको चयन गर्दछ, ठिक उसरी नै आलोचकले आलोचनाका प्रतिमानहरूको निर्धारण गर्दा अनेक कृतिहरूको मूलभूत विशेषतालाई सञ्चय गरी आदर्श प्रतिमानको सृष्टि गर्दछ।[९१] यसरी कृतिलाई राम्ररी अनुभूत गरेर गम्भीरतापूर्वक अध्ययन, चिन्तन र मनन गर्दै त्यसका विशेषताहरूबारे निश्चित मानदण्डहरूका सहयताद्वारा प्रतिक्रिया गर्ने क्रममा नै समालोचनाको स्वरुप निर्धारित हुँदछ। यसैले लक्ष्मीप्रसाद देवकोटा भन्छन् — सिर्जनाभन्दा पनि एक दृष्टिकोणले त म समालोचनालाई अझ ठूलो देख्दछु।[९२]

---

८९[८९] नेत्र एटम, वि. सं. 2061, *समालोचनाको स्वरुप*, ललितपुर: साझा समालोचना पृ. 214

९०[९०] केशवप्रसाद उपाध्याय, 2006, ‘नेपाली समालोचनाको वर्तमान स्थिति', *नेपाली अकादमी जर्नल*, मोहन पी. दाहाल (सम्पा.), उत्तर बङ्ग विश्वविद्यालय, पृ. 5

९१[९१] रामचन्द्र तिवारी, पूर्ववत्, पृ. 19

९२[९२] लक्ष्मीप्रसाद देवकोटा, वि.सं. 2049, ‘दुई शब्द', *केही नेपाली नाटक*, हृदयचन्द्रसिंह प्रधान, पाँ. सं. काठमाडौं: प्रतिबोध प्रिन्टिङ प्रेस, पृ. क

वस्तुत: नेपाली समालोचना साहित्यको आधारभूमि पूर्वीय शास्त्रीयपद्धति अनि उर्वरभूमिका रुपमा पाश्चात्य समीक्षाशास्त्र रहेको हुनाले नेपाली समालोचनाको स्वरुपलाई यी दुवैको देन मान्नुपर्ने देखिन्छ।[९३] भारतीय नेपाली समालोचना यसबाट पृथक् रहेको पाइँदैन। अत: पूर्वीय अनि पाश्चात्य समालोचना विधि वा प्रणालीहरूकै सम्मुखीन भारतीय नेपाली समालोचनाको स्वरुप निर्माणमा धेरै यस्ता मूल्य निर्णायक पद्धतिहरूको विकास भएका छन्, जसले भारतीय नेपाली समालोचनालाई एउटा स्तरदेखि अर्को स्तरमा प्रवृत्त गराउँदै यसको समृद्ध रुपको परिकल्पनालाई साकार गराएको पाइन्छ। युगचेतअनुसार विविध चिन्तनहरूको अनुकूलनद्वारा कृतिलाई हेर्ने नयाँनयाँ प्रतिमानहरूको विकास पनि भइरहेकै पाइन्छ। सामान्यतया जीवनवृत्तान्तीय दृष्टिचेत लिएर सुरु भएको भारतीय नेपाली समालोचनाले कृतिपरक विश्लेषणहरू हुँदै पूर्वीय र पाश्चात्य दुवैतिरका समालोचनात्मक मानदण्डहरूका विस्तारणसँगै युगानुकूल स्वरुप ग्रहण गरेको देखिन्छ। आज आएर उत्तरआधुनिक विश्वदृष्टिप्रणित विभिन्न सैद्धान्तिक कोण-प्रतिकोणहरूबाट कृतिको मूल्य निर्णय गर्ने समीचीन विचारले पनि ढाँचागत विस्तार पाइरहेको देखिन्छ। यसबाट भारतीय नेपाली समालोचनाको स्वरुप समयमा समयकै स्वरसंवेद च्यापेर विकासको मार्गमा अग्रसर भइरहेको छ भन्नु अत्युक्तिमूलक हुनेछैन।

## 3.3 भारतीय नेपाली समालोचनाको विकासक्रम

नेपाली साहित्यमा समालोचनाको आरम्भ मोतीराम भट्टकृत *कवि भानुभक्ताचार्यको जीवन चरित्र* (सन् 1891) बाट भएको पाइन्छ। यस कृतिको प्रकाशनसँगै समान्य परिचयात्मक रुपमा सुरु भएको भारतीय नेपाली समालोचना एक सय पच्चीस वर्षको यात्रावधिभरि विभिन्न चरणहरू पार गर्दै विकास र सम्बर्द्धनको मार्गतिर अग्रसर भएको देखिन्छ। यसको इतिहास

---

९३[९३] शान्ति छेत्री, 1992, *नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्माको योगदान*, गान्तोक: त्रिनेत्र इन्टरनेशनल प्रकाशन, पृ. 109

धेरै लामो नभए पनि समालोचनाका सैद्धान्तिक र व्यावहारिक दुवै पद्धतिको प्रयोग र विस्तार चर्को रुपमा भएको पाइन्छ।[९४] समालोचनाका केही तत्त्व पाइने राममणि आदीको *कवितारीति* सन् 1908 मा प्रकाशित भएपछि सन् 1922 मा सूर्यविक्रम ज्ञवालीको *नैवेद्य समालोचना* प्रकाशित भएको देखिन्छ। यसलाई विशुद्ध रुपमा लेखिएको प्रथम समालोचना मानिन्छ र यो नै काव्य सन्दर्भमा गरिएको पहिलो समालोचना पनि हो। यसपछि ज्ञवालीकै *नेपाली साहित्याकाशका दुई तारा, लक्ष्मीपूजा नाटकको समीक्षा, कथा कुसुम र भानुभक्तीय रामायणको भूमिका* आदि देखापर्छन्। यसबीच मणिसिंह गुरुङको *भ्रमर* शीर्षकमा लेखिएको समालोचनात्मक लेख प्रकाशित भएको पाइन्छ। यसलाई गद्यकृतिमाथि लेखिएको पहिलो समालोचना मान्नुपर्ने आधार प्रस्तुत गर्दै गुप्त प्रधानले लेखेका छन्- उपन्यासमाथि प्रथम समालोचना मणिसिंह गुरुङले लेखेर आफ्नो पत्रिका *गोर्खा सेवक* वर्ष: 2, सङ्ख्या: 28, 14 जुलाई 1936 मा प्रकाशित गरे। यसको सात महिनापछि मात्र ज्ञवालीले लेखनाथको गद्यकृति *लक्ष्मीपूजा* माथि समीक्षा लेखेको पाइन्छ।[९५]

ज्ञवालीकै हाराहारीमा पारसमणि प्रधानले पनि समालोचनाको यथेष्ठ आभास दिने लेखहरू लेखेको पाइन्छ। यसपछि रामकृष्ण शर्माको उदयसँगै भारतीय नेपाली समालोचनाले काँचुली फेरेको देखिन्छ। सन् 1942 मा प्रकाशित शर्माको *अङ्ग्रेजी साहित्यको प्रभाव*ले सुरुदेखि अतीव भावात्मक र प्रशंसावादी रुपमा रहेको लेखन धारालाई लत्याएर परिवर्तनको शङ्खघोष गरेको पाइन्छ। समालोचक शर्मा नै आधुनिक नेपाली समालोचनाका प्रथम प्रयोक्ताका रुपमा समालोचनालाई नयाँ दिशातिर विकसित गराउने समालोचक हुन्। उनी निडर, निर्भिक र निष्पक्ष भएर गुणदोष विवेचनपरक समालोचना लेख्ने हाक्की समालोचकका रुपमा देखिएका

---

९४[९४] ममता लामा, 2014, *दृष्टि र आधार*, कालेबुङ: उपमा प्रकाशन, पृ.3

९५[९५] गुप्त प्रधान, 2002, *केही विषय केही विशेषताहरु*, दार्जिलिङ: गामा प्राकशन, पृ. 190

छन्। सिद्धान्त र प्रयोग दुवै दृष्टिबाट उनी युगानुकूल साहित्यमर्मज्ञ र पथप्रदर्शक बन्न पुगेका देखिन्छन्।[९६] पुस्तक रुपमा उनका *टेबल गफ : नौ बैठक* सन् 1960, *सप्त शारदीय* सन्1967, *दश गोर्खा* सन्1967, *सुक्तिसिन्धु र अन्य समालोचना* सन्1994, आदि समालोचनात्मक कृतिहरू प्रकाशित पाइन्छन्।

रामकृष्ण शर्मापछि विभिन्न पद्धति र प्रवृत्तिहरूलाई आत्मसात गर्दै आधुनिक कालको प्रभाव र प्रेरणा लिएर समालोचना लेख्नेहरूमा गणेशलाल सुब्बा, डिल्लीराम तिमसिना, भाइचन्द प्रधान, जगत राई, इन्द्रबहादुर राई, एम. एम. गुरुङ, राजनारायण प्रधान, कुमार प्रधान, गुमानसिंह चामलिङ, नरबहादुर दाहाल, चन्द्रेश्वर दुबे, प्रतापचन्द्र प्रधान, रामलाल अधिकारी, जीवन नामदुङ. जस योञ्जन प्यासी, भीमकान्त उपाध्याय, शरद छेत्री, शान्ति छेत्री आदि प्रमुख रहेका देखिन्छन्। यस डफ्फाका केन्द्र भएर उभिने समालोचक इन्द्रबहादुर राई हुन्। उनका प्रकाशित समालोचना कृतिहरुमा *टिपेका टिप्पणीहरु* सन्1966, *नेपाली उपन्यासका आधारहरु* सन् 1974, *सन्दर्भमा ईश्वर बल्लभका कविता* सन् 1976, *साहित्यको अपहरण : मार्क्सवादी कमिटमेन्टका कुरा* सन् 1983, *समयाङ्कन दैनिकी* 1990 *अर्थहरुको पछिल्तिर* सन् 1994, *पृष्ठ पृष्ठ* सन् 1995, *लेखहरु र झ्याल* सन् 2000, *सम्पूरक* सन् 2014 आदि रहेका पाइन्छन्।

यसरीनै आधुनिक तथा उत्तरआधुनिक दुवै धाराका समयचेत बोकेर भारतीय नेपाली समालोचनालाई समृद्ध बनाउनुमा धेरै समालोचकहरूको योगदान अविस्मरणीय र अतुलनीय रहेको पाइन्छ। यस वर्गमा घनश्याम नेपाल, मोहन पी. दाहाल, शान्तिराज शर्मा, शोभाकान्ति थेगिम, लक्खीदेवी सुन्दास, गोकुल सिन्हा, नरेशचन्द्र खाति, असीत राई, इन्द्रबहादुर छेत्री, मननारायण प्रधान, शान्ति छेत्री, हर्कबहादुर छेत्री, कितापसिंह राई, महानन्द पौड्याल, गुप्त

---

९६[९६] शान्ति छेत्री, पूर्ववत्, पृ. 35

प्रधान, पेम्पा तामाङ, मनप्रसाद सुब्बा, कविता लामा, पुष्प शर्मा आदिलाई राख्न सकिन्छ। यिनीहरूका अतिरिक्त हरेन आले, सीताराम काफ्ले, एम. पथिक, राधा शर्मा, अर्जुन प्रधान, सञ्जय बान्तबा, राजकुमार छेत्री, उदय छेत्री, नवीन पौड्याल, रेमिका थापा, गीता छेत्री, वीणा हाङखिम, मेघनाथ छेत्री, सुधीर छेत्री, टीका ढुङ्गेल, मुन्नु गौतम, ममता लामा, पारसमणि दङ्गाल, बासुदेव पुलामी, सोनाम लामा, देवचन्द्र सुब्बा, दक्षिणा योञ्जन, योगेश खाती, मिलन बान्तवा, सपन प्रधान आदिका समालोचनाहरू भारतीय नेपाली समालोचनाको विकासक्रमका सफल दृष्टान्त बनेर देखापरेका पाइन्छन्। यसरी आजसम्म भारतीय नेपाली समालोचनाको श्रीवृद्धिका निम्ति भएका कामकुरोहरूमाथि सरसर्ती दृष्टि राखेर हेर्दा भारतीय नेपाली समालोचनाको अवस्था अन्य साहित्यिक विधाहरूको समानुपातिक नरहे तापनि समृद्ध भने रहेको पाइन्छ।

## 3.4 भारतीय नेपाली समालोचनामा राजनारायण प्रधानको योगदान

बोलचालको भाषामा शब्द चित्रात्मक निपुणता निर्वाह गर्नसक्ने छुट्टै विशेषता भएका लेखक एवं समालोचकको रुपमा देखापर्ने व्यक्तित्वको नाम हो राजनारायण प्रधान।[९६] उनी सहृदयी र तत्वाभिनेवेशी समालोचकको रुपमा देखापरेका एकजना विद्वान र निष्पक्ष व्यक्ति हुन् भन्न सकिन्छ। समालोचनाको लागि विद्वता र निष्पक्षता दुवै अनिवार्य हुन्छन्। समालोचक विद्वान छैन भने उसले कृतिको गुण बुझ्न सक्तैन र निष्पक्ष छैन भने उसको विवेचना निरर्थक र अग्राह्य हुन्छ।[९७] अत: राजनारायण प्रधानका समालोचनाहरू उनमा विराजित विद्वान र निष्पक्ष व्यक्तिका गुणविशेषताहरूले गर्दा सार्थक र ग्राह्य बनेका पाइन्छन्। रामकृष्ण शर्मा, गणेशलाल सुब्बा, इन्द्रबहादुर राई प्रभृति समालोचकहरूपछि भारतीय नेपाली समालोचनालाई

---

९६[९६] नरेशचन्द्र खाति, पूर्ववत्, पृ. 144

९७[९७] श्यामसुंदर दास, 1973, *साहित्यलोचन*, इण्डियन पब्लिकेशन, पृ. 206

निश्चित आकार र अर्थ प्रदान गर्नुमा उनको योगदान विशिष्ट रहेको देखिन्छ। उनले आफ्ना अग्रजहरुद्वारा अवलम्बित परम्परालाई निष्ठापूर्वक विकासको मार्गमा अग्रसर गराएर आफ्ना अनुजहरूका निम्ति प्रशस्त सम्भावनाहरू छोडेका पाइन्छन्। वस्तुत: राजनारायण प्रधानमा इन्द्रबहादुर राईकै आलोचना परम्पराको अवलम्बन पाइन्छ[९८] साथै उनका कतिपय समालोचनात्मक दृष्टिहरू रामकृष्ण शर्माको पथानुयायी भएर फराकिलो बनेका देखिन्छन्।

कुनै साहित्यिक कृति पढेपछि त्यसैमा पूर्णतया रम्ने र त्यसैको वस्तुनिष्ठ अध्ययनमा आफूलाई समर्पित गर्ने प्रधानको समालोचकीय विशेषता भनेको बौद्धिक चिन्तनका विषयहरूलाई समेत सरलतम अभिव्यक्तिले आकर्षक बनाउनु रहेको पाइन्छ। कुनै पनि विषयलाई राम्ररी छिचोलेर मन र बुद्धि दुवैको स्पर्शले सम्माइवरि पाठकग्राह्य बनाउनुमा उनले विशेष शिल्प देखाएको पाइन्छ। उनी कुनै पनि विषयलाई कतिसम्म बुझेर लेख्थे भन्ने कुरो इन्द्रबहादुर राईले 'खाडल' कथाको सन्दर्भमा आफूलाई सोधिएको एउटा प्रश्नको उत्तर दिँदै 'राजनारायण प्रधानले कथाकथ्यमा जे लेखे त्यही प्रशस्त हो र प्रशस्त हुनुपर्ने[९९] भन्ने विचार व्यक्त गरेबाट थाहा पाउन सकिन्छ। यसले राजनारायण प्रधानको बौद्धिक स्तर र अभिव्यक्ति सामर्थ्यको रेखाचित्र प्रस्तुत गरेको छ। उनका समालोचनाहरु सबै नै बौद्धिक कसरत र सहज अभिव्यक्तिका असल नमूना बनेर देखापरेका छन्।

प्रधानको समालोचक व्यक्तित्वलाई नियाल्दा डिल्लीराम तिमसिनाको प्रत्येक समालोचक सधैं स्वतन्त्र हुन्छ[१००] भन्ने भनाई चरितार्थ भएको भान हुन्छ। उनले समालोचना गर्ने कुनै निर्दिष्ट

---

९८[९८] घनश्याम नेपाल, 2009, पृ. 220

९९[९९] कृष्ण गिरी र डी. कुमार परियार, 1977, *दार्जिलिङका केही नेपाली साहित्यिक प्रतिभाहरु*, दार्जिलिङ: नेपाली साहित्य संचयिका, पृ. 58

१००[१००] डिल्लीराम तिमसिना, 1990, *भाषा र साहित्य*, गान्तोक: जनपक्ष प्रकाशन, पृ. 90

प्रविधिलाई अङ्गीकार गरेको देखिँदैन। पूर्वीय र पाश्चात्य दुवैतिरका काव्यशास्त्रीय मान्यताहरूलाई अपनाएर समालोचना लेख्ने कार्यमा उनी प्रवृत्त रहेका पाइए तापनि उनका समालोचनाहरूमा पाश्चात्य काव्य चिन्तनकै बहुलता देखिन्छ। उनले तुलनात्मक, निर्णयात्मक र तर्कपूर्ण विवेचन तथा कृतिको व्याख्यापरक एवं वस्तुपरक अध्ययनद्वारा भारतीय नेपाली समालोचनालाई विशेष अग्रगति प्रदान गरेका छन्। साहित्यमा मूलत: फिचर लेखककै रुपमा धेर प्रसिद्धि पाएका भए तापनि *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक – अध्ययनहरू* जस्ता समालोचनाका पुस्तकहरूको प्रकाशन गरेर उनी नेपाली समालोचनाको क्षेत्रमा लब्धप्रतिष्ठित समालोचक बन्न पुगेको पाइन्छ। आफ्नो गहन अध्ययनद्वारा भारतीय नेपाली समालोचनालाई अग्रगति प्रदान गर्नुमा उनको योगदान अविस्मरणीय रहेको पाइन्छ।

## 3.5 **समालोचनाका पद्धति र प्रवृत्ति**

समालोचकले समालोचना गर्दा निश्चित आधार वा प्रतिमानहरूको सहायताद्वारा वैयक्तिक अनुभवपुञ्ज तथा कृतिगत अर्थपुञ्जलाई सम्प्रेषित गर्न जुन अन्तर्ढाँचाको निर्माणतिर विशेष ध्यान केन्द्रित गरेको हुँदछ, त्यसैलाई हामी पद्धति भनेर चिन्दछौं। यस अर्थमा समालोचनाको अन्तर्ढाँचागत विस्तार प्रक्रिया (जुन समालोचना गर्ने शैली वा विशेष ढङ्को तकनिकीय नियमद्वारा परिमार्जित हुन्छ) लाई समालोचनाको पद्धति र समग्रमा त्यस अन्तर्ढाँचाको अध्ययनद्वारा प्राप्त अनुभव वा धारणाविशेषलाई प्रवृत्ति मान्न सकिन्छ। झट्ट हेर्दा यी दुई शब्दको प्रयोग समालोचनात्मक लेखनमा एउटै अभिप्राय वा आशयले भएको जस्तो देखिए तापनि यी दुईमा दुध र दहीको भिन्नता रहेको पाइन्छ। फलत: पद्धति शब्दले एउटा विशेष साधन वा प्रवाहलाई सङ्केत गरेको देखिन्छ भने प्रवृत्ति शब्दद्वारा साध्य वा दिशा भन्ने अर्थ बोध भएको पाइन्छ।

*नेपाली वृहद् शब्दकोश*मा पद्धति शब्दका निम्ति बाटो, मार्ग, कुनै काम गर्ने सिलसिलेवार नियम, कार्य प्रणाली, कार्यविधि, तरिका, रीत, रिवाज, परिपाटि, कुनै कर्म वा संस्कारको विधिविधान अन्तर्गत लेखिएको पुस्तक आदि अर्थहरू दिइएको पाइन्छ।[१०१] यसरीनै प्रवृत्ति शब्दलाई कुनै कार्य, लक्ष्य, वस्तु वा ततितिरको मानसिक झुकाउ, मनको लगन, इन्द्रियहरूको आ-आफ्नो भोगतर्फको आकर्षण, सांसारिक विषयप्रतिको मोह, वार्ता, वृत्तान्त, चालचलन, आचारविचार, आनीबानी आदि अर्थहरू दिइएको पाइन्छ।[१०२] प्रयोगका दृष्टिले समालोचनाका पद्धति र प्रवृत्ति एउटै होइन, तर अभिप्रायमूलक उद्देश्यप्राप्तिका दृष्टिले यी एकाअर्काका सम्पूरक भने निश्चय हुन्। यसैले समालोचनाका यी दुई अपरिहार्य अङ्गहरूलाई एउटैएउटै अर्थमा ग्रहण गरिएको पनि देखिन्छ।

अङ्ग्रेजीमा प्रचलित मेथोड, वे, एप्रोच, सिस्टम, प्रोसेस, म्यानर आदि शब्दको पर्यायको रुपमा नेपालीमा विधि, प्रणाली, पद्धति आदि शब्दको प्रयोग भएको पाइन्छ। यसरी नै अङ्ग्रेजीमा चलेका टेन्डेन्सी, इन्क्लिनेशन, एपलिकेशन, डिपोजिशन आदि शब्दहरूको पर्यायको रुपमा नेपालीमा प्रवृत्ति एकल शब्द चलाइएको पाइन्छ। यसबाट प्राप्त सूचनाका आधारमा पद्धति भनेको समालोचकद्वारा समालोचनाका निम्ति सचेततापूर्वक अपनाइने दृष्टि हो र प्रवृत्ति भनेको समालोचनाभित्र निहित मानक आधार वा प्रयोगको अनुमान तथा अनुभव गर्न सकिने विधान वा आचरणव्यवस्था हो भन्न सकिन्छ। समालोचनाका निम्ति यी दुवै अनुशासनका विशेष अङ्गहरू हुन्। यी दुईमध्ये समालोचना गर्ने क्रममा मूलरुपले पद्धतिलाई अपनाइन्छ र प्रवृत्तिलाई अनुभूत गरिन्छ। यसर्थ यी दुईमाझ वाह्यान्तरिक सम्बन्ध सघन रहेको देखिन्छ।

---

१०१[१०१] वासुदेव त्रिपाठी (सम्पा.), *नेपाली वृहद् शब्दकोश*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, आ. सं. पृ. 630

१०२[१०२] पूर्ववत्, पृ. 832

अधिकांश रुपमा जुन आधार वा पद्धतिद्वारा समालोचनात्मक कार्यको श्रीगणेश गरिन्छ, सोही आधार वा पद्धतिअनुरुप समालोचनाको प्रवृत्ति पनि निर्धारण गरिएको पाइन्छ।

जसरी निश्चित मार्ग वा बाटोबिना कुनै पनि यात्राको गन्तव्य निर्धारित हुँदैन, ठिक उसैगरी कुनै पद्धतिको अनुसरणबिना समालोचक कृतिको अन्तर्तहसम्म पुग्न सक्तैन। यसमा पनि आत्मानुशासन एउटा अपरिहार्य तत्त्व हुन्छ। समालोचकमा रहने यही आत्मानुशासन नै वास्तवमा पद्धति चयनको विजविन्दु हुँदछ। सठिक समालोचनाका निम्ति सठिक पद्धतिको चयन गर्दै कृतिको अनुवीक्षण गर्ने कार्यलाई सफलतापूर्वक सञ्चालन गर्ने क्रममा समालोचकले जुन आधार वा अनुशासनलाई वैधानिक तरिकाले सुदृढ गरेको हुन्छ, त्यो कतातिर प्रवृत्त वा उन्मुख छ भन्ने कुराको सम्बद्धता प्रवृत्तिसँग रहँदछ। यी सबै कथनसापेक्षित निष्कर्षमा समालोचना कसरी गरिएको छ भन्ने प्रश्नको वैज्ञानिक उत्तर पद्धति हो भने समालोचनाको झुकाउ कतातिर छ भन्ने प्रश्नको वस्तुनिष्ठ उत्तर प्रवृत्ति हो भन्ने मान्न सकिन्छ।

### 3.5.1 *समालोचनात्मक पद्धतिहरु*

समालोचना भनेकै साहित्यकला किंवा रचनाविशेषको पारख गर्ने पद्धति हो[१०३]। कृतिभित्र ज्ञेय-अज्ञेय रुपमा रहेका विभिन्न तत्त्वहरूको छानवीन, व्याख्या तथा मूल्य निर्धारण गर्नुमा यसको भूमिका महत्त्वपूर्ण मानिन्छ। वस्तुत: कृतिजगत् अथाह र अपार हुने भएकोले कुनै परिपक्व योजना नबनाई यसभित्र विचरण गर्नु सरल र सम्भव हुँदैन। यस सन्दर्भमा कृतिको सौन्दर्यबोध गर्न तथा कृतिको अभिप्राय, अर्थापन, भावसंरचना, प्रयोगादि बुझ्न मानिसको मन जान्नजत्तिकै कठिन हुन्छ[१०४] भन्ने इन्द्रबहादुर राईको भनाई उपयुक्त रहेको पाइन्छ। यसै

---

१०३[१०३] डिल्लीराम तिमसिना, पूर्ववत्, पृ. 91

१०४[१०४] इन्द्रबहादुर राई, 2008, ‘कृतिहरूले छोइँदा', *समय र समीक्षण*, लक्खीदेवी सुन्दास, दार्जिलिङ: सुन्दास परिवार, पृ. ङ

भएर समालोचकहरू विभिन्न योजना बनाई कृतिको अन्तस्थलसम्म पुग्ने प्रयास गर्दछन्। यस क्रममा अवाध गतिले लक्ष्यसम्म पुग्नका निम्ति समालोचकद्वारा जेजस्ता वैचारिक ढाँचाहरूको निर्माण गरिन्छ, तिनै समालोचनाका पद्धति हुन्। यसको अनुपस्थितिमा समालोचनाको स्तरीकरणबारे कल्पना गर्न सकिँदैन। यसैले पद्धति चयन वा निर्धारण प्रक्रिया समालोचनात्मक कार्यसिद्धिका निम्ति महत्त्वपूर्ण शर्त रहने गरेको देखिन्छ। स्थूल रुपमा यस्ता समालोचनात्मक पद्धतिलाई दुई वर्गमा विभाजन गरिएको पाइन्छ — पहिलो केन्द्राभिगामी र दोस्रो केन्द्रापगामी।

घनश्याम नेपालअनुसार साहित्य अध्ययनको बहिर्निष्ठ पद्धति मूलत: केन्द्राभिगामी चरित्रको हुन्छ भने अन्तर्निष्ठ पद्धतिचाहिँ मूलत: केन्द्रापगामी हुन्छ।[१०५] यसलाई बहिरङ्ग पद्धति र अन्तरङ्ग पद्धति पनि भनिएको पाइन्छ। रामप्रसाद ज्ञवालीले यसबारे चर्चा गर्दै बहिरङ्ग पद्धतिमा जीवनीपरक, समाजपरक, मनोविज्ञानपरक, दर्शनपरक, ललितकलापरक र अन्तरङ्ग पद्धतिमा ध्वनि, अर्थश्रेणी, बिम्ब, प्रतीक, अलङ्कार, पुराकथा, विधा र प्रविधि आदिको अध्ययनलाई राखिने गरेको बताएका छन्।[१०६] यी दुई स्थूल पद्धतिबाहेक सूक्ष्म रुपमा समालोचनाका अनेक पद्धतिहरू पाइन्छन्, तिनका चरित्रलाई स्पष्ट पार्न पूर्वीय र पाश्चात्य दुवैतिर प्रचलित सैद्धान्तिक एवं प्रायोगिक विभिन्न समालोचना पद्धतिहरूबारे छलफल गर्नु समुचित ठहरिन्छ।

समालोचनालाई समयानुकूल परिभाषित गर्ने, यसका आधारहरू खुट्याउने र प्रकारहरू चिनाउने कार्यसँगसँगै समालोचनात्मक पद्धतिबारे मुख्यत: विधि, प्रणाली, पद्धति आदि रुपमा

---

१०५[१०५] घनश्याम नेपाल, 2006, 'साहित्यको सङ्केतवैज्ञानिक अध्ययन', *नेपाली अकादमी जर्नल*, मोहन पी. दाहाल (सम्पा.), उत्र बङ्ग विश्वविद्यालय, पृ. 4

१०६[१०६] रामप्रसाद ज्ञवाली, वि.सं. 2066, *पाश्चात्य सिद्धान्तको सरल व्याख्या*, काठमाडौं: हजूरको प्रकाशन, पृ. 95

पूर्वीय र पाश्चात्य दुवैतिर चर्चा भएको पाइन्छ। मोहनहिमांशु थापाअनुसार संस्कृत साहित्यमा चार प्रकारका समालोचनाविधि पाइन्छन् — टीकाविधि, भाष्यविधि, शास्त्रार्थविधि र निर्णयात्मकविधि[१०७]। यी चार प्रकारका विधिहरूका अतिरिक्त आचार्यविधि र लोचनविधिको समेत उल्लेख गर्दै बाबुराम अधिकारीले संस्कृत साहित्यमा छ प्रकारका समालोचनाविधिहरू रहेको बताएका छन्।[१०८] रामचन्द्र तिवारीको भनाई यसभन्दा केही फरक रहेको देखिन्छ। उनले संस्कृतमा आचार्यपद्धति, टीकापद्धति, शास्त्रार्थपद्धति, सूक्तिपद्धति, खण्डनपद्धति र लोचनपद्धति गरेर छ प्रकारका पद्धतिहरु रहेको उल्लेख गरेका छन्।[१०९]

उपरोक्त विधिहरूबाहेक पूर्वीय साहित्य चिन्तनअन्तर्गत रसवाद, अलङ्कारवाद, रीतिवाद, ध्वनिवाद, वक्रोक्तिवाद, औचित्यवाद आदि सैद्धान्तिक आधारहरूमा प्रवृत्त समालोचनापद्धतिहरू रहेका पाइन्छन्। यसमा अझ छन्दोवादी, गुणवादी पद्धतिहरूको समेत उल्लेख गर्दै डिल्लीराम तिमसिना लेख्छन्- संस्कृतमा पुरातन साहित्य सिद्धान्तअनुसार समालोचनाका विविध विधिहरूमध्ये छन्दोवादी, अलङ्कारवादी, ध्वनिवादी, गुणवादी, रीतिवादी, रसवादी, औचित्यवादी पद्धतिहरू व्यापकरुपमा प्रचलित र लोकप्रिय भएका छन्।[११०] यसबाट पूर्वीय साहित्यशास्त्रमा सैद्धान्तिक र प्रायोगिक दुवै किसिमका समालोचनापद्धतिहरूको प्रयोग र परम्परा रहेको थाहा पाइन्छ।

यसरीनै पाश्चात्य साहित्यमा अझ व्यापकरुपमा समालोचनाका विधि वा पद्धतिबारे चर्चा गरिएको पाइन्छ। सर्वप्रथम प्लेटोले आफ्ना सम्भाषणहरूमा कविलाई तारो बनाएर

---

१०७[१०७] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. 189

१०८[१०८] ज्ञानु अधिकारी, वि. सं. 2068, *नेपाली नारीसमालोचना: परम्परा, प्रवृत्ति र विश्लेषण*, काठमाडौं: पैरवी प्रकाशन, पृ.17

१०९[१०९] रामचन्द्र तिवारी, पूर्ववत्, पृ. 110

११०[११०] डिल्लीराम तिमसिना, पूर्ववत्, पृ. 89

काव्यकलासम्बन्धि व्यक्त गरेका नकारसूचक वाणीहरुबाट वीजाङ्कुरण भएको पाश्चात्य समालोचनाको परम्परा एरिष्टोटलबाट सार्थक रुपमा अघि बढेको पाइन्छ। यसपछि साहित्यिक कृतिहरूको अध्ययन गर्ने सन्दर्भमा विभिन्न मूल्य, मान्यता, चिन्तन, प्रक्रिया, वाद, सिद्धान्तसँगै विभिन्न समालोचनापद्धतिहरूको पनि विकास भएको देखिन्छ। यसप्रकार विकसित भएका पद्धतिहरूलाई दुई खेमामा विभाजित गर्दै वासुदेव त्रिपाठीले तिनका विभिन्न भेद र उपभेदहरूबारे चर्चा गरेका छन्। त्रिपाठीअनुसार पाश्चात्य समालोचना पद्धतिका मुख्य प्रकारहरू यसप्रकार रहेका छन् - वैयक्तिक प्रभावपरक र वस्तुगत एवं शोधपरक, वर्णनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, मूल्याङ्कनात्मक अर्थात् मूल्यनिर्णयात्मक, ऐतिहासिक, तुलनात्मक, सिद्धान्त अन्तर्व्यक्त वा अघोषित तथा न्यून सैद्धान्तिक र सिद्धान्तपरक (एकल, बहुल, अन्तरङ्ग वा साहित्यनिष्ठ र अन्तर्विषयक) आदि। सैद्धान्तिक बहुलता र तिनका अन्तर्क्रियासमेतका सन्दर्भमा त्रिपाठीले निम्नलिखित उपभेदहरूको वर्गीकरण गरेका छन् - स्रष्टापरक एवं जीवनीपरक, नीतिपरक, समाजपरक, इतिहासपरक, मार्क्सवादी, मनोविज्ञानपरक (लेखकीय, कृतिगत, पाठकीय, फ्रायडेली, जुङ्गेली, आद्यबिम्बात्मक), नवमनोविश्लेषात्मक, रुपवादी, संरचनावादी, शैलीवैज्ञानिक, नवआत्मिक प्रतिक्रियावादी एवं चेतनावादी, पाठकीय अन्तर्क्रियावादी, वाणीक्रियावादी, पाठार्थव्याख्यावादी, नारीवादी, उत्तरऔपनिवेशिक, नवइतिहासवादी, सांस्कृतिक अध्ययनवादी आदि।[१११]

उपर्युक्त वर्गीकरणमा पाश्चात्य समालोचना पद्धतिहरूलाई समुच्चय दृष्टिले वर्गीकृत गरी तिनका वृहत्तम स्वरुपबारे चिनाउने प्रयत्न गरिएको पाइन्छ। यसले पाश्चात्य साहित्यमा प्रचलित विभिन्न पद्धतिहरूको चित्र खिच्ने कार्यलाई मोटामोटी रुपमा समाहित गरेको छ भन्न सकिन्छ। यस्तैप्रकारले समयसमयमा पूर्वीय र पाश्चात्य दुवैतिरका समालोचना पद्धतिहरूबारे

१११[१११] वासुदेव त्रिपाठी, वि. सं. 2065, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा*, भाग — 2, ललितपुर: साझा समालोचना, पाँ. सं. पृ. 651 - 652

विचार-विमर्श भएका पाइन्छन्। यस क्रममा समालोचनाका प्रकार र पद्धतिलाई एकै ठाउँ मुछेर एउटैएउटै जस्तो रुपमा प्रस्तुत गर्ने परम्पराबाट समालोचकहरू अक्षुण्ण रहन पनि नसकेकै देखिन्छन्। यस विषयमा ज्ञानु अधिकारीको भनाई विचारयोग्य रहेको पाइन्छ। उनले प्रयोग र उद्देश्यका आधारमा समालोचनाका विधि र प्रकार बेग्लाबेग्लै हुन् भन्दै समालोचना गर्दा पहिले विधि वा पद्धतिको अवलम्बन गरिन्छ र पछि तिनै विधि वा पद्धतिका आधारमा समालोचनाका प्रकारहरू छुट्याउने गरिन्छ[११२] भन्ने भ्रान्ति निवारणपूर्वक तर्क प्रस्तुत गरेको पाइन्छ।

समालोचक व्यक्तिपिच्छे अलगअलग भएझैं समालोचना पद्धतिहरूको संख्या पनि अलगअलग रहेको पाइन्छ। यसमा डिल्लीराम तिमसिनाले *भाषा र साहित्य* नामक पुस्तकमा पूर्वीय साहित्यमा प्रचलित पूर्व अनुच्छेदमा उल्लेख गरिएका सात पद्धतिहरूलगायत पाश्चात्य साहित्यमा प्रचलित दश पद्धतिहरू क्रमैले आदर्शवादी, मनोविज्ञानवादी, सौन्दर्यवादी, यथार्थवादी, प्रगतिवादी, प्रभाववादी, प्रतीकवादी, बिम्बवादी, अस्तित्ववादी, प्रयोगवादी आदिको चर्चा गरेको पाइन्छ।[११३] कृष्ण गौतमले *आधुनिक आलोचना: अनेक रुप अनेक पठन*मा पाश्चात्य साहित्यमा चलेका विभिन्न सैद्धान्तिक अवधारणाहरूलाई पद्धतिको रुपमा प्रयोग गर्दै *प्रह्लाद* नाटकको बहुलवादी पठन प्रस्तुत गरेका छन्। उक्त पठनका आधारमा नीतिवादी, समाजशास्त्रीय, जीवनीपरक, मनोविश्लेषणात्मक, मिथकीय, विधापरक, तुलनात्मक, अनुवादपरक, रुपसंरचनावादी, नवआलोचनात्मक, शैलावैज्ञानिक, संरचनावादी, विसङ्गटनवादी,

---

११२[११२] ज्ञानु अधिकारी, पूर्ववत्, पृ. 18

११३[११३] डिल्लीरामम तिमसिना, पूर्ववत्, पृ. 89

स्त्रीवादी, पाठकाभिमुखवादी, उत्तरउपनिवेशवादी, बहुसंस्कृतिवादी, उत्तरअनुशासनवादी आदि गरेर अठाह्र पद्धतिहरूको उल्लेख गरिएको पाइन्छ।[११४]

यसरीनै *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* नामक पुस्तकमा लेखकद्वय मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले आठ प्रकारका समालोचना प्रणालीहरूबारे चर्चा गरेका छन्। जसमा नीतिपरक, जीवनीपरक, समाजपरक, मनोविज्ञानपरक, आदिमतापरक, रुपपरक, शैलीवैज्ञानिक, संरचनावादी आदि रहेका पाइन्छन्।[११५] हिन्दी आलोचक रामचन्द्र तिवारीले *आलोचक का दायित्व* नामक पुस्तकमा ऐतिहासिक, निर्णयात्मक, वैज्ञानिक, तुलनात्मक, मनोवैज्ञानिक, व्यक्तिवादी, प्रभाववादी, प्रगतिवादी, अभिव्यञ्जनावादी, जीवनवृत्तान्तीय, व्याख्यात्मक गरेर जम्मा एघारवटा समालोचनापद्धतिहरूको चर्चा गरेका छन्।[११६] मेघनाथ छेत्रीअनुसार पाश्चात्य समालोचनाको क्षेत्रमा विकसित भएका समालोचना पद्धतिहरूमा शास्त्रीयतावादी, नव शास्त्रीयतावादी, स्वच्छन्दतावादी, समाजशास्त्रीय, नीतिपरक, जीवनचरित्रात्मक, ऐतिहासिक, प्रगतिवादी, प्रभाववादी, निर्णयात्मक, तुलनात्मक, मनोविश्लेषणात्मक, व्याख्यात्मक, मिथकीय, रुपपरक, शैलीवैज्ञानिक, संरचनावादी, विनिर्माणवादी मुख्य रहेका छन्।[११७]

उपर्लिखित तथ्यहरुबाट के थाहा पाइन्छ भने पूर्वीय साहित्यको अपेक्षा पाश्चात्य साहित्यमा समालोचनाका विधि वा पद्धतिहरूको विकास व्यापक मात्रामा भएको पाइन्छ। यस सन्दर्भमा केशवप्रसाद उपाध्यायको भनाईअनुसार पूर्वीय साहित्यचिन्तन धर्म र आध्यात्मिक दर्शनलाई अँगालेर स्थिर एवं जड बस्नु र पाश्चात्य साहित्यचिन्तन भौतिकवादी दृष्टिदर्शनलाई अँगालेर

---

११४[११४] कृष्ण गौतम, पूर्ववत्, पृ. 1 - 446

११५[११५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. 101 -264

११६[११६] रामचन्द्र तिवारी, पूर्ववत्, पृ. 91

११७[११७] मेघनाथ छेत्री, पूर्ववत्, पृ. 11

निरन्तर विकासशील प्रक्रियामा विज्ञानसम्मत बनेर अघि बढ्नु हो[११८] भन्ने कुरालाई मान्न सकिन्छ।

### 3.5.2 *नेपाली समालोचनाका पद्धतिहरू*

नेपाली समालोचनाले पूर्वीय र पश्चिमी साहित्यमा प्रचलित समालोचना पद्धतिहरूबाटै मलजल पाएको कुरालाई नकार्न सकिँदैन। यस विषयमा *नेपाली साहित्यालोचनका प्रमुख पद्धति* शीर्षक लेखअन्तर्गत विद्यापति दाहाल लेख्छन् — नेपाली आलोचनाका चार चरणमध्ये पहिलो र दोस्रो चरणसम्म पूर्वीय पद्धतिहरूको अनुसरण गरेको, तेस्रो र चौंथो चरणमा पाश्चात्य पद्धतिहरूको प्रभावमा परी गतिशील बन्दै वर्तमान स्थितिसम्ममा आलोचनाका अनेक खुडकिला पार गरिसकेको कुरो सर्वविदितै छ।[११९] यसको तात्पर्य नेपाली साहित्यमा समालोचना गर्ने कुनै पद्धति नै निर्माण हुन सकेन भन्ने होइन। साहित्य सिर्जनासम्बन्धि चलेका विभिन्न अभियान वा आन्दोलनहरू सबै नै समालोचनात्मक पद्धतिका रुपमा स्थापित हुन सक्ने नदेखिए तापनि झर्रोवाद, आयामिक लेखन, लीलालेखन, शून्यवाद, तरलवाद, भयवाद जस्ता अभियान वा आन्दोलनहरू समालोचनात्मक पद्धतिका रुपमा विकसित हुनसक्ने प्रशस्त सम्भावनाका साथ देखापरेका पाइन्छन्। यीमध्ये आयामिक लेखन र लीलालेखनका अवधारणाहरूमा प्रवृत्त भएर एकाध समालोचनाहरू गरिएका पाइए तापनि प्रशस्त प्रयोगको न्यूनताले भनेजस्तो परम्परा बस्न सकेको भने देखिँदैन। अत: नेपाली समालोचना पूर्वीय र पाश्चात्य साहित्यमा प्रचलित पद्धतिहरूलाई अपनाएरै समालोचनात्मक कार्यमा अघि बढेको देखिन्छ।

---

११८[११८] केशवप्रसाद उपाध्याय, 2061, *पूर्वीय साहित्यसिद्धान्त*, ललितपुर: साझा प्रकाशन, पृ. 2

११९[११९] विद्यापति दाहाल, 2006, 'नेपाली साहित्यालोचनका प्रमुख पद्धतिहरू', *नेपाली अकादमी जर्नल,* मोहन पी. दाहाल (सम्पा.), उत्तर बङ्ग विश्वविद्यालय, पृ. 13

आजसम्म नेपाली समालोचनामा प्रयोग गरिएका समालोचनापद्धतिहरूबारे विद्वानहरूले विचार-विमर्श गरेको पाइन्छ। कृष्णचन्द्रसिंह प्रधानअनुसार नेपालीमा प्रचलित मुख्यमुख्य आलोचनाका पद्धतिहरू गुण-दोषात्मक, तुलनात्मक, निर्णयात्मक, व्याख्यात्मक, भौतिकवादी र शास्त्रीय आदि रहेका पाइन्छन्।[१२०] उक्त पद्धतिहरूबाहेक उनले अनुभवात्मक, प्रभावात्मक, मनोविश्लेषणात्मक, मूल्यवादी आदि पद्धतिहरूको पनि प्रभाव नेपाली समालोचनामा रहेको बताएका छन्। ज्ञानु अधिकारीद्वारा रेखाङ्कित नेपाली समालोचनात्मक पद्धतिहरूमा शास्त्रीय, व्याख्यात्मक, निर्णयात्मक, तुलनात्मक, नीतिपरक, जीवनीपरक, समाजपरक, मनोविज्ञानपरक, आदिमतापरक, रुपपरक, शैलीवैज्ञानिक, मार्क्सवादीलगायत बहुलवादी प्रणालीअन्तर्गत नारीवादी, विनिर्माणवादी, पाठक प्रतिक्रियावादी, सांस्कृतिक, नवमार्क्सवादी, नव्यव्यावहारिकतावादी, उत्तरऔपनिवेशिक, बहुअर्थकता, अन्तर्विषयक आदि प्रमुख रहेका पाइन्छन्। यसरीनै विद्यापति दाहालले पनि नेपाली समालोचनाका पद्धतिहरूबारे विचार गरेका छन्। दाहालअनुसार नेपाली समालोचनाका प्रचलित पद्धतिहरू जीवनीपरक, गुण-दोषात्मक, व्याख्यात्मक, तुलनात्मक, निर्णयात्मक, प्रभावात्मक, ऐतिहासिक, शास्त्रीयतापरक, नीतिपरक, स्वच्छन्दतावादपरक, मनोविश्लेषणात्मक, प्रगतिवादपरक, आयामिक र लीलालेखन आदि रहेको थाहा पाइन्छ।[१२१] यसै क्रममा व्यक्तिप्रधान वा आत्मप्रधान अनि वस्तुप्रधान रुपमा समालोचना पद्धतिको स्थूल विभाजन गर्दै कृष्णविलास पौड्यालले वस्तुप्रधान पद्धतिअन्तर्गत बाइसवटा विभिन्न पद्धतिहरूको चर्चा गरेका छन्। उनको यस वर्गीकरणमा अनिश्चयात्मक, अनुभवात्मक, कार्यात्मक, नैसर्गिक, रचनात्मक, अनुमानात्मक, अविचल, बाह्यवादी जस्ता प्रचलनमा नल्याइएका समालोचना पद्धतिहरूबारे उल्लेख भएको पाइन्छ।[१२२]

१२०[१२०] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. 18

१२१[१२१] विद्यापति दाहाल, पूर्ववत्, पृ. 14 - 15

१२२[१२२] कृष्णविलास पौड्याल, पूर्ववत्, पृ. 159 - 160

उपर्लिखित तथ्यहरूबाट विभिन्न पद्धतिहरूको युगानुकूल प्रयोगले नेपाली समालोचनाको स्वरुप सुनिश्चित हुँदैआएको कुरा थाहा पाइन्छ। यसका साथै पद्धति निर्धारण प्रक्रियालाई लिएर विज्ञ समालोचकहरूमाझ मतभिन्नता रहेको पनि स्पष्ट देखिन्छ। अत: यी सबै तथ्यहरूलाई आधारस्वरुप ग्रहण गर्दै आजसम्म नेपाली समालोचनामा देखापरेका प्रमुख पद्धतिहरूलाई निम्न प्रकारले वर्गीकरण गरेर देखाइन्छ र यी पद्धतिहरूमध्ये राजनारायण प्रधानले प्रयोग गरेका पद्धतिहरूको पनि उल्लेख गरिन्छ-

- जीवनचरित्रात्मक पद्धति
- व्याख्यात्मक पद्धति
- प्रभाववादी पद्धति
- गुण-दोषात्मक पद्धति
- निर्णयात्मक पद्धति
- तुलनात्मक पद्धति
- नीतिपरक पद्धति
- ऐतिहासिक पद्धति
- शास्त्रीयतावादी पद्धति
- समाजशास्त्रीय पद्धति
- मनोविश्लेषणात्मक पद्धति
- स्वच्छन्दतावादी पद्धति
- विसङ्गतिवादी पद्धति
- उत्तरऔपनिवेशिकतावादी पद्धति
- सांस्कृतिक अध्ययन पद्धति
- नारीवादी पद्धति
- लीलावादी पद्धति
- रुपवादी पद्धति
- शैलीवैज्ञानिक पद्धति
- विनिर्माणवादी पद्धति
- शोधपरक पद्धति

उपरोक्त पद्धतिहरुका अतिरिक्त पनि नेपाली समालोचनामा न्यूनाधिक रुपमा बिम्बवादी, प्रतीकवादी, अस्तित्ववादी, प्रकृतवादी, आञ्चलिकतावादी, अन्तर्पाठात्मक, अभिघातवादी, पारिस्थितिकी आदि पद्धतिहरूको प्रयोग र परम्परा रहेको देखिन्छ।

### 3.5.3 *नेपाली समालोचनाका प्रवृत्तिहरू*

मानव जातिमा संवेदना चेत ग्रहण पक्ष र बौद्धिक चेत ग्रहण पक्ष जन्मदेखि नै नैसर्गिक रुपमा विद्यमान हुने प्रवृत्तिहरू हुन्। यिनै ग्रहण पक्षहरूले अग्लो र होंचोको, राम्रो र नराम्रोको, सानो र ठूलोको, नजिक र टाडोको, सादृश्य र वैपरित्यको भिन्नता ठम्याउने र निर्णय दिने कलालाई प्रेरित गर्दछ।[१२३] यसरी कुनै पनि विषयमा वा कुनै पनि वस्तुसम्बन्धी उचित-अनुचित केही प्रतिक्रिया दिने प्रवृत्ति मानव सुलभ प्राकृतिक देन भएकोले समालोचना गर्ने स्थिति प्रारम्भमा मानव प्रकृतिको यही रुपबाट विकासको चरणतिर लम्केको पाइन्छ। फलस्वरुप मानव प्रकृतिका विविध प्रवृत्तिहरूमध्ये दुईवटा प्रवृत्ति बिघ्नै प्रबलतर हुने मत गुमानसिंह चामलिङले व्यक्त गरेका छन् — पहिलो सौन्दर्यप्रियता र दोस्रो आत्माभिव्यक्ति।[१२४] कुनै वस्तु वा विषयप्रतिको आकर्षण र विकर्षणको प्रभाव सौन्दर्यप्रियताभित्र पर्ने कुरो हो भने त्यसैको अभिव्यक्ति चाहिँ आत्माभिव्यक्ति हो। यिनै दुई मानवीय प्रवृत्तिको फलस्वरुप समालोचनाको थालनी भएको हो भन्ने धारणा समालोचक चामलिङद्वारा प्रकट भएको पाइन्छ। यसलाई स्थूल रुपमा समालोचनात्मक प्रवृत्तिका दुई वर्ग मान्न सकिन्छ।

नेपाली साहित्यमा समालोचना पद्धतिबारे चर्चा गरिए झैं समालोचनात्मक प्रवृत्तिबारे पनि चर्चा गरिएको पाइन्छ। यसमा विशेषत: पूर्वीय र पाश्चात्य साहित्यशास्त्रअन्तर्गत स्थापित विभिन्न वाद वा सिद्धान्तहरु तथा विषयवस्तुको प्रस्तुतिकरणमा गतिशील रहने भाव आदि रुपमा प्रवृत्तिगत विशेषताहरूलाई चिनाउने काम भएको पाइन्छ। यसैको सापेक्षतामा नेपाली समालोचनाको चरणगत विकास प्रक्रियाअनुरुप विभिन्न प्रवृत्तिहरूबारे विचार पुऱ्याइएको पाइन्छ। तीमध्ये प्रमुख प्रवृत्तिहरू हुन् -

---

१२३[१२३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ, 01

१२४[१२४] गुमानसिंह चामलिङ, पूर्ववत्, पृ. 117

- परिचयात्मक प्रवृत्ति
- जीवनचरित्रात्मक प्रवृत्ति
- प्रभाववादी प्रवृत्ति
- तुलनात्मक प्रवृत्ति
- व्याख्यात्मक प्रवृत्ति
- निर्णयात्मक प्रवृत्ति
- गुण-दोषात्मक प्रवृत्ति
- शास्त्रीय प्रवृत्ति
- समाजशास्त्रीय प्रवृत्ति
- नीतिपरक प्रवृत्ति
- ऐतिहासिक प्रवृत्ति
- यथार्थवादी प्रवृत्ति
- मनोविश्लेषणात्मक प्रवृत्ति
- स्वच्छन्दतावादी प्रवृत्ति
- मूल्यवादी प्रवृत्ति
- अन्वेषणात्मक प्रवृत्ति
- रुपवादी प्रवृत्ति
- वस्तुवादी प्रवृत्ति
- मिथकीय प्रवृत्ति

उपर्लिखित प्रमुख प्रवृत्तिहरूबाहेक बहुलवादी समालोचनाअन्तर्गत पर्ने विभिन्न प्रवृत्तिहरूको विकास नेपाली समालोचनामा भइरहेको पाइन्छ। यसै गरी नेपाली साहित्यमा चलेका विभिन्न अभियान वा आन्दोलनहरूलाई पनि समालोचनात्मक प्रवृत्तिका लहरमा राखेर हेर्न सकिन्छ।

## 3.6 राजनारायण प्रधानका समालोचनाका पद्धतिगत एवं प्रवृत्तिगत विशेषताहरू

समालोचना अनिवार्य रुपले मूल्याङ्कनपरक हुन्छ।[१२५] यसैले साहित्यिक कृतिको मर्म बुझेर असलमा त्यो कृति कस्तो हो तथा त्यसको विषय, आत्मतत्त्व र कलागत मूल्य के हो जस्ता

१२५[१२५] दयाराम शर्मा र मोहनराज शर्मा, पूर्ववत्, पृ. 157

प्रश्नहरूको समाधानसूत्र खोज्दै न्यायपूर्वक दृष्टिले आफ्नो विचार प्रतिपादन गर्नु समालोचकको गम्भीर दायित्व हुँदछ। रामकृष्ण शर्मा भन्छन् — गुरूले परीक्षापत्र हेरी अङ्कानुसार शिष्यका स्थान निर्धारित गरेझैं समालोचकको कर्म पनि कुन लेखकको कुन दर्जा हो, त्यो सौन्दर्य विज्ञानका दृष्टिले होस् वा नैतिक दृष्टिले होस् छुट्याउनु नै हो।[१२६] विलियम हेनरी हडसनले समालोचकको कर्म वृहत् र कठिन हुने बताएका छन्। हडसनअनुसार समालोचकको उद्देश्य कृतिको मूल मर्म छिचोल्दै त्यसबाट शक्ति र सौन्दर्यका आवश्यक तत्त्वहरूलाई अलग पार्नु, त्यसमा भएका स्थायी र अस्थायी तत्त्वहरूको पृथकीकरण गरी विवेचना गर्नु, अर्थ दिनु तथा प्रत्यक्ष परीक्षण वा अनुशीलनद्वारा कृतिमा निहित कलात्मक एवं नैतिक सिद्धान्तहरूबारे प्रकाश पार्नु आदि रहेको थाहा लाग्दछ।[१२७] यी सबमा उत्तीर्ण भएर आफ्नो मनस्विता सिद्ध गर्ने समालोचकहरूलाई नै सही अर्थमा आदर्श समालोचक मान्न सकिन्छ। राजनारायण प्रधान एकजना यस्तै आदर्श समालोचक हुन्।

पाश्चात्य साहित्यको गहन अध्ययन गर्ने प्रधानको दखल पूर्वीय साहित्य र साहित्य सिद्धान्तहरुको अध्ययनमा पनि उत्तिकै सबल रहेको देखिन्छ। समालोचक भएर पूरा गर्नुपर्ने दायित्वहरूलाई सफलतापूर्वक निर्वाह गर्दै उनले पूर्वीय र पाश्चात्य दुवैतिरबाट समालोचनात्मक पद्धति र प्रवृत्तिहरू ग्रहण गरी प्रायोगिक वा व्यावहारिक समालोचनाहरू लेखेको पाइन्छ। यद्यपि उनको झुकाउ भने ज्यादातर पाश्चात्य साहित्यको अध्ययन, अनुभावन तथा अनुवीक्षणमै केन्द्रित रहेको देखिन्छ।

साहित्यिक कृतिको अध्ययनपछि त्यसले आफूमा पारेको प्रभावको फलस्वरुप कृतिकारको मर्म अनुभूत गर्दै कृतिको अन्तरतहसम्म पुग्नु सहज कार्य हुँदैन। यस कार्यमा एउटा त

---

१२६[१२६] रामकृष्ण शर्मा, 2050, सप्तशारदीय, ललितपुर: साझा प्रकाशन, दो. सं. पृ. 37

१२७[१२७] विलियम हेनरी हड्सन, पूर्ववत्, पृ. 268

आफूलाई कोरा प्रभाववाद वा आत्मसंस्कारवादको आवरणदेखि मुक्त बनाउनुपर्ने चुनौति आइपर्दछ भने अर्कोचाहिँ सही सन्तुलन र आधार राखेर कृतिको मूलभाव नछोडि जडसम्म पुग्नुपर्ने चुनौति खडा हुँदछ। यसैले समालोचना गर्नलाई विशेष अनुशासनको आवश्यकता पर्दछ। जसको पहिलो काम प्रवृत्ति निर्धारण गर्नु र दोस्रो काम सोही प्रवृत्तिको आलोकमा निश्चित पद्धतिको अनुसरण गर्नु हुन्छ। समालोचनामा यी दुईमाझ सधैं एकनिष्ठता कायम रहन्छ भन्नु सरासर गलत हुँदछ किनभने कुनै समीक्षकको समालोचनामा एउटा पद्धतिविशेषको गुण बढी रहे पनि उसले अर्को पद्धति नअँगालेको हुँदैन।[१२८] सोहीअनुरुप नै समालोचना एक वा एकभन्दा बढी प्रवृत्तितिर उन्मुख रहेको पाइन्छ। उक्त कथनका आधारमा राजनारायण प्रधानका समालोचनाका पद्धतिगत र प्रवृत्तिगत विशेषताबारे भन्नुपर्दा उनका समालोचनाहरूमा प्रभाव, व्याख्या, तुलना, निर्णय र मूल्याङ्कनको सन्तुलित व्यवस्था पाइन्छ। यसकारण उनका समालोचनाहरूलाई सतही हेराईका उपज नभएर गम्भीर जोखाईका परिणाम मान्न सकिन्छ। प्रधानका समालोचनामा अध्ययनशीलता, निष्पक्षता, स्पष्टता साथै निर्णयको क्षमता स्तुत्य रहेको पाइन्छ।

### 3.6.1 *राजनारायण प्रधानका समालोचनामा पाइने प्रमुख पद्धतिहरू*

राजनारायण प्रधानले पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तमा प्रचलित विभिन्न पद्धतिहरूलाई अपनाएर समालोचना लेखेको पाइन्छ। तीमध्ये प्रमुख पद्धतिहरू यसप्रकार रहेका छन्-

- व्याख्यात्मक पद्धति
- निर्णयात्मक पद्धति
- तुलनात्मक पद्धति
- शास्त्रीय पद्धति
- समाजशास्त्रीय पद्धति

---

१२८[१२८] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. 18

- जीवनचरित्रात्मक पद्धति
- मनोविश्लेषणात्मक पद्धति
- स्वच्छन्दतावादी पद्धति
- विसङ्गतिवादी पद्धति

*व्याख्यात्मक पद्धति*

कृतिको प्रतिपाद्य विषय र अभिव्यक्तिभित्र सीमित रहेर निरपेक्ष रुपमा कलाको विषयवस्तु र रुपका सम्बन्धमा गरिएको विश्लेषण, सौन्दर्यको उद्घाटन तथा कृतिकारको आशय बुझ्ने प्रयासका सिलसिलामा गरिएको आलोचनालाई व्याख्यात्मक पद्धति भनिन्छ।[१२९] यसमा व्याख्या नै सर्वोपरी हुन्छ। व्याख्याद्वारा नै कृतिभित्रको भावपक्ष र सौन्दर्यपक्षलाई खुलाएर पाठकको निम्ति ग्राह्य बनाउने उक्त पद्धति लेखक र पाठकबीच सामञ्जस्य बनाइराख्ने कारकका रुपमा महत्त्वपूर्ण रहेको देखिन्छ। पूर्वीय काव्यशास्त्रमा व्याख्यात्मक पद्धतिको प्रयोग टीकाविधिको रुपमा भएको पाइन्छ। पश्चिममा सन् 1960 को दशकदेखि व्याख्यात्मक पद्धतिको प्रारम्भ जोन ड्राइडेन (सन् 1631-1700) को आत्मविश्लेषणात्मक व्याख्याबाट भएको पाइन्छ भने यसको विस्तार जोसेफ एडिसन, बेन जोनसन, म्याथ्यु आर्नोल्ड आदिबाट भएको देखिन्छ।[१३०]

राजनारायण प्रधान एकजना व्यावहारिक प्रकृतिका समालोचक भएकाले सैद्धान्तिक चर्चापछि कृतिको विषयतर्फ केन्द्रित भई कृतिकारको प्रासङ्गिक परिचय दिन रुचाउँछन्। उनका समालोचनाहरू कृतिकेन्द्री र कृतिकारकेन्द्री दुवै रहेका पाइन्छन्। व्याख्यात्मक पद्धतिलाई अँगालेर कृतिभित्र निहित विविध उदाहरण, प्रसङ्ग र सन्दर्भहरूलाई केलाउँदै आफ्ना तर्क र दृष्टिकोणहरूबाट कृतिको उद्देश्य उद्घाटन गर्नु प्रधानको वैशिष्ट्य रहेको देखिन्छ।

---

१२९[१२९] टंकप्रसाद न्यौपाने, 2049, *साहित्यको रुपरेखा*, ललितपुर, साझा प्रकाशन: दो. सं. पृ. 377

१३०[१३०] शान्ति छेत्री, पूर्ववत्, पृ. 22

यसकारण समालोचनाको ढाँचा, प्रतिपाद्य विषय, अनुभवजन्य अभिव्यक्ति र निरपेक्ष रूचि स्थापना आदिका आधारमा राजनारायण प्रधानका समालोचनाहरू न्यूनाधिक रुपले व्याख्यात्मक पद्धतिभित्र संरचित रहेका पाइन्छन्। व्याख्यात्मक समालोचनामा कृतिगत सौन्दर्यको समुद्घाटन र वैशिष्ट्यको प्रकाशन हुन्छ।[१३१] यो विशेषता राजनारायण प्रधानका समालोचनाहरूमा पाइन्छ। कृतिको श्रेष्ठता मापन गर्ने अथवा कृतिगत सौन्दर्य र वैशिष्ट्य खुट्याउने क्रममा प्रधानले कृतिहरूको सुसङ्गठित व्याख्या प्रस्तुत गरेका छन्।

कृतिबारे आफ्नो विचार प्रतिपादन गर्दा राजनारायण प्रधानले व्याख्यात्मक पद्धतिलाई यत्रतत्र अपनाएको देखिन्छ। यस दृष्टिले उनका *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक — अध्ययनहरू*भित्रका सबै समालोचनाहरू व्याख्यात्मक रहेको पाइए तापनि पद्धतिगत दृष्टिले नै व्याख्याको प्रयोग बढी भएका समालोचनाहरूमा *भानुभक्तको रामायण, कवि भानुभक्तको जीवनचरित्र, भ्रमर, मुनामदन, चिसो चुह्लो, ह्यामलेट, बनहाँस, हतियार र मान्छे, मामा बान्या, सेल्सम्यानको मृत्यु* आदिलाई मान्न सकिन्छ।

*भानुभक्तको रामायण*मा राजनारायण प्रधानले भानुभक्तको अनुवादकला, काव्यकला, मौलिक अभिव्यक्ति, भाषिक क्षमता आदिबारे विशद् चर्चा गरेका छन्। *रामायण*लाई एउटा अभिनव कृति बनाएर प्रस्तुत गर्नुमा भानुभक्तले देखाएको सचेतताबारे अवगत गराउनु प्रधानको मूल ध्येय रहेको देखिन्छ। यसका निम्ति उनले व्याख्यात्मक पद्धतिलाई अँगालेर भानुभक्तीय रामायणमा पाइने काव्यिक सौन्दर्य, मौलिक विचार, भाषिक वैशिष्ट्य आदिबारे सुव्यवस्थित व्याख्या प्रस्तुत गरेका छन्।

---

१३१[१३१] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. 193

मोतीराम भट्टकृत *कवि भानुभक्तको जीवनचरित्र*को समालोचना गर्ने क्रममा पनि व्याख्यात्मक पद्धतिको अनुसरण गरिएको पाइन्छ। यसमा मोतीराम भट्टको वर्णनशैली, हार्दिक अभिव्यक्ति, कल्पनाशीलता, स्वाभाविकता, भाषिक प्राञ्जलता, समालोचनात्मक दृष्टि आदिबारे चर्चा गर्ने क्रममा प्रधानले व्याख्यालाई अधिक महत्त्व दिएका छन्। *कवि भानुभक्तको जीवनचरित्र* एउटा श्रेष्ठ जीवनी साहित्य हुनका साथै समालोचनाको वीजारोपण भएको कृति पनि हो भन्ने विषयको व्याख्या नै सर्वोपरी रहेकोले यसलाई व्याख्यात्मक परिपाटीको समालोचना मान्न सकिन्छ।

व्याख्यात्मक पद्धतिको प्रयोग रहेको प्रधानका समालोचनाहरूमध्ये *भ्रमर* पनि उल्लेखनीय रहेको पाइन्छ। यसमा रुपनारायण सिंहको उपन्यास *भ्रमर*को प्रभावोत्पादक कथावस्तु, पात्रविधान, भाषिक सौन्दर्य आदिका सन्दर्भमा विस्तृत व्याख्या गरेर प्रधानले व्याख्यात्मक दृष्टिको प्रतिपादन गरेका छन्। यसै गरी *मुनामदन* शीर्षक समालोचनामा देवकोटाको *मुनामदन*लाई लोकप्रिय काव्यको रुपमा चिनाउँदै विभिन्न विद्वानहरूका विचारलाई आधारस्वरुप ग्रहण गरेर राजनारायण प्रधानले व्याख्यात्मक मार्ग तय गरेका छन्। यसमा *मुनामदन*को लोकप्रियताका कारणहरूको उल्लेख गर्दै आध्यात्मिक, नैसर्गिक, वस्तुवादी आदि दृष्टिहरूबाट तिनको सङ्गठित व्याख्या प्रस्तुत गरिएको पाइन्छ। *चिसो चुह्लो*मा प्रधानले मानवतावादी जीवन दर्शनको व्याख्या गरेका छन्। मानवतावादी विचारको प्रतिपादन नै *चिसो चुह्लो*को सौन्दर्यपक्ष रहेको कुरो उनको भनाईबाट पुष्टि भएको पाइन्छ। यसका अतिरिक्त *चिसो चुह्लो*मा निहित सामाजिक चेतना र सांस्कृतिक दिग्दर्शन आदिको व्याख्या पनि प्रधानले गरेका छन्।

*विश्वका दश महान् — अध्ययनहरू*मा सङ्कलित *ह्यामलेट* शीर्षक समालोचनालाई पनि व्याख्यात्मक पद्धतिको सुन्दर नमूना मान्न सकिन्छ। यो समालोचना शेक्सपियरद्वारा लिखित

नाटक *ह्यामलेट*को विषयवस्तुमाथि आधारित छ। डा. जोनसन, विल्सन नाइट, ग्रेबनियर, अर्नेष्ट जोन्स, ब्राडली आदि विद्वानहरूका तर्कलाई उद्धरणका रुपमा राख्दै राजनारायण प्रधानले ह्यामलेटको चारित्रिक विशेषताबारे व्याख्या गरेका छन्। *बनहाँस* शीर्षक समालोचनामा इब्सेनका नाटकहरूमध्ये *बनहाँस* सर्वोत्तम रहेको मत प्रकट गर्दै प्रधानले आलोच्य नाटकको वैशिष्ट्य सत्य र भ्रमको द्वन्द्वबीचबाट जीवनको आदर्शलाई हेर्नु हो भन्ने कुराको व्याख्या गरेका छन्। कसरी जीवनको आदर्श कायम राख्न भ्रमको आवश्यकता पर्छ भन्ने विषयको प्रतिपादन *बनहाँस*मा विशेषता भएर झल्केको छ। यसबारे प्रधानले विस्तृत व्याख्या गरेका छन्।

*हतियार र मान्छे*मा पनि व्याख्यात्मक पद्धतिको प्रयोग पाइन्छ। बर्नार्ड शाको विचारप्रधान नाटक मानिएको *हतियार र मान्छे*को समालोचना गर्ने क्रममा राजनारायण प्रधानले शाको कमेडी लेखनका विश्षताहरुबारे पनि उल्लेख गरेका छन्। नाटकभित्र युद्ध, प्रेम र विवाहसम्बन्धमा स्थापित आदर्श वा मान्यता कसरी खण्डित भएको छ भन्ने कुराको व्याख्या प्रधानले गरेका छन्।

*मामा वान्या*मा चेखवको नाट्यकारिताबारे प्रकाश पार्दै उनको *मामा वान्या* शीर्षक नाटकबारे व्याख्या गरिएको पाइन्छ। प्रधानले यसमा जीवनदेखि मानिसको मोहभंग भएको स्थितिलाई नाटकले कसरी प्रस्तुत गरेको छ भन्ने विषयको सङ्गठित व्याख्या गरेका छन्। यसरीनै आर्थर मिलरको नाटक *सेल्सम्यानको मृत्यु*लाई कलाको दृष्टिले महान् कृति रहेको सन्दर्भबारे प्रधानले व्याख्यात्मक पुष्टि गरेका छन्। यसमा व्यक्तिगत आकर्षण छ भने सफलता आफै प्राप्त हुन्छ भन्ने भ्रान्त विचार कसरी प्रबल रुपमा कार्यरत रहेको छ र पूँजीवादी समाजमा मानव जीवन कसरी व्यावहृत हुन्छ भन्ने कुराको व्याख्या नै सर्वोपरी रहेको पाइन्छ। *हतियार मान्छ*को समालोचना गर्ने क्रममा प्रधानले शाको कमेडी लेखनका विशेषताहरूबारे

पनि उल्लेख गरेका छन्। नाटकभित्र युद्ध, प्रेम र विवाहसम्बन्धमा स्थापित मान्यता कसरी खण्डित भएको छ भन्ने कुराको व्याख्या प्रधानले गरेका छन्। वस्तुत: कुनै पनि कृतिमा निहित सौन्दर्यपक्षको उद्घाटन बन्धनरहित व्याख्याद्वारा गर्नु समालोचक प्रधानको एउटा महत्त्वपूर्ण विशेषता रहेको देखिन्छ।

*निर्णयात्मक पद्धति*

कृतिभित्र पसेर कृतिको वैशिष्ट्यबारे प्रकाश पार्दै असलमा कृति कस्तो छ, जीवन र जगतलाई त्यसले कुन रुपमा अङ्गीकार गरेको छ तथा त्यसको आदर्श भूमिका के कस्तो रहेको छ जस्ता पक्षहरूलाई केलाएर ठोस रुपमा आफ्नो वक्तव्य राख्नुलाई समालोचकको निर्णय मानिन्छ। यो काम समालोचकले निश्चित मान्यता, नैतिक एवं सैद्धान्तिक पक्ष आदिलाई ध्यानमा राखेर पूरा गर्दछन्। समालोचकले न्यायधीशले झैं निष्पक्ष भएर कृतिको गुणदोष आदि पक्षको निर्णय दिनु पर्ने भएकोले निर्णयात्मक पद्धतिलाई समालोचनाको एउटा विशेष अङ्ग मानिन्छ। कृष्णचन्द्रसिंह प्रधानले प्रत्येक समालोचना एउटा निर्णय हो[१३२] भनेर समालोचनामा निर्णयलाई प्रमुख एवं सर्वोपरी स्थान दिएका छन्। समालोचना गर्ने कार्यमा प्राचीनकालदेखि नै निर्णयलाई अपरिहार्य अङ्गको रुपमा स्वीकार गरिएको पाइन्छ। पूर्वीय काव्यशास्त्रमा निर्णयात्मकविधिको प्रचलन रहेको कुराले यसको प्रमाण दिँदछ। यसरी नै पाश्चात्य समीक्षाशास्त्रमा एरिस्टोफेनदेखि निर्णयात्मक समालोचनाको विकास[१३३] भएको थाहा पाइन्छ। यसकारण एरिस्टोफेन नै यस पद्धतिका जनक मानिन्छन्।

नेपाली साहित्यमा निर्णयात्मक समालोचनापद्धतिको प्रयोग रामकृष्ण शर्माबाट सुनियोजित रुपमा भएको पाइन्छ। शर्माले समालोचनालाई कलाको स्वरुप निर्णय गर्ने कसी मान्दै

१३२[१३२] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. 18

१३३[१३३] अभि सुवेदी, वि. सं. 2054, *पाश्चात्य काव्य सिद्धान्त*, ललितपुर: साझा प्रकाशन, पृ. 4

आफ्नो ठोस निर्णयद्वारा साहित्यिक कृतिहरूको मूल्याङ्कन गरेका छन्। समालोचक शर्माकै मार्ग अनुसरण गर्दै राजनारायण प्रधानले पनि आफ्ना समालोचनाहरूमा निर्णयात्मक पद्धतिलाई महत्त्व दिएको पाइन्छ। कृतिको सुव्यवस्थित अध्ययन गरेर निचोडमा स्पष्ट निर्णयद्वारा मूल्याङ्कनको मार्ग तय गर्नु र कृतिलाई उचित न्याय दिनु प्रधानको समालोचकीय विशेषता रहेको देखिन्छ। यस दृष्टिले उनका सम्पूर्ण समालोचनाहरू निर्णयात्मक रहेका पाइए तापनि पद्धतिकै रुपमा निर्णयलाई अनुसरण गरिएका समालोचनाहरूमा *भानुभक्तको रामायण* र *तरुण तपसी*लाई विशिष्ट उदाहरण मान्न सकिन्छ।

भानुभक्तको रामायणलाई अदृष्टपूर्व घटना, साहित्यको सर्वोत्तम निधि, मौलिक स्पर्शले अभिनव बनेको कृति, अनुवाद पुनर्सृष्टि भएको, कालजयी कृति, सौन्दर्यको लयपूर्ण सृष्टि भनेर निर्णय गर्दै विवेचना गरिएको कारण *भानुभक्तको रामायण* शीर्षक समालोचनामा निर्णयात्मक पद्धतिको अनुसरण गरिएको पाइन्छ। यसबाट प्रधानलाई तार्किक भावविशिष्टता एवं बौद्धिक प्रक्रियाले कृतिको सर्वाङ्गीन पक्षको नापजोख गर्दै उचित निर्णय गर्ने समालोचक मान्न सकिन्छ। उनले *तरुण तपसी*लाई लेखनाथको सर्वोकृष्ट सृजना, लेखनाथको चरम उपलब्धि, नेपाली साहित्यको महान् उपलब्धी, लेखनाथका मुख्य कृतिहरूको निचोड भनेर निर्णय गरेका छन्। यसरी विवेच्य कृतिको सत्यताको जाँच गर्दै निर्णयात्मक विचारको प्रतिपादनतिर जोड दिइएकोले *तरुण तपसी* लाई निर्णयात्मक समालोचनाको कोटिमा राख्न सकिन्छ।

*तुलनात्मक पद्धति*

दाँजेर मूल्य निरुपण गर्नु समालोचनाको अर्को एउटा मुख्य विधि हो र असल विधि पनि हो।[१३४] कुनै एउटा वस्तुलाई अर्को वस्तुसँग दाँजेर हेर्ने, दुई वा दुईभन्दा धेरै वस्तुहरूको तुलनात्मक अध्ययन गर्ने, समानान्तर रुपमा ती वस्तुबीचको पार्थक्य केलाएर श्रेष्ठता र

१३४[१३४] रामकृष्ण शर्मा, पूर्ववत्, पृ. 43

अश्रेष्ठताको परीक्षण गर्ने तथा विभिन्न विशेषताहरूको आलोकमा तुल्य वस्तुहरूको महत्त्व निर्धारण गर्ने प्रवृत्ति मानवजातिमा जन्मसिद्ध रहेको देखिन्छ। मानव जातिलाई प्राकृतिक वरदानको रुपमा प्राप्त यो प्रवृत्ति सम्पूर्ण रुपले विज्ञानसम्मत हुँदछ। यसैले यदुनाथ खनाल भन्छन् - वैज्ञानिक समालोचनाको आरम्भ तुलना हो।[१३५] कुनै पनि लेखकको कृति र कार्यको मूल्याङ्कन गर्दा तुलना स्वत: नै सुनिश्चित पद्धतिको रुपमा देखापर्दछ। यो मानव चेतनाको इतिहास जत्तिकै पुरानो भएकोले सुरुमा पूर्वीय र पाश्चात्य दुवैतिर यसको सुव्यवस्थित परम्परा नदेखिए तापनि प्रयोग भने कुनै न कुनै रुपमा हुँदै आएको देखिन्छ। संस्कृत वाङमयमा कालिदास, भारवी, दण्डी, माघ आदिका काव्यिक विशेषताबारे तुलना गर्दै भनिएको छ-

उपमा कालिदासस्य भारवेरर्थगौरवम् ।

दण्डिन पदलालित्य माघे सान्ति त्रयोगुणा। ।[१३६]

अर्थात् उपमाको विशिष्ट प्रयोग गर्नेमा कालिदास, अर्थमा भारवी, पदलालित्यमा दन्डी र यी तीनै गुणले युक्त रचना गर्नेमा माघ छन् भनिएको पाइन्छ। भारतीय परिप्रेक्ष्यमा तुलनात्मक अध्ययनको व्यवस्थित परम्परा बसाउनेहरूमा माइकल मधुसूदन दत्त, बंकिमचन्द्र चट्टोपाध्याय, रविन्द्रनाथ ठाकुर आदि हुन्। पश्चिममा पनि प्लेटोको समयदेखि नै साहित्यलाई अन्य विधासित तुलना गरिएको पाइन्छ।[१३७] त्यसपछि अरस्तु, लोन्जाइनस, सिडनी हुँदै विकसित भएको यस परम्पराले म्याथ्यु आर्नोल्ड, डेस्टेल, क्विन्टिलियनहरू हुँदै समृद्धि पाएको

१३५[१३५] यदुनाथ खनाल, वि. सं. 2049, *समालोचनाको सिद्धान्त*, काठमाडौं: साझा प्रकाशन, पाँ. सं. पृ. 7

१३६[१३६] सोमनाथ शर्मा, वि. स. 2058, *साहित्य प्रदीप*, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, पृ. 61

१३७[१३७] शान्ति छेत्री, पूर्ववत्, पृ. 308

देखिन्छ। मध्ययुगका क्विन्टिलियनलाई तुलनात्मक समालोचनाका जन्मदाता मानिन्छ।[१३८] उनले ग्रीक र रोमन साहित्यको तुलनात्मक अध्ययन गरेको पाइन्छ।

पूर्वीय र पाश्चात्य साहित्यशास्त्रको आधारमा तुलनात्मक अध्ययनद्धतिलाई अनुसरण गर्दै राजनारायण प्रधानले कृतिका हरेक पक्षहरूको तुलनात्मक विवेचना गरेको पाइन्छ। उनका समालोचनाहरूमा तुलनात्मक पद्धतिको सशक्त र सफल प्रयोग भएको देखिन्छ। विभिन्न साहित्यिक कृतिहरूको मूल्याङ्कन गर्ने क्रममा उनले तुलनात्मक पद्धतिको प्रयोग गरेका छन्। मुख्यत: तुलनात्मक साहित्य विभिन्न परम्पराका वा राष्ट्रहरूका साहित्यहरूको अध्ययन गर्न प्रयोग भएको अनुशीलन हो।[१३९] यसैले प्रधानका समालोचनाहरू राष्ट्रिय सीमादेखि परका बहुसाहित्यिक विधाहरूसँग सम्बन्धित रहेका पाइन्छन्। प्रधानद्वारा आलोचित *भानुभक्तको रामायण, कवि भानुभक्ताचार्यको जीवनचरित्र, ऋतुविचार, मुकुन्द-इन्दिरा, मसान* आदि समालोचनाहरूमा तुलनात्मक पद्धतिको सुन्दर प्रयोग भएको पाइन्छ।

*भानुभक्तको रामायण*मा व्याख्यात्मक पद्धतिका अतिरिक्त प्रधानले पाठको सन्दर्भ र प्रसङ्गअनुसार तुलनात्मक पद्धतिलाई पनि ग्रहण गरेका छन्। ठेट शब्दहरूको प्रयोग सम्बन्धमा रामानन्दकृत मूलको सुन्दरकाण्ड, रघुनाथको सुन्दरकाण्ड र भानुभक्तको सुन्दरकाण्डमा पाइने भिन्नताहरू देखाउँदै उनी लेख्छन् — मूलको सुन्दरकाण्डमा एक ठाउँ किल्किला शब्दको प्रयोग छ। भानुभक्त त्यसलाई खलबल भन्छन्। मूलमा वाक्शर भन्ने शब्द छ। रघुनाथ त्यसलाई वचनशर भन्छन्, भानुभक्त दुर्वाच्य भनिदिन्छन्। मशक भनेको लाम्खुट्टे हो, तर हनुमानले राक्षसहरू लाम्खुट्टे झैं मारे भन्नु कविलाई ठिक लागेन र भन्छन् — ' सब् मार्‍या हनुमानले क्षण महाँ ई भुसुना भनी । यही पदलाई रघुनाथले

---

१३८[१३८] शान्ति छेत्री, पूर्ववत्, पृ. 308

१३९[१३९] इन्द्रविलास अधिकारी, 2069, *तुलनात्मक साहित्य संक्षिप्त परिचय*, ललितपुर: साझा प्रकाशन, पृ. 57

क्लीष्टतापूर्वक यसरी अभिव्यक्त गरेका छन् — 'फलामका मुदगरले मशक मिचिया झैं गरिदिया।।[१४०] यही वाक्य रघुनाथमा कति क्लीष्ट छ भन्ने कुरा राजनारायण प्रधानले उल्लेख गरेका छन्। प्रस्तुत तुलनाद्वारा राजनारायण प्रधानले साहित्यका तीन महारथीहरूको कृतिमा प्रयुक्त भाषाको चित्राङ्कन गरेका छन् साथै तुलनात्मक दृष्टिले भानुभक्तको भाषिक क्षमता र अर्थपूर्ण शब्दचयन आदिबारे निर्णयात्मक विचार प्रकट गरेका छन्। यसबाट प्रधानको समालोचकीय वैशिष्ट्य खुट्याउन सकिन्छ।

*कवि भानुभक्ताचार्यको जीवनचरित्र*मा नरनाथ शर्माको जीवनी लेखन मोतीराम भट्टको जीवनी लेखनको तुलनामा प्रशंसनीय नभएको, शर्मामा भट्टमा जस्तो चयनशीलता नभएको, तिनको जीवनी रुक्ष वर्णनमात्र भएको, रसात्मक नभएको तथ्यहरूको उद्घाटन गर्दै तुलना गरिएको पाइन्छ। यसका अतिरिक्त मोतीराम भट्ट र हिन्दी साहित्यका भारतेन्दु हरिश्चन्द्रको साहित्यिक योगदानलाई पनि तुलनात्मक दृष्टिले हेर्ने काम भएको पाइन्छ। यसरी तुलना गरेर स्पष्ट निर्णय दिने दक्षता प्रधानमा विद्यमान रहेको अनुभव गर्न सकिन्छ।

*ऋतुविचार*मा महाकवि कालिदासको *ऋतुसंहार* र कवि शिरोमणि लेखनाथ पौड्यालको *ऋतुविचार*को वस्तुसंरचनामा पाइने समानता र असमानताहरूबारे तुलना गरिएको पाइन्छ। ऋतुहरूको वर्णन गर्नु *ऋतुसंहार* र *ऋतुविचार*को मूल अभीष्ट रहे तापनि यी दुई कृतिमा ऋतुवर्णनको सिलसिला सर्वथा पृथक र स्वतन्त्र किसिमका छन् भन्ने कुराको पुष्टि गर्नलाई समालोचक प्रधानले तुलनात्मक पद्धतिको प्रयोग गरेको पाइन्छ। *मुकुन्द-इन्दिरा*मा उनले समको *मुकुन्द-इन्दिरा*लाई शेक्सपियरको *ओथेलो*सँग तुलना गरेका छन्। यसमा *ओथेलो*की डेज्डमोन र *मुकुन्द- इन्दिरा*की इन्दिराका चारित्रिक विशेषताहरूलाई तुलनात्मक दृष्टिले

१४०[१४०] राजनारायण प्रधान, 1973, पूर्ववत्, पृ. 10

हेरिएको पाइन्छ। यस्तै किसिमले शेक्सपियरकै नाटक *रोमियो जुलियट*की जुलियटसँग पनि इन्दिराको तुलना संक्षेपमा गरिएको पाइन्छ।

गोपालप्रसाद रिमालकृत *मसान* नाटकको विवेचना गर्ने क्रममा पनि इब्सेनको *अ डोल्स हाउस*सँग विषयवस्तुगत सम्बन्ध रहेको देखाउँदै राजनारायण प्रधानले यी दुई नाटकमा चित्रित पात्रहरुको चारित्रिक वर्णन तुलनात्मक पद्धतिद्वारा गरेका छन्। प्रधानले *अ डोल्स हाउस*का पात्रहरू नोरा र हेलमरसँग *मसान*का पात्रहरू युवती र कृष्णको तुलना गरेका छन्। यसरीनै *अ डोल्स हाउस*मा वर्णित टारन्टेला (नाँच) सँग *मसान*की दुलहीले खेल्ने गट्टा खेलको तुलनात्मक सम्बन्ध रहेको देखाएका छन्।

*शास्त्रीयतावादी पद्धति*

शास्त्रीय समालोचनाका लागि शास्त्रीय लक्षणग्रन्थ नै मूल आधार हुन्छ।[१४१] यसको सम्बन्ध व्यक्तिगत रुचिको आधारमा गरिने व्याख्या वा विश्लेषणसँग नभएर कृतिको वस्तुपरक हेराईसँग हुन्छ। यसमा शास्त्रीय लक्षणग्रन्थहरूलाई आधार मानी कृतिको बाह्य रुपको वस्तुगत विवेचना प्रस्तुत गरिन्छ। रचनाविधान, भाषाशैली, शिल्पयोजना, रस, छन्द, अलङ्कार आदिजस्ता शास्त्रीय नियमहरूलाई मानदण्डको रुपमा स्वीकार गरेर कृतिको साहित्यिक महत्त्वबारे प्रकाश पार्ने यस पद्धतिमा कृतिको वस्तुविन्यासप्रति विशेष जोड दिइन्छ। यसैले यसलाई रुपवादी वा बाह्य रुपवादी आलोचना पनि भनिन्छ।[१४२] संस्कृत साहित्यमा भरतमुनिको *नाटयशास्त्र*, मम्मटको *काव्यप्रकाश*, भामहको *काव्यालङ्कार*, आनन्दवर्द्धनको *ध्वन्यालोक*, दण्डीको *काव्यादर्श*, कुन्तकको *वक्रोक्तिजीवितम्*, वामनको *काव्यालङ्कारसूत्र*, क्षेमेन्द्रको *औचित्यविचारचर्चा* आदिलाई शास्त्रीय समालोचनापद्धतिका आधारग्रन्थ मानिन्छन्।

१४१[१४१] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. 190

१४२[१४२] कृष्णविलास पौड्याल, पूर्ववत्. पृ. 171

पाश्चात्य साहित्यमा एरिष्टोटललाई यस धाराका केन्द्रिय प्रतिभा मानिन्छ, तापनि उनका अग्रज र अनुजका रुपमा रहेका अन्य प्रतिभाहरूको योगदानलाई पनि बिर्सन मिल्दैन। ती प्रतिभाहरूमध्ये होमर, होसियद, पिण्डार, एरिष्टोफेन, एस्किलस, सोफोक्लिज, युरिपाइडिज, सुकरात, प्लेटो, भर्जिल, होरेस, क्वीन्टिलियन, लन्जाइनस, दाँते, इरासमस आदिको नाम लिन सकिन्छ।

राजनारायण प्रधानका केही समालोचनामा शास्त्रीयतावादी पद्धतिको प्रयोग पाइन्छ। कृतिहरूको शास्त्रीय महत्त्व निर्धारित गर्ने क्रममा उनले शास्त्रीयतावादी पद्धतिलाई प्रासङ्गिक रुपमा अँगालेको देखिन्छ। उनले एकातिर छन्द, अलङ्कार, रस परिपाक जस्ता पूर्वीय लक्षणग्रन्थमा उल्लिखित शास्त्रीय नियमहरूलाई अघि राखेर साहित्यिक कृतिहरूको मूल्य निरुपण गरेका छन् भने अर्कोतिर एरिष्टोटलको काव्यशास्त्रमा वर्णित त्रासदी र कमेडी लेखनका नियमहरूका आधारमा कृतिहरूको विश्लेषण गरेका छन्। *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक — अध्ययनहरू*मा सङ्कलित *ऋतुविचार, मुकुन्द-इन्दिरा, मुनामदन, तरुण तपसी, राजा इडिपस, तारतूफ* आदि समालोचनाहरूमा शास्त्रीय पद्धतिको प्रयोग पाइन्छ। उक्त समालोचनाहरूमध्ये पूर्वीय लक्षणग्रन्थहरूमा वर्णित अलङ्कार र रसका दृष्टिले *ऋतुविचार, मुकुन्द-इन्दिरा, मुनामदन, तरुण तपसी* आदिको विवेचना गरिएको पाइन्छ। यसरीनै एरिष्टोटलको काव्यशास्त्रमा वर्णित त्रासदी र कमेडी लेखनका दृष्टिले *राजा इडिपस, ह्यामलेट, तारतूफ* आदिको विवेचना गरिएको पाइन्छ।

लेखनाथको *ऋतुविचार*मा प्रयुक्त अलङ्कारहरूको चर्चा गर्दा राजनारायण प्रधानले प्रासङ्गिक रुपमा शास्त्रीयतावादी पद्धतिलाई अँगालेका छन्। यसमा लेखनाथको आलङ्कारिक भाषाप्रयोगको चर्चा गर्दै अलङ्कारका आधारमा *ऋतुविचार*को व्याख्या गरिएको पाइन्छ। यसरीनै विभिन्न अलङ्कारका आधारमा कृतिको वस्तुवादी व्याख्या गर्ने क्रममा राजनारायण

प्रधानले *मुकुन्द-इन्दिरा* र *मुनामदन*मा प्रयुक्त अलङ्कार योजनाबारे चर्चा गरेका छन्। अलङ्कारहरूको स्वाभाविक, सुन्दर र चमत्कारपूर्ण प्रयोगले यी दुवै कृतिहरूको मूल्य निर्धारण गरेको छ भन्ने प्रधानको भनाई रहेको पाइन्छ।

शास्त्रीयतावादी समालोचनाको सुन्दर नमूना *तरुण-तपसी*लाई मान्न सकिन्छ। यसमा प्रधानले रस र अलङ्कारका आधारमा लेखनाथको *तरुण-तपसी*को मूल्याङ्कन गरेका छन्। उनी *तरुण-तपसी*मा शान्तरसको आधिक्य रहेको बताउँदै त्यही रस अनुकूल शिखरिणि छन्दको प्रयोग भएको छ भन्ने विचार राख्दछन्। प्रधानअनुसार शान्त रसबाहेक श्रृंगार, करुण, अद्भुत, भयानक, वीभत्स, हास्य आदि रसहरूको सुन्दर व्यञ्जनाले *तरुण-तपसी*को काव्यत्व सङ्गठित छ भन्ने बुझिन्छ। यसका अतिरिक्त शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर प्रयोग भएकाले *तरुण-तपसी*को कलापक्ष र भाषामा सजीवता आएको छ भन्ने पुष्टि पनि प्रधानले गरेका छन्।

*राजा इडिपस*मा त्रासदी लेखनका काव्यशास्त्रीय मान्यताहरूलाई मूल रुपमा आत्मसात गरेर राजनारायण प्रधानले आफ्नो समालोचनात्मक विचारको प्रतिपादन गरेका छन्। यसमा त्रासदी लेखनका विभिन्न तत्त्वहरूका आधारमा सोफक्लिजको नाटक *राजा इडिपस*को परीक्षण गरिएको पाइन्छ। प्रधानले शास्त्रीयतावादी पद्धतिलाई अँगालेर आलोच्य नाटकको मूल्याङ्कन सर्वश्रेष्ठ ग्रीक ट्रेजेडीको रुपमा गरेका छन्। यसरीनै प्रधानले कमेडी लेखनका विशेषताहरूका आधारमा मोलियरको नाटक *तारतूफ*को शास्त्रीय विवेचना गरेका छन्। यसैले उनको *तारतूफ* शीर्षक समालोचनालाई पनि शास्त्रीयतावादी पद्धतिबाट गरिएको समालोचना मान्न सकिन्छ।

*समाजशास्त्रीय पद्धति*

समाजशास्त्रीय समालोचनापद्धतिको मूल आधार वा केन्द्रिय विषय समाज तथा सामाजिक यथार्थको सजीव चित्रण हो। यस पद्धतिमा कृतिभित्र अङ्कित समाजको अध्ययन सामाजिक परिवेशका दृष्टिले गरिन्छ। यसले कृतिकारको सामाजिक परिवेश र अवस्था साथै कृतिको विषयवस्तु, भाषाशैलीको समाजसँगको सम्बद्धता, कृतिले पार्ने प्रभाव तथा समाजले कृतिमा पारेको प्रभावको व्यापक सोधखोज गर्दछ।[१४३] समस्त मानवजाति र उसको कर्म नै समाजभित्र पर्ने हुनाले मान्छेका कुनै पनि प्रश्न समाजबाहिर जाँदैनन्।[१४४] व्यावहारिक रुपमा समाजशास्त्रीय समालोचनापद्धतिको थालनी अठाह्रौं शताब्दीमै इटालेली साहित्यचिन्तक गियाम्बाटिस्टा बिकोबाट भएको उल्लेख पाइन्छ। बिकोले होमरका महाकाव्यहरूको अध्ययन र विश्लेषण सामाजिक सन्दर्भबाट गरेर यस पद्धतिको प्रारम्भ गरेको पाइन्छ। बिकोपछि हर्डरले शेक्सपियरका नाटकहरूको अध्ययन गरेको पाइन्छ भने एच. ए. टेल, सेन्ट व्युभ आदिद्वारा यो पद्धति फराकिलो बन्दै गएको देखिन्छ। यद्यपि यस पद्धतिको विकास परिपक्व रुपमा भने कार्ल मार्क्सको सामाजिक, राजनैतिक, आर्थिक दर्शनप्रेरित विचारधाराबाट 20 औँ शताब्दी यता भएको पाइन्छ तथा यसले जी. बी. प्लेखानोभ, लेनिन, एंगेल्स, कडवेलहरूका सामाजिक विचारद्वारा व्यापकता पाएको देखिन्छ।

समाजशास्त्रीय समालोचनापद्धतिको विकासयात्रा दुई भङ्गालामा छुट्टिएको पाइन्छ — मार्क्सवादी धारा र गैरमार्क्सवादी धारा।[१४५] मार्क्सवादी धाराअन्तर्गत कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक दर्शन, राजनैतिक अर्थव्यवस्था र राज्यक्रान्तिको सिद्धान्त पर्दछ। यी दुई दार्शनिकले समाजशास्त्रीय समालोचनाको विशेष प्रकारको रुपमा मार्क्सवादी

१४३[१४३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल, पूर्ववत्, पृ. 126

१४४[१४४] कृष्ण गौतम, पूर्ववत्, पृ. 31

१४५[१४५] शान्ति छेत्री, पूर्ववत्, पृ. 265

समालोचनाको विकास गरेका हुन्।[१४६] गैरमार्क्सवादी धाराअन्तर्गत सामाजिक यथार्थको यथार्थ चित्रण पर्दछ। राजनारायण प्रधानका समालोचनामा समाजशास्त्रीय पद्धतिको प्रयोग मार्क्सवादी र गैरमार्क्सवादी दुवै धाराका रुपमा भएको पाइन्छ। यी दुवै धारामा आधारित समालोचना लेख्ने प्रधानले मार्क्सवादलाई सौन्दर्यशास्त्रीय सृजनशीलताका माध्यमले उपयोग गरेका छन्। यसरीनै पाठका वस्तुपक्ष र रुपपक्षको कुशल संयोजनलाई महत्त्व दिँदै समालोचनालाई समाजशास्त्रीय खेमाबाट अझ ऊँचाईमा पुऱ्याउन जुन भूमिका निर्वाह गरेका छन् त्यो विशेष उल्लेखनीय रहेको पाइन्छ।

प्रधानले इन्द्रबहादुर राईको *आज रमिता छ* उपन्यासलाई गैरमार्क्सवादी दृष्टिले हेरेर वर्णन गरेका छन्। यसमा *आज रमिता छ* उपन्यासको समाजशास्त्रीय महत्त्व देखाउँदै यस उपन्यासको मूल प्रेरणा सामाजिक यथार्थ हो भन्ने विचार राखिएको पाइन्छ। अर्कोतिर बर्टोल्ट ब्रेख्टको *सेज्वानकी असल नारी* नाटकको विवेचनामा प्रधानले मार्क्सवादी विचारधारालाई अँगालेर वैचारिकतालाई विशेष महत्त्व दिएका छन्। मानिसको विचार र चरित्रलाई निर्धारित गर्ने समाजको आर्थिक ढाँचा नै मूलभूत सत्य हो भन्दै यसमा सुधार नआएसम्म संसारमा सहृदयता र प्रेम बाँच्न सक्तैन भन्ने मार्क्सीय चिन्तनको आधारमा प्रस्तुत समालोचना लेखिएको पाइन्छ। वस्तुत: पूँजीवादी समाजको अन्तर्द्वन्द्व देखाउँदै नैतिक र धार्मिक तत्त्वले मानिसको कार्यको निर्णय हुन असम्भव रहेको स्थितिबारे प्रस्तुत समालोचना लेखिएको कारण यसलाई मार्क्सवादी धाराको समाजशास्त्रीय समालोचना मान्न सकिन्छ।

*जीवनचरित्रात्मक पद्धति*

१४६[१४६] शशिभूषण पाण्डेय, 2013, *मार्क्सवादी, समाजशास्त्रीय और ऐतिहासिक आलोचना*, इलाहावाद: राधाकृष्ण प्रकाशन प्रा. लि., पृ. 59

कवि वा लेखकको जीवनलाई आधार मानेर त्यसका आलोकमा कृतिको समीक्षा प्रस्तुत गर्ने पद्धतिविशेषलाई जीवनचरित्रात्मक समालोचनापद्धति मानिन्छ। यसमा कृतिकारको जीवनलाई विभिन्न अनुभवहरूको पुञ्ज मान्दै उसले विभिन्न काल वा परिस्थितिको भोक्ता भएर प्राप्त गरेका अनुभव, अनुभूति, विचार वा मान्यताकै फलस्वरुप कृतिको जन्म भएको हुन्छ भन्ने धारणाले प्रमुखता पाएको देखिन्छ। कृष्ण गौतमको भनाईअनुसार समालोचकको पहिलो अभीष्ट लेखकको चोखो जीवनी प्राप्त गर्नु हो।[१४७] समालोचनाको क्षेत्रमा जीवनचरित्रात्मक पद्धतिको थालनी फ्रान्सेली विद्वान सेन्ट व्युभबाट भएको पाइन्छ। व्युभले *ग्लोब* नामक पत्रिकामा प्रसिद्ध व्यक्तिहरुको जीवनमा आधारित लेखहरू लेखेर यस कार्यको थालनी गरेका थिए। *पोर्ट्रेट्स* व्युभका जीवनचरित्रात्मक लेखहरूको सङ्ग्रह हो। यस क्षेत्रमा डा. जोनसनको *लाइभ्स अब द पोइट्स* पनि उल्लेखनीय कृति रहेको देखिन्छ।

नेपाली साहित्यको परम्परामा मोतीराम भट्टद्वारा जीवनचरित्रात्मक पद्धतिको विकास भएको देखिन्छ। कृतिकारको सुनिश्चित मूल्याङ्कन गर्दै कृतिका प्राप्ति-अप्राप्तिहरूबारे ठोस निर्णय दिने कार्यमा भट्टले *कवि भानुभक्तको जीवनचरित्र* लेखेर जीवनचरित्रात्मक पद्धतिको थालनी गरेका थिए। भट्टको यही कृतिमाथि राजनारायण प्रधानले समालोचना गरेका छन्। यसमा प्रधानले मोतीराम भट्टको जीवनलाई अनुभवहरूको पुञ्ज मान्दै त्यसको फलस्वरुप *कवि भानुभक्तको जीवनचरित्र* लेख्न सक्षम भएको बताएका छन्। प्रधानले जीवनचरित्रात्मक समालोचनाका तत्त्वहरूको उल्लेख गर्दै त्यसका आधारमा कृतिको व्याख्या गरेका हुनाले यसलाई जीवनचरित्रात्मक पद्धतिबाट गरिएको समालोचना मान्न सकिन्छ।

---

१४७[१४७] कृष्ण गौतम, पूर्ववत्, पृ. 55

*विश्वका दश महान् नाटक — अध्ययनहरू*मा सङ्कलित *इच्छा* शीर्षक समालोचना पनि पद्धतिगत दृष्टिले जीवन चरित्रात्मक रहेको पाइन्छ। राजनारायण प्रधानले अमेरिकी नाटककार युजिन ओनीलको नाटक *इच्छा*को समालोचना गर्ने क्रममा जीवनचरित्रात्मक पद्धतिको अनुसरण गर्दै ओनीलको वैयक्तिक जीवनका क्लेष र कटुअनुभवहरूको वर्णन गरेका छन्। यसरी कृतिकारले वैयक्तिक जीवनमा भोक्ता भएर प्राप्त गरेका विभिन्न अनुभूति, विचार र मान्यताहरूको आलोकमा कृतिको समीक्षा गर्ने कार्य भएकोले यसलाई जीवनचरित्रात्मक पद्धतिको प्रयोग रहेको समालोचना मान्न सकिन्छ।

*मनोविश्लेषणात्मक पद्धति*

मानवमनका विभिन्न अवस्थाहरूको केन्द्रियतामा कृतिको विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई मनोविश्लेषणात्मक पद्धति भनिन्छ। कृतिमा निहित भाव, आदर्श, उद्देश्य आदिको मूल केन्द्र नै मान्छेको आन्तरिक मनोलोक हो भन्ने मान्यताका साथ यस पद्धतिको विकास भएको देखिन्छ। लेखक र कृतिगत पात्रको मानसिकताको वैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन हुने[१४८] भएकोले यसमा विभिन्न परिस्थितिहरूद्वारा उत्पन्न मानसिक प्रतिक्रियाहरूको प्रकाशमा कृतिलाई हेर्ने काम गरिन्छ। यस पद्धतिका जनक सिग्मन्ड फ्रायड हुन्। फ्रायडद्वारा प्रवर्तित सैद्धान्तिक अवधारणा भएकोले मनोविश्लेषणलाई फ्रायडवाद पनि भनिन्छ। अल्फ्रेड एडलर, कार्ल गुस्ताभ युङ्ग, ज्याक लकान आदि मनोवैज्ञानिक विद्वानहरूले यस सिद्धान्तलाई अघि बढाउनका साथै यसको विश्वव्यापी सम्वर्द्धन र विकास गरेका पाइन्छन्।

मानवमनमा अन्तर्निहित यौनजन्य भावना वा वृत्ति नै मानवजातिको सबैभन्दा प्रबल शक्ति भएकाले मानिसका यावत क्रियाकलापहरू यिनै यौनवृत्तिद्वारा निर्देशित र सञ्चालित हुने

१४८[१४८] मोहनहिमांशु थापा, पूर्वदत्, पृ. 198

गर्दछन्। मानिसले आफ्ना मनमा लुकेका दमित इच्छाहरू निर्वाध रुपमा पूरा गर्न चाहन्छ तर विभिन्न सामाजिक, सांस्कृतिक एवं नैतिक बन्धनले गर्दा ती पूर्ण हुन सक्तैनन् र तिनकै कलात्मक एवं प्रतीकात्मक प्रस्तुति साहित्यका माध्यमद्वारा हुने गर्दछ भन्ने दृष्टिकोण यस पद्धतिमा रहेको पाइन्छ। फ्रायडीय विचारधाराबाट जन्मिएर एडलर, युंग हुँदै विकसित भएको मनोविश्लेषणवादी समीक्षा साहित्यलाई राजनारायण प्रधानले समालोचनात्मक पद्धतिको रुपमा प्रयोग गरेका छन्।

राजनारायण प्रधानले फ्रायडीय मनोविश्लेषणका आधारमा दुईवटा समालोचना लेखेका छन् — *पल्लो घरको झ्याल* र *अनुराधा*। *पल्लो घरको झ्याल* कृतिगत पात्रको अन्तर्जगतमा पसेर मनोविश्लेषणका विविध पक्षहरूको प्रयोग गर्दै विश्लेषणको मार्ग अपनाइएको मनोविश्लेषणात्मक समालोचना हो। यसमा प्रधानले उपन्यासकी पात्र मिसरीको मानसिक कुण्ठा, चेतन र अचेतन स्थितिबीचको द्वन्द्व, काम अभुक्ति, वैकारिक तनाव आदिको वैज्ञानिक तौरले विश्लेषण गरेका छन्। यसरीनै *अनुराधा* शीर्षक समालोचनामा विजय मल्लको *अनुराधा* उपन्यासका दुई पात्र कोमलमान र अनुराधाको चारित्रिक विवेचना फ्रायडीय मनोविश्लेषणका आधारमा गरिएको छ।[१४९] *अनुराधा* उपन्यासको एउटा मात्र आधार नै फ्रायडीय मनोविश्लेषण रहेको मान्ने प्रधानले कोमलमान र अनुराधामा व्याप्त रहेको असाधारण चित्तवृत्ति, द्वन्द्वात्मक मनोवृत्ति, वासनात्मक वृत्ति, इद र आदर्श अहम्, संविभ्रम, इडिपस ग्रन्थि, इलेक्ट्रा ग्रन्थि आदि मनोवैज्ञानिक पक्षहरूद्वारा उपन्यासको विश्लेषण गरेको पाइन्छ।

*स्वच्छन्दतावादी पद्धति*

स्वच्छन्दतावाद, शास्त्रीयतावाद एवं नवशास्त्रीयतावादको विपरीत ध्रुवमा देखापरेको आधुनिक विश्वदृष्टिकोण हो। बन्धनमुक्तता र मनोवेग नै यसका प्रमुख माग हुन्। वैयक्तिकता,

१४९[१४९] पूर्ववत्, पृ. 198

काल्पनिकता, विद्रोहात्मकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यात्मकता, अद्भुतता, उन्मुक्तता, सङ्गीतात्मकता आदि विशेषताहरूको आलोकमा कृतिको व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गर्नु स्वच्छन्दतावादी पद्धतिको प्रमुख लक्ष्य हुँदछ। गहिरो तथा आध्यात्मिक स्तरको प्रकृतिसम्बन्ध व्यापार, उदार मानवतावादमा विश्वास र उन्मुक्त स्वच्छन्द अभिव्यक्ति प्रणाली नै स्वच्छन्दतावादी मान्यताका मूलभूत बूँदा हुन्।[१५०] साहित्यमा स्वच्छन्दतावादी विचारको सूत्रपात 16 -17 औँ शताब्दीदेखि नै भए तापनि यसको कलात्मक प्रयोग 18 औँ शताब्दी यता भएको पाइन्छ। बन्धनको त्याग र स्वतन्त्रताको आह्वान गर्दै फ्रान्सेली राज्य क्रान्तिमा स्वाधीनता, समानता र भातृत्वको विचार प्रतिपादन गर्ने रुसो स्वच्छन्दतावादका प्रथम प्रयोक्ता रहेको देखिन्छ। यसको पृष्ठभूमि निर्माणमा कान्ट, हिगेल, शिलर, श्लेगल, कलरिज आदिका मतहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ।

सन् 1798 मा प्रकाशित *लिरिकल व्यालेड्स*लाई स्वच्छन्दतावादको घोषणापत्र मानिन्छ। विलियम वड्र्सवर्थ र एस. टी. कलरिजको संयुक्त प्रयासमा प्रकाशित *लिरिकल व्यालेड्स*को भूमिकामा वड्र्सवर्थले मानव जीवन र प्रकृतिमाझको सम्बन्धलाई मनोवैज्ञानिक दृष्टिकोण अपनाएर कविताको शास्वत मूल्यबारे आफ्नो विचार प्रतिपादन गरेबाट स्वच्छन्दतावादको प्रवाह फैलिएको पाइन्छ। यसको विकासमा भिक्टर ह्युगो, पी. बी. शेली, सेन्ट ब्युभ, हिपोलिट एडोल्फ टेन, लेहन्ट आदिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका देखिन्छन्। यही स्वच्छन्दतावादका विभिन्न तत्त्वहरूलाई केलाउँदै साहित्यक कृतिको मूल्य निर्धारण गर्ने क्रममा स्वच्छन्दतावादी पद्धतिको विकास भएको देखिन्छ।

राजनारायण प्रधानले पद्धतिगत रुपमा स्वच्छन्दतावादलाई प्रयोग गरेर *लक्ष्मी निबन्ध सङ्ग्रह* शीर्षक समालोचना लेखेका छन्। देवकोटाका निबन्धहरूमा आधुनिक सभ्यता, सभ्यताको

---

१५०[१५०] शोभाकान्ति थेगिम, पूर्ववत्, पृ. 71

कृत्रिमता र यान्त्रिकताप्रति उपेक्षाभाव भएको तथा सुन्दर, शान्त प्रकृति र प्राकृतिकताप्रति मोहभाव रहेको उल्लेख उक्त समालोचनामा पाइन्छ। यसका साथै देवकोटामा प्रचुर कल्पना शक्ति र प्राकृतिक भाव रहेकोले उनका निबन्धहरूभरि रोमान्टिक अभिव्यक्ति र रोमान्टिक मान्यताहरू पाइने कुराको उल्लेख प्रधानले गरेका छन्। वड्र्सवर्थले जस्तै प्रधानले पनि प्राकृतिकता, भावुकता, कल्पनाशक्ति आदिलाई महत्त्व दिँदै देवकोटाका निबन्धहरूमा पाइने यिनै तत्त्वहरूको सम्यक् निरीक्षण गर्ने क्रममा स्वच्छन्दतावादी मूल्यमान्यतालाई पद्धतिको रुपमा प्रयोग गरेका छन्।

*विसङ्गतिवादी पद्धति*

विसङ्गतिवाद बीसौं शताब्दीको साहित्यिक अभियान हो। यसले मूलत: नाटकलाई आफ्नो केन्द्रिय प्रयोगशाला ठान्दछ।[१५१] संसारमा मानिसको अस्तित्व उद्देश्यहीन, अर्थहीन, असत्य र विसङ्गतिपूर्ण छ भन्ने अस्तित्ववादी विचारधाराबाट प्रेरित भएर विसङ्गतिवादी विचारधाराको उदय भएको देखिन्छ। यसले मानवमूल्यका हरेक पाटाहरूमै विसङ्गति रहेको बोध गर्दछ। सत्य र मानवअस्तित्वको खोजीमा निरन्तर लागि परे तापनि निराशाबाहेक केही प्राप्त हुन सक्तैन भन्ने विसङ्गत धारणा वरिपरि विसङ्गतिवादको आधारस्तम्भ खडा भएको देखिन्छ। अत: विसङ्गतिवादी विचारधाराको यही परिप्रेक्ष्यबाट कृतिलाई हेरेर विश्लेषण गर्नु विसङ्गतिवादी पद्धति हो भन्न सकिन्छ।

विसङ्गतिवादको अवधारणा ज्याँ पाल सात्रको अस्तित्ववादी विचारधाराभित्रै बनिसकेको पाइए तापनि यसको प्रवर्तन मूल रुपमा अल्बेयर कामुद्वारा भएको पाइन्छ। कामुको *द मिथ अफ सिसिपस* नामक निबन्ध सङ्ग्रह विसङ्गतिवादमाथि दह्रो र विस्तृत व्याख्या गरिएको कृति हो। युजिन आइनेस्को, सामुएल बेकेट, ह्यारोल्ड पिटर, फर्नान्डो अराबल, अर्थर कोपिट आदिका

१५१[१५१] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. 81

नाटकहरूमा विसङ्गतिवादको सबल प्रयोग हुनका साथै तिनै नाटकहरूद्वारा यसले व्यापकता पनि पाएको देखिन्छ।

राजनारायण प्रधानका दुईवटा समालोचनामा विसङ्गतिवादी पद्धतिको प्रयोग भएको पाइन्छ। ती समालोचनाहरु हुन् — *शिरीषको फूल* र *गोदोको प्रतीक्षा*। *शिरीषको फूल* उपन्यासको विश्लेषणमा प्रधानले मूलत: विसङ्गतिवादी पद्धतिलाई अस्तित्ववादको समकक्षमा राखेर निस्सारता, निरर्थकता, शून्यता, नैराश्यता जस्ता विसङ्गत विचारहरूको सूत्रमा उन्दै उपन्यासका दुई पात्र सुयोगबीर र सकमबरीको चारित्रिक विवेचना प्रस्तुत गरेका छन्। यसरीनै मानव जीवन र उसका हरेक प्रयत्नहरू अर्थहीन रहेको देखाउन वृत्तात्मक संरचनामा लेखिएको सामुएल बेकेटको *गोदोको प्रतीक्षा* नाटकलाई प्रधानले वृत्तात्मकता, अनिश्चितता, अर्थहीनता, संदिग्धता, आशा र निराशाको मिश्रित प्रतिक्रिया, मत विरुद्धता जस्ता विसङ्गतिपूर्ण धारणा वरिपरि राखेर विश्लेषण गरेका छन्।

### 3.6.3 *राजनारायण प्रधानका समालोचनामा पाइने प्रमुख प्रवृत्तिहरू*

कुनै निश्चित लक्ष्यले साहित्य सिर्जना गरिएझैं समालोचना पनि निश्चित लक्ष्यले गरिन्छ। अत: समालोचना गर्दा समालोचकको मानसिक झुकाउ जुन निश्चित लक्ष्यतिर रहेको हुन्छ, त्यही झुकाउ नै समालोचनाको प्रवृत्ति हो। यसै आधारमा राजनारायण प्रधानका समालोचनाहरूको वर्गीकरण गर्न सकिन्छ। लक्ष्यतिर सङ्केत गर्ने विधान वा अन्तर्निहित गुणविशेषताका दृष्टिले प्रधानका समालोचनाहरू निम्नलिखित प्रवृत्तिहरूतिर उन्मुख रहेका पाइन्छन् -

- प्रभावपरक प्रवृत्ति
- व्याख्यात्मक प्रवृत्ति
- तुलनात्मक प्रवृत्ति

- निर्णयात्मक प्रवृत्ति
- शास्त्रीयतावादी प्रवृत्ति
- जीवनचरित्रात्मक प्रवृत्ति
- मनोविश्लेषणात्मक प्रवृत्ति
- स्वच्छन्दतावादी प्रवृत्ति
- समाजशास्त्रीय प्रवृत्ति
- गुणदोषविवेचनपरक प्रवृत्ति
- मूल्यवादी प्रवृत्ति

*प्रभावपरक प्रवृत्ति*

कुनै कुरालाई प्रभावित पार्नु वा कुनै कुराबाट आफू प्रभावित हुनु मानवीय प्रकृतिको मूलभूत विशेषता हो। प्रभावकै कारण मानिसले आफ्नो वैयक्तिक विचारलाई दबाएर राख्न सक्तैन। कुनै पनि कुराको प्रभाव परेपछि त्यसको प्रतिक्रियामा सकारात्मक वा नकारात्मक विचार राख्ने प्रवृत्ति प्रत्येक मानिसमा विद्यमान हुँदछ। जीवन र जगतका यावत घटनाहरूको प्रभावले सिर्जनात्मक साहित्यको जन्म हुन्छ भने सिर्जनात्मक साहित्यको प्रभावले समालोचनाको जन्म हुन्छ। यस अर्थले सिर्जनात्मक साहित्य वा कुनै कलाविधामाथि गरिएको समालोचना प्रथमत: प्रभाववादी नै हुँदछ। यस आशयका साथ कृष्णप्रसाद पराजुली भन्छन् — प्रभाववादी पद्धति अँगाल्नाले अध्ययनबाट प्राप्त हुने ज्ञान र क्षमताको वृद्धि छिटो हुन्छ।[१५२] यति हुँदाहुँदै पनि प्रभाववादी समालोचना व्यक्तिसापेक्ष हुनाले कृतिको सठिक लेखाजोखा हुन सक्तैन। यसमा कृतिको वस्तुगत मूल्यभन्दा कृतिको अध्ययनबाट प्राप्त गरेको मनोभाव र अनुभूतिको अभिव्यञ्जना[१५३] नै प्रमुख हुँदछ। यसकारण पनि कृतिभित्र रहने विविध पक्षहरू, भावहरू, चिन्तनहरू आदिको मूल्यबारे प्रकाश पार्नलाई सैद्धान्तिक स्वरुपको निर्धारण गरिन्छ।

---

१५२[१५२] कृष्णप्रसाद पराजुली, वि. सं. 2040, *अध्ययन तथा अभिव्यक्ति*, काठमाडौं: लालीगुराँस प्रकाशन, दो. सं. पृ. 14

१५३[१५३] शोभाकान्ति थेगिम, पूर्ववत्, पृ. 94

इतिहास, दर्शन, सौन्दर्यविज्ञान, मनोविज्ञान अथवा विभिन्न समकालीन प्रवृत्तिहरूका आधारमा समालोचना गरिनाले समालोचनालाई प्रभाववादी हुनदेखि जोगाउँदछ।

प्रभाववाद चित्रकलाको क्षेत्रमा चलेको चित्रकारी आन्दोलन हो। साहित्यमा यसको प्रवेश समालोचनापद्धतिको रुपमा बीसौं शताब्दीदेखि भएको पाइन्छ। जर्मन साहित्यकार डेटलेभ विन लिलेक्रोनलाई यस सम्प्रदायका जनक मानिन्छ।[१५४] यस सम्प्रदायका अन्य समालोचकहरूमा टि. ई. ह्युम, एज्रा पाउण्ड. टि. एस. इलियट, चार्ल्स ल्याम्ब, विलियम ह्याजलिट, अनातोले फ्रान्स आदिको भूमिका प्रमुख रहेको पाइन्छ।

समालोचनाका निम्ति प्रभावग्रहण अपरिहार्य हुन्छ। कुनै कृतिबाट आफू प्रभावित नभई त्यस कृतिबारे धारणा निर्माण गर्नु सम्भव हुँदैन। यसैले प्रत्येक समालोचनात्मक लेखन प्रथमत: प्रभावकै उपज हुँदछन्। राजनारायण प्रधानका समालोचनामा पनि प्रभावग्रहण टडकारो रुपमा रहेको पाइन्छ। तथापि प्रधानले आफ्ना समालोचनालाई प्रभाववादी सीमाभित्र कुञ्जाएर राखेका छैनन्। यसैले उनका समालोचनाहरू प्रभावकै परिणामस्वरुप देखिए तापनि पूर्णरुपले प्रभाववादी कित्तामा भने परेका देखिँदैनन्। उनको *केही कृति केही स्मृति*भित्र सङ्ग्रहित *कवि भानुभक्ताचार्यको जीवनचरित्र* र *मुनामदन*लाई प्रवृत्तिगत दृष्टिले प्रभावपरक समालोचनाको उदाहरण मान्न सकिन्छ। प्रधानले आफूमा परेको प्रभाव वा छापलाई प्रमुखता दिँदै आलोच्य कृतिहरूको मूल्यबारे निर्णय गरेका छन्। यीमध्ये *कवि भानुभक्ताचार्यको जीवनचरित्र* जीवनचरित्रात्मक तथा तुलनात्मक पद्धतिलाई अनुसरण गरेर लेखिएको समालोचना हो। यसमा प्रधानले मोतीराम भट्टको चित्रण गर्ने क्षमता र सजीव वर्णनबाट आफू प्रभावित भएको कुरालाई यसप्रकार अभिव्यक्ति दिएका छन् - कवि भानुभक्तको जीवनचरित्र त्यति प्रख्यात र

---

१५४[१५४] शान्ति छेत्री, पूर्ववत्, पृ. 328

प्रशंस्य हुने थिएन यदि त्यसमा जीवनीकारकै व्यक्तित्व र हृदय संमुखरित नभएका भए। मोतीराम भट्ट यस चित्रणमा आनुपात्य र शालीनतालाई ध्यानमा राखेर सहृदयता र स्वतन्त्रतासित आफ्ना चरित्रनायकको सजीव उद्धाटन गर्दछन्। ससाना घटनाहरूको रञ्जक वर्णन गर्दै चरित्रनायकका व्यक्तित्वलाई दृढ साहसिक रेखाहरूमा उतार्दछन्।[१५५] यसरीनै मोतीराम भट्टको लेखन सचेतता, कल्पनाशीलता, भाषिक बुनोट आदिबाट प्रधान प्रभावित भएका देखिन्छन्। यिनै प्रभावको फलस्वरुप *कवि भानुभक्ताचार्यको जीवनचरित्र* शीर्षक समालोचना लेखिएको पाइन्छ।

व्याख्यात्मक पद्धतिलाई अपनाएर लेखिएको *मुनामदन* शीर्षक समालोचना पनि प्रभावपरक प्रवृत्तितिर उन्मुख रहेको देखिन्छ। राजनारायण प्रधानले *मुनामदन* खण्डकाव्यको कारुणिक कथा, आध्यात्मिक चेतना, सुललित भाषा, अलङ्कार योजना आदिद्वारा प्रभावित भएर प्रभावपरक व्याख्या गरेका हुनाले यो एउटा प्रभावपरक प्रवृत्तिको समालोचना हो भन्न सकिन्छ।

*व्याख्यात्मक प्रवृत्ति*

समालोचनाका निम्ति व्याख्या आवश्यक साधन हुँदछ। व्याख्याद्वारा नै कुनै पनि कृतिको विशिष्टता र सौन्दर्य खुट्याइने हुनाले यसको अभावमा समालोचना पूरा हुन सक्तैन। वामदेव पहाडीअनुसार जब कुनै साहित्यिक कृति वा कलाविधाको समालोचना गरिन्छ, तब यसले त्यो वस्तुको व्याख्या अथवा टीकाको रुप धारण गर्दछ।[१५६] यसअनुरुप पद्धतिकै रुपमा नभए पनि कृतिको विस्तृत एवं सुसङ्गठित व्याख्या गर्नु समालोचनाको मूलभूत प्रवृत्ति हो भन्न सकिन्छ।

---

१५५[१५५] राजनारायण प्रधान, 1973, पूर्ववत्, पृ. 23 - 24

१५६[१५६] वामदेव पहाडी, वि. सं. 2054, *आलोचनाको वृत्त*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. 150

राजनारायण प्रधानका *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक — अध्ययनहरू*भित्र सङ्ग्रहित *भानुभक्तको रामायण, कवि भानुभक्तको जीवनचरित्र, भ्रमर, मुनामदन, चिसो चुह्लो, ह्यामलेट, बनहाँस, हतियार र मान्छे, मामा बान्या, सेल्सम्यानको मृत्यु* आदि समालोचनाहरू पद्धतिगत र प्रवृत्तिगत दुवै दृष्टिले व्याख्यात्मक रहेका पाइन्छन्। व्याख्याद्वारा कृतिको प्रतिपाद्य विषयबारे प्रकाश पार्नु नै उक्त समालोचनाहरूको प्रमुख लक्ष्य रहेको देखिन्छ।

*निर्णयात्मक प्रवृत्ति*

समालोचना व्याख्यात्मक भएझैं अनिवार्य रुपले निर्णयात्मक पनि हुँदछ। हड्सनको भनाईअनुसार समालोचनाका दुई भिन्न कार्यहरूमध्ये एउटा व्याख्या गर्नु हो भने अर्को निर्णय गर्नु हो।[१५७] अत: कृतिभित्रको प्रतिपाद्य विषयबारे छानवीन गर्दै निर्णयात्मक विचार प्रतिपादन गर्नुलाई निर्णयात्मक प्रवृत्ति भनिन्छ। राजनारायण प्रधानका सबै समालोचनाहरू निर्णयात्मक छन्, तापनि निर्णय गर्नु सबै समालोचनाको लक्ष्य रहेको देखिँदैन। *भानुभक्तको रामायण* र *तरुण तपसी*बाहेक प्रधानका अन्य समालोचनाहरूमा निर्णयात्मक विचारको प्रतिपादन विभिन्न पद्धतिहरूअन्तर्गत स्वाभाविक रुपमा रहेको पाइन्छ। यसकारण कृतिको महत्त्व निर्धारण गर्दै ठोस निर्णय गर्ने लक्ष्यतिरै प्रवृत्त रहेका समालोचनाहरूमा *भानुभक्तको रामायण* र *तरुण तपसी* प्रमुख रहेका छन्। यसका अतिरिक्त *विश्वका दश महान् नाटक — अध्ययनहरू*मा सङ्कलित *राजा इडिपस* र *ह्यामलेट*लाई पनि निर्णयात्मक प्रवृत्तिका समालोचना मान्न सकिन्छ।

---

१५७[१५७] विलियम हेनरी हड्सन, पूर्ववत्, पृ. 267

*भानुभक्तको रामायण*मा प्रधानले निर्णयात्मक दृष्टिको सफल प्रतिपादन गरेका छन्। उनले भानुभक्तीय रामायणको मूल्यबोध गराउँदै यसको मौलिकताको पक्षमा प्रशस्त निर्णयहरू दिएका छन्। कृतिको अध्ययन गरेपछि निसङ्कोच भएर निर्णय गर्ने प्रवृत्तिकै कारण प्रधानका अधिकांश समालोचनाहरूको स्वरुप निर्णयात्मक रहेको पाइन्छ। उनले *तरुण-तपसी*लाई लेखनाथका सम्पूर्ण कृतिहरूको निचोड मानेका छन् र आफ्ना निर्णयहरूले यसको काव्यिक महत्त्वलाई उच्चस्थानमा पुऱ्याएका छन्। सोफक्लिजको नाटक *राजा इडिपस*को विवेचना गर्ने क्रममा पनि प्रधानले निर्णयात्मक विचारहरू राखेका छन्। इडिपसको चरित्र निर्धारण गर्ने पक्षमा उनका विचारहरूले निर्णयात्मक रुप लिएका छन् भने *राजा इडिपस* मानव गरिमाको गाथा हो भन्ने निर्णयतिर उनको समालोचकीय दृष्टि प्रवृत्त रहेको पाइन्छ। यसरीनै प्रधानले *ह्यामलेट* शीर्षक समालोचनामा शेक्सपियरलाई महान्, सर्वत्रप्रिय र अतुलनीय लेखकका रुपमा चिनाउँदै ह्यामलेटको चरित्रलाई मानवतावादी र आदर्शवादी भनेर निर्णयहरू दिएका छन्।

*तुलनात्मक प्रवृत्ति*

तुलनालाई प्रमुख लक्ष्य मानेर कुनै दुई वा दुईभन्दा बढ्ता कृतिहरूको मूल्याङ्कन गर्ने प्रवृत्तिलाई तुलनात्मक प्रवृत्ति भनिन्छ। राजनारायण प्रधानले समालोचना गर्दा तुलनालाई विशेष महत्त्व दिएका देखिन्छन्। उनको *भानुभक्तको रामायण, कवि भानुभक्ताचार्यको जीवनचरित्र, ऋतुविचार, मकुन्द-इन्दिरा, मसान, शिरीषको फूल* आदिलाई प्रवृत्तिगत दृष्टिले तुलनात्मक समालोचनाको असल उदाहरण मान्न सकिन्छ। प्रधानले भाषिक स्वरुपका आधारमा भानुभक्तीय रामायणलाई रामानन्दकृत मूल रामायण र रघुनाथकृत सुन्दरकाण्डसँग तुलना गरेर तुलनात्मक प्रवृत्तिलाई वरण गरेका छन्। *कवि भानुभक्तको जीवनचरित्र*मा

जीवनीलेखनका दृष्टिले मोतीराम भट्ट र नरनाथ शर्माको लेखन क्षमताबारे तुलनात्मक अध्ययन गरिएको पाइन्छ।

यसरीनै *ऋतुविचार* शीर्षक समालोचनामा प्रकृतिवर्णनका दृष्टिले लेखनाथको *ऋतुविचार* र कालिदासको *ऋतुसंहार*को तुलनात्मक अध्ययन गरिएको पाइन्छ। समको *मुकुन्द-इन्दिरा*लाई प्रधानले शेक्सपियरको *ओथेलो*सँग तुलना गरेका छन्। यसमा *मुकुन्द-इन्दिरा*की इन्दिरा र *ओथेलो*की डेज्डमोनको चारित्रिक विशेषताबारे तुलना गरिएको पाइन्छ। *मसान*मा गोपालप्रसाद रिमालको *मसान*लाई इब्सेनको *अ डोल्स हाउस*सँग तुलना गर्दै प्रधानले समस्या नाटकका विशेषताहरूबारे प्रकाश पारेका छन्। तुलना गर्ने अभिप्रायले नै लेखिएको नभए तापनि प्रसङ्गवश तुलनात्मक प्रवृत्तितिर उन्मुख रहेको समालोचनामा *शिरीषको फूल*लाई राख्न सकिन्छ। विसङ्गतिवादी पद्धति र प्रवृत्तिलाई अनुसरण गरिएको यस समालोचनामा मूल्यका दृष्टिले पारिजातको *शिरीषको फूल* र विजय मल्लको *अनुराधा*को तुलनात्मक विवेचना गरिएको पाइन्छ।

*शास्त्रीयतावादी प्रवृत्ति*

राजनारायण प्रधान पूर्वीय र पाश्चात्य समीक्षापद्धतिहरूलाई मिसाएर समालोचनाहरू लेख्ने समालोचक भएका हुनाले उनका समालोचनाहरूमा शास्त्रीयतावादी दृष्टिचेत विकसित भएको देखिन्छ। कृतिहरूको शास्त्रीय महत्त्व देखाउने क्रममा प्रधानले शास्त्रीयतावादी दृष्टिदर्शनलाई पद्धति र प्रवृत्ति दुवै रुपमा आत्मसात गरेका छन्। उनले पूर्वीय चिन्तनधाराअनुसार छन्द, रस, अलङ्कार आदिका आधारमा कृतिको वैशिष्ट्य र सौन्दर्यपक्षबारे चर्चा गरेका छन् भने पाश्चात्य चिन्तनअन्तर्गत एरिष्टोटलको काव्यशास्त्रीय मान्यतालाई अघि राख्दै त्रासदी, कमेडी तथा महाकाव्यलेखनको आधारमा कृतिहरूको गुणको चर्चा गरेका छन्। *केही कृति केही स्मृति*भित्र सङ्ग्रहित *ऋतुविचार*, *मुकुन्द-इन्दिरा*, *मुनामदन*, *तरुण*

*तपसी* आदि समालोचनाहरू शास्त्रीय दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्। राजनारायण प्रधानले संस्कृत काव्यसिद्धान्तमा मान्यताप्राप्त छन्द, अलङ्कार, रस परिपाक आदिलाई आधार राखेर आफ्नो समालोचकीय दृष्टिको निर्माण गरेका हुनाले उक्त समालोचनाहरूलाई शास्त्रीयतावादी प्रवृत्तिका समालोचना मान्न सकिन्छ।

शास्त्रीयतावादी प्रवृत्तिका आधारमा लेखिएका समालोचनाहरूमध्ये *राजा इडिपस* पनि एउटा हो। *विश्वका दश महान् नाटक — अध्ययनहरू*भित्र सङ्ग्रहित रहेको यस समालोचनामा प्रधानले एरिष्टोटलको काव्यशास्त्रीय मान्यताअन्तर्गत रहेको त्रासदीलेखनका विशेषताहरूबारे चर्चा गरेका छन्। सोफोक्लिजको नाटक *राजा इडिपस*मा त्रासदीलेखनको औचित्य निर्वाह कसरी भएको छ भन्ने विषयको विश्लेषण तथा मूल्याङ्कनतिर प्रवृत्त रहेकोले प्रस्तुत समालोचना शास्त्रीयतावादी प्रवृत्तिले आलोकित रहेको पाइन्छ। यसबाहेक मोलियरको प्रशिद्ध नाटक *तारतूफ*बारे गरिएको समालोचनाको प्रवृत्ति पनि शास्त्रीयतावादी रहेको पाइन्छ। *तारतूफ* एउटा हाई कमेडी रहेको पुष्टि गर्दै प्रधानले कमेडीलेखनको दृष्टिबाट यस नाटकको मूल्याङ्कन गरेका हुनाले शास्त्रीयतावादी प्रवृत्तिलाई वरण गरेको पाइन्छ।

*नीतिपरक प्रवृत्ति*

नीति भन्नाले साधारणत: मानवजीवनलाई सत् र सुधारतिर अग्रसर गराउने अनुशासन बुझिन्छ। ठीकबेठीकको सही आकलनबाट नैतिक आचरण र सामाजिक उपयोगिताका विषयहरूको निक्यौंल गर्दै व्यावहारिक शिक्षा दिने प्रयोजनले नीतिवादी विचारको प्रादुर्भाव भएको पाइन्छ। साहित्यक कृतिहरूमा अङ्कित यिनै सुधारवादी एवं व्यावहारिक शिक्षामूलक तत्त्वहरूको खोजी, व्याख्या र मूल्याङ्कन गर्ने प्रवृत्तिलाई नीतिपरक प्रवृत्ति भनिन्छ। कृष्ण गौतमअनुसार जुन आलोचना नीतितत्त्वलाई आधार मानेर गरिन्छ त्यो नीतिवादी आलोचना

हो।[१५८] पाश्चात्य साहित्यमा नीतिपरक समालोचनालाई सबैभन्दा जेठो मानिन्छ। यसका प्रवर्तक ग्रीसेली दार्शनिक तथा साहित्यचिन्तक प्लेटो हुन्। उनको सम्भाषणग्रन्थ *रिपब्लिक*मा सत् साहित्यबारे अभिव्यञ्जित गहन विचारहरू नै नीतिपरक समालोचनाका आधार भएर देखापरेका छन्। समयमा विभिन्न साहित्यचिन्तकहरूले विभिन्न रुपमा नैतिक प्रश्नको उठान गरेका पाइन्छन्। तीमध्ये एरिष्टोटल, होरेस, प्लटिनस, इपासिया, ड्राइडेन, म्याथ्यु आर्नोल्ड, रस्किन आदिको नाम लिन सकिन्छ। बीसौं शताब्दीमा अमेरिकाका नवमानवतावादी चिन्तकहरू इर्विङ ववट, पाउल इल्भर मोर, नर्मन फोस्टर आदि नीतिवादका पछिल्ला पुस्ताका रुपमा देखापरेका नीतिवादी चिन्तकहरू हुन् हुन्।

नैतिक तत्त्वका दृष्टिले कृतिको विवेचना गर्ने क्रममा राजनारायण प्रधानले *भ्रमर* शीर्षक समालोचना लेखेको पाइन्छ। रूपनारायण सिंहकृत उपन्यास *भ्रमर*बारे प्रधानको नीतिपरक हेराई यस्तो रहेको छ — रुपनारायणको मूल प्रेरणा वस्तुसंगठन अथवा चरित्रनिरुपण नभएर सुधार हो। साहित्यका दुई उद्देश्य स्वीकृत छन् — एउटा जीवनको व्याख्या गर्नु र अर्को जीवनलाई परिवर्तित गर्नु। सुधारवादी हुनाले यहाँ लेखक जीवनलाई बदल्ने आग्रह गर्छन्। समाज सुधार र सत्पात्रको सृजनामा *भ्रमर*को लक्ष्य प्रष्ट छ।[१५९] यसमा जीवन परिवर्तनप्रतिको आग्रह, समाज सुधार र सत्पात्रको सृजना गर्नु नै *भ्रमर* उपन्यासको लक्ष्य हो भन्ने टिप्पणी राखिएको पाइन्छ। नीतिपरक समालोचनामा कृतिद्वारा स्थापित यस्तै आदर्शको खोजी गरिने भएकोले प्रस्तुत समालोचनाको प्रवृत्ति नीतिपरक रहेको पाइन्छ। यसबाहेक *मुकुन्द-इन्दिरा*को व्याख्या गर्ने क्रममा पनि प्रधानले नीतिपरक प्रवृत्तिलाई आत्मसात गरेको देखिन्छ। उनले देशभक्ति र पतिभक्ति जस्ता दुई आदर्शको पोषण गर्नु नै *मुकुन्द-इन्दिरा*को

१५८[१५८] कृष्ण गौतम, पूर्ववत्, पृ. 1

१५९[१५९] राजनारायण प्रधान, 1973, पूर्ववत्, पृ. 79

अभीष्ट रहेको विचार अभिव्यक्त गरेका छन्। यसमा इन्दिरा सत्को पक्षमा भएकोले अन्तमा उसको जय भएको र मुकुन्द असत्को पक्षमा भएकोले उसको पराजय भएको कुराको वर्णन गरिएको पाइन्छ। सत् र सुधारको पक्ष केलाउनुमा प्रधानको दृष्टिचेत सक्रिय रहेको पाइनाले *मुकुन्द-इन्दिरा* शीर्षक समालोचनालाई नीतिपरक प्रवृत्तितिर उन्मुख रहेको समालोचना मान्न सकिन्छ।

*जीवनचरित्रात्मक प्रवृत्ति*

राजनारायण प्रधानका समालोचनाहरूमा जीवनचरित्रात्मक प्रवृत्ति पनि पाइन्छ। यस वर्गका समालोचनाहरूमा *केही कृति केही स्मृति*बाट *कवि भानुभक्ताचार्यको जीवनचरित्र*, *शिरीषको फूल* आदिलाई राख्न सकिन्छ भने *विश्वका दश महान् नाटक — अध्ययनहरू*बाट *इच्छा*लाई राख्न सकिन्छ। *कवि भानुभक्ताचार्यको जीवनचरित्र* पद्धतिगत र प्रवृत्तिगत दुवै दृष्टिले जीवनचरित्रात्मक रहेको पाइन्छ। यसमा प्रधानले जीवनचरित्रात्मक समालोचनाका विशेषताहरूबारे प्रकाश पार्दै तिनकै आलोकमा *कवि भानुभक्ताचार्यको जीवनचरित्र*को मूल्याङ्कन गरेका छन्।

*शिरीषको फूल* शीर्षक समालोचनामा राजनारायण प्रधानले विसङ्गतिवादी व्याख्याअन्तर्गत नै जीवनचरित्रात्मक प्रवृत्तिलाई पनि अँगालेका छन्। यसर्थ प्रस्तुत समालोचनाको मूल प्रवृत्ति विसङ्गतिवादी रहेको पाइए तापनि प्रधानले पारिजातको वैयक्तिक जीवनका आधारमा समेत आलोच्य कृतिको विश्लेषण गरेका छन्। उक्त विश्लेषणअनुसार पारिजातको वैयक्तिक चरित्र नै उपन्यासकी मूलपात्र सकमबरीको चरित्र रहेको पुष्टि पाइन्छ। यसरी कृतिकारको वैयक्तिक भोगाई र अनुभूतिहरूको सापेक्षतामा कृतिलाई हेर्ने काम गरिएकोले प्रस्तुत समालोचनाको प्रवृत्ति जीवनचरित्रात्मक रहेको पाइन्छ। यसरीनै कृतिकारको वैयक्तिक जीवनको आलोकमा कृतिको विवेचना गर्ने प्रवृत्ति प्रधानको *इच्छा* शीर्षक समालोचनामा पनि

पाइन्छ। यसमा प्रधानले अमेरिकी नाटककार युजिन ओनीलको नाटक *इच्छा*बारे विवेचना गरेका छन्। उनले उक्त आलोच्य नाटकलाई ओनीलको वास्तविक जीवनको प्रतिरुप मानेका छन्। ओनीलले आफ्नो जीवनमा भोगेका तीता अनुभवहरूलाई नाटकमा उतारेका छन् भन्ने प्रधानको भनाई रहेको पाइन्छ।

*मनोविश्लेषणात्मक प्रवृत्ति*

फ्रायडीय मनोविश्लेषणलाई प्रमुख आधार मानेर लेखिएका प्रधानका दुई समालोचना *पल्लो घरको झ्याल* र *अनुराधा* मनोविश्लेषणात्मक प्रवृत्तिका समालोचनाहरू हुन्। फ्रायडीय मनोविश्लेषणका विविध पक्षहरूलाई पद्धतिका रुपमा प्रयोग गर्दै मनोवैज्ञानिक व्याख्या गर्नु नै प्रस्तुत समालोचनाहरूको प्रमुख लक्ष्य रहेको पाइन्छ। उक्त दुई समालोचनाबाहेक *आज रमिता छ*, *शिरीषको फूल*, *राजा इडिपस*, *ह्यामलेट*, *बनहाँस*, *मामा वान्या*, *तारतूफ*, *इच्छा* आदिलाई पनि आंशिक रुपले मनोविश्लेषणतिर प्रवृत्त रहेका समालोचना मान्न सकिन्छ।

*स्वच्छन्दतावादी प्रवृत्ति*

कृतिको सौन्दर्यपक्ष उद्घाटन गर्ने, कृतिभित्र निहित मानव जीवन र प्रकृतिमाझको सम्बन्ध देखाउने तथा मानवतावादी दृष्टिकोणबारे मत प्रकट गर्ने क्रममा प्रधानले स्वच्छन्दतावादी प्रवृत्तिको सफल प्रयोग गरेका छन्। उनको *लक्ष्मी निबन्ध सङ्ग्रह* र *मुनामदन* यसै परिपाटिका समालोचना हुन्। स्वच्छन्दतावादी प्रवृत्तिलाई प्रमुख आधार राखेर प्रधानले *लक्ष्मी निबन्ध सङ्ग्रह* शीर्षक समालोचनाको निर्माण गरेका छन्। उनी लेख्छन् — नेपाली साहित्यमा अङ्ग्रेजी रोमान्टिक भावधारका महान् प्रवर्तक हुन् देवकोटा। निबन्धहरू पनि रोमान्टिक परिपाटीमा लेखिएका छन्। निबन्धहरूभरि रोमान्टिक अभिव्यक्ति, रोमान्टिक

मान्यताहरू पाउँछौं।[१६०] उक्त भनाईबाट स्वच्छन्दतावाद नै *लक्ष्मी निबन्ध सङ्ग्रह*को मूलभूत प्रवृत्ति रहेको कुरा थाहा पाउन सकिन्छ। यसै गरी प्रधानले *मुनामदन*मा व्यञ्जित स्वच्छन्दतावादी भावको प्रकाशनतिर जोड दिएको पाइन्छ। उनले *मुनामदन*को व्याख्या गर्ने क्रममा कल्पनातत्त्वको प्रचुरता, प्रकृतिको चित्रण तथा भावनाहरूको सहज अभिव्यक्ति आदिको सम्यक् वर्णन गरेका छन्। यसैले *मुनामदन*लाई पनि स्वच्छन्दतावादी विचारधारातिर प्रवृत्त रहेको समालोचना मान्न सकिन्छ।

*समाजशास्त्रीय प्रवृत्ति*

समाजशास्त्रीय समालोचनापद्धतिको प्रयोग पाइने प्रधानका दुई समालोचना *आज रमिता छ* (केही कृति केही स्मृति) र *सेज्वानकी असल नारी* (विश्वका दश महान् नाटक — अध्ययनहरू) प्रवृत्तिगत दृष्टिले पनि समाजशास्त्रीय रहेका पाइन्छन्। *आज रमिता छ* गैरमार्क्सवादी विचारधाराअन्तर्गत मूल्याङ्कन गरिएको समालोचना हो भने *सेज्वानकी असल नारी* मार्क्सवादी विचारधाराले मूल्याङ्कन गरिएको समालोचना हो। यी दुवै समालोचनाको लक्ष्य आलोच्य कृतिको समाजशास्त्रीय महत्त्व देखाउनु रहेको पाइन्छ।

*गुण-दोष विवेचनपरक प्रवृत्ति*

कृतिको गुण र दोष खुट्याएर व्यापक अध्ययन तथा विश्लेषण गर्ने परम्परा पूर्वीय साहित्य चिन्तनबाट हुर्केको पाइन्छ। प्राचीन कालदेखि पूर्वीय वाङमयमा काव्यऔचित्यका आधारमा गुण र दोषको विस्तृत चर्चा हुँदैआएको देखिन्छ। पूर्वीय आचार्यहरू भरतमुनि, भामह, दण्डी,

१६०[१६०] पूर्ववत्, पृ. 114

मम्मट, कृष्णद्वैपायन आदिले गुण र दोषको पक्षमा दह्रिलो विचार राखेका पाइन्छन्। आनन्दवर्द्धनको रसदोषबारेको वैज्ञानिक व्याख्या पनि प्रमुख रहेको पाइन्छ। यसरी गुण-दोष विवेचनपरक समालोचनाको विकासमा पूर्वीय आचार्यहरूको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ।

नेपाली साहित्यमा रामकृष्णको शर्माको आगमनसँगै गुण-दोष विवेचनपरक समालोचनाले स्पष्ट स्वरुप प्राप्त गरेको देखिन्छ। समालोचना शब्दले पनि कृतिको गुण र दोषलाई समान रुपमा हेरेर निक्यौंल गर्नु भन्ने अर्थबोध गराउने हुँदा गुण-दोष विवेचनपरक समालोचनापट्टि समालोचकहरूको सक्रियता रहेको पाइन्छ। राजनारायण प्रधानका समालोचनाहरू दोषधर्मीभन्दा बढी गुणधर्मी देखापरेका छन्। तथापि उनको *भ्रमर* शीर्षक समालोचनालाई गुण-दोष विवेचनपरक प्रवृत्तिको समालोचना मान्न सकिन्छ। प्रधानले यसमा व्याख्यात्मक पद्धतिअन्तर्गत नै गुण र दोषको चर्चा गरेका छन्। *भ्रमर* मूलत: सामाजिक सुधार र सत् चरित्रको निर्माणमा प्रवृत्त रहेको उपन्यास हुनाले यसमा जीवनको ज्ञानको सर्वथा अभाव छ तथा प्रकृतिको चित्रण कृत्रिमतापूर्वक गरिएको छ भन्ने प्रधानको भनाई रहेको छ। यसरी *भ्रमर*को गुणसँगै दोषबारे चर्चा गर्ने क्रममा प्रधानले गुणदोषविवेचनपरक प्रवृत्तिलाई अँगालेका छन्।

*मूल्यवादी प्रवृत्ति*

सामान्यतया कृतिको आन्तरिक स्थितिको सूक्ष्म निरीक्षण गरेर त्यसका विशिष्ट गुणलाई प्रकाशमा ल्याई प्रत्येक दृष्टिकोणले परीक्षण गरी निश्चित मूल्य निर्धारण गर्नु समालोचनाको कार्य हो।[१६१] कृतिको मूल्य स्थापित गर्नु समालोचनाको मूल धर्म हुँदछ किनभने कलाजन्य

१६१[१६१] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. 6

अनुभवहरू मूल्यवान् हुन्छन् र मूल्यकै कारण तिनीहरूले आफ्नो रुप पाएका हुन्छन्।[१६२] रिचड्र्स अझ भन्छन् — मूल्यसम्बन्धी अध्ययनले गर्नसक्ने मुख्य कुरा गुण भएका कुराहरूलाई देखाउनु, तिनीहरूको वर्गीकरण गर्नु र स्वंय राम्रा भएका साध्यहरू र राम्रा मात्र भनिएका साधनहरूको बीचमा रहेका केही भ्रमहरूलाई हटाउनु हो किनभने आन्तरिक हिसाबले राम्रा भएका साध्यहरू सिद्ध गर्नमा मूल्यहरू साधन भएका हुन्छन्।[१६३] राम्रा भनिनुको आधार वस्तुको सौन्दर्य र उपयोगिता हुँदछ।

रिचड्र्सले मूल्यबारे स्थापित विचारहरूको खण्डन गर्दै मनोवैज्ञानिक व्याख्या गरेका छन्। उनको विचारमा मनको एषणा वा आवेगलाई सन्तुष्ट पार्नसक्नु नै मूल्यको खास उद्देश्य हो भन्ने थाहा पाइन्छ। कलाकृतिमा व्याप्त मूल्यको स्वरुपलाई स्पष्ट पार्नु नै मूल्यसिद्धान्तको मूल उद्देश्य हो भन्ने कथनका आधारमा  राजनारायण प्रधानका समालोचनाहरू मूल्यवादी रहेका पाइन्छन्। उनले विभिन्न प्रवृत्तिहरूका आधारमा आलोच्य कृतिहरूको मूल्य निर्धारण गरेका छन्।

*केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक — अध्ययनहरू*मा सङ्कलित समालोचनाहरूमा मूल्यवादी प्रवृत्तिको व्यापकता पाइन्छ। उदाहरणका रुपमा *भानुभक्तको रामायण, कवि भानुभक्तको जीवनचरित्र, ऋतुविचार, मुकुन्द-इन्दिरा, मसान, चिसो चुह्लो, राजा इडिपस, ह्यामलेट, हतियार र मान्छे* आदि समालोचनाहरूलाई लिन सकिन्छ। उनले विषय प्रस्तुति, भाषाप्रयोग, भावप्रवणता आदि दृष्टिहरूले भानुभक्तीय रामायण मूलको अध्यात्म रामायणभन्दा भिन्नै रहेको पाइन्छ भन्दै विभिन्न उद्धरणहरूद्वारा यी दुई कृतिको भिन्नताबारे प्रकाश पारेका छन्। यसका अतिरिक्त यथोचित उद्धरणहरू प्रस्तुत गरेर भानुभक्तीय

१६२[१६२] आई. ए. रिचड्र्स, पूर्ववत्, पृ. 6

१६३[१६३] पूर्ववत्, पृ. 32

सुन्दरकाण्डको भाषा रघुनाथको सुन्दरकाण्डको भाषाभन्दा सरल, सरस र जनसुलभ रहेको पुष्टि गरेका छन्। यसबाट भानुभक्तीय रामायणको मूल्य भनेको मौलिक कृतिका रुपमा अत्यन्त सरल, जनमुखी र सौन्दर्यप्रधान भएर देखापर्नु हो भन्ने कुरा थाहा पाउन सकिन्छ।

*कवि भानुभक्तको जीवनचरित्र*मा प्रधानले मोतीराम भट्टको जीवनी लेखन र नरनाथ शर्माको जीवनी लेखनमा पाइने भिन्नताहरू केलाएका छन् र त्यही भिन्नतामा मोतीराम भट्टको जीवनी लेखनको मूल्य निर्धारण गरेका छन्। यसमा प्रभावोत्पादकता, कल्पनाशीलता, सरलता, सरसता आदिले मोतीराम भट्टको लेखन नरनाथ शर्माको भन्दा उत्कृष्ट रहेको तर्क पाइन्छ। *ऋतुविचार*मा प्रधानले प्रकृति चित्रण तथा अलङ्कारयोजनाका दृष्टिले लेखनाथको *ऋतुविचार* उच्च-उदात्त रहेको मत प्रकट गरेका छन्। उनले कालिदासको *ऋतुसंहार* र लेखनाथको *ऋतुविचार*मा पाइने समानता र असमानताहरू देखाउँदै *ऋतुविचार*को मूल्याङ्कन गरेका छन्।

यसैगरी *मुकुन्द-इन्दिरा, मसान, चिसो चुह्लो* आदि कृतिहरूको मूल्यवत्ता के कति छ भन्ने कुरो पत्तो लाउने क्रममा प्रधानले तुलनात्मक दृष्टिलाई अँगाल्दै तुल्य कृतिहरूमा पाइने समानता र विषमताबारे आफ्नो विचार व्यक्त गरेको पाइन्छ। *मुकुन्द-इन्दिरा* शीर्षक समालोचनामा उनले विषय तथा चरित्र  चित्रणका दृष्टिले समको *मुकुन्द-इन्दिरा*लाई शेक्सपियरको *ओथेलो* र *रोमियो जुलियट*सँग तुलना गरेका छन्। यसरी यी दुई कृतिको तुलना गर्ने क्रममा कृतिभित्र निहित चारित्रिक समानता र विषयगत वैभिन्यता खुट्याउँदै मूल्यको स्वरुपलाई स्पष्ट पार्ने काम पनि गरेका छन्। *मसान* शीर्षक समालोचनामा समस्या नाटक लेखनको विशेषताअनुसार गोपालप्रसाद रिमालको *मसान* एउटा सफल नाटक हो र यो नाटक हेनरिक इब्सेनको *अ डोल्स हाउस*कै समानतामा निर्मित छ भन्ने कुराको पुष्टि गर्दै प्रधानले मूल्यवादी प्रवृत्तिलाई आत्मसात गरेका छन्।

परम्परावादी महाकाव्यीय लक्षणअनुसार समको *चिसो चुह्लो* पृथक र परम्पराविमुख रहेको पाइन्छ भन्ने कुराको पुष्टि *चिसो चुह्लो* शीर्षक समालोचनामा गरिएको छ। यसमा प्रधानले महाकाव्य लेखनका शास्त्रीय लक्षणहरूसँग *चिसो चुह्लो*को लक्षणको समानता र भिन्नता जाँच्दै मूल्याङ्कन गरेका छन्। प्रधानका भनाईमा सामाजिक परिवर्तनप्रतिको आग्रह र मानवतावादी दृष्टिकोणको प्रतिपादन नै *चिसो चुह्लो*को विशिष्टता रहेको जान्न पाइन्छ। उनले सोफक्लिजको नाटक *राजा इडिपस*लाई सर्वश्रेष्ट त्रासदीको रुपमा विवेचना गरेर यसको शास्त्रीय मूल्यबारे प्रकाश पारेका छन् भने शेक्सपियरको *ह्यामलेट*लाई विभिन्न अपवादहरूदेखि उकासेर उच्च मानवता र आदर्श जीवनको स्थापनाप्रति समर्पित रहेको नाटक मानेका छन्। यसरीनै समस्या नाटक लेखनको परिधिभित्र इब्सेन र बर्नार्ड शाका नाटकहरूको चर्चा गर्दै तिनमा पाइने विषमताहरूबारे प्रधानले विवेचना गरेका छन्। सामाजिक समस्याको चित्रण गर्नु दुवै नाटककारको नाट्यकीय विशेषता भए तापनि इब्सेनका नाटकहरूको तुलनामा बर्नार्ड शाका नाटकहरू परिहासपूर्ण भएर देखापरेका छन् भन्ने प्रधानको भनाई रहेको पाइन्छ।

उपर्युक्त कृतिहरूका अतिरिक्त प्रधानले प्रकृतवादी तथा मनोविश्लेषणात्मक प्रवृत्तिका आधारमा *पल्लो घरको झ्याल* र *अनुराधा*को मूल्य निर्णय गरेका छन्। *शिरीषको फूल* र *गोदोको प्रतीक्षा*को मूल्यको आधार विसङ्गतिवादी प्रवृत्ति रहेको पाइन्छ भन्ने प्रधानको भनाई रहेको छ। यसरीनै आदर्श स्थापना वा नैतिक चेतनाको आलोकमा *भ्रमर*, स्वच्छन्दतावादी मूल्यका आधारमा *लक्ष्मी निबन्ध सङ्ग्रह*, समाजशास्त्रीय चिन्तनको आलोकमा *आज रमिता छ* र *सेज्वानकी असल नारी*को मूल्य निर्धारण गरिएको पाइन्छ। यसरी हेर्दा कृतिहरूको विशिष्ट गुणबारे प्रकाश पार्दै सूक्ष्म रुपले निरीक्षण गर्नु तथा आफ्नो ठोस निर्णयद्वारा ती कृतिहरूको

सौन्दर्य र उपयोगिता देखाउँदै मूल्यको स्वरुप स्पष्ट पार्नु प्रधानको समालोचना लेखनको मूलभूत उद्देश्य रहेको देखिन्छ।

# चौथो अध्याय

# राजनारायण प्रधानको मूल्याङ्कन र स्थान निर्धारण

## 4.1 समालोचकका रुपमा राजनारायण प्रधानको मूल्याङ्कन

नेपाली समालोचनाको क्षेत्रमा राजनारायण प्रधानको उपस्थिति प्रभावशाली एवं महत्त्वपूर्ण रहेको पाइन्छ। उनले युगानुकूल विभिन्न साहित्यसिद्धान्तहरूको अध्ययन तथा तिनको विशिष्ट प्रयोगलाई अङ्गीकार गरेर समालोचनाहरू लेखेको पाइन्छ। उनका समालोचनाहरू नितान्त मौलिक प्रस्तुति र भव्य भाषाशैलीका अनुगामी बनेर देखापरेका छन्। अत: उनको समालोचना लेखनको विस्तृत फाँटभित्र भारतीय नेपाली समालोचना मात्र नभई सिङ्गो नेपाली समालोचना नै सम्बर्द्धित एवं विकसित भएको देखिन्छ।

साहित्यप्रति प्रधानको प्रगाढ अभिरुचि रहेको पाइन्छ। उनले नेपाली साहित्यलाई प्रत्येक स्तरका पाठकहरूको हृदय नजिक पुऱ्याउनमा विशेष परिश्रम देखाएका छन्। सुन्दर, शिष्ट तथा नितान्त वस्तुपरक भाषाको प्रयोगले जस्तो विषयलाई पनि रसपूर्ण बनाएर प्रस्तुत गर्ने क्षमता उनको लेखनमा विद्यमान रहेको पाइन्छ। उनले समालोचनाजस्तो बौद्धिक विधालाई समेत अत्यन्त प्रभावकारी बनाएर प्रस्तुत गरेका छन्। यसकारण उनका समालोचनाहरू रागात्मक स्वरुपका बौद्धिक अभिव्यक्ति हुन् भन्न सकिन्छ। यस दृष्टिले विभिन्न दर्जाहरू अनुरुप नै भए पनि असल समालोचना भनेको सिर्जनात्मक कार्य हो[१६४] भन्ने स्टेफन हेजलको उक्ति प्रधानको लेखन सामर्थ्यका निम्ति बढो उपयुक्त रहेको पाइन्छ।

राजनारायण प्रधानले नेपाली समालोचनालाई नयाँ मार्गतिर अग्रसर गराएका छन्। पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्तका मूल्यमान्यताहरूलाई समेटेर तिनकै मिश्रित प्रतिक्रियास्वरुप कृतिको समीक्षा गर्ने पद्धतिको विकास उनीबाट व्यवस्थित रुपमा भएको देखिन्छ। यो पद्धतिको चरम स्थिति पछिबाट गुमानसिंह चामिलङका समालोचनाहरूमा देख्न पाइन्छ। यसबाट राजनारायण प्रधानलाई पूर्वीय र पाश्चात्य समालोचनापद्धतिहरूको मिश्रणबाट नवीनताको मार्ग पहिल्याउँदै स्वतन्त्र रुपमा समालोचना गर्ने दिशाका मानस्तर तथा अग्रणी समालोचक मान्न सकिन्छ। कृतिकारबारे आफ्नो मन्तव्य प्रकट गर्दै विहङ्गम दृष्टिले कृतिको समीक्षण गर्नु उनको समालोचनात्मक प्रवृत्ति रहेको पाइन्छ। यसका अतिरिक्त प्रत्येक कृतिबाट सान्दर्भिक उद्धरण टिपेर परिशिष्टका रुपमा राख्नु तथा विवेच्य कृतिको सार प्रस्तुत गरेपछि टिप्पणीका रुपमा आफ्नो समालोचनात्मक विचार व्यक्त गर्नु आदि कार्यहरुलाई प्रधानको नवीनतम प्रयोग मान्न सकिन्छ।

---

१६४[१६४] स्टेफन हेजल, 2002, *दि इंग्लिस नोभल : डेभलोपमेन्ट इन क्रिटिसिज्म सिन्स हेनरी जेम्स*, पलग्रेभ म्याकमिलन, पृ. 1

राजनारायण प्रधानका समालोचनाहरू दुर्बोध्य नभई सरल एवं आकर्षक रहेका पाइन्छन्। उनलाई नेपाली समालोचनाको क्षेत्रमा परिचित र प्रतिष्ठित गराउने दुईवटा कृति *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक — अध्ययनहरू* हुन्। यिनै कृतिहरूका आधारमा उनलाई एकजना योग्य र आदर्श समालोचक मान्न सकिन्छ। रिचड्र्सले समालोचकका तीन योग्यताबारे चर्चा गरेका छन् - पहिलो उपयुक्त मनस्थितिले कलाकृतिहरूलाई अनुभूत गर्नु, दोस्रो प्राप्त अनुभूतिहरूलाई विभिन्न विशेषताहरूका आधारमा छुट्याउनु र तेस्रो मूल्यहरूको निर्णय गर्नु।[१६५] उक्त तीन योग्यताको चहकमा राजनारायण प्रधानको समालोचक व्यक्तित्वबारे प्रकाश पार्न सकिन्छ किनभने उनी आफूले मूल्याङ्कन गर्न लागेको कृतिको वाह्य आकर्षणबाट सतही रुपले प्रभावित भएका छैनन्। कृतिलाई नजिकबाट अनुभूत गरेरै सठीक र सम्यक् विवेचना गरेका छन्। वास्तवमा कृतिभित्र जे लेखिएको छ, त्यसको मूल्याङ्कन गर्नु नै समालोचना होइन। काल, परिवेश तथा परम्पराको औचित्यमा कृतिको सार्थकताको परीक्षण गर्नु समालोचना हो[१६६] भन्ने योगेन्द्रप्रताप सिंहको भनाईलाई अनुकरण गरेर हेर्दा राजनारायण प्रधानका समालोचनाहरूलाई विशिष्ट मान्न सकिन्छ।

उपर्युक्त विशेषता वा प्रवृत्तिहरूका आधारमा राजनारायण प्रधानको समालोचक व्यक्तित्वको मूल्याङ्कन गर्नुपर्दा राजनारायण प्रधान एकजना स्वतन्त्र विचार राखेर समालोचना गर्ने तत्त्वाभिनेवेशी समालोचक हुन् भन्न सकिन्छ। अर्को शब्दमा उनी प्रायोगिक समालोचनालेखनका सशक्त हस्ती हुन्। तत्त्वाभिनेवेशी समालोचकहरू पक्षपाती विचारले ग्रस्त हुँदैनन्। तिनीहरू न्यायिक दृष्टिले कृतिको मूल्याङ्कन गर्न समर्थ हुँदछन्। कृतिको गुणमात्र अथवा दोषमात्र देख्ने चरित्रका विपरीत तत्त्वाभिनेवेशी समालोचकहरू गम्भीर, सहृदयी र साँचो

---

१६५[१६५] आई. ए. रिचर्डस्, पूर्ववत्, पृ. 70

१६६[१६६] योगेन्द्र प्रताप सिंह, 2007, *भारतीय काव्यशास्त्र की भूमिका*, इलाहावाद: लोकभारती प्रकाशन, पृ. 62

रुपमा भावक हुँदछन्। राजनारायण प्रधान एकजना यस्तै गम्भीर, सहृदयी र साँचो भावकका रुपमा देखापरेका समालोचक हुन्। कृतिगत यथार्थहरूको विशद् चर्चा गरेर कृतिको सर्वाङ्गीन महत्त्वबारे प्रकाश पार्नु उनको समालोचनात्मक प्रवृत्ति रहेको पाइन्छ। अत: उनका समालोचनाहरू निष्पक्ष हेराई र स्पष्ट अभिव्यक्तिका असल उदाहरण हुन् भन्न सकिन्छ।

यसरीनै विभिन्न सैद्धान्तिक अन्तर्दृष्टिहरूको प्रयोगद्वारा गम्भीर विवेचना गर्नु प्रधानको मूलभूत प्रवृत्ति रहेको देखिन्छ। विभिन्न कलाकृतिहरूको विस्तृत व्याख्या गरेर तिनको विशिष्ट योग्यता देखाउने क्रममा उनका समालोचनाहरू प्रवृत्त रहेका पाइन्छन्। यिनै विशेषताहरूले प्रधानलाई प्रायोगिक समालोचकका रुपमा चिनाएका छन्।

## 4.2 **राजनारायण प्रधानको स्थान निर्धारण**

राजनारायण प्रधान समालोचकका रुपमा स्थापित प्रतिभा हुन्। *केही कृति केही स्मृति* र *विश्वका दश महान् नाटक — अध्ययनहरू*लाई उनको महत्तम उपलब्धि मान्न सकिन्छ। उनले आफ्ना फिचरलेखहरूमा समेत समालोचकको दायित्व पूरा गरेका छन्। चरित्रनायकको जीवनबारे प्रकाश पार्दै तिनका कलाकृतिहरूको संक्षिप्त वर्णन गर्ने क्रममा उनको समालोचनात्मक दृष्टि प्रष्ट भएको पाइन्छ।

राजनारायण प्रधानका सिर्जनाहरू संख्यात्मक दृष्टिले मात्र नभई गुणात्मक दृष्टिले पनि उच्च स्थानमा रहेका पाइन्छन्। उनले कथा, कविता, निबन्ध, जीवनी, समालोचना, अनुवाद, हस्यौली आदि विधाहरूमा कलम चलाएर आफ्नो विशिष्ट प्रतिभाको परिचय दिएका छन्। अति नै प्रभावकारी भाषाको प्रयोगद्वारा साधारणदेखि उच्चस्तरका पाठकहरूको मनसम्म आफ्नो प्रभाव वा छाप छोड्न सक्षम बनेका प्रधानलाई नेपाली साहित्यका श्रेष्ठ वास्तुकार मान्न सकिन्छ।

समालोचनाका क्षेत्रमा उनी एकजना गम्भीर दृष्टिचेत बोकेका समालोचक हुन्। कृतिको अध्ययनले आफूमा पारेको प्रभावलाई गहिरो मन्थन गरेर उनले प्रभावमुक्त समालोचनाहरू लेखेका छन्। यसकारण पनि नेपाली समालोचनाका क्षेत्रमा राजनारायण प्रधानको स्थान विशिष्ट रहेको पाइन्छ।

कुनै पनि साहित्यिक कृतिबारे समालोचना लेखिनुको स्थूल उद्देश्य निर्णय र मूल्याङ्कन गर्नु हुँदछ। तर कृतिबारे निर्णय दिएर मूल्याङ्कन गर्रिँदैमा समालोचनाको काम पूर्ण हुँदैन। गुमानसिंह चामलिङ भन्छन् — साहित्यिक समालोचनाको उद्देश्य निर्णय र मूल्याङ्कन नै हो, तर निर्णय र मूल्याङ्कन नै चाहिँ वा मात्रै साहित्यिक समालोचना होइन।[१६७] साधारणत: कुनै कृति कस्तो छ भन्ने प्रश्नको उत्तरस्वरुप निर्णय गरिँदा तथा कत्तिको उत्कृष्ट वा सामान्य छ भन्ने मूल्याङ्कन गरिँदा किन, कसरी र कति कारणहरूले भन्ने प्रश्नहरू अघिल्तिर आइपर्छन्। यिनै प्रश्नहरूको सठीक र घतपर्दो उत्तरमा समालोचनाको औचित्य कायम रहन्छ। यस्ता सठीक र घतपर्दो उत्तर खोज्दै निर्णय र मूल्याङ्कन गर्नु राजनारायण प्रधानको समलोचनात्मक विशेषता रहेको पाइन्छ।

भारतीय नेपाली समालोचनाका क्षेत्रमा मोतीराम भट्ट, राममणि आदी, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, मणिसिंह गुरुङ, रामकृष्ण शर्मा, गणेशलाल सुब्बा, ईश्वर बराल, इन्द्रबहादुर राई आदिपछि देखापरेका एकजना प्रबल समालोचक राजनारायण प्रधान हुन्। उनले मोतीराम भट्टद्वारा सुरु गरिएको जीवनचरित्रात्मक समालोचना परिपाटीलाई परिस्कृत शैली र नवीन प्रस्तुतिले समृद्ध पारेका छन्। सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, मणिसिंह गुरुङ आदिद्वारा अवलम्बन गरिएको व्याख्यात्मक परिपाटीलाई प्रभाववादी चरित्रबाट मुक्त गराउँदै वस्तुपरक, वैज्ञानिक र व्यावहारिक रुप दिएका छन्। यसरीनै रामकृष्ण शर्मा, गणेशलाल

१६७[१६७] गुमानसिंह चामलिङ, पूर्ववत्, पृ. 114

सुब्बा, इन्द्रबहादुर राई आदिको समालोचनात्मक दृष्टिलाई अपनाएर सैद्धान्तिक अन्तर्दृष्टिहरूको सफल प्रयोग गर्दै आधुनिक समालोचनाका क्षेत्रमा अविस्मरणीय योगदान दिएका छन्।

वस्तुत: राजनारायण प्रधानका समालोचनामा आफ्ना पूर्ववर्ती समालोचकहरूको प्रभाव र प्रेरणा समान रुपले परेको देखिन्छ। उनका समालोचनाहरू मूलरुपले रामकृष्ण शर्मा र इन्द्रबहादुर राईकै परम्परामा स्पष्टवादी, निर्णयात्मक, तुलनात्मक, वस्तुपरक र वैज्ञानिक रुप लिएर विकसित भएका पाइन्छन्। उनले आफ्ना पूर्ववर्ती समालोचकहरूले अवलम्बन गरेका गोरेटो पहिल्याएर भारतीय नेपाली समालोचनाको परम्परालाई अझ फराकिलो पारेका छन्।

नेपाली समालोचनामा राजनारायण प्रधानको उदय तेस्रो चरणमा भएको पाइन्छ। नेपाली समालोचनाको पहिलो चरण साहित्यिक गतिविधिहरूको जानकारी उपलब्ध गराउनुसम्मको आवश्यकतामा केन्द्रित रहेको पाइन्छ। सूर्यविक्रम ज्ञवालीको उदयलाई यस चरणको एउटा महत्त्वपूर्ण मोड मान्न सकिन्छ। सामान्य परिचयात्मक विशेषताको आलोकमै ज्ञवालीले कृतिको चर्चा गर्ने परम्परालाई हुर्काएको देखिए तापनि उनको समालोचना लेखनले कृतिकेन्द्री समालोचनाको क्षेत्रमा साङ्केतिक जागरुकता ल्याएको देखिन्छ।

पहिलो चरणमा गुणधर्मी, प्रशंसामूलक र सामान्य परिचयात्मक स्तरमा रहेको नेपाली समालोचना दोस्रो चरणमा आइपुग्दा कृतिपरक, व्याख्यात्मक, विश्लेषणात्मक, गुणदोषात्मक, तुलनात्मक, निर्णयात्मक आदि पद्धतिहरूका साथ विकसित भएको देखिन्छ। यस चरणका केन्द्रिय समालोचक रामकृष्ण शर्मा हुन्। यसपछि तेस्रो चरणमा आइपुग्दा ईश्वर बराल, बालचन्द्र शर्मा, यदुनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, रत्नध्वज जोशी प्रभृति समालोचकहरूको उदयसँगै नेपाली समालोचनाको विकास व्यवस्थित रुपमा हुनथालेको देखिन्छ। विभिन्न सैद्धान्तिक अन्तर्दृष्टिहरूको प्रयोग गर्दै साहित्यिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन गर्ने

प्रवृत्तिको विकास यस चरणमा भएको देखिन्छ। यस चरणमा देखापरेका अन्य समालोचकहरूमा गणेशबहादुर प्रसाई, चुडानाथ भट्टराई, कमल दीक्षित, अम्बिकाप्रसाद अधिकारी, यज्ञराज सत्याल, घटराज भट्टराई, गणेशलाल सुब्बा, भाइचन्द प्रधान, आनन्ददेव भट्ट, डी. पी. अधिकारी, कृष्णचन्द्रसिंह प्रधान, बालकृष्ण पोखरेल, इन्द्रबहादुर राई, ताना शर्मा, गोबिन्द भट्ट आदि प्रमुख रहेका पाइन्छन्।

यसरी नेपाली समालोचनाको काँचुलि फेरिएर नयाँ ढाँचागत परिवर्तन भइरहेको अथवा यसले विभिन्न मूल्य मान्यताहरुलाई आफ्ना जमर्काहरुमा समेटिरहेको समय राजनारायण प्रधानको उदय भएको हो। नेपाली समालोचनाले चौथो चरणमा प्रवेश गर्दा मात्र उनका समालोचनात्मक कृतिहरूको प्रकाशन भएको देखिए तापनि उनी मूलत: तेस्रो चरणकै समालोचनात्मक दृष्टि तथा मान्यताहरूका पृष्ठपोषक भएर देखापरेका छन्। उनका समालोचनाहरूलाई तेस्रो चरणमा विकास भएको प्रयोगकालीन प्रवृत्ति तथा पद्धतिका अद्वितीय नमूना मान्न सकिन्छ।

# पाँचौ अध्याय

## निष्कर्ष

प्रस्तुत लघुशोधप्रबन्ध राजनारायण प्रधानका समालोचनात्मक कृतिहरूको विश्लेषण तथा मूल्याङ्कन गर्ने पक्षलाई लिएर पूरा गरिएको छ। नेपाली समालोचनाको क्षेत्रमा प्रधान एकजना सुदक्ष शिल्पी हुन्। उनले थोरै संख्यामा भए पनि युगसचेत र सिद्धान्तसचेत भएर धेरै गहकिला समालोचनाहरू लेखेका छन्। गुणवत्ताका दृष्टिले उनका समालोचनाहरूलाई सफल र सक्षम मान्न सकिन्छ। कृतिहरूको व्यापक प्रभावलाई हृदयङ्गम गरेर गहनतापूर्वक छानबीन गर्दै मूल्याङ्कन गर्नु प्रधानको समालोचकीय वैशिष्ट्य रहेको देखिन्छ। समालोचना साहित्यमा उनको योगदानबारे चर्चा गर्दै समालोचनाका विभिन्न पद्धति र प्रवृत्तिहरूका आधारमा उनका समालोचनात्मक कृतिहरूको अध्ययन गर्नु प्रस्तुत लघुशोधप्रबन्धको अभीष्ट रहेको छ। अत: शोधविषयसँग केन्द्रित रहँदै प्रधानका समालोचनामा पाइने पद्धति र प्रवृत्तिबारे अनुसन्धान गर्नु तथा समालोचना साहित्यमा उनको महत्त्व र स्थान निर्धारण गर्नु प्रमुख उद्देश्य रहेको कुरो पहिलो अध्यायमा अवगत गराइएको छ।

नेपाली साहित्यमा राजनारायण प्रधानको प्रवेश सन् 1950 को दशकदेखि भएको पाइन्छ। सन् 1956 को *भारती* सचित्र मासिक पत्रिकामा *हेलेन केलर* शीर्षक फिचर लेख छपाएर साहित्यमा प्रवेश गरेदेखि यता अनवरत रुपले उनी लेखनकार्यमा लागिपरका पाइन्छन्। उनले समयानुकूल विभिन्न समसामयिक विषयहरूलाई टिपेर उत्कृष्ट साहित्य सिर्जना गरेको पाइन्छ। उनले जीवनी र निबन्ध जस्तो निरस विधालाई पनि भाषिक तीव्रता, प्रभावकारिता र सुयोग्यताले सुसज्जित रुपमा प्रस्तुत गरेर यी दुई विधाको परम्परालाई परिष्कृत बनाएका छन्। नेपाली कथा साहित्यमा पनि प्रधानको योगदान विशिष्ट रहेको पाइन्छ। उनका कथाहरूलाई जीवनको मिहिन यथार्थ, क्षणिक अनुभव, साधारणभन्दा साधारण स्थिति तथा ससाना अनुभूतिहरूको रचनात्मक प्रस्तुति मान्न सकिन्छ। उनीद्वारा अनूदित रचनाहरू पनि मौलिक रचनाहरूकै समकक्षमा रहेका पाइन्छन्। समालोचनालाई बौद्धिक सम्प्रेषणको वृत्तबाट बाहिर निकालेर हार्दिक अभिव्यक्तिले पठनीय तुल्याउने उनको प्रयास स्तुत्य रहेको पाइन्छ। समग्रमा भन्नुपर्दा राजनारायण प्रधानले भारतीय नेपाली साहित्यलाई एउटा परम्परामुक्त समृद्ध वातावरण दिएका छन् भन्न सकिन्छ।

प्रस्तुत लघुशोधप्रबन्धको दोस्रो अध्यायअन्तर्गत राजनारायण प्रधानको जीवनीबारे संक्षिप्तमा चर्चा गर्दै उनका साहित्यिक कृतिहरूको परिचय प्रस्तुत गरिएको छ। यसका अतिरिक्त उनका दुईवटा समालोचनात्मक कृतिहरूको विश्लेषण गर्ने कार्य पनि यसै अध्यायभित्र सम्पन्न गरिएको छ। मूलत: राजनारायण प्रधानले आफ्ना कुनै पनि कृतिमा आफूसम्बन्धी विवरणहरू प्रस्तुत गरेको पाइँदैन। अत: उनका आफन्त, इष्टमित्र र साहित्यिक विज्ञजनबाट प्राप्त जानकारीहरूका आधारमा उनको पारिवारिक, सामाजिक, शैक्षिक, साहित्यिक आदि जीवनबारे प्रकाश पार्ने प्रयत्न गरिएको छ। सानैदेखि खेलहरूमा विशेष रुचि लिए तापनि प्रधानले विद्यार्थी जीवनमा रिडर डाइजेस्टहरू पढेर साहित्यप्रति आफूलाई अग्रसर गराएको देखिन्छ।

वाणिज्य विषय लिएर स्नातकोत्तर उत्तीर्ण गरेका उनी आजीवन शिक्षा र साहित्यको उत्थानमा समर्पित रहेका देखिन्छन्।

शिक्षण कार्यलाई पेशाको रुपमा अङ्गीकार गरेका प्रधानले शिक्षा र साहित्यको क्षेत्रमा अमूल्य योगदान दिएका छन्। पाठ्यक्रमलाई ध्यानमा राखेर उनले तयार पारेका पुस्तकहरू साहित्यिक दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन् भने उनका साहित्यिक कृतिहरू पनि शैक्षिक मूल्य र महत्ताले उपयोगी रहेका पाइन्छन्। यस अध्यायमा प्रधानका शैक्षिक र साहित्यिक कार्यहरूको चर्चा गरिएको छ। यसरीनै नेपाली समालोचनाको परम्परामा प्रधानको समालोचक व्यक्तित्वलाई चिनाउँदै उनका दुईवटा समालोचनात्मक कृति *केही कृति केही स्मृति* र *विशअवका दश महान् नाटक - अध्ययनहरू*को विश्लेषण गरिएको छ।

साहित्यको उत्तरोत्तर प्रगतिका निम्ति समालोचनाको विशेष भूमिका हुँदछ। साहित्यिक कृतिका विविध पक्ष र परिप्रेक्ष्यहरुलाई सन्तुलित हेराईद्वारा जाँच गरी तिनको विशेषताबारे प्रकाश पार्नु मात्र समालोचनाको लक्ष्य हुँदैन। यसले समयसापेक्ष साहित्यको प्रवाहलाई नियन्त्रित गरी निर्दिष्ट दिशातिर अग्रसर गराउँदछ। यस महत् कार्यलाई न्यायपूर्वक सम्पन्न गर्नका निम्ति समालोचक निडर, निष्पक्ष, गम्भीर, जिम्मेवार, अध्ययनशील, मननशील, तार्किक आदि हुनका साथै एकजना सर्जक हुनु अनिवार्य देखिन्छ। राजनारायण प्रधान पनि समालोचकीय दिव्यदृष्टि भएका एकजना सहृदयी सर्जक हुन्। उनको आगमनले भारतीय नेपाली समालोचनालाई फाँटिलो बनाएर विकासको मार्गमा उन्मुख गराएको देखिन्छ।

प्रधानले पूर्वीय र पाश्चात्य साहित्यमा प्रचलित विभिन्न समालोचना पद्धतिहरूको प्रयोग गरेर समालोचनाहरू लेखेका छन्। उनको समालोचकीय विचार शिष्ट र मर्यादित रहेको पाइन्छ। न्यायप्रिय भएर तुलनात्मक तथा निर्णयात्मक दृष्टिहरूको प्रतिपादन गर्नमा उनी रामकृष्ण शर्माका निकट रहेका देखिन्छन् भने आफ्नो विचार सम्प्रेषण गर्नमा इन्द्रबहादुर राईका

निकट देखिन्छन्। आफ्ना पूर्ववर्ती र समकालीन समालोचकहरूसँग उनको तर्क वितर्क भएको थाहा पाइँदैन। तेस्रो अध्यायमा प्रधानका यिनै विशेषताहरूलाई केलाउँदै पद्धतिगत र प्रवृत्तिगत दृष्टिले उनका समालोचनाहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ।

आफ्ना समालोचनात्मक कृतिहरूमा उचित न्याय दिने पक्षमा राजनारायण प्रधान अटल रहेका देखिन्छन्। त्यसैले ठोस प्रमाणका साथ आफ्नो मत राख्ने समालोचकीय गुण रहेका समालोचकका रुपमा उनलाई चिनिन्छ। कुनै पनि कृतिबारे उनले व्यक्त गरेका मतहरू नै अन्तिम र सर्वमान्य हुन् भन्न नमिले तापनि प्रतिवद्ध भएर आफ्नो मतको पक्षमा उभिने र त्यसलाई प्रमाणित गर्न दृढ्तापूर्वक लागिपर्ने स्वभावले गर्दा उनी सफल समालोचकको कित्तामा परेको देखिन्छ। यस्तै समालोचकीय गुणविशेषताहरूका आधारमा मूल्याङ्कन गर्दै नेपाली समालोचनाको क्षेत्रमा प्रधानको स्थान निर्धारण गर्ने कार्य चौंथो अध्यायमा पूरा गरिएको छ। यसरी प्रधानका दुईवटा समालोचनात्मक कृतिहरूको केन्द्रियतामा शोधलाई अघि बढाएर निष्कर्ष निकाल्ने क्रममा उनको साहित्यिक योगदानबारे प्रकाश पारिएको छ।

राजनारायण प्रधानले मूलत: कृति र कृतिकारको मर्मलाई बुझेर समालोचनाहरू लेखेको पाइन्छ। कृतिको सर्वाङ्गीन पक्षबारे आफ्नो मत प्रतिपादन गर्दै त्यसको मूल्य निर्धारण गर्नु प्रधानको समालोचना लेखनको मूलभूत उद्देश्य रहेको देखिन्छ। अत: प्रस्तुत लघुशोधप्रबन्ध प्रधानको समालोचक व्यक्तित्वलाई चिनाउने तथा उनका समालोचनाहरूको गहन अध्ययन गर्ने दिशामा केन्द्रित रहेको छ। यस कार्यमा यथासम्भव प्रधानका समालोचनाहरूको मूल्याङ्कन गर्ने प्रयत्न गरिएको छ। प्रधानका समालोचनाबारे यति काम पर्याप्त हो भन्न नमिले तापनि नेपाली साहित्यमा उनको उपस्थितिलाई विशेष महत्त्वको मात्र र उनका समालोचनाका विशेषताहरूबारे प्रकाश पार्न प्रस्तुत लघु शोधप्रबन्ध केही मात्रामा भए पनि

सक्षम रहेको कुरामा विश्वस्त रहन सकिन्छ। प्रधानको साहित्यिक योगदानको कदर गर्दै भविष्यमा पनि उनीबारे शोध कार्यहरू हुने नै छन्। यस कुरामा आश्वस्त रहन सकिन्छ।

**सन्दर्भग्रन्थ सूची**


अधिकारी, इन्द्रविलास (2069), *पश्चिमी साहित्यसिद्धान्त* दो. सं. ललितपुर: साझा प्रकाशन

अधिकारी, इन्द्रविलास (2069), *तुलनात्मक साहित्य : संक्षिप्त परिचय*, ललितपुर: साझा प्रकाशन

अधिकारी, रामलाल (1999), *नेपाली निबन्ध यात्रा*, सिलगढी: दास प्रिन्टर्स

अधिकारी, ज्ञानु (2068), *नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण*, काठमाडौँ: पैरवी प्रकाशन

आचार्य, कृष्णप्रसाद (2068), *लोक साहित्य, पूर्वाधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध*, काठमाडौँ: क्षितिज प्रकाशन

उपाध्याय, केशवप्रसाद (2061), *पूर्वीय साहित्य सिद्धान्त*, चौ. सं. ललितपुर: साझा प्रकाशन

एटम, नेत्र (2061), *समालोचनाको स्वरुप*, ललितपुर: साझा प्रकाशन

कँडेल, घनश्याम (2055), *नेपाली समालोचना*, ललितपुर: साझा प्रकाशन

खनाल, यदुनाथ (2049), *समालोचनाको सिद्धान्त*, पाँ. सं. ललितपुर: साझा प्रकाशन

खाती, नरेशचन्द्र (2006), *अध्ययन: नेपाली समालोचनाका*, दार्जिलिङ: भव्यभावना प्रकाशन

गिरी, कृष्ण र परियार डी. कुमार (1977), *दार्जिलिङका केही नेपाली साहित्यिक प्रतिभाहरू*, दार्जिलिङ: नेपाली साहित्य संचयिका

गौतम, कृष्ण (2059), *आधुनिक आलोचना : अनेक रुप अनेक पठन*, दो. सं. ललितपुर: साझा प्रकाशन

चामलिङ, गुमानसिंह (1978), *मौलो*, दार्जिलिङ: श्याम ब्रदर्श प्रकाशन

छेत्री, मेघनाथ (2014), *भारतीय नेपाली समालोचना र समालोचक*, दार्जिलिङ: श्रीमती पुर्णिमा शर्मा

छेत्री, शान्ति (1992), *नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्माको योगदान*, गान्तोक: त्रिनेत्र इन्टरनेशनल प्रकाशन

जोशी, कुमारबहादुर (2058), *सिर्जना र विवेचना*, ललितपुर: साझा प्रकाशन

ढकाल, सरिता (2046), *नेपाली साहित्य : समालोचनाको समस्या*, ललितपुर: श्यामबहादुर कर्माचार्य

तिमसिना, डिल्लीराम (1990), *भाषा र साहित्य*, दो. सं. गान्तोक: जनपक्ष प्रकाशन

तिवारी, भीमनीधि (2004), *पन्ध्र प्रबन्ध*, छै. सं. ललितपुर: साझा प्रकाशन

त्रिपाठी, वासुदेव (2046), *लेखनाथका प्रमुख कविता*, ललितपुर: साझा प्रकाशन

त्रिपाठी, वासुदेव (2058), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग 1*, ललितपुर: साझा प्रकाशन

त्रिपाठी, वासुदेव (2065), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग 2*, ललितपुर: साझा प्रकाशन

थापा, मोहनहिमांशु (2066), *साहित्य परिचय* पाँ. सं. ललितपुर: साझा प्रकाशन

थेगिम, शोभाकान्ति (1992), *नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन तथा विश्लेषण*, गान्तोक: सौरभ प्रकाशन

दाहाल, विद्यापति (2004), *पाश्चात्य समालोचनाको सिद्धान्त*, आसाम: दाहाल प्रकाशन

नेचाली, हस्त (2010), *भारतेली नेपाली साहित्य स्रष्टाहरू - परिचय*, दार्जिलिङ: साझा पुस्तक प्रकाशन

नेपाल, घनश्याम (2009), *नेपाली साहित्यको परिचयात्मक इतिहास,* ते. सं. सिलगढी: एकता बुक हाउस प्रा. लि.

नेपाल, घनश्याम (2003), *निबन्ध नन्दन*, गान्तोक: जनपक्ष प्रकाशन

नेपाल घनश्याम र लामा कविता (2014), *उच्चमाध्यमिक नेपाली व्याकरण र रचना*, सिलगढी: एकता बुक हाउस प्रा. लि.

नेपाल, फणिन्द्र (2055), *परिशीलन,* ललितपुर: साझा प्रकाशन

न्यौपाने, टङ्कप्रसाद (2049), *साहित्यको रुपरेखा*, दो. सं. ललितपुर: साझा प्रकाशन

पहाडी, वामदेव (2054), *आलोचनाको वृत्त*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

पराजुली, कृष्णप्रसाद (2040), *अध्ययन तथा अभिव्यक्ति*, काठमाडौं: लालीगुराँस प्रकाशन

पोखरेल, भानुभक्त (2059), *सिद्धान्त र साहित्य*, दो. सं. ललितपुर: साझा प्रकाशन

पौड्याल, कृष्णविलास (2070), *साहित्य सिद्धान्त : नेपाली समालोचना तथा शोध र सृजनविधि*, काठमाडौं: नवीण प्रकाशन

पौड्याल, हीरामणि शर्मा (2061), *समालोचनाको बाटोमा*, दो. सं. ललितपुर: साझा प्रकाशन

प्रधान, गुप्त (2008), *केही विषय केही विशेषताहरू*, दार्जिलिङ: गामा प्रकाशन

प्रधान, कृष्णचन्द्रसिंह (2058), *साझा समालोचना* पाँ. सं. ललितपुर: साझा प्रकाशन

प्रधान, हृदयचन्द्रसिंह (2021), *नेपाली काव्य र उसका प्रतिनिधि कवि*, काठमाडौं, रत्न पुस्तक भण्डार

प्रसाई, नरेन्द्रराज (2057), *नेपाली साहित्यका समालोचक र समालोचना*, काठमाडौं: एकता प्रकाशन

बराल, ईश्वर (2058), *सयपत्री,* पाँ. सं. ललितपुर: साझा प्रकाशन

बराल, ईश्वर (2059), *छरिएका समीक्षा,* (सम्पा. शरद्चन्द्र शर्मा भट्टराई), ललितपुर: साझा प्रकाशन

भट्टराई, जयदेव (2054), *साहित्यकार परिचय र अभिव्यक्ति*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

सुन्दास, लक्खीदेवी (2008), *समय र समीक्षण*, दार्जिलिङ: सुन्दास परिवार

अभि सुवेदी (2054), *पाश्चात्य काव्य सिद्धान्त*, ललितपुर: साझा प्रकाशन

सुवेदी, राजेन्द्र (2057), *स्रष्टा सृष्टि : द्रष्टा दृष्टि*, ललितपुर: साझा प्रकाशन

सुवेदी, राजेन्द्र (2068), *नेपाली समालोचना : परमपरा र प्रवृत्ति*, काठमाडौं: पाठ्यसामग्री प्रकाशन

शर्मा, तारानाथ (2056), *नेपाली साहित्यको इतिहास*, काठमाडौं: अक्षर प्रकाशन

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (2063), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार

शर्मा, रामकृष्ण (2050) *दश गोर्खा*, ते. सं. ललितपुर: साझा प्रकाशन

शर्मा, रामकृष्ण (2050), *सप्तशारदीय*, दो. सं. ललितपुर: साझा प्रकाशन

शर्मा, सोमनाथ (2058), *साहित्य प्रदीप*, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार

शर्मा, शिवराज (1984), *जोर कि विजोर*, दार्जिलिङ: नेपाली साहित्य संचयिका

श्रेष्ठ, ईश्वरकुमार (2061), *पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना: प्रमुख मान्यता, वाद र प्रणालीहरू*, चौ. सं., ललितपुर: साझा प्रकाशन

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (2069), *नेपाली साहित्यको संक्षिप्त इतिहास* द. सं. ललितपुर: साझा प्रकाशन

राई, असीत (2004), *भारतीय नेपाली साहित्यको इतिहास*, दार्जिलिङ: साझा पुस्तक प्रकाशन

राई, इन्द्रबहादुर (2058), *नेपाली उपन्यासका आधारहरू*, ते. सं. ललितपुर: साझा प्रकाशन

राई, इन्द्रबहादुर (2014), *सम्पूरक*, कालेबुङ: उपमा प्रकाशन

रिसाल, राममणि (2069), *नेपाली काव्य र कवि*, छै. सं. ललितपुर: साझा प्रकाशन

लामा. कविता (2010), *अनुशीलन*, दार्जिलिङ: माया प्रकाशन

लामा, ममता (2014), *दृष्टि र आधार*, कालेबुङ: उपमा प्रकाशन

शर्मा, मोहनराज (2066), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना*, काठमाडौं: क्वेस्ट पब्लिकेशन

ज्ञवाली, रामप्रसाद (2066), *पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या*, काठमाडौँ: हजूरको प्रकाशन

*हिन्दी पुस्तकहरू*

तिवारी, रामचन्द्र (2005), *आलोचक का दायित्व*, वाराणसी: विश्वविद्यालय प्रकाशन

त्रिपाठी, विश्वनाथ (2009), *हिन्दी आलोचना*, इलाहावाद: राजकमल प्रकाशन

दास, श्यामसुन्दर (1973), *साहित्यालोचन*, नयाँ दिल्ली: इन्डियन प्रेस पब्लिकेशन

नवल, नन्दकिशोर (2015), *हिन्दी आलोचना का विकास*, पाँ. सं. नयाँ दिल्ली: राजकमल प्रकाशन प्रा. लि. दरियागञ्ज

पाण्डेय, शशिभूषण शितांशु (2013), *मार्क्सवादी, समाजशास्त्रीय और ऐतिहासिक आलोचना*, इलाहावाद: राधाकृष्ण प्रकाशन प्रा. लि.

मधुरेश (2014), *हिन्दी आलोचना का विकास*, इलाहावाद: लोकभारती प्रकाशन

सिंह, योगेन्द्र प्रताप (2006), *भारतीय काव्यशास्त्र की भूमिका*, इलाहावाद: लोकभारती प्रकाशन

स्नातक, विजयेन्द्र (2009), *हिन्दी साहित्य का विकास*, न्यू दिल्ली: साहित्य अकादमी

*अङ्ग्रेजी पुस्तकहरू*

आर्नोल्ड, म्याथ्यु (2001), *द फङ्क्शन अव् क्रिटिसिज्म एट् प्रेजेन्ट टाइम*, ब्लाकमास्क अनलाइन,

उल्फ्रेज, जुलियन (2015), *इन्ट्रड्युसिङ क्रिटिसिज्म इन् द ट्वेन्टी फर्स्ट सेन्च्युरी*, इडिनवर्ग युनिभर्सिटी प्रेस

गोल्बन, पेट्रु र स्टेला एन्टोनिता (2008), *अ सर्ट हिस्ट्री अव् लिटरेरी क्रिटिसिज्म*, टर्की: यु. सी. स्मार्ट प्रेस

ब्युमोन्ट, म्याथ्यु (2009), *टस्क अव् द क्रिटिक, टेरी इगल्टन इन् डाइलग्*, लन्डन: भर्सो

ब्लामाइर्स, ह्यारी (2009), *अ हिस्ट्री अव् लिटरेरी क्रिटिसिज्म*, म्याकमिलन पब्लिसर्स इन्डिया लि.

हड्सन, विलियम हेनरी (2006), *एन् इन्ट्रडक्शन टु द स्टडी अव् लिटरेचर*, एट्लान्टिक पब्लिसर्स डिस्ट्रीब्युटर्स लि.

हबीब, एम. ए. आर. (2005), *अ हिस्ट्री अव् लिटरेरी क्रिटिसिज्म फ्रम प्लेटो टु प्रेजेन्ट*, अमेरिका, ब्लाकवेल पब्लिसिङ् लि.

हेजल, स्टेफन (2002), *द इंग्लिस नोभेल: डेभलोपमेन्ट इन् क्रिटिसिज्म सिन्स हेनरी जेम्स*, पलग्रेभ म्याकमिलन

हेजलिट, हेनरी (1933), *द एनाटोमी अव् क्रिटिसिज्म: अ ट्राइलग*, न्यू योर्क: सिमोन एन्ड चस्टर

*पत्र-पत्रिकाहरू*

कार्कीढोली, वीरभद्र (2006) *प्रथा*, वर्ष 2 अङ्क 3, सिक्किम: प्रक्रिया प्रकाशन

प्रधान, पारसमणि (1956), भारती, वर्ष 8, संख्या 1, दार्जिलिङ: मणि प्रेस

प्रधान, पारसमणि (1956), भारती, वर्ष 8, संख्या 4, दार्जिलिङ: मणि प्रेस

प्रधान, पारसमणि (1956), भारती, वर्ष 8, संख्या 7, दार्जिलिङ: मणि प्रेस

प्रश्रित, मोदनाथ (2068), *भृकुटी*, पूर्णाङ्क 12, काठमाडौं: भृकुटी एकेडेमिक पब्लिकेशन

मास्के, रुद्रराज (2010), *साहित्य शिखा*, वर्ष 9, अङ्क 28, दार्जिलिङ: दीप्ति प्रिन्टिङ प्रेस

रेग्मी, सनत (2060), *समकालीन साहित्य*, वर्ष 2 अङ्क 2, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

# स्व. राजनारायण प्रधान



जन्म: **5** सेप्टेम्बर **1936** मृत्यु**: 19** नोभेम्बर **2016**